# लोकमतको खोजी

## सार्वजनिक संवाद



# लोकमतको खोजी

## सार्वजनिक संवाद

यो पाना जानीजानी खाली छोडिएको हो ।

# लोकमतको खोजी

## सार्वजनिक संवाद

सोशल साइन्स बहाः
SOCIAL SCIENCE BAHA

हिमाल
किताब

Lokmatko Khoji

यस पुस्तकको प्रकाशनका लागि 'द एसिया फाउन्डेसन' बाट सहयोग प्राप्त भएको हो।

© सोशल साइन्स वहा:

सोशल साइन्स वहा:का लागि हिमाल किताबद्वारा प्रकाशित

प्रथम संस्करण : मार्च २००७

आवरण : विलाश राई
लेआउट : चिरन घिमिरे

ISBN 978 99933 43 85 1

**सोशल साइन्स वहा:**
पाटनढोका, पो.ब.नं. १६६, ललितपुर, नेपाल
फोन : ५५४८१४२ • फ्याक्स : ५५४११९६
इमेल : baha@soscbaha.org
वेबसाइट : www.soscbaha.org

**हिमाल किताब**
हिमाल एसोसिएसन
पाटनढोका, पो.ब.नं. १६६, ललितपुर, नेपाल
फोन : ५५४२५४४ • फ्याक्स : ५५४११९६
इमेल : books@himalassociation.org
वेबसाइट : www.himalassociation.org/books

# प्राक्कथन

जनआन्दोलन-२०६३ को सफलतापछि 'समावेशी लोकतन्त्र', 'राज्य पुनर्संरचना' र 'संविधानसभा' जस्ता विषयहरूमा व्यापक रूपमा चर्चा परिचर्चा हुन थाल्यो । ती विषयहरूमा विभिन्न व्यक्तिहरूको व्याख्या तार्किक आधारमा भन्दा पनि उनीहरूको सामाजिक-सांस्कृतिक पृष्ठभूमि र उनीहरू जुन सामाजिक समूहसित सम्बद्ध छन् त्यस समूहको असन्तोषको प्रतिक्रियास्वरूप आएको देखिन्थ्यो । त्यसैले यी समसामयिक राजनीतिक अवधारणाहरूलाई समाजशास्त्रीय आधारमा विश्लेषण गर्नु जरुरी थियो । साथै नेपालका फरक स्थानमा बसोबास गर्ने भिन्नभिन्न सामाजिक तथा वर्गीय समूहको चासो र सरोकारहरूलाई ध्यान दिनु पनि उत्तिकै आवश्यक थियो । सोशल साइन्स वहा:ले 'समावेशी लोकतन्त्रका आधारहरू र समाजशास्त्र' विषयक क्षेत्रीय स्तरका अन्तरक्रिया कार्यक्रम आयोजना गर्नुका पछाडि ती समूहका आवाजलाई एकीकृत गर्दै त्यसलाई समाजशास्त्रीय विश्लेषण गर्नु यसको उद्देश्य थियो । द एसिया फाउन्डेसन, नेपालको मूल अवधारणा *डिफाइनिङ द पब्लिक अजेन्डा एन्ड स्ट्रेन्थेनिङ कन्टिचुइन्सी फर पिस एन्ड रिफर्म इन नेपाल* विषयमा सोशल साइन्स वहा:ले नेपालका प्रमुख ६ ओटा सहरहरूमा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरेको थियो ।

नेपालका प्रत्येक विकासक्षेत्रका कम्तीमा एउटा सहरमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखिएको थियो । त्यसैअनुरूप २०६३ असार ३ गतेदेखि मङ्सिर २ गतेसम्म क्षेत्रीय स्तरका अन्तरक्रिया कार्यक्रमहरूको आयोजना नेपालगन्ज (असार ३), पोखरा (साउन २०), धनगढी (भदौ २४), बिर्तामोड (असोज २८), काठमाडौँ (कात्तिक १४) र जनकपुर (मङ्सिर २) मा गरिएको थियो । स्थानीय नागरिक अगुवा, बुद्धिजीवी, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, श्रमिक तथा पेसागत सङ्गठनका प्रतिनिधिहरूको समेत सहभागिता रहेको ती कार्यक्रमहरूमा सहभागीहरूले खुलेर आफ्ना विचारहरू व्यक्त गरेका थिए । अन्तरक्रिया कार्यक्रमलाई सकेसम्म गहन र सान्दर्भिक बनाउन छलफल गरिने विषयबारे लेखिएका समीक्षात्मक लेख तथा *समावेशी लोकतन्त्रका आधारहरू* शीर्षकको पुस्तक दुई हप्ता पहिले नै सहभागीहरूलाई उपलब्ध गराइएको थियो । जनकपुरमा सम्पन्न अन्तरक्रिया

कार्यक्रममा चाहिँ उपर्युक्त सन्दर्भ पुस्तकहरूबाहेक *मधेस: समस्या र सम्भावना* शीर्षकको पुस्तकका साथै मधेस र नेपाली राज्यको सम्बन्धमा लेखिएका अवधारणापत्र पनि सहभागीहरूलाई उपलब्ध गराइएको थियो ।

अन्तरक्रिया कार्यक्रममा स्रोत व्यक्ति तथा सहजकर्ताहरूले उठाएका मुद्दा र त्यसउपर सहभागीहरूबाट गरिएका टिप्पणी र अभिव्यक्त भएका विचारहरूको टिपोट गरी यो पुस्तक तयार गरिएको छ । नेपालका फरकफरक भूखण्डमा बसोबास गर्ने भिन्नभिन्न समूहका प्रतिनिधिहरूबाट अभिव्यक्त भएका विचारहरू समेटिएको यस पुस्तकबाट स्थानीय राजनीतिक परिस्थिति, सामाजिक परिवर्तन, संवैधानिक बहस र तत्सम्बन्धी अन्य विषयहरूबारे अध्येता तथा अनुसन्धानकर्ताहरूले प्रारम्भिक सूचनाहरू पाउन सक्नेछन् । साथै समसामयिक राजनीतिक मुद्दाहरूबारे आधारभूत अवधारणाहरू प्रस्टचाउन पनि यो पुस्तक उपयोगी हुन सक्नेछ ।

अन्तरक्रिया कार्यक्रममा छलफल गरिने विषय तथा मुद्दाहरूको पहिचान गरी तिनलाई नियोजित ढङ्गले प्रस्तुत गर्ने, तिनबारे छलफल अघि बढाउने तथा छलफलका क्रमलाई संयोजन गर्ने काम सोशल साइन्स वहा:को तर्फबाट वहा:का डाइरेक्टर हरि शर्माले गर्नुभएको थियो । त्यस काममा उहाँलाई कार्यक्रम अधिकृत प्रेमदर्शन सापकोटाको सहयोग मिलेको थियो । त्यति मात्र नभई अन्तरक्रिया कार्यक्रममा सहजकर्ता स्रोत व्यक्ति र सहयोगीहरूबाट अभिव्यक्त भएका विचारहरूलाई लिपिबद्ध र त्यसपछि तिनको सारसङ्क्षेप खिची पुस्तकका रूपमा प्रकाशनयोग्य तुल्याउने काम पनि उहाँहरूबाटै भएको हो । त्यसका लागि उहाँहरूप्रति विशेष आभार व्यक्त गर्दछु ।

हरेक कार्यक्रमलाई दुई सत्रमा विभाजन गरी सञ्चालन गरिएको थियो । जनकपुरमा एक सत्र मैथिली भाषामा सञ्चालन भएको थियो । यसका अलावा सबै छलफल नेपाली भाषामा भएका थिए ।

अन्तरक्रिया कार्यक्रममा छलफल गरिएका प्रमुख विषयहरूलाई प्रस्टचाउन स्रोत व्यक्तिहरूले विषेश भूमिका निर्वाह गर्नुभएको थियो । सोशल साइन्स वहा:को अनुरोधलाई सहर्ष स्वीकार गरेर अन्तरक्रिया कार्यक्रममा स्रोत व्यक्तिका रूपमा गहन भूमिका निर्वाह गरिदिनुहुने श्री गणेश भट्ट, श्री चोलराज शर्मा, श्री बिन्दु शाह, डा. कृष्ण हाछेथु, प्रा.डा. विश्वम्भर प्याकुरेल, श्री बालकृष्ण माबुहाङ, श्री परशुराम उपाध्याय, श्री मोहन मैनाली, प्रा.डा. योगेन्द्र यादव, प्रा.डा. लोकराज बराल र श्री अशोक पोखरेलप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यसै गरी सहभागीको छनौटदेखि स्थानीय स्तरमा कार्यक्रम सम्पन्न गराउन चाँजोपाँजो मिलाउने काममा सहयोग पुऱ्याउने कैलाली बहुमुखी क्याम्पस, धनगढीका लेक्चरर श्री लीलानाथ ओझा, नेपालगन्जका पत्रकार श्री किरण पौडेल, पृथ्वीनारायण

बहुमुखी क्याम्पस पोखराका लेक्चरर श्री गिरधारी सुवेदी, नेपाल ट्रेड युनियन काङ्ग्रेस धनुषा जिल्ला अध्यक्ष श्री लालकिशोर साह र आई.डी.एफ. नेपालका अध्यक्ष श्री विष्णु खरेललाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

कार्यक्रमको सुरुआती प्रक्रियादेखि पुस्तक प्रकाशनसम्म चाहिने आर्थिक सहयोग पुऱ्याउने द एसिया फाउन्डेसन नेपालप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यसै गरी हाम्रो अनुरोधलाई स्वीकार गरी यस पुस्तकको सम्पादन गरिदिने श्री राजेन्द्र दाहाललाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, सोशल साइन्स वहा:को आमन्त्रणलाई सहर्ष स्वीकारेर अन्तरक्रिया कार्यक्रममा सहभागी भई आफ्ना विचारहरू राखिदिनुहुने सम्पूर्ण महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ । छलफलमा व्यक्त विचारहरूको टिपोट गरिदिनुहुने श्री पदमराज रेग्मी, श्री जगदीश पौडेल, श्री गिरधारी सुवेदी, श्री लीलानाथ ओझा, श्री विष्णु खरेल, श्री युवराज घिमिरे, श्री याम घिमिरे, श्री वीरेन्द्र सिंह र श्री नानीबाबु श्रेष्ठ धन्यवादका पात्र हुनुहुन्छ । त्यसैगरी पुस्तकको शुद्धाशुद्धि हेरिदिने श्री धर्मराज दाहाल, लेआउट गर्नुहुने श्री चिरन घिमिरे र कभर डिजाइन गर्ने श्री विलाश राईलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु ।

राजेन्द्र प्रधान
अध्यक्ष, सोशल साइन्स वहा:

यो पाना जानीजानी खाली छोडिएको हो ।

# विषयसूची


| | | |
|---|---|---|
| | प्राक्कथन | v |
| | परिचय | xi |
| १. | सार्वजनिक संवाद : नेपालगन्ज | १ |
| २. | सार्वजनिक संवाद : पोखरा | २५ |
| ३. | सार्वजनिक संवाद : धनगढी | ४७ |
| ४. | सार्वजनिक संवाद : बिर्तामोड | ६३ |
| ५. | सार्वजनिक संवाद : काठमाडौँ | ७७ |
| ६. | सार्वजनिक संवाद : जनकपुर | १०१ |
| | अनुसूची | |
| | (क) समावेशी लोकतन्त्र र नेपाली राज्य | १२१ |
| | (ख) मधेसको पहिचान र राज्यसँगको सम्बन्ध | १३८ |
| | (ग) सहजकर्ता, स्रोत व्यक्ति/टिप्पणीकर्ताहरूको विवरण | १५४ |
| | (घ) सहभागीहरूको विवरण | १५५ |

यो पाना जानीजानी खाली छोडिएको हो ।

# परिचय

**हरि शर्मा**
**प्रेम सापकोटा**

## प्रतिस्पर्धी विचार र अन्तरक्रिया

समकालीन नेपाली समाजले करिब एक दशक लामो हिंसात्मक द्वन्द्वको अन्त्यको चाहनासँगै लोकतान्त्रिक व्यवस्थाअन्तर्गत नयाँ संरचनाको परिकल्पना गरिरहेको छ। नयाँ संरचनाको परिकल्पनाको बहसमा नेपाली राज्य, राज्य सञ्चालनको प्रक्रिया तथा राज्य र समाजका विभिन्न समूहहरूबीचको आपसी सम्बन्धलाई आधार मानेर विश्लेषण गर्ने क्रम बढेको छ। अहिले नेपालका हरेक राजनीतिक संस्था र सामाजिक समूहहरूको सम्बन्ध तथा भूमिकाका बारेमा व्यापक रूपमा प्रश्नहरू उठिरहेका छन्। विभिन्न तहका बहसमा राजनीतिक संस्था र सामाजिक समूहहरूको सम्बन्ध तथा भूमिकाका बारेमा फरक तथा प्रतिस्पर्धी विचारहरू व्यक्त भएको पाइन्छ।

फरक स्थान वा अवस्थितिबाट हेर्दा हरेक सवालमा भिन्न बुझाइ र भिन्न दृष्टिकोण पाइनु स्वाभाविक हुन्छ। नयाँ प्रक्रिया, नयाँ सम्बन्ध र नयाँ भूमिकाको खोजी भइरहेको अवस्थामा एउटै राज्यभित्र पनि फरक सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, राजनीतिक र भौगोलिक अवस्थितिमा जीवन बिताइरहेका नागरिकले कुनै पनि विषय तथा सवाललाई भिन्नभिन्न रूपमा बुझ्नु अस्वाभाविक हुँदैन। हरेक राजनीतिक विषय समाजमा दाबी र प्रतिदाबीको रूपमा रहेका हुन्छन्। यसैले कुनै पनि विषय तथा सवालमा समाजको फरक पहिचानअनुसार प्रतिस्पर्धी तर्क र विचारहरू प्रस्तुत हुनुलाई स्वाभाविक रूपमा लिन सक्नुपर्दछ।

समाजमा रहेका फरक विचार तथा मान्यताहरूबारे खुला रूपमा छलफल गरेर निष्कर्षमा पुग्नु तथा फरक मान्यतालाई सम्मान गर्न सक्नु नै लोकतन्त्रको सुन्दरता मानिन्छ। छलफल तथा अन्तरक्रियाहरूले कुनै पनि विषयसँग सम्बन्धित सूचना तथा त्यस विषयमा उठ्ने फरक विचारहरू आदानप्रदान गर्न र तिनलाई समायोजन गरेर अगाडि बढ्ने परिपाटीको विकासमा सहयोग पुऱ्याउँछ।

अर्थात्, वर्तमान अवस्थामा नेपाली समाजमा बहुचर्चित रहेका समावेशी लोकतन्त्र, राज्यको पुनर्संरचना तथा राज्य र सामाजिक समूहहरूको सम्बन्ध तथा बहसको क्रममा उठ्ने प्रश्नहरूलाई सैद्धान्तिक र व्यावहारिक दुवै पक्षबाट हेर्न सकेमा

समाधानका सरल उपायहरू खोज्न सहयोग पुग्नेछ । कुनै पनि विषयमा गरिने तर्क-वितर्क र नयाँ ज्ञानको खोजीले एकआपसका भावनालाई नजिक ल्याउने र हरेक अवस्थालाई नयाँ मोड दिन सघाउँछ ।

अहिलेको अवस्थामा २०६३ को जनआन्दोलनमार्फत नेपाली समाजमा के-कस्ता आशाहरू जागेका छन् र त्यसलाई नेपाली राज्यले कसरी व्यवस्थित गर्ने भन्ने प्रश्न अहम् रहेको छ । त्यसै गरी समकालीन बहसको केन्द्रीय रूपमा रहेको राज्यको संरचना तथा समावेशीकरणको मुद्दालाई विश्लेषण गर्दा ऐतिहासिकताको प्रश्न, पहिचानको सवाल, बहुआयामिकताको पक्ष, हिंसा, समाज र परिवर्तनको कुरा, प्रतिनिधित्व र कसले कसका लागि बोल्दछ भन्नेजस्ता सवालहरू नै प्रमुख रहेको पाइन्छ ।

धनगढीदेखि झापासम्म गरिएका अन्तरक्रियाका क्रममा उठेका तार्किक प्रश्नहरूलाई यस परिच्छेदमा समेटिएको छ ।

### अवधारणा : लोकतन्त्र/प्रजातन्त्र

कुनै पनि अवधारणा आफैमा निरपेक्ष हुँदैन । हरेक अवधारणाको समय तथा क्षेत्रअनुसार माने लागेको हुन्छ । समयअनुसार दिइएको मानेले पनि केही अवधारणाको अर्थलाई बढी प्रभाव पारेको हुन्छ । जस्तै, प्रजातन्त्र वा लोकतन्त्र । हिजो पञ्चायतका बेलामा 'प्रजातन्त्र' शब्द र त्यसको अर्थले जति गहनता र प्रतिष्ठा प्राप्त गर्दथ्यो अहिले त्यही शब्दको माने त्यस रूपमा रहेको पाइँदैन । अहिले 'प्रजातन्त्र' को स्थान र इज्जत 'लोकतन्त्र' ले ओगट्न पुगेको छ ।

कुनै पनि विषयमा रहेका फरकफरक अवधारणालाई कसरी सामूहिक अवधारणाको रूपमा विकास गर्दै लैजाने र त्यस निम्ति कस्तो प्रक्रिया अवलम्बन गर्ने भन्ने सवाल वर्तमान अवस्थामा नेपाली समाजका लागि महत्त्वपूर्ण बनेका छन् । कुनै अवधारणा निर्माण हुन कुनकुन पक्षहरूको भूमिका हुन्छ र अवधारणाहरू कसरी निर्माण हुँदै जान्छन् भन्ने सवाल पनि उत्तिकै सान्दर्भिक हुन्छ । सूचनाहरू जनतामाझ पुग्ने माध्यम तथा सूचनालाई ग्रहण गर्ने उनीहरूको तरिकाले पनि राजनीतिक विषयमा भिन्नभिन्न किसिमबाट अवधारणा निर्माण गर्न मद्दत पुऱ्याएका हुन्छन् । यसमा कसैको व्यक्तिगत अवस्था अथवा क्षमता, सामाजिक-सांस्कृतिक पक्ष, संरचना तथा व्यक्तिको वरिपरि रहेको वातावरण र सञ्चारमाध्यमलगायतका पक्षहरूले पनि प्रभाव पारेको हुन्छ । विभिन्न पक्षहरूले कसरी भूमिका निर्वाह गरिरहेका छन् भनेर हेर्न सकेमा नयाँ अवधारणाहरू के-कसरी निर्माण भइरहेका छन् भनेर बुझ्न सजिलो हुन्छ ।

अहिले नेपाली समाजमा लोकप्रिय रहेको 'लोकतन्त्र' का सैद्धान्तिक मान्यता

र व्यावहारिक पक्षहरू के हुन् ? नेपाली समाजले लोकतन्त्रको सैद्धान्तिक र व्यावहारिकमध्ये कुन पक्षलाई प्रमुखता दिएर व्याख्या गर्ने गरेको छ ? सैद्धान्तिक आधारबाट हेर्दा फरकफरक राजनीतिक मान्यता बोकेका समूह तथा पार्टीहरूका अवधारणा फरक हुन सक्दछन् तर व्यवहारमा भने उस्तै पनि हुन सक्दछ। नयाँ संरचना तथा प्रक्रियाको कल्पना गर्दा फरक अवस्थितिमा रहेका जनताले 'लोकतन्त्र' अन्तर्गत कस्तो शासन प्रक्रियाको कल्पना गरेका छन् र त्यस्तो प्रक्रियाबाट आफ्नो सामाजिक-सांस्कृतिक तथा आर्थिक जीवनमा के-कस्ता परिवर्तनको अपेक्षा राखेका छन् ? यस्ता पक्षहरूले लोकतन्त्रलाई बुझ्न र अवधारणा निर्माण गर्न सघाएका छन् कि छैनन् ? यस्ता कुराहरू अहिलेका बहस तथा छलफलहरूमा उठ्न सकेमा कुनै पनि विषयको राजनीतिक रूपमा व्यवस्थापन गर्नमा सहयोग पुग्नेछ।

## 'समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचना' को बहसमा राज्यको भूमिका र यसमा उठेको ऐतिहासिकताको प्रश्न

समकालीन अवस्थामा समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनाको विश्लेषण गर्दा नेपाली राज्य 'केन्द्र' मा रहेको छ। नेपालका बहुसङ्ख्यक सामाजिक-सांस्कृतिक समूहहरू राजनीतिक, सामाजिक, आर्थिक क्षेत्रहरूमा समावेशी हुन नसक्नुमा राज्य नै प्रमुख जिम्मेवार रहेको तर्क गरिन्छ। असमावेशी अवस्था र राज्यको भूमिकाको सन्दर्भमा नेपाली राज्यको ऐतिहासिक विकासक्रमले प्रमुखता पाएको छ। नेपालका सामाजिक-सांस्कृतिक समूहका बारेमा उठ्ने गरेको ऐतिहासिकताको चर्चा पृथ्वीनारायण शाहको कार्यकालसँग जोडेर गर्ने गरिन्छ। नेपालको इतिहासको व्याख्या मूलत: दुई धारबाट गर्ने गरेको पाइन्छ। एउटा धारबाट हेर्नेले पृथ्वीनारायण शाहलाई नेपाली भूगोल र समाजको एकीकरण गरेको श्रेय दिन्छ भने अर्को धारबाट हेर्नेले पृथ्वीनारायण शाहलाई विस्तारवादी राजाका रूपमा लिने गरेको छ। पछिल्लो तर्क गर्नेहरूको भनाइ के पाइन्छ भने पृथ्वीनारायण शाहले नेपाली राज्यलाई केन्द्रीकृत रूपमा राखेर अपनाएका नीति र प्रक्रियाहरूका कारण नेपालका विभिन्न समूहबीच विभेद उत्पन्न भयो र यसैकारण हरेक क्षेत्रमा असमावेशीकरण हुन पुग्यो।

अहिले 'नयाँ नेपाल' को सेरोफेरोमा हुने समावेशीकरण तथा पुनर्संरचनासम्बन्धी छलफल तथा विश्लेषणमा पनि 'ऐतिहासिकता' केन्द्रीय प्रश्नका रूपमा रहेको छ। तर यो ऐतिहासिकताको सवाललाई केन्द्रबिन्दु बनाएर विश्लेषण गर्दा प्रश्न उठ्छ : नयाँ प्रक्रिया र संरचनाको कल्पना गर्दा इतिहासको तर्कबाट उम्कन सकिन्छ कि सकिँदैन ? इतिहासले आज जुन स्थितिमा ल्याएको छ अब यसबाट अघि बढ्न सकिन्छ कि फेरि पहिले (२३८ वर्ष) कै स्थितिमा फर्कनुपर्ने हुन्छ ?

नयाँ परिपाटीको कल्पनामा इतिहासले कस्तो भूमिका निर्वाह गर्छ ?

राज्यलाई हेर्ने दृष्टिकोणमा इतिहासको तर्कबाट उम्कन सकिन्छ कि सकिँदैन भन्ने प्रश्नलाई समाज र राज्य तथा नेपालका सामाजिक समूहहरूको आपसी सम्बन्ध र लोकतन्त्रका बारेमा विश्लेषण गर्ने एउटा आधार मान्न सकिन्छ। नयाँ संरचना तथा प्रक्रियाका बारेमा छलफल चलिरहेको अवस्थामा राज्यलाई कसरी हेर्ने वा लिने ? ऐतिहासिक सवालहरूकै आधारमा मात्र विश्लेषण गरेर राज्य र सामाजिक समूहहरूको सम्बन्धका आधार खोज्ने कि नयाँ प्रक्रियामा जानका लागि अन्य सम्बन्धहरूको पनि खोजी गर्ने ? यी सवालहरू अहिलेको अवस्थामा सबैका निम्ति सान्दर्भिक हुन सक्दछन्।

## समावेशी राज्य वा समावेशी लोकतन्त्र ?

'समावेशी' राज्य हुने कि लोकतन्त्र ? समावेशीकरणको वर्तमान विश्लेषणमा यो एउटा महत्त्वपूर्ण सवालका रूपमा उठेको देखिन्छ। राज्यलाई समावेशी तुल्याउनुपर्छ भन्ने तर्क राज्यको संरचनामा केन्द्रित रहेको पाइन्छ भने लोकतन्त्र समावेशी हुनुपर्छ भन्दा राज्य सञ्चालनको 'प्रक्रिया' चाहिँ समावेशी हुनुपर्ने भन्ने बुझिन्छ। राज्यभित्र रहेका सबै सामाजिक-सांस्कृतिक समूहहरूको पहिचानलाई मान्यता दिई ती समूहहरूको प्रतिनिधित्व र पहुँच रहन सक्ने संरचना विकास गर्न सकेमा राज्य समावेशी हुन सक्दछ। तर लोकतन्त्र पुँजीवादी प्रक्रिया भएकाले त्यस्तो अवस्थामा पनि समाजमा आर्थिक असमानता चरम रूपमा रहने गर्दछ, आर्थिक असमानता रहेसम्म लोकतन्त्र समावेशी हुन सक्दैन तसर्थ राज्य नै समावेशी हुनुपर्छ भन्ने एउटा तर्क रहेको पाइन्छ।

तथापि, राज्य कसरी सञ्चालन गर्ने भन्ने राजनीतिक विषय हो। जनताले राजनीति वा राज्यको परिवर्तनको कुरा गर्दा कुनै न कुनै राजनीतिक प्रक्रियालाई अगाडि सारेका हुन्छन् – जस्तो अहिलेको प्रसङ्गमा 'लोकतन्त्र' अघि सारिएको छ। लोकतन्त्र आफैमा एउटा राजनीतिक प्रक्रिया हो। 'डेमोक्रेसी' वा 'लोकतन्त्र' को घेरा सुरुमा अति साँघुरो थियो। अथवा लोकतन्त्र सुरुमा असमावेशी नै थियो। ग्रीकमा लोकतन्त्रको अभ्यास सुरु गर्दा त्यहाँका अभिजात्य वर्गलाई मात्र समेटिएको थियो। समयको विकासक्रमसँगै लोकतान्त्रिक प्रक्रियामा बढीभन्दा बढीलाई समेट्न थालियो अथवा समेट्नैपर्ने बाध्यता सिर्जना हुँदै गयो। अहिले संसारभर नै महिला, धार्मिक समूह आदि फरकफरक पहिचान भएका वर्ग र समूहहरूलाई लोकतन्त्रको प्रक्रियामा समावेश गर्ने प्रयासहरू बढ्दो मात्रामा भइरहेको पाइन्छ। यसका लागि थुप्रै सैद्धान्तिक मान्यताहरू पनि विकास भएका छन्। लोकतान्त्रिक परिपाटीभित्र पनि आफ्नै प्रकारको वर्गीकरण हुने गर्दछ। यसकारण प्रक्रिया पनि

समावेशी र असमावेशी हुन सक्दछ भन्ने मान्यता रहेको छ । प्रक्रियालाई जति समावेशी पार्न खोज्दा पनि कोही न कोही बाहिरै रहिरहेको भेटिन्छ । यसैकारण पनि लोकतन्त्रलाई कसरी समावेशी बनाउने भन्ने सवाल झन्झन् महत्त्वपूर्ण हुँदै गएको छ ।

समावेशी प्रक्रियामा समायोजनको कुरा पनि उठ्ने गरेको छ । कुनै प्रक्रियाबाट बाहिर भएकाहरूलाई प्रक्रियामा संलग्न गराउनु पनि समावेशीकरण मानिएको छ । बाहिर पारिएका र प्रक्रियाभित्र परेकाहरूले एकअर्कोलाई आफूभित्र अटाउन वा समेट्न सक्छन् कि सक्दैनन् ? अर्को प्रश्न उठ्न सक्दछ ।

समावेशीकरणलाई सामूहिक सशक्तीकरण र प्रतिनिधित्वका आधारमा पनि हेर्ने गरिएको छ । आरक्षण तथा प्रतिनिधित्वले कुनै समूहका केही व्यक्तिहरूको सामाजिक तथा अन्य स्तर उकास्न मद्दत गर्दछ । यसले सम्बद्ध समूह वा समुदायभित्र अभिजात वर्गको निर्माण गर्दछ । तर यस प्रक्रियाबाट सामूहिक सशक्तीकरण हुन सक्दैन । सामूहिक सशक्तीकरण स्थानीय स्तरबाट नै हुनुपर्दछ । यसले संस्थागत क्षमता, मानव क्षमता विकासको पक्षमा जोड दिने गर्दछ । यो विश्लेषणअनुसार यी दुई प्रक्रियाको समायोजनबाट समावेशीकरणको प्रक्रियालाई प्रवर्द्धन गर्न सकिन्छ । यति भएर पनि कुनै समूह अथवा व्यक्ति एउटा प्रक्रिया वा पक्षमा समावेश हुँदाहुँदै अर्को पक्षमा असमावेशी हुन सक्दछ भन्ने मान्यता पनि रहेको छ । उदाहरणका रूपमा नेपालका पहाडिया दलितहरू भाषाका आधारमा समावेशी देखिए पनि अन्य आधारमा समावेशी हुन सकेका छैनन् ।

## समावेशी लोकतन्त्र र बहुपहिचान

सांस्कृतिक, धार्मिक, भाषिक आदि पक्षहरू मान्छेको जन्मसँगै गाँसिएर आउने भएकाले यिनकै आधारमा समाजमा व्यक्तिको पहिचान बनेको हुन्छ । अर्कोतर्फ आर्थिक आधार तथा मान्छेको सम्बन्ध विस्तार हुँदै जाँदा व्यक्तिको चाहना समय र परिस्थितिअनुसार फरक हुँदै जान्छ । अर्थात्, कुनै पनि व्यक्तिका एकभन्दा बढी पहिचान बनेका हुन सक्छन् । अहिले पहिचानका आधारमा पनि अधिकार र स्वामित्वका कुरा उठ्न थालेका छन् ।

लोकतन्त्रले बहुपहिचानलाई कसरी समेट्न सक्दछ ? बहुपहिचानलाई मान्यता दिइएको अवस्थामा लोकतन्त्रका सर्वमान्य र साझा आधारहरू कसरी सृजना गर्न सकिन्छ त ? बहुपहिचानलाई स्वीकारिएको समाजमा फरकफरक पक्षका बीचमा सम्झौता भई संविधान बन्ने गर्दछ ।

फरकफरक राज्यमा फरकफरक समयमा जनता वा नागरिकको पहिचान पनि फरकफरक ढङ्गबाट निर्धारित भएको हुन सक्छ । नेपालको सन्दर्भमा पनि जनतालाई

राज्यले विभिन्न समयमा फरकफरक रूपमा लिएको पाइन्छ। रैती, प्रजा हुँदै अहिले नेपाली जनता लोकतान्त्रिक परिपाटीमार्फत नागरिक हुन खोजिरहेका छन्। रैतीको रूपबाट राज्यलाई हेर्दा र नागरिक भएर राज्यलाई हेर्दा मान्छेले फरक तरिकाबाट विश्लेषण गर्न सक्दछ। राज्यसँग उसले चाहना गरेका पक्षहरू पनि फरक हुन सक्दछन्। जस्तो, अहिले नेपाली जनताले नागरिक हुने कल्पना गरिरहेका छन्। यस अवस्थामा अन्तर्राष्ट्रिय रूपमा स्थापित नागरिक हकबाट उनीहरू वञ्चित रहन चाहँदैनन्। नागरिक स्वतन्त्रता, मानवअधिकारलगायतका अन्तर्राष्ट्रिय रूपमा स्थापित मान्यताहरूलाई लोकतान्त्रिक परिपाटीमा अनिवार्य विषयको रूपमा राखिएको छ। यी मान्यताहरूले पनि मानिसको अवसर छान्न पाउने र कहीँ संलग्न हुन सक्ने हकलाई सुरक्षित गरेका छन्। यसले फरक पहिचान तथा बहुपहिचान स्वीकारेको छ। यसकारण समावेशी लोकतन्त्रको बहसमा बहुपहिचानको सवाल पनि एउटा केन्द्रीय विषय हुन सक्दछ।

## राज्यको पुनर्संरचना

राज्यलाई फरकफरक अवस्थितिबाट हेर्दा फरकफरक रूपमा बुझ्न सकिन्छ। महिलाले, मजदुरले, शिक्षित मान्छेले, जनजातिले, दलितले, मधेसीले वा यस्तै कुनै समूहको मान्छेले राज्यलाई आआफ्नै दृष्टिकोणबाट बुझेको हुन सक्दछ। एउटा समूहमा रहेको मान्छेले राज्यलाई जसरी बुझेको हुन्छ अर्कोले त्यही ढङ्गबाट नबुझेको हुन सक्दछ। बुझाइको भिन्नताअनुरूप राज्यसँग गरिने अपेक्षा र गुनासाहरू पनि फरक हुन सक्दछन्। यस्ता भिन्नभिन्न बुझाइ र गुनासाहरूलाई एकै ठाउँमा राखेर बहस गर्न सकिएमा भावी नयाँ संरचनाको साझा खाका कोर्न मद्दत मिल्छ।

अहिले नेपाली समाज नयाँ संविधान बनाउन लागिपरेको छ। संविधानमा नयाँ संरचनाको खाका कोरेपछि त्यसैअनुसार संरचना बन्दै जानेछन्। राज्यलाई फरक रूपमा बुझिएझैँ पुनर्संरचनाको खाका पनि फरकफरक रूपमा बुनिएको हुन सक्दछ। तर राज्यको पुनर्संरचनाको कुरा गर्दा सबै पक्षका विचार कहीँ न कहीँ आएर मिल्नैपर्ने चाहिँ हुन्छ।

विगतमा नेपाली समाजलाई राज्यले वर्गीकरण गरेको थियो र यसैका आधारमा समाजको संरचना तथा भौगोलिक संरचना निर्माण गरियो। अर्थात् नेपाली राज्यको चाहनाअनुसार नेपाली समाजको संरचना तयार पारिएको थियो। तर आज नेपाली समाज राज्यभन्दा बलियो रूपमा प्रस्तुत भएको छ। यसैकारण अहिले समाजको चाहनाअनुसार नेपाली राज्यलाई कसरी संरचित गर्ने भनेर बहस भइरहेको छ।

समयअनुसार व्यक्ति तथा समाजका चाहना वा रोजाइहरू फेरिँदै जाने गर्दछन्। यस्तो स्थितिमा व्यक्ति र समाजका फरकफरक चाहना र राज्यका संरचनाबीचको

सम्बन्धलाई कसरी विश्लेषण गर्ने ? समाज निर्माणका लागि जनताका चाहना/रोजाइ महत्त्वपूर्ण हुन् कि संरचना महत्त्वपूर्ण हो ? व्यक्ति तथा समाजको चाहनालाई संरचनाले कसरी असर गरिरहेको हुन्छ ? जनचाहनाजस्तै संरचनाहरू परिवर्तित हुँदै गइरहेका हुन्छन् कि हुँदैनन् ? राज्यका सम्बन्धमा धेरै कुरा उठ्ने गरेको पाइन्छ । तर राज्य आफै उभिएको हुँदैन । त्यसभित्र रहेका फरकफरक पक्षहरूले गर्दा राज्य रहेको हुन्छ । यसकारण राज्यको पुनर्संरचनाको कुरामा समाजमा रहेका समूह तथा स्वतन्त्र व्यक्तिका चाहना र ती चाहनाको परिपूर्तिको अवस्थामा आउने राज्यका फरकफरक पक्षहरूको सम्बन्ध पनि प्रमुख सवाल हुन सक्दछ ।

माथिबाट निर्माण गरिएका संरचनाहरूले तलसम्म असर पार्छन् । त्यस्तै तलबाट हुने मागले माथिको निर्णयलाई असर गर्दछ र यस्तो प्रक्रियाकै क्रममा संरचनाका बारेमा समीक्षा तथा पुनर्विचार पनि हुने गर्दछ । अर्थात् संरचनाबाट समाज प्रभावित भएको हुन्छ अनि त्यसै गरी समाजबाट गरिने माग तथा अवरोधका कारण संरचनामा परिवर्तन गर्नु अवश्यम्भावी हुन्छ ।

राज्यको पुनर्संरचनाका विषयमा कुरा गर्दा उठ्ने अर्को सवाल – राज्य समयसँगसँगै विकसित हुने विषय हो वा चाहेको अवस्थामा काँटछाँट गर्न सकिने विषय हो ? राज्यलाई कसरी हेर्ने ? राज्यसँगको समाजको सम्बन्धलाई कसरी बुझ्ने ? छलफलका विभिन्न धार हुन्छन् । राज्यलाई काँटछाँट गर्न सकिन्छ भन्ने तर्कबाट हेर्ने हो भने एउटा निष्कर्षमा पुगिन्छ । त्यसै गरी राज्य समयसँगै विकसित हुने कुरा हो भन्ने तर्क गर्दा अर्कै निष्कर्षमा पुगिन्छ । यसैले राज्यको पुनर्संरचनाको सवाललाई कहाँ उभिएर हेर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । पहिचानका आधारबाट पनि राज्य र यसको संरचनालाई हेर्ने गरिएको छ । तर समाजमा बहुपहिचान रहेको हुन्छ । अवस्थाअनुसार एउटा मान्छे फरकफरक पहिचानका आधारमा चिनिन सक्दछ । अहिलेको उदारवादी तथा भूमण्डलीकरणको अवस्थामा व्यक्तिको एउटा मात्र पहिचानका आधारमा कुनै फरक सामाजिक समूहको आधारमा अरूभन्दा फरक सीमारेखा कोरेर राज्यको संरचनाको कल्पना गर्न सकिन्छ कि सकिँदैन ? एउटा मात्र फरक पहिचानका आधारमा मात्र समाजको सम्बन्धलाई राज्यसँग विश्लेषण गरेर निर्माण गरिने संरचनाले समाज र यसका सदस्यलाई के-कस्ता फाइदा तथा बेफाइदा गर्छ ? अनि फरक पहिचान भएकाहरूसँगको सम्बन्ध कसरी अघि बढ्न सक्दछ ?

राज्यको पुनर्संरचनाको कुरा गर्दा वर्तमान अवस्थामा अन्तर्राष्ट्रिय पक्षहरू पनि महत्त्वपूर्ण रूपमा रहेका हुन्छन् । नेपालको भारतसँग खुला सिमाना रहेको छ । यसै गरी विश्वव्यापीकरणको कारण एउटा मुलुकका गतिविधिहरू आन्तरिक रूपमा मात्र सीमित रहेन वा राख्न असम्भवप्राय: भएको छ । यसकारण पुनर्संरचनाको

बहसमा अन्तर्राष्ट्रिय पक्षहरूको भूमिकालाई पनि बिर्सन मिल्दैन । विश्वका कतिपय मुलुकहरूको नयाँ संरचना निर्माणको प्रक्रिया आन्तरिकभन्दा पनि बाह्य कारणले गर्दा सही दिशामा जान नसकेका उदाहरणहरू छन् ।

यसै गरी राज्यको पुनर्संरचनामार्फत कसरी बढीभन्दा बढी जनतालाई शासन प्रक्रियामा संलग्न हुने अवसर सिर्जना गर्ने ? निर्णय प्रक्रियामा कसरी पहुँच बढाउने ? राज्य र स्थानीय स्तरमा भएका स्रोतसाधनहरूमा कसरी सबैको पहुँच सुनिश्चित गर्ने परिपाटीको निर्माण गर्नेजस्ता थप मुद्दाहरू अहिले पनि बहसकै क्रममा रहेका छन् । यी मुद्दा राज्यका विभिन्न निकायहरूबीचमा कसले कति अधिकार उपयोग गर्ने भन्ने विषयसँग सम्बन्धित छन् । राज्यका विभिन्न निकायमा गरिने अधिकार बाँडफाँडको विषय विकेन्द्रीकरण, स्थानीय स्वायत्तता तथा सङ्घीयताको विषयमा केन्द्रित भएका छन् ।

## राज्यको पुनर्संरचना र आर्थिक पक्ष

नेपालका फरकफरक पहिचान भएका सामाजिक समूहहरूलाई राज्य संरचनाको आधारमा विभेद गरिएका कारण हिंसात्मक द्वन्द्वले प्रश्रय पायो भन्ने एकथरीको विश्लेषण रहेको पृष्ठभूमिमा नयाँ परिपाटी वा संरचना निर्माण गर्दा त्यो द्वन्द्वका पछाडि रहेको आर्थिक चाहना के थियो भनेर ध्यान दिनैपर्ने हुन्छ । नयाँ संरचना र यसका आर्थिक पक्षलाई हेर्दा नेपालमा भइरहेको जनसङ्ख्या परिवर्तनको ढाँचालाई ध्यान दिनु पनि उत्तिकै जरुरी छ । उमेरअनुसार चाहना फरक हुने गर्दछ । अहिले जनसङ्ख्याको बनोटमा प्रकट भएका परिवर्तनका ढाँचाहरू हेर्दा युवाहरूको सङ्ख्या अत्यधिक मात्रामा बढिरहेको पाइन्छ । यसकारण राज्य पुनर्संरचनाको आर्थिक पक्ष हेर्दा युवाहरू राज्यले सम्बोधन गर्नुपर्ने एउटा प्रमुख समूहको रूपमा रहेको स्पष्ट हुन्छ ।

आर्थिक समायोजन तथा पुनर्संरचना गर्दा दुर्गम इलाकामा सेवा पुर्‍याउने तथा मुनाफा प्राप्त नहुने सामाजिक क्षेत्रहरूमा राज्यले लगानी गर्नुपर्दछ । त्यस्तै आर्थिक वृद्धि र स्थिरताको निम्ति राज्यले व्यापारिक तथा नाफा हुने क्षेत्रलाई पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ । जस्तोसुकै संरचना निर्माण गरे पनि न्यूनतम आर्थिक वृद्धिका साथै सेवाको विस्तार र वितरणलाई राज्यले निरन्तरता दिनैपर्दछ ।

## राज्यको पुनर्संरचना र स्थानीय स्वायत्तता

शासन प्रक्रियामा बढीभन्दा बढी नागरिक र सामाजिक सांस्कृतिक समूहहरूको सहभागिता गराउन स्थानीय स्तरका संरचनाको भूमिका अहम् रहने गर्दछ । तसर्थ राज्यको पुनर्संरचनाको कुरा गर्दा स्थानीय स्वायत्तता अर्थात् राज्यको सबभन्दा

तल्लो निकाय कस्तो बनाउने र त्यहाँ कति अधिकार दिने भन्ने कुरा अहिले एउटा महत्त्वपूर्ण सवालको रूपमा रहेको छ ।

समावेशीकरणको सवाललाई प्रतिनिधित्व सुनिश्चित गर्ने उपायका रूपमा पनि हेरिएको छ । केन्द्रीय संरचना अथवा क्षेत्रीय वा सङ्घीय संरचनामा पनि भएजति सबै समूहको प्रतिनिधित्व गराउन सकिँदैन । यसकारण पूर्णरूपमा समावेशी बनाउनका लागि पनि स्थानीय स्वायत्तताको अवश्यकता रहेको तर्क स्थानीय स्वायत्तता पक्षधरहरूले उठाउने गरेका छन् । यसै गरी स्रोतसाधनमा सबैको पहुँच सुनिश्चित गर्नका लागि जनताको नजिक रहने शासनको एकाइ हुनु उत्तम मानिएको पाइन्छ । यसकारण राज्यको पुनर्संरचनाको बहसमा स्थानीय स्वायत्तताको सवाल एउटा प्रमुख मुद्दा बन्न पुगेको देखिन्छ ।

## राज्य र वर्गीकरणको सवाल

हरेक राज्यले शासनका लागि वर्गीकरण गरेको हुन्छ । यसका भौगोलिक, सांस्कृतिकलगायतका फरकफरक आधारहरू हुन सक्दछन् । विगतमा राज्यले जुन रूपमा वर्गीकरण गरेको थियो भविष्यको वर्गीकरणका आधारहरू त्योभन्दा फरक हुन सक्दछन् । राज्यलाई कुन रूपमा सञ्चालन गर्ने भन्ने कुरा राजनीतिक विषय हो । राज्यले जुन प्रकारको राजनीतिक प्रक्रिया अपनाउँछ त्यही आधारमा वर्गीकरण गर्न खोज्दछ । वर्गीकरणको यस्तो प्रक्रियामा राज्य र समाजको सम्बन्ध कुन रूपमा रहेको छ भन्ने कुरा प्रमुख हुने गर्दछ । बलियो राज्य र कमजोर समाज भएको अवस्थामा राज्यले आफ्नै किसिमले समाजलाई वर्गीकरण गर्न सक्दछ भने समाज बलियो भएको अवस्थामा राज्यले गर्ने वर्गीकरणमा सामाजिक समूहहरूको चाहना र भूमिका बढी हाबी हुन सक्दछ । राज्य ज्यादै कमजोर रहेको अवस्थामा समाजभित्रका फरकफरक समूहहरूबीचको द्वन्द्वले अस्थिरता सिर्जना गर्न सक्ने सम्भावना पनि उत्तिकै बलियो हुन्छ ।

## राज्य र संविधान

राज्यसँग वैधानिक रूपमा बल प्रयोग गर्ने अधिकार निहित हुन्छ । समाजशास्त्रीय धारणाअनुसार कुनै पनि राज्य हिंसाविहीन हुन सक्दैन । त्यसकारण राज्यले बल प्रयोग गर्दा जथाभाबी नहोस् भनेर नै कानुनी रूपमा यसलाई नियन्त्रण गर्ने गरिन्छ । यसलाई मुख्य रूपमा संविधानबाट व्यवस्थित गरिन्छ । त्यही कानुनका आधारमा समाज र राज्यको सम्बन्ध कायम गरिएको हुन्छ । यस्ता आधारहरू निर्धारण गर्न राजनीतिको भूमिका हुने गर्दछ जसले राज्यको अधिकारलाई नियन्त्रण र निर्देशित गर्दछ ।

## संविधानसभा

संविधानसभाका बारेमा कुरा हुँदा संविधान भनेको के हो ? यसले जनतालाई के दिन सक्छ र केचाहिँ दिन सक्दैन भन्ने सवाललाई केलाइयो भने यसका फरक पक्षहरू बुझ्न सकिन्छ ।

संविधानसभालाई सिद्धान्त र प्रक्रिया दुवै रूपमा लिने गरेको पनि पाइन्छ । सिद्धान्तका रूपमा संविधानसभा भनेको जनता आफ्ना लागि चाहिने शासन प्रणाली स्थापित गर्न र यसका प्रक्रियाहरूको निर्माण गर्न आफै सक्षम छन् वा जनता सार्वभौम छन् र उनीहरूभन्दा माथि कोही छैन भन्ने मान्यता हो । यसै गरी संविधानसभा जनता र राज्यबीचको सम्बन्ध स्थापित गर्ने प्रक्रिया पनि हो । अर्को शब्दमा भन्दा जनता र राज्यबीचको सम्बन्ध स्थापित गर्ने दस्तावेज संविधान हो र यसको निर्माण गर्ने प्रक्रिया संविधानसभा हो । अहिले नेपालमा संविधानसभा सैद्धान्तिक रूपमा मान्य भइसकेको छ । यसैकारण अहिलेका बहसहरू त्यसको प्रक्रियाका बारेमा बढी केन्द्रित रहेका पाइन्छन् । संविधानसभालाई प्रक्रियाका रूपमा हेर्दा यसभित्रको राजनीतिलाई पनि हेर्ने गरिन्छ । यसअन्तर्गत राज्यका विभिन्न निकाय तथा राज्यले प्रदान गर्ने अधिकार र त्यस राज्यभित्र बसोबास गर्ने सामाजिक, सांस्कृतिक आर्थिक समूहहरूले के-कति पाउने भन्ने विवाद हुने गर्दछ । यस्ता प्रक्रियाहरूमा पार्टी, नागरिक समाजलगायतका समूह तथा व्यक्तिहरू संलग्न हुने गर्दछन् । कहिलेकाहीँ प्रक्रियाका कारणबाट सिद्धान्तको औचित्यलाई सही या गलत साबित गर्न पनि सक्दछन् । अर्को रूपमा भन्दा राजनीतिक प्रक्रियाका कारण सैद्धान्तिक रूपमा स्थापित मान्यताहरू प्राप्त गर्न नसकिने वा सकिने दुवै स्थिति हुन सक्दछ ।

## राजनीतिक दल

नयाँ कुरा प्राप्त गर्नका लागि अहिलेका बहसहरूलाई राज्यको संरचनामा बढी केन्द्रित गरिएको छ । तर जस्तोसुकै राज्य संरचना भए पनि राजनीति गलत भएमा त्यो संरचना कमजोर नै हुन्छ । लोकतान्त्रिक पद्धतिमा राजनीतिक दलहरूले राजनीतिलाई अगाडि बढाउने हुनाले नै यी संस्थाहरूका बारेमा धेरै प्रश्न पनि उठ्ने गर्दछ ।

अहिले नेपालमा हरेक तहमा राजनीतिक दलहरूको संरचना तथा उनीहरूको व्यवहारका बारेमा व्यापक रूपमा प्रश्नहरू उठाउने गरिएको छ । लोकतान्त्रिक परिपाटीमा दलहरूको महत्त्व हुन्छ र उनीहरूको भूमिकालाई प्रमुख मानिन्छ । राज्य र जनताका बीचमा मध्यस्थताको काम राजनीतिक दलहरूले गरेका हुन्छन् । तर आज नागरिक समाजले पनि जनता र राज्यको बीचमा मध्यस्थताको

भूमिका निर्वाह गरेको मानिन थालेको छ ।

सन् १९९० पछि नेपालका राजनीतिक प्रक्रियाहरू स्थानीय मागका आधारमा अगाडि बढेका छन् । उदाहरणका रूपमा राजनीतिक पार्टीहरूसँग स्थानीय तथा सामूहिक सङ्गठनहरूले उठाएका मागलाई लिन सकिन्छ । राजनीतिक दलहरू 'यस्ता हुनुपर्‍यो', 'यस्तो हुनुभएन', 'दलहरूले यसरी काम गर्नुपर्‍यो' भनेर आवाज उठ्नु दलहरूप्रतिको चाहनाको अभिव्यक्ति हो ।

राजनीतिक दलका केन्द्रमा रहने नेताहरूले पार्टीका नीति कार्यक्रम आफै फेर्दै जाने हो वा दलको तल्लो तहको संरचनाले पहिचान गरेका सवालहरूलाई पार्टीको नीति तथा कार्यक्रममा समाहित गर्दै जाने हो ? अथवा समाजमा उठेका सवालहरूलाई दलहरूले राज्यसँगको मध्यस्थता गर्न सकिरहेका छन् कि छैनन् ? हरेक दलको एउटा संरचना हुन्छ । उसको आदर्श हुन्छ । उसले त्यही आधारमा समाजका कुनै समूहको मन बढी जितेको हुन्छ । उसको प्रतिनिधित्व पनि त्यही रूपमा भएको हुन्छ ।

## प्रतिनिधित्व : कसले कसका लागि बोल्दछ ?

प्रतिनिधित्वको सवालमा चर्चा हुँदा कसले कसका लागि बोल्दछ भन्ने कुरा बौद्धिक क्षेत्रमा महत्त्वपूर्ण रूपमा उठाउने गरिन्छ । जुन समूहको प्रतिनिधि भनिएको हुन्छ उसले त्यस समूहभित्रकाको चाहनालाई प्रतिबिम्बित गर्न सक्छ कि सक्दैन ?

एउटा जातिको प्रतिनिधिले आफ्नो जातिका लागि मात्र बोल्ने र आफ्नो समूहको कुरा मात्र बुझ्ने हो भने सामूहिकताका आधारहरू कसरी सिर्जना गर्ने भन्ने समस्या उत्पन्न हुन्छ । जनता भनेको सामूहिक पहिचान हो । पहिला फरकपनलाई छुटयाउनुपर्दछ । अनि मात्र प्रतिनिधित्वको कुरा आउँछ । तर फरक पहिचानको कुरा गर्दागर्दै पनि ऐतिहासिकता, राज्यको निर्माण, विश्व संरचनाले बाँधेका विविध कारणले सामूहिक आधार सिर्जना भएका छन् ।

## पहिचान र प्रतिनिधित्व

जनताको सामूहिक पहिचान जबसम्म भूगोलसँग जोडिँदैन तबसम्म पूरा हुन सक्दैन । यसैले पहिचानका लागि भूगोल खोज्ने गरिन्छ । पहिचान, प्रतिनिधित्वको सम्बन्ध भूगोलसँग पनि हुन्छ । भूगोलमा पसिसकेपछि फेरि बहुपहिचानका कुराहरू उठ्न सक्दछन् । सामूहिक पहिचानका आधारमा जति फाइदाको कुरा देखिएको हुन्छ, त्यसै गरी त्यहाँ एउटा व्यक्तिले समूहबाट अप्ठेरो पनि महसुस गरेको हुन्छ भन्ने कुरा बिर्सनुहुँदैन । एउटा व्यक्तिलाई मन नपरेको विचार समूहले मानिसकेपछि उसका लागि त्यो मान्यजस्तो देखिए पनि व्यक्ति सन्तुष्ट नभएको हुन सक्दछ ।

## आरक्षण

आरक्षणलाई एउटा प्रक्रियाका रूपमा लिने गरिन्छ। समानता हुनुपर्ने कुरामा विवाद छैन। समानता लक्ष्य हो। कोही अन्यायमा परेको छ भने उसले न्याय पाउनुपर्दछ भन्नेमा पनि विवाद नहोला। तर न्याय र समानता कसरी पाउन सकिन्छ भन्ने प्रक्रियाका बारेमा मतभेद रहन सक्दछ। आरक्षण त्यसको एउटा प्रक्रिया हो। यसकारण आरक्षणको कुरामा विवाद रहेको पाइन्छ। आरक्षण चाहिन्छ र चाहिँदैन भन्नेले आफ्नै तरिकाबाट विचार राखिरहेका छन्।

## मधेसका सवाल

समावेशी लोकतन्त्र, राज्य पुनर्संरचनाजस्ता विषयहरूको बहसमा मधेसका सवालहरूलाई कसरी हेर्न सकिन्छ ? यस्ता सवालमा बहस हुँदा मधेस र मधेसीको पहिचानलाई कसरी लिने ? अथवा के आधारमा मधेसीको पहिचान अरूभन्दा फरक रहेको छ ? के आधारमा उनीहरूका सवाल अरू समुदायका सवालभन्दा फरक छन् ? मधेस र राज्यको सम्बन्धलाई कसरी हेरिएको छ ? तराई अथवा मधेसभित्रको बहुलता र यहाँका सामाजिक समूहहरूको आन्तरिक सम्बन्धलाई कसरी हेर्ने ? मधेसको पहिचानका लागि भाषाको भूमिकालाई कुन आधारमा लिने ? यी विषयहरू अहिलेको छलफलमा मुख्य मुद्दा बनेर अगाडि आएका छन्।

## हिंसाको प्रश्न

नेपाली राष्ट्रियताको पहिचान के हो ? हामीलाई राष्ट्रियताको सूत्रमा बाँध्ने आधार के हो ? अन्तरसमुदायबीचको सम्बन्ध कस्तो हुनुपर्छ ? हिंसाबाट निर्देशित सामाजिक र राजनीतिक सम्बन्ध दिगो हुन सक्छ ? यी छलफलका थप तर अहम् विषय हुन्।

राजनीतिक विषयहरूमा जुनसुकै समाजमा पनि दाबी र प्रतिदाबी गरिरहेको पाइन्छ। तर आफ्नो पक्षको तर्कलाई राज्यको संरचना निर्माण गर्नका लागि हिंसाको प्रयोग मात्र गर्ने हो भने त्यो चिरस्थायी एवम् प्रभावकारी र सफल हुँदैन। यो डरलाग्दो र शङ्कास्पद हुन्छ। समझदारी र एकअर्काका फरक विचार तथा संस्कारलाई सम्मान गर्दै निर्माण गरिएको राज्यको संरचना चिरस्थायी एवम् सफल हुन्छ।

# नेपालगन्ज
# ३ असार, २०६३

## पहिलो सत्र

### कार्यक्रमको उद्देश्य
हरि शर्मा

(सोशल साइन्स वहा:)

हाम्रो समाजमा उठ्ने गरेका समस्या/सवालहरूमा बारम्बार छलफल तथा अन्तरक्रियाहरू हुने त गर्छन् तर तार्किक आधारमा चिन्तन गर्ने काम एकदमै कम छ। सोशल साइन्स वहा: छलफल र अन्तरक्रियाहरू तर्क वा कारणमा आधारित हुनुपर्दछ भन्ने मान्यता राख्दछ। एउटै समस्या, सवाल वा विषयलाई फरकफरक समूह तथा व्यक्तिहरूले फरकफरक तरिकाबाट व्याख्या र विश्लेषण गर्न सक्दछन्। त्यस्ता भिन्न मान्यता तथा विचारहरूको आआफ्नै धरातल वा आधार हुन सक्दछ। तथापि समाजमा उठेका समस्या तथा सवालहरूलाई हेर्ने फरकफरक दृष्टिकोणहरूका बारेमा एकआपसमा विचारहरूको आदानप्रदान गर्नाले समस्याहरूलाई सकारात्मक तरिकाबाट समाधान गर्न मद्दत पुग्दछ। यही उद्देश्यले सोशल साइन्स वहा:ले समयसमयमा प्राज्ञिक सम्मेलन, लेक्चर, छलफल, अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने गरेको हो।

करिब तीन वर्षअगाडि नेपालको द्वन्द्व र यहाँको प्रजातान्त्रिक परिपाटीको बारेमा विचार-विमर्श गर्ने हेतुले सोशल साइन्स वहा:द्वारा आयोजित सम्मेलनमा स्वदेशी तथा विदेशी विद्वान्हरूले आफ्नो प्राज्ञिक अनुभव र नेपालका ग्रामीण भेकहरूमा गरेका अनुसन्धानको अनुभवलाई सँगालेर प्रस्तुत गरेका कार्यपत्रहरूको आधारमा *समावेशी लोकतन्त्रका आधारहरू* नामक पुस्तक प्रकाशित गरिएको छ। समावेशी लोकतन्त्रको सवालमा नेपालमा प्रकाशित यो नै पहिलो पुस्तक हुन सक्दछ। प्राज्ञिक क्षेत्रमा काम गर्नेहरूबाट व्याख्या गरिएका लोकतन्त्रका विभिन्न आयामहरूबारे जानकारी दिने उक्त पुस्तक यहाँहरूलाई पहिले नै उपलब्ध भइसकेको हुनुपर्दछ।

हरेक व्यक्तिले आफ्नै अनुभवको आधारमा समावेशी लोकतन्त्र, राज्यको पुनर्संरचना

र यससँग सम्बन्धित विषयलाई हेर्ने, बुझ्ने र तर्क गर्ने गरेको पाइन्छ । नेपालका हरेकजसो सामाजिक तथा आर्थिक समूहहरू आआफ्नै मुद्दा वा सवालहरूमा सीमित रहेको पाइन्छ । यस्तो अवस्थामा समावेशी लोकतन्त्र, राज्यको पुनर्संरचनाजस्ता विषयभित्र लुकेका सवाललाई सैद्धान्तिक रूपमा कसरी व्याख्या गर्ने गरिएको छ ? यस्ता सवालहरूसँग सम्बन्धित राजनीतिक, सामाजिक, आर्थिक तथा धार्मिकलगायतका विषय र यसले समाजभित्र पहिचान निर्माण गर्नमा पारेको प्रभाव के-कस्तो रहेको छ ? यस्ता विषयहरूमा तर्कसम्मत छलफल जरुरी देखिन्छ । यसैकारण विभिन्न पहिचान भएका सामाजिक तथा आर्थिक समूह र उक्त समूहका समावेशीकरणका मुद्दाहरूलाई एकआपसमा बुझ्ने र बुझाउने प्रक्रिया अगाडि बढोस् भन्ने हेतुले यो (नेपालगन्ज) कार्यक्रम आयोजना गरिएको हो ।

फरक स्थान वा अवस्थितिबाट हेर्दा हरेक सवालमा भिन्न बुझाइ र भिन्न दृष्टिकोण पाइनु स्वाभाविक हुन्छ । यस कार्यक्रममा प्रकट हुने भिन्न सामाजिक समूह तथा भौगोलिक क्षेत्रका प्रतिनिधिहरूका विचारहरूबाट एकअर्काका कुरा र भावना बुझ्न मद्दत पुग्नेछ भन्ने आशा गरिएको छ ।

अब महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्जका समाजशास्त्र विषयका प्राध्यापक चोलराज शर्मालाई कार्यक्रमको अध्यक्षता गर्दै छलफल अगाडि बढाउन अनुरोध गर्दछु ।

## प्रा. चोलराज शर्मा

(प्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज)

सोशल साइन्स वहा:ले 'समावेशी लोकतन्त्र' जस्तो यता आएर नेपालमा एकदमै चर्चित भएको तर यसको आन्तरिक पक्षका बारेमा स्पष्टता हुन नसकेको विषयमा नेपालगन्जमै छलफल कार्यक्रम आयोजना गरेकोमा हामी एकदमै खुसी भएका छौँ । यस्तो गहन विषयको छलफल कार्यक्रमको अध्यक्षता गर्न मलाई योग्य ठानिदिनुभएकोमा धन्यवाद दिन चाहन्छु ।

पहिले नेपालमा 'डेमोक्रेसी' लाई 'प्रजातन्त्र' भनेर बुझ्ने गरिन्थ्यो; अहिले 'लोकतन्त्र' भनेर बढी चर्चित भएको छ । यी दुई शब्दको चयन गर्दा पनि अहिले हाम्रो समाजमा फरक माने लाग्ने जस्तो भइसकेको छ । के वास्तवमै यी दुई शब्दले फरक माने बोकेका छन् त ? मेरो विचारमा दुवै शब्दले जनतालाई शक्तिको स्रोतको रूपमा स्वीकारेका छन् । दुवैको मूल मर्म 'जनताको शासन' भन्ने नै हो । तथापि 'लोकतन्त्र' ले बृहत् रूपमा नेपालमा बसोबास भएका गरिब, धनी, आआफ्नो धर्म र संस्कृति भएका, दलित भनिएका आदि सबै खाले जनतालाई समेट्न सकोस् भनेर यसको प्रयोग गरिएको होला भन्ने मैले ठानेको

छु। आखिर लोक भनेकै आम, सबै वा सम्पूर्ण जनता हो। सोशल साइन्स वहा:को *समावेशी लोकतन्त्रका आधारहरू* पुस्तक र समीक्षात्मक लेख पढ्दा पनि मैले यस्तै महसुस गरेँ। उक्त पुस्तकले समावेशी लोकतन्त्रलाई प्रस्टयाउन खोजेको छ। पुस्तक केही वर्षअगाडि नै प्रकाशित भएको र नेपालका सामु थप समस्याहरू देखा परिरहेकाले एउटा पुस्तकले सबै कुरा समेट्न नसक्नु अस्वाभाविक हैन। त्यसैले उक्त पुस्तकमा छुटेका विषयहरूमा पनि यहाँ छलफल होओस् भन्ने मेरो अनुरोध छ।

२०६३ को जनआन्दोलनले के चाहना गरेको थियो? यो पनि छलफलको विषय भएमा अझ धेरै कुराहरू समेटिन सक्दछन्। मेरो बुझाइमा अहिले 'समावेशी लोकतन्त्र' भन्नाले शासनमा नेपाली समाजका विभिन्न वर्ग, समुदाय, जातजाति, पेसा, लिङ्ग आदि सबैको सहभागिता हुने गरी व्यवस्था मिलाइनुपर्दछ भन्ने हो। 'सहभागिता' लाई कसले कति प्रतिनिधित्व गर्ने भन्ने रूपमा मात्र बुझिएको मैले पाएको छु। तर आजको यो भेलामा समाजका धेरै क्षेत्रको सहभागिता रहेकोले समावेशी लोकतन्त्रका बारेमा छलफल हुँदा प्रतिनिधित्वलगायत अन्य सवालका बारेमा पनि विचारहरू आउनु राम्रो हुनेछ।

धन्यवाद! अब छलफललाई अगाडि बढाउन हरिजीलाई नै अनुरोध गर्दछु।

## हरि शर्मा

## इतिहास फर्काउन सकिन्छ ?

समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनाका विषयमा हुने समकालीन बहसहरूमा नेपाली राज्यले लिएका नीति तथा यसले अपनाएका प्रक्रियाहरूहरूलाई मुख्य आधार मानिएको देखिन्छ। नेपाली राज्यका बारेमा विश्लेषण गर्दा र यहाँका विभिन्न सामाजिक-सांस्कृतिक समूहहरूलाई बाहिर पारिएको तर्क गर्दा ऐतिहासिकतालाई प्रमुख आधार बनाउने गरेको पाइन्छ। त्यसमा पनि पृथ्वीनारायण शाहको कार्यकाल तर्क र सन्दर्भको केन्द्रीय आधारका रूपमा रहने गरेको देखिन्छ। इतिहासको व्याख्या मूलत: दुई धारबाट हुने गरेको पाइन्छ। एउटा धारले पृथ्वीनारायण शाहलाई नेपाल र नेपाली समाजको एकीकरणकर्ताको रूपमा हेर्छ भने अर्को धारले तिनै पृथ्वीनारायणलाई विस्तारवादी राजाको रूपमा लिने गरेको छ। उनको शासनपछिको नेपाली राज्यले अपनाएका नीति र प्रक्रियाहरूका कारण नेपालका विभिन्न समूहमा विभेद उत्पन्न भएको धारणा पछिल्लो धारवालाहरूको छ।

आज चर्चामा रहेका कुनै पनि विषयमा विभिन्न कोणबाट प्रश्नहरू उठ्न सक्दछन्। तर मुख्य कुरा; नयाँ नेपालका बारेमा हुने छलफलहरू गर्दा हामी

इतिहासको तर्कबाट उम्किन सक्दछौँ कि सक्दैनौँ ? अथवा हामी इतिहासतिर फर्कन सक्दछौँ कि सक्दैनौँ ? इतिहास फर्काउन सकिन्छ वा सकिँदैन ? इतिहासले आज हामीलाई कुन स्थितिमा ल्याएको छ ? त्यो स्थान वा स्थितिबाट हामी उम्कन सक्छौँ सक्दैनौँ ? नयाँ परिपाटीको कल्पनामा इतिहासको कुनै भूमिका हुन सक्छ कि सक्दैन ? विगतका बारेमा हाम्रा आआफ्नै भोगाइ र बुझाइ हुन सक्दछन् । त्यसले पनि समाजमा उठेका सवालहरूलाई हेर्ने कुरालाई प्रभाव पार्ने गर्दछ । सामाजिक, वर्गीय, सांस्कृतिक, उमेरलगायतका फरकफरक आधारहरूले गर्दा व्यक्ति अथवा समाजका सदस्यहरूको बहुपहिचान (मल्टी आइडेन्टीटी) सिर्जना भएको हुन्छ । अहिले नेपाली समाज एउटा आन्दोलनबाट अगाडि बढेको छ । पहिचानका आधारमा समावेशीकरणका कुराहरू उठाइने गरिएको पाइन्छ । यस अवस्थामा लोकतन्त्रले बहुपहिचानलाई कसरी समावेश गराउन सक्दछ ? हिजोका विसङ्गति के-के थिए ? समस्याहरूबाट उम्कनका लागि के गर्न सकिन्छ ? भोलिको लोकतन्त्रका आधारहरू कसरी सृजना गर्न सकिन्छ ? या यसको पुनर्निर्माण कसरी गर्ने भन्ने छलफलको एउटा प्रमुख सवाल हुन सक्दछ ।

यो कार्यक्रममा विचार व्यक्त गर्नेभन्दा पनि विश्लेषणका आधारलाई मुख्य रूपमा लिइने हुँदा यो सत्रमा राज्यलाई हेर्ने दृष्टिकोणमा 'इतिहासको तर्कबाट उम्कन सकिन्छ कि सकिँदैन ?' भन्ने प्रश्नसँगै समाज र राज्य तथा सामाजिक समूहहरूको अन्तरसम्बन्ध अनि राज्य सञ्चालन प्रक्रियाका रूपमा लोकतन्त्रका आधारहरू बारेमा विश्लेषणात्मक तर्कहरू राखिदिनुहुन अनुरोध गर्दछु ।

## देवराज भार

(जिल्ला सचिव, नेकपा एमाले, बाँके)

हामीले वर्तमानलाई इतिहासको निरन्तरताका रूपमा हेर्नुपर्दछ । अर्को रूपमा भन्दा 'वर्तमान' इतिहासको उपज हो । तर नयाँ चरणको छलफलमा हाम्रो समाज पसिसकेको हुनाले परम्परागत ढङ्गको व्याख्या अब उपयुक्त हुँदैन । यस्तै गरी नेपाली राज्यलाई बुझ्ने सन्दर्भमा पनि ऐतिहासिकतालाई हेरेर शिक्षा लिनुपर्दछ । विगतमा भएका असमानताका लागि राज्य एक किसिमबाट जिम्मेवार छ । इतिहासलाई हेर्दा वर्गीय रूपमा सङ्घर्ष भएका छन् । यसले वर्गीय विभेद नै समाजमा सबैभन्दा अहम् सवालको रूपमा रहेको थियो भन्ने सङ्केत गर्छ । २०६३ को आन्दोलनमार्फत नेपालमा शान्ति र लोकतन्त्रको चाहना प्रकट भएको छ । आज लोकतन्त्र अति व्यापक विषयको रूपमा रहेको छ । जनआन्दोलनको समयमा बढी व्यापकता पाएकोले यसको माने राजनीतिक मात्र हो कि भन्ने भ्रम पनि रहेको हुन सक्दछ । तर राजनीतिक ढङ्गको व्याख्याले मात्र लोकतन्त्रको पूरा व्याख्या हुन सक्दैन ।

पार्टीले टिकट दिने, नेताहरू आआफ्नो घोषणापत्र बोकेर चुनावमा जाने र त्यही चुनाव क्षेत्रका मानिसले दिएको भोटका आधारमा सबैभन्दा बढी मत प्राप्त गर्ने एक जनाले चुनाव जितेर जनप्रतिनिधिको रूपमा केही समय काम गर्ने परम्परागत रूपमा भोगिएको वा बुझिएको जस्तो लोकतन्त्र मात्र अब हुनुहुँदैन। लोकतन्त्र समवेशी हुनुपर्दछ। यसको मतलब अहिलेको नेपाली समाजमा रहेका सबै वर्ग र समुदायः महिला, दलित, जनजाति, बाहुनछेत्री, अनि हामीले भनिआएका पिछडिएका क्षेत्रका मानिसहरूलाई समेत राज्यका मूलधारका क्रियाकलापहरूमा समेट्ने हो। हाम्रा आजभोलिका एनजीओहरूले जस्तो हरेक समुदायबाट एक/एक जना मानिसलाई प्रतिनिधित्व गराइनुलाई मात्र समावेशी ठहऱ्याउन मिल्दैन। पिछडिएका वर्गको साङ्केतिक प्रतिनिधित्व त हिजो पनि केही न केही मात्रामा गराइँदै आएको थियो। त्यसमा पनि हाम्रो समाजमा वर्गीय भिन्नता प्रशस्त छ, दलितहरूको छुवाछूतको समस्या छ, महिलालगायत समाजका पिछडिएका वर्ग तथा समूहका आआफ्नै समस्या रहेका छन्। त्यसैकारण अब आर्थिक, सामाजिक र पर्यावरणीय सबै क्षेत्रका सवाललाई समावेशीकरणको बहसमा ल्याउनु अत्यन्त जरुरी भएको छ। समाजका हरेक समूहहरू फरकफरक सवाललाई समेटेर जान सक्नु नै समावेशीकरण हो। यस्तो कुरा लोकतन्त्रमा बढी गरिन सकिन्छ भन्ने मान्यता राखिएको मैले पाएको छु। सामन्तवादबाट पुँजीवादसम्म आइपुग्दा विश्वका विभिन्न मुलुकमा महिलाहरूको आर्थिक, सामाजिक स्थान तथा घरायसी कामकाजको स्थितिमा केही सुधार भएको पाइन्छ। हाल नेपालमा पनि वामपन्थी शक्तिहरूले लोकतन्त्र (पुँजीवादी लोकतन्त्र) लाई स्वीकार गरेका छन्। सामन्ती समाजका कारण अवहेलनामा परेका सम्पूर्ण आर्थिक तथा सामाजिक समूहहरूको अवस्थालाई माथि उठाउनका लागि समावेशी लोकतन्त्र आवश्यक ठानिएको छ।

## वेदप्रसाद आचार्य

(केन्द्रीय सदस्य, जनमोर्चा नेपाल)

आजको बहसमा समावेशी लोकतन्त्र एउटा प्रमुख विषय रहेको छ। तर मेरो विचारमा लोकतन्त्र समावेशी हुन सक्दैन। लोकतन्त्र पुँजीवादी प्रणाली हो। लोकतन्त्रमा पनि विभिन्न समूहबीच आर्थिक असमानता कायम रहन्छ। कार चढेर ससुराली जाने र साइकल चढेर विद्यालय जानेदेखि पूरै अरूको काममा समय बिताउन बाध्य हुनेजस्ता फरकफरक स्तरका मान्छेहरू रहेसम्म लोकतन्त्र कसरी समावेशी हुन्छ ? वितरण प्रणाली नै असमान रहेको स्थितिमा कसरी समावेशी हुन्छ ? त्यसकारण वितरण प्रणालीमा समावेशी हुनुपर्छ। अहिलेको हाम्रो अवस्था भनेको लोकतन्त्र समावेशी हुन नसक्ने अवस्था हो। तर पनि राज्य समावेशी हुन सक्दछ

र हुनुपर्दछ भन्ने मेरो मान्यता छ। फरक भौगोलिक अवस्था हिमाल, पहाड, तराईका बासिन्दा, फरकफरक संस्कृति मान्दै आएका मानिसहरू तथा महिलालाई कसरी राज्यका विभिन्न अङ्ग, क्षेत्र र पक्षमा समावेश गराउने भन्ने अहिले उठेको महत्त्वपूर्ण मुद्दा हो। त्यस निम्ति पहिलो कुरा राज्य समावेशी हुनुपर्छ। वर्गीय हिसाबले गरिखानेको शासन स्थापित भएमा मात्र वास्तविक अर्थमा समावेशी अवस्था हुन्छ। पुँजीवादी स्तरको जसरी पनि पैसा कमाउन पाउने अवस्थामा रहेसम्म लोकतन्त्र समावेशी हुन सक्दैन। त्यसकारण राज्यव्यवस्था समावेशी हुन सक्छ, लोकतन्त्र समावेशी हुन सक्दैन भनिएको हो। समाजशास्त्र पनि समाजलाई विश्लेषण गर्ने क्रममा पुँजीवादी धारमा बढी अड्किएको छ। समावेशी लोकतन्त्र भनेर कतै जनतालाई अल्मल्याएको त होइन भन्ने आशङ्का जन्मिएको छ। यस्तो शीर्षकमा बहस गरेर हामी गन्तव्यमा पुग्न सक्दैनौँ।

## हरि शर्मा

भर्खरै वेदप्रकाश आचार्यजीले वर्गको प्रसङ्ग उठाउनुभयो। वर्गका आधारहरू – आर्थिक वा सामाजिक किसिमका हुन्छन्। हरेक राज्यले शासनका लागि भौगोलिक, आर्थिक, सांस्कृतिक वा अन्य आधारमा वर्गीकरण गरेको हुन्छ। हिजो राज्यले जुन आधार वा स्वरूपमा वर्ग छुट्याउने गर्दथ्यो भोलिको राज्यको वर्गीकरणका आधार त्योभन्दा फरक हुन सक्दछ। राज्य कसरी सञ्चालन गर्ने भन्ने राजनीतिक विषय हो। जनताले राजनीति वा राज्यको परिवर्तनको कुरा गर्दा कुनै न कुनै राजनीतिक प्रक्रियालाई अगाडि सारेका हुन्छन् – जस्तो अहिले प्रसङ्गमा 'लोकतन्त्र' अघि सारिएको छ। लोकतन्त्र एउटा राजनीतिक प्रक्रिया हो। 'डेमोक्रेसी' वा 'लोकतन्त्र' को घेरा सुरुमा अति साँघुरो थियो। अथवा लोकतन्त्र सुरुमा असमावेशी नै थियो। ग्रीकमा लोकतन्त्रको अभ्यास सुरु गर्दा त्यहाँका अभिजात्य वर्गलाई मात्र समेटिएको थियो। समयको विकासक्रमसँगै लोकतान्त्रिक प्रक्रियामा बढीभन्दा बढीलाई समेट्न थालियो अथवा समेट्नै पर्ने बाध्यता सिर्जना हुँदै गयो। अहिले संसारभर नै महिला, धार्मिक समूह आदि फरकफरक पहिचान भएका वर्ग र समूहहरूलाई लोकतन्त्रको प्रक्रियामा समावेश गर्ने प्रयास बढ्दो मात्रामा भइरहेको पाइन्छ। यसका लागि थुप्रै सैद्धान्तिक मान्यताहरू पनि विकास भएका छन्। लोकतान्त्रिक परिपाटीभित्र पनि आफ्नै प्रकारको वर्गीकरण हुने गर्दछ। यसकारण प्रक्रिया पनि समावेशी र असमावेशी हुन सक्दछ भन्ने मान्यता रहेको छ। प्रक्रियालाई जति समावेशी पार्न खोज्दा पनि कोही न कोही नै बाहिर रहिरहेको भेटिन्छ। यसैकारण पनि लोकतन्त्रलाई कसरी समावेशी बनाउने भन्ने सवाल झन्झन् महत्त्वपूर्ण हुँदै गएको छ।

यस सन्दर्भमा अब हामीले राज्यलाई त्यसका प्रक्रियालाई कसरी हेर्ने वा बुझ्ने ? ऐतिहासिक आधारमा नै सीमित रहने कि नयाँ प्रक्रियाको खोजीतर्फ लाग्ने ? हाम्रो छलफल यी सवालहरूमा केन्द्रित गर्न सकियो भने बढी अर्थपूर्ण होला भन्ने मलाई लागेको छ ।

## लोकबहादुर शाह

(नेपाल बार एसोसिएसन, नेपालगन्ज)

इतिहासको विभेद पक्ष मात्र कोटयाइयो भने नयाँ कुरा खोज्न अप्ठेरो पर्न सक्दछ । हिजो कुन समूहले शासनमा बसेर कसलाई बढी अपहेलित गऱ्यो अनि कसले ठाउँ पाउन सकेन भनेर पछि परेका समूह पहिचान गर्नका लागि इतिहास केलाउनुपर्दछ । तर हिजोका प्रक्रिया तथा व्यवहारका बारेमा गुनासो मात्रै गरिराख्यौँ भने हाम्रो समाज विवादमै अल्झिरहन सक्दछ । मेरो विचारमा इतिहासलाई फर्काउन सकिँदैन तर परिमार्जन गर्न सकिन्छ । अहिले समावेशी प्रक्रिया तथा राज्यको पुनर्संरचनाका विषयहरूमा बहस भइरहेको छ । म सैद्धान्तिक आधारहरूभन्दा पनि हाम्रा व्यवहारहरूलाई बढी जोड दिनुपर्दछ भन्ने मान्यता राख्दछु । लोकतन्त्रमा जनताका विचारहरू राजनीतिक पार्टीमार्फत शासनमा पुग्ने अवधारणा रहेको छ । त्यसकारण हामीले नेपालको लोकतान्त्रिक परिपाटीलाई समावेशी बनाउने हो भने राजनीतिक पार्टीका कार्यहरूलाई हिजोको तुलनामा बढीभन्दा बढी जनताका समस्यामा ध्यान दिनेतर्फ सचेत गराउन सक्नुपर्दछ । यसो भएमा मात्र राज्यको शासनमा रहनेहरूले शिक्षा, स्वास्थ्यलगायत हामीले भन्ने गरेका आधारभूत आवश्यकतालाई लक्षित गरेर कार्य गर्न सक्नेछन् । हिजो शासन प्रक्रिया तथा विकास कार्यक्रममा सबै क्षेत्र र समूहका जनताको सहभागिता हुन सकेन । त्यसो हुनाको मुख्य कारण केन्द्रीकृत शासनशैली हो जहाँ प्रमुख निर्णयहरू काठमाडौँबाट मात्रै हुने परिपाटीलाई निरन्तरता दिइयो । यस्तो परिपाटीले शासनमा सबैलाई समावेश गराउन सकेन र विकासका कार्यहरूमा पनि स्थानीय चाहनाले ठाउँ पाउन सकेन । अब राज्यका नीतिहरू परिमार्जन गर्नुपर्दछ । यसका लागि पहिला नै महिला, जातजाति, दलित, पढेलेखेका वा पढ्न नपाएकालाई कसरी अवसर प्रदान गर्न सकिन्छ ? स्पष्ट खाका कोर्नुपर्दछ । यसका लागि शासनप्रणाली पूर्ण रूपमा विकेन्द्रित हुनुपर्दछ । विकेन्द्रीकरणको प्रमुख आधार गाउँ वा नगरलाई बनाउनुपर्दछ जसले गर्दा अहिलेसम्म समावेश हुन नसकेका गाउँघरमा बस्ने समूह र वर्गलाई राज्यको शासन प्रक्रियामा समावेश हुने अवसर प्राप्त हुन सकोस् । नेपालका सबै जात, जाति, धर्मका मान्छे मिलेर नै काम गर्ने गरेका छन् । हाम्रा सामाजिक सम्बन्धहरू मिलीजुली बस्ने र एकअर्कामा सहयोग गर्ने खालका छन् । यसकारण हामीमा फरकपन मात्र छ भनी गरिने

सङ्घीय व्यवस्थाको वकालतले मुलुकलाई सही ठाउँमा पुऱ्याउन सक्दैन। बरु, सङ्घीय पद्धतिले नेपालमा विखण्डन निम्त्याउन सक्छ।

## सुरेश पौडेल

(शान्ति र प्रजातन्त्रका लागि पेसागत सञ्जाल (पापड), बाँके)

हामी इतिहास परिमार्जन गर्न सक्छौँ तर फर्काउन सक्दैनौँ। पृथ्वीनारायण शाहले नेपालको एकीकरणदेखि आजसम्मको अवस्थासम्म आइपुग्दा पनि समावेशीकरण हुन सकेन भन्ने तर्क उठेको पाइन्छ। यसको लेखाजोखा गर्ने हो भने हामीले व्यावहारिक रूपमा पनि यो स्थिति पाउने गर्दछौँ। काठमाडौँ, मुगु, विराटनगरमा बस्नेबीचको तुलनाबाट नै के-के कुरामा विभेद भएको छ भन्ने सजिलै अनुमान गर्न सकिन्छ। सबै वर्ग, समूह, लिङ्ग आदिले राज्य र समाजका हरेक अङ्गमा समावेश छौँ भन्ने महसुस गर्न पाउनैपर्छ। यसका लागि पूर्णरूपमा विकेन्द्रीकरण हुनुपर्दछ भन्ने मेरो धारणा हो। विकेन्द्रीकरणमार्फत ग्रामीण क्षेत्रमा बस्ने जनताले राज्यको स्वाद चाख्न पाउनुपर्छ अन्यथा पूर्ण समावेशीकरण हुन सक्दैन। सङ्घीयताले केही जाति, भाषा वा क्षेत्रीय स्तरमा बस्ने टाठाबाठालाई शासनमा पुऱ्याउला तर अहिले चर्चा गरिएजस्तो सबैको सहभागिता वा समावेशीकरण हुन सक्दैन।

## हरि शर्मा

अहिलेका हाम्रा छलफलहरू राज्यको पुनर्संरचनामा बढी केन्द्रित रहेका छन्। राज्यलाई फरकफरक अवस्थितिबाट हेर्दा फरकफरक रूपमा बुझ्न सकिन्छ। एउटा महिलाले, मजदुरले, शिक्षित मान्छेले, दलितले, मधेसीले वा यस्तै कुनै समूहको मान्छेले राज्यलाई फरकफरक किसिमबाट बुझेको हुन सक्दछ। यसकारण एउटा समूहमा रहेको मान्छेले राज्यलाई जसरी बुझेको छ अर्कोले त्यस ढङ्गबाट नबुझेको हुन सक्दछ। राज्यको बुझाइ तथा यसको पुरानो वा साबिकको संरचनामाथिका गुनासा एकअर्कामा आदानप्रदान तथा बहस गर्न सकेमा फेरि नयाँ संरचना कस्तो बनाउन सकिन्छ भनी कल्पना गर्न सजिलो हुन्छ। अहिले नयाँ संविधान बनाउनेतर्फ हाम्रो समाज लागिपरेको छ। हाम्रो छलफल त्यतापट्टि पनि हुनुपर्दछ। संविधानमा नयाँ संरचनाको कल्पना गरिसकेपछि संरचनाहरू त्यसअनुसार बदलिँदै जानेछन्।

## मनीष रेग्मी

(सचिव, मानव अधिकार तथा शान्ति समाज, नेपालगन्ज)

हाम्रा संरचनाहरू सामन्ती संस्कारबाट हट्न सकेका छैनन्। राज्य, पार्टी तथा गाउँ सबै ठाउँमा थोरै मान्छेको हालीमुहाली छ र ती मान्छेहरू शासन, प्रतिनिधित्व

तथा विकास निर्माण आफूले सोचेको रूपमा हुनुपर्दछ भन्ने मान्यता राख्दछन् । यस्ता केही मान्छेले शासन गर्ने र आफूले चाहेअनुरूपको नीतिअनुसार मात्र अगाडि बढ्ने सोचको कारण सबै तहको प्रतिनिधित्व हुन सकेको छैन। यही कारण भ्रष्टाचार र दण्डहीनता बढिरहेको छ। केन्द्रीकरण पनि यस्तै चाहनाको कारण सिर्जित समस्या हो ।

## बमबहादुर डी.सी.

(केन्द्रीय सदस्य, नेपाल ट्रेड युनियन काङ्ग्रेस)

इतिहासलाई हेर्दा बलियोले वा जित्नेले हार्नेमाथि शासन गर्दै गएको देखिन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरणपछि पनि त्यही भएको हो । शासन गर्नेले आफूले जितेको अहम् राखी आफू र अरूबीचमा विभेद खडा गरेकोले केहीले कम अवसर र केहीले बढी सुविधा पाएका हुन्। प्रजातन्त्र वा लोकतन्त्रमा कुनै थप विशेषण आवश्यक छैन जस्तो मलाई लाग्दछ। समयअनुसार इतिहासले फड्को मार्दै जाँदा प्रजातन्त्र र लोकतन्त्र फरकफरक शब्द हुन् भन्ने भान भइरहेको छ । लोकतन्त्रका बारेमा बहस गर्ने हो भने धेरै लामो हुन सक्दछ। नागरिकको शासनमा पहुँच बढाउनु लोकतन्त्रको एउटै मर्म हो भन्ने मेरो ठम्याइ हो । राज्यमा कसरी सबै नागरिकहरूको पहुँच बढाउन सकिन्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यसका लागि इतिहासबाट सिक्दै जानुपर्छ । इतिहासलाई गहिराइमा बुझ्ने कोसिस गर्नुपर्ने हुन्छ । जसले नागरिकका रूपमा रहेका फरकफरक भाषाभाषी, जातजाति, लिङ्ग, धर्म, क्षेत्र, सम्प्रदाय आदिलाई राज्यमा कसरी सहभागी गराउन सकिन्छ भन्ने चिन्तन गर्न सहयोग पुऱ्याउन सक्दछ ।

## विष्णुलाल कुमाल

(केन्द्रीय सदस्य, अवधी सांस्कृतिक प्रतिष्ठान)

काठमाडौँ उपत्यकालाई मात्र नेपाल देख्ने सोचले गर्दा तराईका क्षेत्रहरूमा बस्ने नागरिक अवसरबाट वञ्चित भए । नेपालको मध्यपश्चिम क्षेत्र सबैभन्दा बढी हेपिएको छ । नयाँ मुलुक भनेर चिनिने बाँके, बर्दियालगायतका जिल्लाहरूलाई काठमाडौँमा बस्नेहरूबाट शोषण भयो। स्थानीय क्षेत्रमा बसेर काम गर्नेहरूलाई राज्यले केही पनि गरेन। यसै कुरालाई हामीले राज्य समावेशी भएन भनेका हौँ ।

राज्यको केन्द्रीय सोचले जनतामा नजानिँदो पाराले असर गऱ्यो। राज्यले गाउँ-समाजमा रहेका प्राचीनतम संस्कृति नष्ट गरिदियो । राजापुर, कोइलाबासजस्ता ऐतिहासिक बजारहरू उजाडिँदै जानुका कारण के हुन सक्दछन्? तराईका दलित तथा अन्य समूहको त राज्यको कुनै ठाउँमा नाम-निसाना छैन । यिनै समुदायकाले

नागरिकता पनि पाउन सकेका छैनन् । राज्यमा समावेशी चरित्रको अभाव छ भन्ने कुरा यसैले पुष्टि गर्दछ ।

## जयनारायण शाह

(सचिव, नेपाल पत्रकार महासङ्घ, बाँके)

पृथ्वीनारायण शाहले भूगोल एकीकरण गरेर सकारात्मक कदम चाले पनि जाति, जनजातिहरूलाई समावेश गराउन नसकेको कुरालाई आज हामीले बहसको महत्त्वपूर्ण सवाल बनाइरहेका छौँ । भुटानका राजाले उनको देशमा एउटै भाषा हुनुपर्छ भन्दा आवाज उठाउने नेपालीले नेपालमा राज्यले सबैलाई दौरासुरुवाल लगाउनैपर्छ भनेर बाध्य पार्दा विरोध गर्न सकिएन । यसलाई म हाम्रो अथवा जनताको कमजोरीका रूपमा लिन्छु । अहिलेका प्रक्रियाहरू पनि सबै क्षेत्रलाई प्रतिनिधित्व गराउन सक्ने खालका छैनन् । अन्तरिम संविधान मस्यौदा समितिमा महिला, दलित तथा पिछडिएका वर्गको प्रतिनिधित्व नभएको कुरालाई हामीले हेर्नुपर्दछ । अब लोकसेवा आयोगमा तथा अवसरका क्षेत्रहरूमा स्थानीय सहभागिता बढाउने कार्य गर्नुपर्छ । कर्णालीजस्ता क्षेत्रहरूमा राज्यका स्रोतसाधनहरू पु¥याउने प्रक्रिया के हुन सक्दछन् ? यसका बारेमा पनि छलफल जरुरी छ ।

## हरि शर्मा

छलफलहरू राज्य र यसको संरचना तथा इतिहासका पक्षहरूमा बढी केन्द्रित भएका देखिन्छन् । तर ऐतिहासिक सवालहरूमाथिको छलफलले आज या भोलिको लागि मार्ग निर्धारण गर्न खासै मद्दत पु¥याइरहेको पाइँदैन । समयअनुसार हाम्रा चाहना वा रोजाइ फेरिएका छन् । चाहना र संरचनाको सम्बन्ध कस्तो रहेको छ ? हाम्रा चाहना/रोजाइ महत्त्वपूर्ण हुन् कि संरचना महत्त्वपूर्ण हो ? समाज निर्माणका लागि कुन महत्त्वपूर्ण हो ? चाहनालाई संरचनाले कसरी असर गरेको छ ? हाम्रो ध्यान यतातर्फ पनि जानुपर्छ भन्ने लाग्छ ।

## केशव न्यौपाने

(नेकपा एमाले, दाङ)

नेपालीको एउटा चिनारी वा नेपाल राज्यको सीमा निर्धारण भएकोले नै यहाँभित्रका वर्ग, जातिहरूबीचको विभाजनलाई हामीले उठाउन सकेका हौँ । मानव विकासका क्रममा वर्गीय विभेद सिर्जना भएको छ र वर्गीय द्वन्द्व हरेक समाजमा देखिने गरेको छ । नेपाली समाजमा जातिहरूबीचको असमानता पनि रहेको छ । सांस्कृतिक बहुलता पनि हाम्रो समाजमा छ । यसैकारण यहाँ विभेद पनि भएको छ । यही

कारण अब हामीले नयाँ संरचनाको र समावेशी कुरा गर्दा सामाजिक, सांस्कृतिक, धार्मिक पक्षलाई समावेश गर्नुपर्छ । सबै जातिको भावनालाई समेट्नुपर्दछ ।

## भगवती अधिकारी

(महिला विभाग अध्यक्ष, नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट), भेरी अञ्चल)

शब्दकै बारेमा धेरै कुराहरू भएजस्तो लाग्यो । 'प्रजातन्त्र' शब्द आफैमा अपूर्ण त थिएन जस्तो मलाई लाग्दछ । तर हाम्रो काम गर्ने शैली अपूर्ण रह्यो र यही शैलीले यसलाई चित्त नबुझ्ने गरायो । अब 'समावेशी लोकतन्त्र' भन्दैछौँ । फरकफरक चाहना र क्षमता भएका मानिसहरूबीचमा हामी बसेका छौँ भने अब समावेशी लोकतन्त्र कहाँ कसरी प्रयोग हुने ? महिलालाई ३३ प्रतिशत प्रतिनिधित्व गराउने निर्णय राजनीतिक तहमा भएको छ । प्रजातन्त्रमा बहुमतको निर्णय मानिन्छ । निर्णय गर्ने स्थानमा महिलाको प्रतिनिधित्व कम हुँदा महिलाको विचार र भावना समेटिँदैन । प्रजातन्त्रमा निर्णय प्रक्रिया सङ्ख्यामा आधारित रहने हुनाले महिलाको जति सङ्ख्या छ त्यति नै सङ्ख्यामा महिलालाई पठाउँदा मात्र लोकतन्त्र समावेशी हुन सक्दछ । महिला तथा कमजोर वर्ग र समुदायका मानिसको विकासका लगि समानता मात्र हैन समता हुनुपर्‍यो । यस्ता समूह पहिले नै कमजोर भएकाले सक्षमसँग प्रतिस्पर्धा गर्न गाह्रो हुन्छ । यसकारण समताको कुरामा ध्यान दिइनुपर्दछ ।

## दामोदर आचार्य

(नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपालगन्ज)

'समावेशी लोकतन्त्र' लाई मैले लोकतन्त्रमा कसरी सबै समूह तथा व्यवसाय गर्नेहरूलाई समावेश गराउने भन्ने रूपमा बुझेको छु । २०४६ मा प्रजातन्त्र पुनर्स्थापनापश्चात् नेपाली जनताले गरेको नयाँ नेपालको परिकल्पना राज्य सञ्चालक राजनेताहरूका गतिविधिका कारण तुषारापात हुन गयो । सहभागिताको कुरामा सधैँ ठूलाका कुरा मात्र भए । जातमा पनि ठूलाको बोलवाला हुने, उद्योगहरूमा पनि ठूलाको कुरा मात्र सुनिने अवस्था आयो । शासन वा ठाउँमा बस्नेहरूले सबै कुरामा ठूलाका कुरालाई मात्र ध्यान दिँदा साना मानिएकाको पीरमर्का, समस्या केही पनि सुनिएन । यसैलाई सहभागिता नभएको भनी मैले ठानेको छु । २०४६ पश्चात् बहुराष्ट्रिय कम्पनीको एउटा सानो समस्यामा राज्य निकै गम्भीर हुने तर देशको आफ्नै स्रोतसाधनमा स्थापना भएका उद्योगहरू बन्द हुँदा पनि राज्यले कुनै चासो नराख्नु कति दु:खको कुरा हो ! नाम चलेका र ठूला उद्योगपतिहरूलाई सरकारले जहाँ पनि बोकेर हिँड्यो तर साना उद्यमीहरूलाई केही नयाँपन नै

चाख्न दिइएन । यस कुरालाई मैले समावेशीकरण भएन भनेको हो । आज जनताले नयाँ कुरा माग गरेकाले हामी समावेशीका कुरा गरिरहेका छौँ । हरेक वर्ग, समुदायको राज्यको संरचनामा सहभागिता बढाएर समावेशी राज्यको विकास गर्नुपर्छ । यो देशको जिम्मेवारी सहमाल्ने नेतृत्वले बुझ्नुपर्ने कुरा हो ।

## टी.आर. जमरकट्टेल

(निमित्त क्याम्पस प्रमुख, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज)

विगतका सवालहरूलाई केलाउँदा नयाँ संरचना र प्रक्रिया कस्तो बनाउने भनी निचोडमा पुग्न सजिलो हुन्छ । तर राम शाह, पृथ्वीनारायण शाह, राणाशासन, पञ्चायती व्यवस्था, २०४६ को जनआन्दोलनदेखि आजसम्मको अवस्थाको विश्लेषण एकै आधारमा गर्‍यौँ भने सही दिशामा जान अप्ठेरो हुन्छ । पृथ्वीनारायण शाहका दिव्योपदेश, बीपी कोइरालाको प्रजातान्त्रिक समाजवाद र मदन भण्डारीका बहुदलीय जनवादका विचारहरू उपयोगी छन् । यी तीन महापुरुषका विचारहरूलाई समयसापेक्ष रूपमा लिन सकेमा धेरै पक्षहरूमा राज्यलाई समावेशी गर्न गाह्रो पर्ने छैन । राज्य तथा समाज बहुआयामिक हुने भएकोले सबै समूह सबै पक्षमा समावेश हुन भने सक्दैनन्, कहीँ न कहीँ असमावेशीकरण त भई नै रहेको हुन्छ ।

## बिना ज्ञवाली

(केन्द्रीय सदस्य, अखिल नेपाल महिला सङ्घ)

श्री ५ त्रिभुवनको पालामा उठेको संविधानसभाको कुरा आज २०६३ सालमा कार्यान्वयनमा आउन लागेको छ । २०४६ को जनआन्दोलनपश्चात् जनताको भावनाको उचित मूल्याङ्कन भएको भए २०५२ सालदेखिको माओवादी आन्दोलन चर्कने थिएन । राज्यका सबै तह र पक्षहरूमा पिछडिएका वर्गलाई समावेश गर्नुपर्ने थियो तर हिजो त्यसो गर्न सकिएन । हाम्रो राज्य खुल्ला सिमानाले गर्दा भारतको चासो बढी भयो र यहाँका धेरै पक्षहरू उतैबाट निर्देशित हुन पुगे । दलका व्यवहारहरू जनताका चाहनाका वाहकजस्ता भएनन् । नेताको इच्छाअनुसार मात्र दलहरू सञ्चालित भए । जनताका विचारअनुसार अगाडि गएनन् । समावेशीकरणको कुरा गर्दा दलका बारेमा कुरा गर्नुपर्दछ । दलहरूले महिलाहरूलाई निर्णय प्रक्रियामा समावेश गराउन कुनै प्रतिबद्धता जनाएनन् । अब महिलालाई आरक्षणमार्फत शासनका निकायहरूमा पुर्‍याउनुपर्दछ । समावेशीकरणको कुरामा विकास र अविकासका पक्ष पनि हेरिनुपर्दछ । भौतिक र मानव संसाधन दुवै पक्षको विकासमा जोड दिएर अविकसित क्षेत्रलाई माथि उठाउन सके राज्यका निकायहरूमा

पिछडिएका समूहहरूको पहुँच पुग्न सक्नेछ ।

राज्य संरचना एकात्मक हुनु राम्रो हुन्छ । जुनसुकै क्षेत्रमा सबै सांस्कृतिक, भाषिक, आर्थिक र सामाजिक विविधता रहन्छ । जातिहरूको आधारमा मात्र प्रतिनिधित्व गराउँदा बसोबासको आधारमा अल्पमत हुन सक्दछ । विभिन्न जनजाति, आदिवासी, महिला दलित सबै जात, वर्ग र क्षेत्रबाट सबैलाई सत्तामा सहभागिताको अनुभूति हुन सकोस् भन्नका लागि सूचीसहितको समानुपतिक चुनाव प्रक्रिया अपनाउनुपर्दछ ।

नयाँ राज्य संरचनाको कुरा गर्दा सहरी विद्वान्हरूले सङ्घीय शासनलाई एउटा अचुक उपाय मानी अन्य पक्षमा ध्यान दिएका छैनन् । सङ्घीय शासनमा साम्प्रदायिकताको वृद्धि हुन्छ, आर्थिक व्ययभार बढी लाग्छ र क्षेत्रीय रूपमा हुने बहुमतले अल्पमतलाई दबाब दिने काम हुन्छ । त्यसैकारण स्थानीय प्रथा, क्षेत्रगत रूपमा आउने समस्या तथा विकासका लागि स्थानीय निकायलाई प्रवर्द्धन गर्दै स्थानीय सरकारको अवधारणा ल्याउनु राम्रो हुन्छ । स्थानीय सरकारलाई स्थानीय समस्याका लागि कानुन निर्माण गर्ने अधिकारसमेत दिइनुपर्दछ ।

मानिसहरू बेरोजगारी र विभेदको कारण विद्रोह गर्न तयार हुन्छन् । तसर्थ बेरोजगारी र विभेद अन्त्य गरिनैपर्दछ । त्यस निम्ति आर्थिक, सामाजिक रूपान्तरण गर्नु अति आवश्यक छ । जस्तै, मुक्त कमैयाहरूकै घरमा साँझ खाने खर्च पनि छैन । रोजगारी गर्ने क्षेत्र तथा ठाउँ पनि छैन । राज्यद्वारा शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्थाको ग्यारेन्टी गर्ने, स्रोत र साधनको समान वितरणको व्यवस्था गर्नेतर्फ सोचियो भने पनि धेरैजसो समूहले आफू समावेश भएको महसुस गर्नेछन् ।

## बिन्दु शाह

(उपप्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज)

लिच्छविहरूको पालामा सामाजिक संरचनामा वर्गीकरण गरियो । यसबाट जातहरूको सिर्जना भयो । यसले गर्दा पछि गएर विभिन्न जातिहरू नै समाजका फरकफरक समूहका रूपमा चिनिए । फलस्वरूप शासनमा बसेका वा नजिक भएकाहरूले फाइदा पाए भने अरू पछाडि पर्दै गए । यसरी सामाजिक संरचनाकै आधारमा विभेद देखियो । तर २००७ सालको परिवर्तनमा सामाजिक संरचना परिवर्तन भएन जसले वर्गसङ्घर्षलाई प्रोत्साहन गर्‍यो । २०४६ सालको आन्दोलनपछि पनि जनताका चाहनाहरू त्यसै रहे । यसको कारण पनि सामाजिक संरचना पुरानै रहनु हो ।

अब आउने लोकतन्त्र कस्तो हुनुपर्छ भन्ने बहस भइरहेको छ । सबै जाति, धर्म आदिले समान अवसर पाउने शासन हुनुपर्दछ । नेपाल सानो नै भए पनि

काठमाडौँ मात्र हैन यसका अन्य भेकमा पनि मानिसहरू बस्दछन् भन्ने सोच राखी शासनका निकायलाई ससानो स्तरमा विभाजन गरी स्थानीय स्वायत्तताका आधारमा सबैको पहुँचलाई विस्तार गर्नुपर्दछ, तर सङ्घात्मक राज्य हामीलाई सुहाउँदैन भन्ने मेरो बुझाइ हो ।

## हरि शर्मा

अहिलेका हाम्रा छलफलहरूमा प्रतिनिधित्वको सवाल प्रमुख रूपमा उठेको पाइन्छ । प्रतिनिधित्वको सवालमा चर्चा हुँदा कसले कसका लागि बोल्दछ भन्ने कुरा बौद्धिक क्षेत्रमा महत्त्वपूर्ण रूपमा उठाइने गरिन्छ । जुन समूहको प्रतिनिधि भनिएको हुन्छ उसले त्यही समूहभित्रकाको चाहनालाई प्रतिबिम्बित गर्न सक्छ कि सक्दैन ? त्यसै गरी एउटा समूहले आफ्नो समूहका लागि मात्र बोल्ने हो भने सामूहिकतालाई कसरी विकास गर्न सकिन्छ ? महिलाले महिलाका लागि, एउटा जाति आफ्नो जातिका लागि मात्र बोल्ने र आफ्ना समूहकाले मात्र आफ्ना कुरा बुझ्ने हो भने सामूहिकताका आधारहरू कसरी सिर्जना गर्ने भन्ने समस्या उत्पन्न हुन्छ । जनता भनेको सामूहिक पहिचान हो । पहिला फरकपनलाई छुटयाउनुपर्दछ । अनि मात्र प्रतिनिधित्वको कुरा आउँदछ । तर फरक पहिचानको कुरा गर्दागर्दै पनि ऐतिहासिकता, राज्यको निर्माण, विश्व संरचनाले बाँधेका विविध कारणले सामूहिक आधार सिर्जना भएका छन् । यसैकारण फरक पहिचान मानिए तापनि एक ठाउँमा बस्नुपर्दछ । राज्यमा विभिन्न वर्ग, जातजाति, लिङ्ग, धर्म, समुदाय आदि रहेका हुन्छन् । फरकफरक समूहको पहिचानलाई मिलाएर लान सक्नु राज्यका लागि चुनौती पनि हो । भूगोल, जाति, भाषाजस्ता फरक पहिचानबाट कसरी एक ठाउँमा मिलाएर प्रतिनिधित्व गराउन सकिन्छ ? र, हामी कसरी हाम्रा विभिन्नतालाई एकतामा वा ऐक्यबद्धतामा परिणत गर्न सक्छौँ भन्ने अहम् कुरा हो । कसले कसका लागि बोल्नेभन्दा पनि हामी कसरी बोल्छौँ भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । सामूहिक पहिचानको प्रतिनिधित्व हुनुपर्छ । फरक पहिचानहरूका बीचमा पनि एकबद्ध गराएर लैजाने सर्वमान्य प्रक्रियाको खोजी हुनु जरुरी छ । यस्ता सवालहरूलाई राजनीतिक प्रक्रियामार्फत अगाडि बढाइने गरिन्छ । लोकतन्त्र पनि यस्तै एउटा राजनीतिक प्रक्रिया हो जहाँ फरक तर्क, विचार, फरक आस्था तथा पहिचानलाई स्थान दिइन्छ ।

सन् १९९० पछिको नेपालको राजनीतिक प्रक्रिया स्थानीय मागका आधारमा अगाडि बढेको छ । उदाहरणका रूपमा, राजनीतिक पार्टीसँग अन्य स्थानीय तथा सामूहिक सङ्गठनहरूले उठाएका माग तथा उनीहरूप्रतिको चाहनालाई लिन सकिन्छ । राजनीतिक पार्टीहरू यस्तो हुनुपर्‍यो, यस्तो हुनुभएन, पार्टीहरूले यसरी काम गर्नुपर्‍यो

भनेर आवाज उठेको सुनिन्छ । राज्य आफै उभिँदैन । राज्यको राजनीतिक प्रक्रिया, आर्थिक अवस्थालगायत त्यसका फरकफरक समूहहरूले राज्यलाई प्रतिनिधित्व गरेका हुन्छन् ।

हालका दिनमा नेपालमा संविधानसभा प्रमुख चर्चाको विषय रहेको छ । राज्यको पुनर्संरचनाको विषयमा बहस गर्नेहरूले पनि संविधानसभालाई प्रमुख माध्यम मानेर प्रस्तुति गर्ने गरिएको पाइन्छ । संविधानसभाको बारेमा कुरा हुँदा संविधान भनेको के हो ? यसले के-के प्रदान गर्न सक्छ र केचाहिँ प्रदान गर्न सक्दैन भन्ने सवाललाई पनि हेरियो भने यसका फरक पक्षहरूलाई बुझ्न सकिन्छ ।

## सुरेश पौडेल

संविधान राज्यको मूल कानुन हो । संविधानका आधारमा नागरिकका राजनीतिक, आर्थिक र सामाजिक अधिकारको व्यवस्था गरिएको हुन्छ । अर्को शब्दमा भन्ने हो भने यसलाई राज्यको एउटा सैद्धान्तिक एवं राजनीतिक दस्तावेज पनि भनिन्छ ।

समाजमा विभिन्न प्रकृतिका मानिस तथा समूहहरू रहेका हुन्छन् । शासनमा जुनसुकै समूहका सदस्य अथवा कुनै व्यक्ति रहन सक्दछ । यसकारण संविधान भनेको शासनमा जाँदैमा जसले पायो उसैले बदल्न र त्यसको अपव्याख्या गर्न नसक्ने दस्तावेज हो । त्यसलाई जनताले मात्र फेर्न सक्छन् ।

जनताका तर्फबाट संविधान बनाउन तयार गरिने समूहलाई संविधानसभा भनिन्छ । यसमा हरेक वर्ग, समुदाय, लिङ्ग, क्षेत्र, जातजाति आदि सबैको सहभागिता रहन्छ । यो सैद्धान्तिक मान्यता हो । नेपालमा पहाडी, हिमाली र तराई क्षेत्रमा बसोबास गर्ने; फरक जाति, जनजाति, महिला र धार्मिकलगायतका सबै समूहहरूको संविधान निर्माणमा सहभागिता गराउन संविधानसभा उपयोगी मानिएको छ । यसकारण यी सबै समूहको उचित सहभागिता हुन सक्ने प्रक्रिया अपनाइनुपर्दछ ।

## लोकबहादुर शाह

आधुनिक राज्यका दायराहरू फराकिलो हुने हुँदा, उक्त राज्यभित्रका सम्पूर्ण कार्यहरू कानुनअनुसार सञ्चालन गरिन्छ । संविधान राज्य सञ्चालन गर्ने मूल कानुन हो । राज्य सञ्चालनसम्बन्धी अधिकार तथा सम्पूर्ण नागरिकको राज्य सञ्चालनमा सहभागिताको व्यवस्था संविधानमा गरिएको हुन्छ । संविधानले नै राज्यले कस्तो प्रक्रिया अपनाउने भनेर निर्देशित गर्दछ । यद्यपि संसारका सबै संविधानले नागरिकका हकहरू सुनिश्चित गराएका छैनन् । संविधान निर्माण गर्न जनताका तर्फबाट छानिएका प्रतिनिधिहरूको समूहलाई संविधानसभा भनिन्छ ।

हरि शर्मा

संविधानसभालाई सिद्धान्त र प्रक्रिया दुवै रूपमा लिने गरेको पाइन्छ। सिद्धान्ततः संविधानसभामार्फत जनता आफ्ना लागि चाहिने शासन प्रणाली आफै स्थापित गर्न र यसका प्रक्रियाहरूको निर्माण गर्न आफै सक्षम वा सार्वभौम छन् र उनीहरूभन्दा माथि कोही छैन भन्ने मान्यता हो। यसै गरी संविधानसभा जनता र राज्यबीचको सम्बन्ध स्थापित गर्ने प्रक्रिया पनि हो। अथवा जनता र राज्यबीच सम्बन्ध स्थापित गर्ने दस्तावेज संविधान हो र यसको निर्माण गर्ने प्रक्रिया संविधानसभा हो। अहिले नेपालमा संविधानसभा सैद्धान्तिक रूपमा मान्य भइसकेको छ। यसैकारण यहाँका बहसहरू प्रक्रियाका बारेमा बढी केन्द्रित हुन थालेको पाइन्छ। संविधानसभा प्रक्रियाका रूपमा हेर्दा यसभित्रको राजनीतिलाई पनि हेरिने गरिन्छ। यसअन्तर्गत राज्यका विभिन्न निकाय तथा राज्यले प्रदान गर्ने अधिकारहरू त्यस राज्यभित्र बसोबास गर्ने सामाजिक, सांस्कृतिक, आर्थिक समूहहरूले कति पाउने भन्ने विवाद हुने गर्दछ। यस प्रक्रियामा पार्टी, नागरिक समाजलगायतका समूह तथा व्यक्तिहरू संलग्न हुने गर्दछन्। कहिलेकाहीं प्रक्रियाको कारणबाट सिद्धान्तको औचित्यलाई सही या गलत साबित गर्न पनि सक्दछ। अर्को रूपमा भन्दा राजनीतिक प्रक्रियाका कारण सैद्धान्तिक रूपमा स्थापित मान्यताहरू प्राप्त गर्न नसकिने वा सकिने दुवै स्थिति हुन सक्दछ।

• • •

## दोस्रो सत्र

हरि शर्मा

पहिलो सत्रमा राज्य संरचनाका विषयमा धेरै कुराहरू उठे। राज्यका संरचनाको विषयमा कुरा गर्दा राज्यको माथिल्लो र तल्लो तहको सम्बन्धलाई पनि हेर्न सक्नुपर्दछ। यो किनभने 'माथि' गरिने निर्णय र त्यहाँको संरचनाको असर 'तल' पर्दछ र 'तल' बाट हुने मागले 'माथि' लाई प्रभावित गर्दछ। यही प्रक्रियाको अन्तरद्वन्द्व र अन्तरक्रियाबाट संरचनाहरूमा समीक्षा तथा पुनर्विचारहरू हुने गर्दछ।

यसै गरी संविधानसभाको बारेमा कुरा गर्दा अहिले हामी सामाजिक, सांस्कृतिकलगायतका समूहका आआफ्ना तर्क मात्र गरिराखेका छौँ। आगामी दिनमा हामीले आआफ्नो बुझाइको संविधानलाई सामूहिक बुझाइमा कसरी लिएर जान्छौँ भन्नेतर्फ पनि ध्यान दिनु उचित होला।

अब, पहिलो सत्रमा समय नपाएका सहभागीहरूलाई आफ्ना विचारहरू राखिदिनुहुन अनुरोध गर्दछु।

## सत्यवती कुर्मी

(केन्द्रीय सदस्य, नेपाल सद्भावना पार्टी आनन्दीदेवी)

समावेशीको कुरा गर्दा तराई र पहाडका सवाल फरक छन्। हिजो राज्यको चाहनामा पहाडियाहरूले तराई क्षेत्रमा अतिक्रमण गरी बसेका छन्। यसबाट मधेसीहरूले विस्थापित हुनुपरेको छ। यसैकारण कमैया तथा सुकुम्बासी समस्या सिर्जना भएको छ। नागरिकताबाट तराईमा कैयौँ मानिस वञ्चित छन्, आमाको नाममा नागरिकता पाउने व्यवस्था छैन। अब राज्यले आफ्ना नागरिकलाई नागरिकको पहिचान नै नगरीकन कसरी समावेशी हुन सक्दछ ? यस्ता विषयहरूमा राजनीतिक दलले उदासीनता देखाएका छन्। अब प्रान्तीय सरकार बनाउन सकेमा मात्र तराईका सम्पूर्ण मानिसको समावेशीकरण हुन सक्दछ। शासनमा काठमाडौँको केन्द्रीयता नहटाएसम्म समावेशी हुन सक्दैन।

## इन्द्र चौधरी

(अध्यक्ष, कृषि मजदुर सङ्घ, मध्यपश्चिमाञ्चल विकास क्षेत्र)

कृषि श्रमिकहरूको पहुँच नीति-निर्माण तहमा हुनुपर्दछ। निर्णय गर्ने ठाउँमा जनजातिहरूको पनि प्रतिनिधित्व भएमा समावेशी हुन सक्दछ। महिला तथा पिछडिएका वर्गहरूलाई निर्णय प्रक्रियामा सहभागी हुने अवसर सिर्जना गर्नुपर्दछ। कमैयालगायतका श्रमिक-हरू द्वन्द्वपीडितको रूपमा पनि रहेका छन्। समावेशी कुरा हुँदा यस्ता समूहका बारेमा कमै चर्चा गरिने गरिन्छ। अब उनीहरूको पनि समस्यालाई बुझेर समावेश गर्नुपर्दछ।

## तेजविक्रम शाह

(गैरसरकारी संस्था महासङ्घ, बाँके)

लोकतन्त्रलाई समावेशीको पगरी दिनुभन्दा हामीले नेपालमा स्थापना गर्न खोजेको लोकतन्त्रभित्र कस्ताकस्ता प्रक्रियालाई समावेश गर्ने हो ? ती बुँदागत रूपमा उल्लेख गरिनुपर्दछ। यो काम राजनीतिक पार्टीको हो। म लोकतन्त्र व्यावहारिक रूपमा समावेशी हुनुपर्‍यो भनी जोड दिन्छु। हामी शब्दको खेलमा बग्नु हुँदैन। विभिन्न समयमा गरिएका अध्ययनहरूले नेपालीको आर्थिक तथा सामाजिक हैसियत देखाएका छन्। यसकारण यिनै अध्ययनबाट प्राप्त सूचकहरूका आधारमा पछाडि परेका समूह पहिचान गरी उनीहरूका लागि राज्यका तर्फबाट विशेष व्यवस्था गरिनुपर्दछ।

## शिवप्रसाद पाण्डे

(नेपाल ट्रेड युनियन काङ्ग्रेस, बाँके)

राजाहरूले राज्यलाई पनि आफ्नो पुर्ख्यौली सम्पत्तिको रूपमा लिएका थिए। यसकारण

रैतीका रूपमा रहेका नेपाली जनताले शासनलगायत आर्थिक अवसर पनि कम पाएका छन् । काठमाडौंलाई देशको राजधानी मानेर राज्यका सबै काम त्यहींबाट हुने काठमाडौंकेन्द्रित सोच र प्रवृत्ति हटाउनुपर्दछ । स्रोत परिचालनदेखि, अन्य विषयका निर्णय स्थानीय स्तरमा नै गर्न पाउनुपर्दछ ।

## अर्जुन योगी

(नेपाल शिक्षक सङ्घ, दाङ)

पृथ्वीनारायण शाहले आफू शक्तिशाली हुने आकाङ्क्षाले गर्दा नेपालको एकीकरण गरेका हुन् र उनको उद्देश्यका लागि शासन केन्द्रीकृत हुनु जरुरी थियो। अब, राज्य सञ्चालनको संरचना कस्तो बनाउने भन्नुभन्दा अगाडि राज्य कस्तो बनाउने भनी परिकल्पना गर्नुपर्दछ। माओवादीले सङ्घात्मक संरचनालाई आधार बनाएका छन्। अहिले सङ्घात्मक शासनमा जान चाहिने पूर्वाधार र आर्थिक क्षमता देशले थेग्न सक्ने अवस्था छैन । शासन र निर्णयका अधिकारहरू केन्द्रीकृत अवस्थामा राखेर जनताको शासन हुन सक्दैन। यसकारण राज्यको सबैभन्दा तल्लो निकायमा अधिकार पुऱ्याउन विकेन्द्रीकरणको अभियान थालनी गर्नुपर्दछ। समावेशीको बहसमा हिजो बन्दुक बोकेर विद्रोह गर्ने वर्ग, समुदाय, उमेर समूह आदि सबैको असन्तुष्टि पहिचान गरी उनीहरूलाई समावेश गर्नुपर्दछ । विद्रोह उठाउने र पहिलेको अवस्थामा समावेश नगरिएका समूहको सबैभन्दा पहिला पहिचान गरिनुपर्दछ । राज्यको साधनस्रोतको उचित बाँडफाँड जनताका लागि जनताद्वारा हुनुपर्छ। यसो भएमा राज्यमा शान्ति र समावेशीकरण हुन्छ।

## कल्पना घिमिरे

(नेपाल विद्यार्थी सङ्घ, बाँके)

नयाँ संविधान निर्माणको अवस्थादेखि नै महिलालाई समान अवसर प्रदान गरिनुपर्दछ। महिलाको प्रतिनिधित्वलाई राज्यका हरेक अङ्गमा सुनिश्चित गर्नका लागि आरक्षणको आवश्यकता छ । ३३ प्रतिशत महिलालाई आरक्षण दिने प्रक्रिया कागजमा मात्र सीमित छ। अब समावेशी भनेर कागजमा धेरै नलेखौं, व्यवहारमा परिणत गर्नेतिर लागौं।

## विष्णु सापकोटा

(अनेरास्ववियु, बाँके)

अहिलेको नेपालको द्वन्द्वमा सबैभन्दा बढी युवाहरू संलग्न भएका छन् र यसको नकारात्मक असर पनि युवाहरूलाई नै परेको छ। मेरो विचारमा युवाहरूलाई राज्यका अङ्ग तथा विकास निर्माणमा बढीभन्दा बढी सहभागी गराउनु अहिलेको अहम् सवाल हो। प्रत्यक्ष द्वन्द्वमा संलग्न भएका तथा अवसर पाउन नसकेका

युवाहरूलाई कसरी समावेश गर्ने ? मेरो विचारमा शिक्षाको क्षेत्रमा सुधार गरेर व्यावहारिक प्रकारको शिक्षा नीति ल्याउनुपर्दछ । अहिलेको जस्तो उच्च शिक्षा र केही महँगा प्राविधिक शिक्षाका लागि धेरै नेपालीको हैसियत छैन । यस प्रकारको शिक्षाले रोजगारीका अवसरहरू सिर्जना गर्न सकेको छैन र हामी युवालाई लङ्गडो पनि बनाएको छ ।

आजको कार्यक्रमबाट संविधानसभाको बारेमा बुझ्ने अवसर प्राप्त भयो । यो छलफलमा बसेर सुनेका कुराहरूलाई केलाउँदा संविधानसभा गठनका लागि देशका सबै क्षेत्र, वर्ग, समुदाय आदि सबैलाई समावेश गर्नुपर्दछ भन्ने निचोड मैले निकालेको छु ।

यहाँ धेरै राजनीतिक कुराहरू उठेका छन् तर मान्छे राजनीतिक प्राणी मात्र हैन कि यो सामाजिक प्राणी पनि हो । यसकारण हामीले राजनीतिक प्रतिनिधित्वको जति चर्चा गर्‍यौँ हाम्रो समाजभित्रका पक्षहरू र यहाँका हाम्रा दैनिक जीवनमा देखिने मेलमिलाप र समस्याका पक्षहरूका बारेमा पनि बहस हुनुपर्दछ । यसपछि मात्र हामीले सबै सवाललाई समेट्न सक्नेछौँ । राजनीतिक पुनर्संरचनाको मात्र हैन सामाजिक पुनर्संरचना पनि जरुरी छ कि भनेर किन नसोच्ने ?

## चन्द्रकला पौडेल

(उद्योग व्यापार सङ्घ, बर्दिया)

नयाँ भविष्यका बारेमा कुरा गर्दा बालबालिकाका सवालहरूलाई त्यति उठाउने गरिएको छैन । बाल श्रमिकहरूको बारेमा काम गरिरहेको हुनाले म यहाँ बालबालिकाकै लागि बोल्न चाहन्छु । अरूको घरमा बसेर काम गर्ने तथा अन्य क्षेत्रमा काम गर्ने बालबालिकाको उचित शिक्षाको कुरा हुन सकेन भने त्यो समूहका व्यक्तिहरूले भविष्यमा गएर कसै गरी पनि राज्यका अवसरहरू प्राप्त गर्न सक्दैनन् । यसकारण संविधान बनाउँदा यस्ता समूहका अधिकारका बारेमा उल्लेख गरिएका अन्तर्राष्ट्रिय कानुन, सन्धि तथा अभिसन्धिहरूलाई पनि ध्यान दिइनुपर्दछ ।

## मीरा ददेल

(सेतो गुराँस, बाँके)

सैद्धान्तिक र नीतिगत रूपमा व्यवस्था गरिएका पक्षहरूलाई व्यावहारिक रूपमा समाजमा कसरी लागू गर्ने भन्ने विषय पनि महत्त्वपूर्ण हुन्छ । यसकारण समावेशीपन कार्यान्वयनको प्रक्रियामा कसरी देखाउने भनेर पनि हरेक क्षेत्रमा काम गर्नेहरूले ध्यान दिनुपर्दछ ।

## अयोध्या पासी

(मधेसी दलित)

आजको कार्यक्रमबाट संविधानसभा र समावेशी लोकतन्त्रका बारेमा जानकारी प्राप्त भएको छ। मेरो विचारमा यस्ता विषयमा पहिला विशेषज्ञहरूबीचमा नै धेरै मन्थन हुनु जरुरी छ। दलितहरूका सवाल सबैभन्दा प्रमुख रूपमा लिइदिनुहुन म अनुरोध गर्दछु।

## लोकबहादुर खत्री

(नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट), कृषि श्रमिक विभाग)

जनताको विचारमा २०४६ पश्चात्को प्रजातान्त्रिक प्रणालीको असफलताका कारणहरूमा राजनीतिक दलहरूको अस्पष्ट नीति र राजनेतामा आफ्नै कार्यक्रमप्रतिको प्रतिबद्धताको कमी प्रमुख हुन्। यो प्रमुख कुरालाई भुलेर अन्य पक्षलाई समेटेर मात्र हामी कसरी राम्रो पद्धति निर्माण गर्न सक्दछौँ ? अहिले समावेशी भनेको दलित, महिला, आदिवासी-लाई पद दिने र कुनै कार्यक्रममा सहभागी गराउने भन्ने बुझिएजस्तो लाग्दछ। तर क्षमता, दक्षतालाई ख्याल नगर्ने हो भने हामी सफल हुन सक्दैनौँ। हिजो मजदुर-हरूका समस्याहरूलाई पनि मातृ पार्टीले जसरी हेऱ्यो त्यही रूपमा हेर्ने गरियो। अब मजदुर भन्ने एउटा छुट्टै पहिचानका आधारमा हकहितका लागि लड्नु जरुरी छ।

## केशव गिरी

(नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट), भेरी)

हिजोको प्रजातान्त्रिक व्यवस्थामा पनि मजदुरको पक्षपोषण हुने गरी ऐननियम बनेनन्। यसबाट के सिक्ने ? पेसागत समूहका समस्या पनि विकराल नै छन्। त्यही भएर पेसागत समूहका समस्याहरूलाई वर्तमान परिस्थितिअनुरूप समाधान गर्नेतर्फ काम गर्न नीति-निर्माणको तहमा विज्ञहरूको पनि आवश्यकता हुने गर्दछ। समानुपातिक सहभागिताअनुसार मात्र मानिसहरूलाई छनौट गर्ने हो भने विशेषज्ञको अभाव हुन सक्दछ। त्यही भएर समावेशी भनेर आआफ्नो समूहको मात्र प्रतिनिधित्व गराउनाले बन्ने नीति-नियम त्यति प्रभावकारी हुँदैन। मान्छेको सीप र योग्यतालाई पनि कदर गर्नैपर्दछ।

## हरिओम रघुवंशी

(नेपाल प्रजातान्त्रिक ट्रेड युनियन महासङ्घ (डिकोन्ट), बाँके)

राज्यले मात्र हैन राजनीतिक पार्टीहरूले पनि इतिहासका विसङ्गतिहरू त्यागेर

राम्रा कुरा मात्र लिएर अघि बढ्नुपर्ने देखिन्छ । पार्टीहरूले समस्या परेको अवस्थामा श्रमिकलाई गुहार्ने, आफू सत्ता वा अनुकूल अवस्थामा रहेको अवस्थामा श्रमिकलाई वास्ता नगर्ने गरिरहेका छन् । ऐननियमहरू बनाउँदा अन्तर्राष्ट्रिय अभिसन्धिअनुरूप व्यवस्था गरिनुपर्ने मजदुरहरूको माग छ । पेसागत रूपमा मजदुरहरूका समस्या हल गर्न नखोजीकन केही व्यक्तिहरूले प्रतिनिधित्व गरेको अवस्थामा मात्र समावेशी हुन सक्दैन । संविधानसभामा प्रतिनिधित्व गर्ने व्यक्तिहरू जाति, धर्मको मात्र नभई सबै वर्गको भावना, चाहनालाई प्रतिबिम्बित गर्ने खालको हुनुपर्छ, यसका लागि कुन प्रक्रियाबाट चुनाव हुन सक्दछ त्यसमा ध्यान दिनु जरुरी हुन्छ ।

## हरि शर्मा

यो दोस्रो सत्रको आजको छलफलमा पनि धेरै सवालहरू राज्यको बारेमा नै उठे जुन स्वाभाविक पनि हुन सक्दछ, किनभने राज्य धेरैओटा समूहहरूको मेल हो । एउटा मात्र समूहको कल्पना वा चाहनाअनुसारको राज्य हुन सक्दैन । समाजमा बहुपहिचान छ र ती पहिचानलाई स्वीकारिएको छ भने त्यहाँको संविधान फरकफरक पक्षबीचको सम्झौतामा बन्ने गर्दछ । फरकफरक राज्य र फरकफरक समयमा जनता वा नागरिकको पहिचानलाई कसरी लिइने गरेको छ भन्ने विषय पनि महत्त्वपूर्ण हुने गर्दछ । नेपालको सन्दर्भमा हेर्दा पनि जनतालाई राज्यका विभिन्न समयमा फरकफरक रूपमा लिइएको पाइन्छ । रैती, प्रजा हुँदै अहिले नेपाली जनता नागरिक हुन खोजिरहेका छन् । एउटा रैतीको रूपबाट राज्यलाई हेर्दा र एउटा नागरिक भएर राज्यलाई हेर्दाको विश्लेषण निश्चय नै फरक हुन्छ । अहिले हामीले नागरिक हुने कल्पना गरिरहेका छौँ । यस्तो अवस्थामा अन्तर्राष्ट्रिय रूपमा स्थापित नागरिक हकबाट एउटा नेपाली नागरिक वञ्चित रहन चाहँदैन । यसैकारण संविधान निर्माणको पक्षमा अन्तर्राष्ट्रिय कुराहरूको समेत भूमिका रहेको हुन्छ । संविधानले एउटा प्रक्रियामा काम गर्दछ । तर समाजमा कतिपय यस्ता विशिष्ट सम्बन्धहरू पनि रहेका हुन्छन् जसलाई कानुनले मात्र बाँध्न सक्दैन ।

अहिले सबैतिर प्रतिनिधित्वको मात्र कुरा भइरहेको छ । यसमा सङ्ख्याका कुराहरूलाई अति महत्त्व दिइएको छ । तर समाजमा अधिकांश कुरा सङ्ख्याको आधारमा मात्र तय हुँदैनन् । राजनीतिमा दावा र प्रतिदावा दुवै रहेको हुन्छ । राज्यको संरचना निर्माण गर्नका लागि हिंसाको प्रयोग गर्ने हो भने त्यो चिरस्थायी, प्रभावकारी र सफल हुँदैन । यो डरलाग्दो र शङ्कास्पद हुन्छ । समझदारी र छलफलद्वारा निर्माण गरिएको राज्यको संरचना चिरस्थायी एवं सफल हुन्छ । यसकारण हाम्रो सामाजिक बनौट, यहाँभित्रका सम्बन्धहरूलाई हेर्दै तार्किक आधारमा बहस गरेर राज्यसँगको सम्बन्ध निर्माण गर्न सकिन्छ ।

यस्ता प्रक्रियाहरू लोकतन्त्रका प्रमुख आधार हुन् ।

अर्कोतर्फ समाजशास्त्रीय धारणाअनुसार कुनै पनि राज्य पूर्णत: हिंसाविहीन हुन सक्दैन । त्यसकारण त्यो राज्यले प्रयोग गर्ने अधिकारहरू जथाभाबी नहोस् भनेर नै कानुनी रूपमा यसलाई नियन्त्रण गर्ने गरिन्छ । यसलाई मुख्य रूपमा संविधानबाट व्यवस्थित गरिन्छ । त्यही कानुनका आधारमा समाज र राज्यको सम्बन्ध कायम गरिएको हुन्छ । यस्ता आधारहरू निर्धारण गर्न राजनीतिको भूमिका हुने गर्दछ जसले राज्यको अधिकारलाई नियन्त्रण र निर्देशित गर्दछ ।

## बमबहादुर डी.सी.

संविधानसभाको निर्वाचन तथा राज्यको विधायिका बनाउने बेलामा अपनाइने चुनाव प्रणालीबाट पनि कसको कति प्रतिनिधित्व हुने भन्ने सवालमा असर गर्दछ । नेपालमा समानुपातिक चुनाव प्रणालीलाई अपनाउनुपर्ने तर्क गरिएको छ । यसबारेमा पनि आगामी दिनहरूमा छलफल गर्नुपर्दछ ।

## सुरेश पौडेल

राज्य हिजोका दिनमा नागरिकप्रति उदासीन थियो । राज्यले आफू शक्तिशाली भएको बेलामा नागरिकका अधिकारमा चासो नराखेको देखिन्छ । यसलाई दलको नेतृत्व गर्ने मान्छेको जनताप्रतिको जवाफदेहीको कमीका रूपमा लिन सकिन्छ । अब नेपालमा नागरिकहरू बलिया भएका छन् । नागरिक समाजकै रूपमा पनि सङ्गठित भइरहेका छन् । अबको शासन भनेको नागरिकको हुन्छ र नागरिकप्रति उत्तरदायी रहन्छ भन्नेमा हामी आशावादी रहेका छौँ ।

## जगदीश पौडेल

(नेपाल विद्युत् प्राधिकरण कर्मचारी सङ्घ)

हाम्रा संस्कृति तथा संस्कारहरूले हामीमा प्रभाव पारेको हुन्छ र अन्य कामहरूमा पनि हामी यी कुराहरूबाट निर्देशित हुन्छौँ । हामीले आफ्ना संस्कृतिहरूलाई मात्र बढावा गर्ने गरी राज्यको कल्पना गर्ने र त्यसका लागि संविधान निर्माण गर्ने सोच राख्ने हो भने समाजमा भएका अन्य समूहहरू राज्यबाट नै बाहिर पर्दछन् । यसकारण लोकतन्त्रकै कामना हामीले गरेको भए अरूका विचार र संस्कारलाई पनि मान्यता दिनुपर्दछ । यसपछि मात्र समावेशी हुन सक्दछ । जाति, भाषा, वा पेसाका आधारमा मात्र प्रतिनिधित्व गर्ने व्यवस्था गर्ने हो भने त्यो समाजमा रहेका अरूलाई स्वीकार्न नसकेको हुन्छ । यसले अल्पमतमा रहेकाको चाहनालाई पूरा गर्न सक्दैन । यसकारण अहिलेको अवस्थामा योभन्दा माथि उठेर सम्पूर्ण

वर्ग, समुदायलाई समावेशीकरण गर्नुपर्ने हुन्छ । यसमा कसैलाई पनि विशेष व्यवस्था गरिनुहुँदैन ।

## तीर्थराम चौधरी

(औषधि व्यवसायी)

समावेशीकरणको कार्य अलि जटिल हो। सबैलाई सम्पूर्ण रूपमा समावेश गर्ने कुरा अति नै कठिन हुन्छ । संविधान निर्माणको कार्यमा सकेसम्म सबैलाई समावेश गर्नेतर्फ सोच्नुपर्दछ । अन्यथा समाजमा नाम कहलिएका र आफूलाई सुशिक्षित ठान्नेले मात्र अवसर पाउने र अरूचाहिँ पछि नै परिरहने हुन्छ । सबै समूहको समान स्तर नभएको अहिलेको अवस्थामा स्वतन्त्र प्रतिस्पर्धा गराउँदा कमजोर पछि पर्दछ । यसकारण केही निश्चित समयसम्मका लागि आरक्षणको व्यवस्था गरिनुपर्दछ ।

## पदमराज रेग्मी

(वित्तिय संस्था कर्मचारी सङ्घ, नेपालगन्ज)

सामान्यत: बहुमतमा रहेका व्यक्तिले शासन गर्ने अधिकारलाई लोकतन्त्र भनिए तापनि बहुमतको मात्र नभई लोकतन्त्रमा अल्पसङ्ख्यकहरूको अधिकार पनि सुनिश्चित हुनुपर्छ भन्ने मान्यताको विकास वर्तमानमा भएको छ । राज्यको सबै अङ्गमा सबै मानिसको समानुपातिक प्रतिनिधित्व हुनसके मात्र लोकतन्त्र सार्थक हुन सक्छ । समावेशी लोकतन्त्र समानुपातिक चुनाव प्रणालीको विषय मात्र नभई बरु एक धर्म, एक वर्ग, एक लिङ्गको एकाधिकारलाई भत्काएर समानतामा आधारित सबै समूह र अल्पसङ्ख्यकहरूको समानुपातिक प्रतिनिधित्व भएको राज्यव्यवस्था हो जहाँ राज्यको सानो एकाइदेखि केन्द्रीय तहमा सबैको पहुँच हुन्छ । समानुपातिक चुनाव पद्धति, शक्तिको विभाजन, सत्ता साझेदारी र अल्पसङ्ख्यकहरूको हित गर्ने व्यवस्थाले मात्र राज्यमा समावेशीकरणलाई सार्थक बनाउँछ । स्वायत्त विकेन्द्रित राज्यको अभावमा समावेशी लोकतन्त्र अधुरो रहन्छ । समावेशीकरण एउटा सिद्धान्त हो तर लोकतन्त्रमा सबैको समान सहभागिता भन्ने सवाल भावनात्मक पनि हो ।

## हरि शर्मा

सङ्ख्यालाई लिएर गरिने कुराहरू जहिले पनि विवादित हुन्छ । यदि सङ्ख्या र प्रतिनिधित्वका बारेमा मात्रै बहस भइरहने हो भने यसको विवाद निरन्तर रूपमा जारी रहन्छ । यसकारण हाम्रा आपसी सामाजिक सम्बन्धहरू, राज्यसँगका हाम्रा

सम्बन्धहरूलाई सङ्ख्या र एकल पहिचानका आधारमा मात्र नहेरीकन समाजमा रहेको बहुपहिचानबाट कसरी साझा कुराहरूलाई खोज्ने भन्नेतर्फ पनि आगामी छलफलहरू केन्द्रित रहुन् भन्ने कामना गर्दछु । अन्त्यमा चोलराज शर्मालाई कार्यक्रमको समापन गर्न अनुरोध गर्दछु ।

## चोलराज शर्मा

अबको अवस्था विभिन्न जातजातिमा बाँडिने नभई सबै एकजुट भई एक जाति नेपाली जाति भई राष्ट्र निर्माणमा सरिक हुनुपर्नेछ । तर यसभित्रको विविधतालाई भने हेला र अवहेलना गर्नुहुँदैन ।

२०४६ सालको जनआन्दोलनपश्चात् भएको परिवर्तनमा पनि नेताहरूको अकर्मण्यताका कारण जनतामा वितृष्णा बढायो । लोकतन्त्र भन्नासाथ सबै पक्षलाई सूक्ष्म रूपमा समेटेको हुन्छ । सबभन्दा महत्त्वपूर्ण कुरा लोकतन्त्रमा आफ्ना समस्या तथा तर्कलाई सहज रूपमा राख्ने ठाउँ पाइन्छ । यसकारण एकपटकमा कसैका सवालहरू छुटेमा त्यसलाई सुधार्ने मौका रहेको हुन्छ । राज्यले आधारभूत आवश्यकताका लागि वातावरण तयार गर्नुपर्दछ । प्रक्रियाको रूपमा लोकतान्त्रिक परिपाटीबाट समाजका सबै समूहको समावेशीकरण हुँदै जानेछ । आजको अन्तरक्रियामा समाज र राज्य, सामाजिक समूहबीचको सम्बन्ध, राज्यमा बढीभन्दा बढी जनताको सहभागिताको लागि संवैधानिक व्यवस्था, यसको निर्माणका लागि उत्तम मानिएको विधि संविधानसभा र राज्य तथा नागरिकबीचको सम्बन्धलाई समन्वय गर्ने राजनीतिक प्रक्रियाका रूपमा रहेको लोकप्रिय राजनीतिक व्यवस्था लोकतन्त्रका बारेमा उठेका थिए । अब हुने अन्य कार्यक्रमहरूमा हामीहरू कुनै विषयमा विश्लेषणात्मक रूपमा छलफल गरौँ भन्ने सन्देश आजको कार्यक्रमबाट मिलेको छ । धन्यवाद ।

# पोखरा
# २० साउन, २०६३

## पहिलो सत्र

### कार्यक्रमको उद्देश्य

हरि शर्मा

(सोशल साइन्स वहा:)

कुनै पनि सामाजिक विषय, अवधारणा अथवा तर्कको आफ्नै सैद्धान्तिक धरातल हुन्छ । समकालीन नेपालमा लोकतन्त्र, समावेशी लोकतन्त्र तथा राज्यको पुनर्संरचनाजस्ता विषयहरूमा विभिन्न तहमा बहसहरू भइरहेका छन् । त्यस्ता बहसहरूमा उठेका विभिन्न समुदाय, समूह तथा निकायका फरकफरक विचार र बुझाइलाई सैद्धान्तिक आधारबाट केलाउँदै सामान्यीकरण गर्दा उक्त अवधारणाहरूमा रहेका अस्पष्टता चिर्न मद्दत पुग्नेछ भन्ने ठानेर सोशल साइन्स वहा:ले यस प्रकारका छलफल र अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

मान्छेको अनुभव, उसको पेसालगायतका कारण कुनै पनि विषयमा उसका विचारहरू फरक हुने गर्दछन् । यसैकारण राजनीतिक विषयहरू जहिले पनि दाबी र प्रतिदाबीको रूपमा समाजमा रहेका हुन्छन् । अहिले नेपालमा चर्चित रहेको 'लोकतन्त्र' पनि एउटा त्यस्तै राजनीतिक विषय हो । यससँग गाँसिएर आउने हरेक पक्षहरू पनि दाबी र प्रतिदाबीका रूपमा रहन सक्दछन् । अहिले नेपालमा समावेशीको विषयमा छलफल गर्दा राज्य समावेशी हुने हो कि ? अथवा राज्य सञ्चालन गर्ने राजनीतिक प्रक्रिया लोकतन्त्र समावेशी हुने कि नहुने ? भन्नेजस्ता सवालमा सबैका आआफ्नै तर्कहरू हुने गरेको पाइन्छ ।

वर्तमान अवस्थामा नेपाली समाजमा रहेका राजनीतिक, सामाजिक समस्या तथा समावेशीसम्बन्धी बहसको केन्द्रमा 'राज्य' रहेको पाइन्छ । नेपाली राज्यको विषयमा गरिने तर्कहरू प्राय: ऐतिहासिकतामा केन्द्रित रहने गरेका छन् । नेपाली राज्यको ऐतिहासिकता पनि पृथ्वीनारायण शाहको अभियान र त्यसपछिको नेपालको शासनको सेरोफेरोमै सीमित रहेको पाइन्छ । एउटा कोणबाट हेर्नेहरूले नेपाली राज्यको एकीकरण भएको मान्दै नेपालीपनको विकास र यहाँ रहेका

फरकफरक सामाजिक सांस्कृतिक समूहहरू आपसमा घुलन (एस्सिमिलेसन) हुन सकेको तर्क गर्ने गरेका छन् । यस्तो विचार राख्नेहरूले नेपाली राज्यको पहिचान निर्माण र विकासका निम्ति उक्त एकीकरणलाई अनिवार्य आवश्यकता ठहऱ्याएको पाइन्छ । अर्को कोणबाट विश्लेषण गर्नेहरूले पृथ्वीनारायण शाहको अभियानलाई विस्तारवादी अभियानको सङ्ज्ञा दिएका छन् । यस अवधारणाअनुसार अत्यन्तै विविधता भएको नेपाली समाज र त्यही विविधतामा आधारित राजनीतिक, आर्थिक तथा सांस्कृतिक पहिचानलाई पृथ्वीनारायण शाहको एकीकरण अभियानपछि छिन्नभिन्न पारी खस पहाडे संस्कृतिको संरक्षण र प्रोत्साहन गर्ने काम नेपाली राज्यद्वारा गरियो भन्ने रहेको छ । नेपाली राज्य, समावेशीकरण तथा पुनर्संरचनासम्बन्धी विषयलाई यी दुई फरक धारबाट विश्लेषण गर्दा फरकफरक निष्कर्षमा पुगिनु स्वाभाविक हुन्छ ।

अहिले यहाँ सार्वभौम जनताको अवधारणासहित नेपाली समाजमा रहेका हरेक समुदाय तथा पक्षको नयाँ भूमिकाको बारेमा बहस भइरहेको छ । कसरी सबै समूह तथा क्षेत्रका अधिकारहरूलाई सुरक्षित गर्ने र एकअर्कामा भएका ज्ञान, सीप तथा अवसरहरूको उपयोग गर्ने भन्ने विषयमा बृहत्तर रूपमा बहस भइरहेका छन् । यो अवस्थामा हामी कुन सवालमा कसरी प्रवेश गर्ने ? नयाँ सम्बन्धहरूका बारेमा बहस गर्दा हामी ऐतिहासिकताको घेराबाट उम्कन प्रयास गर्ने कि नगर्ने ? स्वयम् इतिहासलाई कसरी हेर्ने ? वर्तमानमा हाम्रो छलफलको केन्द्र नेपाली राज्य मात्रै हो ? राज्य समयसँगसँगै विकसित हुने विषय हो वा चाहेको अवस्थामा काँटछाँट गर्न सकिने विषय हो ? राज्यलाई कसरी हेर्ने ? यससँगको समाजको सम्बन्धलाई कसरी बुझ्ने ? छलफलका विभिन्न धार हुन्छन् । राज्यलाई काँटछाँट गर्न सकिन्छ भन्ने तर्कबाट हेर्ने हो भने एउटा निष्कर्षमा पुगिन्छ भने यो समयसँगै विकसित हुने कुरा हो भन्ने तर्कका आधारमा बहस गर्ने हो भने अर्कै निष्कर्षमा पुगिन्छ । यसकारण आजको छलफलमा विश्लेषणात्मक रूपमा तर्कहरू आउनेछन् भन्ने आशा हामीले गरेका छौँ ।

छलफलका सवालहरू अगाडि राख्न कृष्ण हाछेथुलाई अनुरोध गर्दछु ।

## कृष्ण हाछेथु

(स्रोत व्यक्ति)

यो छलफलका सहभागीहरूलाई सोशल साइन्स वहा:ले केही हप्ता पहिले नै *समावेशी लोकतन्त्रका आधारहरू* नामक पुस्तक पठाएको छ । त्यो पुस्तकमा समाज विज्ञानका क्षेत्रमा काम गरेका विद्वान्हरूले नेपाली समाजका राजनीतिक तथा सामाजिक पक्षहरूलाई सूक्ष्म रूपमा केलाउने प्रयास गर्नुभएको छ । लोकतन्त्र,

नेपाली राज्य, समावेशीकरणलगायतका विषयमा सो पुस्तकमा सूक्ष्म रूपमा प्रस्तुति गरिएको छ। यो पुस्तकलाई नेपाली समाजको अवस्था र राजनीतिक प्रणालीका बारेमा विचारहरू प्रस्तुत गरिएको एउटा नमुना कृतिको रूपमा लिन सकिन्छ। तथापि यो पुस्तकले नेपाली समाजलाई हेर्ने ऐनाको रूपमा काम गर्न सकेको छ कि छैन भन्ने निर्क्योल यहाँहरूले नै गर्नुहुनेछ।

अहिले जनताको परिवर्तनको चाहना एकदमै बढेर गएको छ। उनीहरू पुराना कुराहरू परिवर्तन गर्न चाहन्छन्। यसकारण समावेशी लोकतन्त्रभित्र नयाँ निर्वाचन पद्धति, अति पछि परेको समूहका लागि आरक्षण र अहिलेको राज्यको आन्तरिक विभाजनको पुनर्संरचनाजस्ता पक्षहरू रहेका छन्। नेपाली राज्यको चरित्र नै बदलेर मात्र लोकतन्त्र र नेपाली राज्यलाई समावेशी गर्न सकिनेछ। राज्यले आफ्नो शासन कस्तो रूपमा अघि बढाउने भन्ने कुराको आधारमा त्यस राज्यको संरचना तयार गरेको हुन्छ। अहिलेको हाम्रो संरचना भनेको राजा महेन्द्रले एकदलीय व्यवस्थासहितको केन्द्रीकृत शासनमा पहाडे बाहुन, छेत्री, नेवार पुरुषहरूको वर्चस्व कायम रहने गरी तयार गरिएको राज्य संरचना हो। राज्यलाई ७५ जिल्लाको अवधारणाबाटै हेरेर नयाँ कुरा प्राप्त हुन सक्दैन।

नेपालका हालका जिल्ला तथा अन्य भौगोलिक विभाजन ठाडो रूपमा गरिएको छ। अर्थात् हिमालबाट पहाड हुँदै तराई पर्ने गरी। यसरी गरिएको विभाजन जातजाति, भाषा आदि कुरामा पहाडे बाहुन, छेत्रीहरूलाई सजिलो पार्ने खालको छ। जिल्ला सदरमुकाम, क्षेत्रीय केन्द्रहरू राखिएका ठाउँमा राज्यको स्रोतसाधन बढी पुग्ने गर्दछ। त्यहाँ स्वास्थ्य, शिक्षा, खानेपानीलगायतका सेवाहरू पनि चाँडो पुग्दछन्। यसकारण अबको विभाजन क्षितिजीय रूपमा भएमा पहिले सेवा तथा सुविधाहरू पाउन नसकेका जनजातिका केन्द्रहरू मुख्य स्थानमा पर्न सक्दछन्। यसकारण पनि राज्यको पुनर्संरचना जरुरी रहेको देखिन्छ।

सामाजिक समावेशीकरणको कुरालाई जात, जाति, भाषाका आधारमा मात्र हेरिनुहुँदैन। यसरी आधारहरू तयार गर्दा भ्रम उत्पन्न हुन जान्छ। यस्ता पक्षहरूलाई विकासका आधारमा पनि हेरिनुपर्दछ। जस्तो कि कर्णाली अञ्चलको समस्या भनेको जातीय होइन विकासको हो।

## हरि शर्मा

'समावेशी' भन्नेबित्तिकै केही समूह अथवा व्यक्ति कुनै संरचना वा प्रक्रियाभन्दा बाहिर रहेका छन् र कोही भित्र रहेका छन् भन्ने बुझ्ने गरेको पाइन्छ। यसैकारण बाहिर रहेकाहरू समावेश भएनन् भन्ने तर्क गरिने गरिएको छ। 'समावेशी' र 'असमावेशी' लाई एउटा प्रक्रियाभन्दा पनि मुद्दाको रूपमा लिइएको छ। राज्यका

सन्दर्भबाट असमावेशीको प्रसङ्गलाई प्रमुख मुद्दाका रूपमा लिइएको छ । सैद्धान्तिक रूपमा हेर्दा जुनसुकै राज्यले पनि वर्गीकरण गर्ने गर्दछ । यो राज्यको चरित्र नै हो । राजनीतिमा पनि फरकफरक आधारहरू तयार गरी वर्गीकरण गरिने गरिन्छ ।

नयाँ कुराको कल्पना गर्दागर्दै पनि आज पुराना कुराहरूले असर गरिरहेका छन् । राज्यको पुनर्संरचनाको चर्चा गर्दा विषयलाई कहाँ उभिएर हेरिएको छ भन्ने महत्त्वपूर्ण हुन्छ । पहिचानका आधारबाट पनि राज्य र यसको संरचनालाई हेर्ने गरिएको छ । तर समाजमा हरदम बहुपहिचान रहेको हुन्छ । अवस्थाअनुसार एउटै मान्छे फरकफरक पहिचानका आधारमा चिनिन सक्दछ । के एउटा पहिचानका आधारमा मात्र अरूभन्दा फरक सीमारेखा कोरेर राज्यको संरचनाको कल्पना गर्न सक्दछौँ ?

अब म सहभागीहरूलाई यस्तै विषयमा केन्द्रित रहेर विश्लेषणात्मक रूपमा विषयमाथि छलफल अगाडि बढाउन अनुरोध गर्दछु ।

## रामावतार यादव

(प्रिन्सिपल, नोबेल एकेडेमी, पोखरा)

*समावेशी लोकतन्त्रका आधारहरू* नामक पुस्तकमा नेपालका धेरै सवालहरू उठाइएको छ । तर यसमा प्रयोग भएको भाषाप्रति म पूर्णरूपमा सन्तुष्ट छैन । लेखकका विचारलाई पूरै नराखेर मुख्यमुख्य कुरा मात्र नेपालीमा अनुवाद गरिएको यो पुस्तकका कुनै लेखले देखाउन खोजेको मर्म पूर्णरूपमा आएको छैन ।

समावेशीको कुरा गर्दा के कुरा गर्नु उचित होला भने हामी आफूले पाएको सुविधा अरूका लागि छोड्न कोही पनि तयार छैनौँ । यसो हो भने कसरी अरूलाई समावेश गर्न सकिन्छ ? हामी सम्पूर्ण अवसरहरूलाई एउटा साँघुरो घेराभित्र राख्न चाहन्छौँ । अवसरहरू अरूसम्म पनि पुगुन् भन्ने हाम्रो चाहना नै छैन । अझ पढेलेखेका विद्वान्हरू त सबैभन्दा बढी असमावेशी चरित्रका छन् ।

नेपाली भाषाको स्वरूप स्थिर छैन । नेपाली भाषाले ‘स’ को प्रयोग गर्दा अरूलाई झन् समावेश गर्नुपर्दछ । मधेस भनेर लेखिँदा पनि ‘श’ को प्रयोग गर्ने विद्वान्हरूको अरूलाई समावेश गर्नुपर्दछ भन्ने मनसाय नभएको जस्तो लाग्दछ ।

## रामचन्द्र बराल

(लेकचरर, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा)

प्राज्ञिक क्षेत्रका मानिसले समाजमा रहेका हरेक सवालहरूलाई विश्लेषणात्मक रूपमा हेर्ने गरेका हुन्छन् । उनीहरूको कार्य अलि सुस्त रहने गर्दछ, भाषा पनि अलिक बोझिलो हुने गर्दछ । अर्कोतर्फ समाजमा बसेर नै काम गर्ने ‘एक्टिभिस्ट’ हरूले कुनै पनि विषयलाई बढी नै बढाइचढाइ गर्ने गर्दछन् । उनीहरूको भाषा र काम

गर्ने शैली पनि अलिक 'प्रगतिशील' जस्तो हुने गर्दछ । सायद त्यसै भएर हुन सक्छ वर्तमान अवस्थामा हाम्रो समाजले पनि प्राज्ञिक क्षेत्रको भन्दा 'एक्टिभिस्ट' का कुराहरूलाई पछ्याएको पाइन्छ । 'एक्टिभिस्ट' हरूले जाति, भाषा, धर्म, लिङ्गका कुरा बढी उठाउने गरेका छन् । उनीहरूको तर्क हुन्छ, "यी समूहका मानिस साह्रै पछि परेका छन्, यसकारण यिनलाई नै समावेशीकरणको आधार बनाइनुपर्दछ; आरक्षणलगायतका उपायहरू यिनीहरूका लागि नै अपनाउनुपर्दछ ।" अहिले यसरी कुरा गर्ने, बहस गर्ने लहर नै चलेको छ । तर हामीले अरू समूहबाट पनि समावेशी गर्नुपर्दछ भन्ने मान्यता राखेका छौँ । यसका लागि समावेशी नहुनाका अरू आधारहरू पनि हेरिनुपर्दछ । समावेशीकरण कसरी हुन्छ र कसका लागि कुनकुन पक्षमा आवश्यक रहेको छ भनेर बृहत्तर रूपमा खोजी गरिनुपर्दछ । जातिभित्र रहेको वर्गीय चरित्रलाई नहेर्ने हो भने समस्या झन् बढी चर्कन सक्दछ ।

विगतका समस्याहरूका लागि राजनीतिक पार्टीका व्यवहारलाई पनि प्रमुख आधार मानिएको छ । यसबारेमा पनि बहस हुनुपर्दछ, पार्टीहरूको निरङ्कुशता र पार्टीभित्र पनि केही व्यक्तिहरूको आधिपत्यले गर्दा प्रजातन्त्रमा समस्या सिर्जना भएको सत्य हो ।

राज्यको पुनर्संरचना भनेर यहाँ सङ्घीयताको प्रचार भएको छ । यसमा पनि जातीय, भाषिक आधारलाई प्रमुखता दिनुपर्दछ भन्ने गरिएको छ । तर बसाइँ-सराइका कारण नेपाली समाज हिजोको अवस्थामा छैन । आज समाज चलायमान छ । एक ठाउँमा बसेको मान्छे तुरुन्तै अर्को ठाउँमा अवसरका लागि जाने गरेको छ । यसकारण जाति, भाषाजस्ता आधारमा मात्र सङ्घीयतामा लैजानु उचित हुँदैन । समाजमा विविध सम्बन्धहरू हुने गर्दछन् । सकेसम्म धेरै सम्बन्ध-हरूलाई केलाएर मात्र नयाँ संरचनाको कल्पना गरिनुपर्दछ । यसका लागि प्राज्ञिक समूहले 'एक्टिभिस्ट' को कार्यलाई पनि बढी प्रभावकारी बनाउनेतर्फ सोच्नुपर्दछ ।

## हरि शर्मा

हाम्रो समाजमा फरकफरक पहिचान प्रस्तुत गर्ने क्रम बढी नै रहेको छ । फरक पहिचान थिग्रिन सकेको अहिलेको अवस्था छ । वर्तमान अवस्थामा नेपाली समाज आन्दोलित समाजको रूपमा रहेको छ । यसकारण यहाँ 'एक्टिभिस्ट' हरूको भूमिका बढिरहेको पाइन्छ । नयाँ कुरा प्राप्त गर्नका लागि राज्य संरचनालाई बढी केन्द्रित गरिएको छ । जस्तोसुकै राज्य संरचना भए पनि राजनीति गलत भएमा त्यो संरचना कमजोर साबित हुन सक्दछ । यसकारण संरचनासँगै जोडिएर आउने पक्षहरूलाई केलाउनुपर्दछ ।

## सुरेन्द्र थापामगर

(अधिवक्ता)

समावेशी लोकतन्त्रका आधारको समीक्षा गरिने आजको अन्तरक्रिया कार्यक्रमका लागि सोशल साइन्स वहा:को किताबलाई किन आधार मानियो भन्ने मलाई लागिरहेको छ। मेरो विचारमा समावेशीको कुरा गर्दा 'मनु' बाट सुरु गर्नुपर्दछ। नेपालमा 'मनु संस्कृति' को प्रभावपछि असमावेशीकरणको प्रक्रिया सुरु भएको हो।

आर्यहरूको प्रवेशपछि धर्मशास्त्रको प्रयोग गरी जनजाति तथा आदिवासीहरूको जग्गाजमिन कब्जा गरियो। यसकारण उनीहरूले स्रोतसाधनबाट हात धुनुपर्‍यो। अब हामीले कसैलाई समावेश गर्नु छ भने त्यस बेलादेखि अन्यायमा परेकाहरूलाई उचित क्षतिपूर्ति प्रदान गरी न्याय दिनुपर्दछ। यसका साथै राज्यको पुनर्संरचना गर्दा जनजाति आदिवासीलाई स्वायत्तता दिनुपर्दछ। समावेशी राज्यले विभाजन हटाउने काम गर्दछ। विभाजन हटाउनका लागि आफ्नो संस्कृतिअनुसार आफ्नो भूगोलमा शासन गर्न पाउनुपर्दछ। हिजो शासन हातमा लिएकाहरूले आदिवासी जनजातिको भूमिमा अधिकार जमाएका छन्। यसकारण पुरानो कुरा पनि खोजिनुपर्दछ।

## खगराज अधिकारी

(सचिव, नेकपा एमाले, गण्डकी अञ्चल कमिटी)

सर्वप्रथम समाजमा उठेका सवालहरूमा प्राज्ञिक छलफल गर्नका लागि अध्ययन सामग्री पहिले नै पठाएर यस्तो कार्यक्रम अगाडि बढाउनुभएकोमा सोशल साइन्स वहा:लाई धन्यवाद। अहिले भर्खरै मात्र नेपालमा समावेशी चरित्र, राज्य संरचनाको बहस तलतल आइरहेको अवस्था छ। यसकारण हरेक सवालका सम्पूर्ण कुरा नकेलाईकन छिटो निष्कर्षमा पुग्नु अर्को दुर्भाग्य हुन्छ।

इतिहाससँग गाँसेर राज्यको चरित्रलाई व्याख्या गर्न सकिन्छ। तर यसलाई हेर्ने फरक मान्यता हुन सक्दछन्। अहिले नेपाल आधुनिक राष्ट्र बन्ने प्रक्रियामा छ। हामीले जतिसुकै स्वतन्त्रताको कुरा गर्दा पनि आर्थिक रूपमा एकअर्कामा बाँधिएका छौँ।

अहिले बढीजसो छलफलहरू भावनात्मक रूपमा भइरहेका पाइन्छन्। इतिहासलाई आफ्नै रूपमा अर्थ्याउने र त्यही आधारमा भावनात्मक कुरा गरेर मात्र सही गन्तव्यमा पुग्न गाह्रो पर्नेछ।

हिन्दूकरण, बाहुनकरणको कुरा मात्र गरेर हुँदैन। हामीले भारत र यहाँको चलन हेरे मात्र पनि यहाँका पहाडी हिन्दूहरू जनजातिहरूबाट स्पष्टत: प्रभावित भएको देखिन्छ। हिन्दूहरूको प्रसिद्ध मन्दिर मनकामनामा पुजारी मगर रहेका छन्। नेपालमा शुभसाइतहरूमा रातो टीका लगाइने गरिन्छ। भारतमा हिन्दूहरूले यसो

गर्दैनन् । रातो टीका नेपालका जनजातिहरूबाट नै सिको गरिएको हो भन्ने विषयमा थुप्रै विद्वान्हरूले लेखिसकेका छन् ।

यो उदाहरणले के भन्न खोजेको हो भने हाम्रा सामाजिक सम्बन्धहरू एकआपसमा घुलमिल भइसकेका छन् । यहाँ एउटा धर्म वा जातिले अर्कोलाई पूर्णरूपमा निषेध गरेको छैन । फरक मान्यता हुँदैमा एउटाले अर्कोलाई निषेध गर्न खोजेको ठानिनुहुँदैन । नेपाल अहिले आधुनिक नेपाल बन्ने कुरामा लागिपरेको छ । यसका लागि यहाँको जनसङ्ख्या, क्षेत्रफल, यहाँका जनताको भावना र आर्थिक पक्षहरूलाई मुख्य रूपमा हेर्नुपर्दछ ।

राज्यको पुनर्संरचनालाई हल्लाको रूपमा प्रयोग गरिएको छ । जातजाति भाषाको आधारमा नयाँ सङ्घीयताका कुरा गरिएको छ । नेपालको जुनसुकै स्थानको जनसङ्ख्याको स्थिति हेर्दा पनि जातजाति र भाषाको आधारमा सङ्घीयता हुने अवस्था नै देखिँदैन । यदि जातिको आधारमा सङ्घीयतामा जाने हो भने बढी जनसङ्ख्या भएका सात-आठओटा जातिको वर्चस्व हुनेछ । कुसुन्डा, चेपाङजस्ता जनजातिहरू कसरी जातीय सङ्घीयतामा रहन्छन् ? के हामी थोरै जनसङ्ख्या हुनेहरूको समावेशीको कुरा नगर्ने ? यसले गर्दा समस्या अरू गम्भीर हुन्छ । अझ मेरो भनाइ के हो भने यति ठूलो विषयमा निर्णय गर्न सार्वभौम जनतालाई नै दिनुपर्दछ । जनमतसङ्ग्रहमा लैजाऊ, जनताले जस्तो संरचनाको वकालत गर्दछन् त्यसैलाई मानौँला । राज्यको संरचनाका बारेमा बोल्ने हामी मात्र हो भन्ने अधिकार हामीलाई छैन ।

## दीपेन्द्र श्रेष्ठ

(रेडियो पत्रकार)

समावेशीसम्बन्धी अहिलेको बहसमा कसले कति भाग पाउने भन्ने कुरालाई आधार बनाइएको पाइन्छ । यसमा जाति, धर्म, लिङ्गका आधारमा हुनुपर्ने प्रतिनिधित्वलाई समावेशीकरणको रूपमा व्याख्या गरिएको छ । तर के प्रतिनिधित्व मात्र समावेशीका आधार हुन् ? के दलित, महिला आदिवासी केही सङ्ख्यामा राख्दा समावेशी हुन्छ ? हुँदैन । बरु समानुपातिक समावेशी भनेर भन्नुपर्दछ । लोकतन्त्र भनेको पद्धति हो । यसलाई राज्यले मात्र अँगालेर हुँदैन । आम जनजीवनमा पनि यसलाई जीवनपद्धतिको रूपमा लिनुपर्दछ । राज्यको पुनर्संरचना अहिले सबैको मुखबाट सुनिने प्रिय र बिकाउ शब्दको रूपमा रहेको देखिन्छ । यो शब्द उच्चारण गरेपछि अलि नयाँपन बोकेको मान्छेको रूपमा लिइने अन्यथा पुरातनवादी हुने जस्तो भइसकेको छ । तर पुनर्संरचनाको आधारभूत पक्षका बारेमा कुरा भएकै छैन । राज्यलाई भूगोल, भाषा, जातजाति, विकासका आधारमा विभाजन गर्नु मात्र पुनर्संरचना

हो कि यसका अन्य पक्षहरू पनि पर्दछन् भन्नेतर्फ अहिलेसम्म पनि अन्योल नै रहेको छ । कतिपय कुरा सुन्दा एकै खालको समाजलाई आधार मानेर पुनर्संरचना गरिने भनिएको छ । यसले भ्रम पैदा गरिरहेको छ ।

## योगराज लामिछाने

(नेपाल विद्यार्थी सङ्घ)

अरू पक्षभन्दा पनि हाम्रो सोचमा 'समावेशीकरण' आउनुपर्‍यो । अरूको विचार र अधिकारको पनि सम्मान गर्ने र नयाँ कुराको विकास गर्ने सोच भएमा मात्र वास्तविक समावेशी हुन सक्दछ । मौकामा आआफ्नो भाग कति पार्ने भन्ने कुरालाई समावेशी भनिरहेको भान भइरहेको छ । समाजका हरेक क्षेत्र तथा समूहका मान्छेले राजनीतिक क्षेत्रको प्रतिनिधित्वलाई समावेशी भनेर बुझेको पाइन्छ । के समाज र राजनीतिक परिपाटी थाहा नै नभएको मानिसलाई प्रतिनिधित्व गराउँदैमा सबै कुरा समावेशी भइहाल्दछ ? मेरो विचारमा त यस्तो खालको समावेशीको कुराले हामीबीचमा विभाजन मात्र गर्नेछ ।

## बाबुराम पौडेल

(लेक्चरर, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा)

प्रतिनिधित्वले मात्र समावेशी हुन सक्दैन । एकअर्काका आस्था, विचारहरूलाई सम्मान गर्दै सबैका लागि खुला रूपमा प्रतिस्पर्धा गर्न पाउँदा बढी समावेशी हुने गर्दछ । २०४६ सालपछिको शासन प्रणाली एकीकृत र केन्द्रीकृत राज्य संरचनामा आधारित थियो । तर अब यो आधारमा परिवर्तन गर्नुपर्दछ । प्राचीन, एकात्मक, केन्द्रीकृत शासन प्रणालीले वर्तमान राज्यको आवश्यकतालाई पूरा गर्दैनन् । यसकारण भूगोलका आधारमा स्वायत्तता तल्लो स्तरसम्म पुर्‍याउनु जरुरी छ । समावेशी लोकतन्त्रबारेमा विभिन्न अवधारणा आइरहेका छन् । यसका बारेमा हुने कुराहरू पनि सीमित क्षेत्रमा गरिएकाले यो आफै असमावेशी छ । टाठाबाठाहरूले समावेशीको रटमा आफ्नो बुझाइलाई मात्र अगाडि बढाउँदा निर्णय गर्ने अधिकार भएका बहुसङ्ख्यक नागरिकहरू यसको बृहत्तर पक्षका बारेमा जानकारी प्राप्त गर्नबाट वञ्चित गराइएका छन् ।

जातजातिहरूको आधारलाई मात्र प्रतिनिधित्वको मापदण्ड मान्ने काम जनजातिका पढेलेखेका र उच्च स्थानमा रहेकाहरूको हो । यसो गर्दा उनीहरूले आफ्नो वर्गले फाइदा पाउने आधार देखिरहेका छन् । हिजो बाहुनले सबै सक्यो भनिएको छ । तर एउटा जातिको टाठोबाठो पनि त्यो जातिभित्रको बाहुनसरह नै रहेको देखिन्छ ।

## हरि शर्मा

लोकतन्त्रमा पार्टीहरूको महत्त्व हुने गर्दछ र उनीहरूको भूमिकालाई प्रमुख मानिन्छ । राज्य र जनताको बीचमा मध्यस्थताको काम पार्टीहरूले नै गरेका हुन्छन् । तर आजका दिनमा नागरिक समाज पनि जनता र राज्यको बीचमा मध्यस्थको भूमिकामा रहेको कुरा मानिन थालेको छ ।

राजनीतिक पार्टीका केन्द्रमा रहेकाहरूले पुराना कुराहरू फेर्दै जाने हो कि पार्टी संरचनाको तल्लो तहमा पहिचान गरिएका सवालहरूलाई पार्टीहरूले आफ्ना नीति तथा कार्यक्रमहरूमा समाहित गर्दै जाने हो ? यसको प्रक्रिया कसरी अगाडि बढ्दछ भन्ने कुरा महत्त्वपूर्ण हुने गर्दछ । समाजबाट उठाइएका कुनै पनि सवाल र त्यस सवालमा हुने गरेका दाबी र प्रतिदाबीहरूलाई राजनीतिक पार्टीहरूले समाहित गर्दछन् कि गर्दैनन् ? समाजका चाहना र उनीहरूका सवालअनुसार पार्टीहरू परिवर्तित हुन्छन् कि हुँदैनन् ? अथवा समाजमा उठेका सवालहरूलाई पार्टीहरूले राज्यसँग मध्यस्थता गर्न सकिरहेका छन् कि छैनन् ? सामाजिक आन्दोलनमा उठेका भावनाहरूलाई पार्टीहरूले प्रतिनिधित्व गर्न सकिरहेका छन् कि छैनन् ? कुन आधारमा पार्टीहरूको भूमिकालाई हेर्ने हो ? यो विश्लेषणको पाटो हो । अहिले हामी राज्यको संरचनाको कुरा गरिरहेका छौँ । यसै गरी पार्टीको पनि एउटा संरचना हुन्छ । उसको आदर्श हुन्छ । उसले त्यही आधारमा समाजका कुनै समूहको मन बढी जितेको हुन्छ । उसको प्रतिनिधित्व पनि त्यही रूपमा भएको हुन्छ । जस्तो कि नेपाली काङ्ग्रेस मध्यम वर्गीयहरूको पार्टी हो । यसले नागरिक अधिकार तथा स्वतन्त्रताका लागि आफ्ना नीतिहरूलाई केन्द्रित गर्दछ । यसैले हामीले सवालहरूका बारेमा छलफल गर्दा विश्लेषणात्मक आधारमा हेर्नुपर्ने हुन्छ ।

## सूर्यचन्द्र हडखडे

(नेपाल ट्रेड युनियन काङ्ग्रेस, कास्की)

पोखरामा पहिलोपटक मजदुरहरूलाई संस्थागत रूपमा अन्तरक्रिया कार्यक्रममा संलग्न हुन बोलाएकोमा आयोजक संस्थालाई धन्यवाद । प्राय:जसो राजनीतिक विषयमा हुने छलफलहरूमा मजदुरहरूलाई योग्य नठानिएर होला सहभागी नै गराइँदैन । मजदुर वर्गको कुनै जात छैन, धर्म छैन तर आफ्नै समस्याहरू बोकेर बसेका छन् । सबै जात, धर्म, भाषाभाषीमा  मजदुर छन् । तर लोकतन्त्रको बहस होस् कि समावेशीकरणको चर्चा; केहीमा पनि मजदुरहरूको समस्या तथा भूमिकाको बारेमा चासो राखिएको देखिँदैन । सबैको प्रतिनिधित्वको कुरा उठेका छन् तर मजदुरहरूको प्रतिनिधित्वको बारेमा चर्चा नै भइरहेको छैन । मजदुरहरूको सामाजिक, आर्थिक तथा स्वास्थ्य क्षेत्रमा समस्या रहेका छन् । यस्ता पक्षहरूमा राज्यले ध्यान

दिन सकेको छैन। मालिक वर्ग नै राज्यको नजिकमा रहेका छन्। लोकतन्त्र प्राप्तिमा मजदुरको भूमिका बढी थियो। लोकतान्त्रिक आन्दोलनमा सहभागी भएको भन्दै धेरैभन्दा धेरै समूहहरूले प्रतिनिधित्वदेखि अन्य कुराहरूको दाबा गरिरहेका छन्। हामी विश्व श्रम सङ्गठन (आईएलओ) अभिसन्धि-८७ लाई प्रतिनिधिसभाले पारित गरिदिए नेपाली मजदुरको हित हुने थियो भनी माग गरिरहेका छौँ।

## सृजना शर्मा

(अखिल नेपाल महिला सङ्घ, कास्की)

महिलाको प्रतिनिधि भएकोले म महिलाको पक्षमै केन्द्रित हुन्छु। अबको संरचनामा महिलालाई कसरी प्रतिनिधित्व गराउने सो सम्बन्धमा कहीँ पनि उल्लेख छैन। समावेशीका कुरा गर्दा महिलालाई नीति बनाउने स्थानमा कसरी पठाउने ? महिलाको राजनीतिक सहभागिता कसरी वृद्धि गर्ने ? शिक्षा क्षेत्रमा महिलाहरू पछाडि रहेका छन्, अब महिलालाई शिक्षा दिनका लागि कसरी कार्यक्रम ल्याउने ? पेसागत रूपमा पनि महिला पछाडि नै छन्। उनीहरूलाई घरायसी कामभन्दा बाहिरका काममा संलग्न गराएर अरू पक्षहरूमा पनि अगाडि बढ्न कसले उत्साहित गर्ने हो ? पार्टीहरूले आफ्ना सङ्गठनमा महिलाको भूमिका बढाउन स्पष्ट नीतिहरू बनाउनुपर्छ। नत्र समावेश गर्नका निम्ति केही महिला मात्र उपलब्ध हुनेछन्। त्यसबाट आम महिलाको भूमिका कमजोर नै रहनेछ। कस्तो निर्वाचन प्रणालीबाट अगाडि बढेमा महिलाहरूले सम्मानजनक रूपमा राजनीतिक निकायहरूमा स्थान पाउन सक्नेछन् भनेर पनि अब छलफल हुनुपर्दछ।

## हरि शर्मा

प्रतिनिधित्वको सवाल आफैमा समस्यायुक्त छ। कसले कसका लागि प्रतिनिधित्व गर्न सक्दछ भन्ने प्रश्न सैद्धान्तिक रूपमा अझै पनि विवादित विषय रहेको छ। समावेशीकरणको प्रक्रियामा समायोजनको कुरा पनि उठाइने गरिन्छ। कुनै प्रक्रियाबाट बाहिर भएकाहरूलाई प्रक्रियामा संलग्न गराउनु पनि समावेशीकरण मानिएको छ। बाहिर पारिएका र भित्र रहेकाहरूले एकअर्कोलाई आत्मसात् गर्न सक्छन् कि सक्दैनन् ?

## शारदा पौडेल

(नेपाल महिला सङ्घ)

संविधान राज्यको मूल कानुन हो। यसकारण यही कानुनमा महिलाको कुरा राख्न सकिएन भने भोलि फेरि पनि महिलाका दुःखका कुरा दोहोरिन सक्दछन्। नेपाली समाजमा पूर्णरूपले महिलाहरू समावेश हुन नसक्नुमा महिलाप्रति विभेद

भएका कानुनहरू रहनु हो । समाज र राज्यलाई समावेशी बनाउन यस्ता कानुन खारेज हुनैपर्छ । अब बन्ने कानुन सबैका लागि समान हुनुपर्दछ; जसले समावेशीकरणका लागि ढोका खोल्दछ ।

नेपाली महिलाहरूको क्षमता छैन यसकारण अहिले उनीहरूले राज्यका प्रमुख क्षेत्रमा प्रतिनिधित्व गर्न सक्दैनन् भनिएको छ । तर नेपाली नारीहरू नालापानी युद्धमा होमिएकै हुन् । क्षमताका आधारमा नेपाली महिलाहरू राज्यका अङ्गहरूमा अट्ने नअट्ने कुरा गर्दा पुन: विवाद सुरु हुन्छ । ३३ प्रतिशत आरक्षण आफैमा अपूर्ण छ । यो महिलमाथिको उपहास हो । हामीमाथि हाम्रो योग्यतामा प्रश्न खडा गरिएको छ । राज्यको प्रमुख स्थानमा बसेर काम गर्न नेपाली महिला योग्य छैनन् भन्ने दृष्टिकोण उपयुक्त छैन । महिलाहरू पुरुषहरूजस्तो भ्रष्ट छैनन् । गाउँघरमा आमा समूह, स्वावलम्बी समूहहरूजस्ता स्थानीय सङ्घसंस्थाहरूमा रहेर महिलाहरूले नेतृत्वदायी भूमिका देखाइसकेका छन् । यसकारण नीति-निर्माणको तहमा महिला सक्षम छैनन् भन्नु गलत तर्क हो । लोकतन्त्र प्राप्तिका आन्दोलनमा आधाभन्दा बढी सहभागिता महिलाको थियो । तर नेपालका राजनीतिक पार्टीहरूमा निरङ्कुश सोच अझै रहेको छ । उनीहरू महिलाको भूमिका तथा अवसरका बारेमा चिन्तित नै छैनन् । अब पनि महिलाहरूलाई पछि राख्ने सोच भइरहने हो भने महिलाहरूले छुट्टै पार्टी स्थापना गर्नेछन् । अहिले महिलाहरूले आरक्षण मागेको हैन अधिकार मागेका छन् । हुँदै नभएको भूमिका स्थापित गर्नका लागि आरक्षणबाट सुरु गर्ने माग गरिएको हो । यसलाई अन्यथा लिइनुहुँदैन । महिलाहरूलाई आत्मनिर्णयको अधिकार दिइनुपर्दछ । संविधानसभाका लागि हुने प्रतिनिधित्व तथा राज्यको नयाँ संरचना कोर्दा जातजातिका आधारमा देशलाई लैजान हुँदैन । जातजातिका आधारमा प्रतिनिधित्व गराएमा अरू समस्या थपिन सक्दछ ।

## हरि शर्मा

महिलाहरूको सामाजिक आन्दोलन/अभियानलाई नेपाली समाजले कसरी हेरिरहेको छ ? यहाँका निकायहरूले कुन रूपमा लिएका छन् ? एउटा आन्दोलनपश्चात्को समयमा त्यस आन्दोलनबाट आएका विचारहरूबाट नै अन्य आधारहरू निर्माण हुने गर्दछन् ।

२०६३ को आन्दोलनले के-कस्ता आशाहरू जगाएको छ ? वा कस्ता मागहरू उठाएको छ ? र, यसलाई नेपाली राज्यले कसरी व्यवस्थित गर्दछ ? अहिले यो अहम् सवालको रूपमा रहेको छ । संविधानसभाको निर्माणमार्फत यस्ता मुद्दाहरूको बारेमा राष्ट्रिय स्तरमा गहन रूपमा छलफल गर्ने प्रक्रियालाई अहिले वैधानिक आधार मानिएको छ ।

## इन्दिरा थापामगर

(आदिवासी जनजाति महिला दबाब समूह, कास्की)

अवसर पाउने, अधिकार दिने कुराहरूमा सङ्ख्याका आधारमा सानो-ठूलो भनेर विभाजन गऱ्यौं भने यसले अर्को समस्या सिर्जना गर्दछ । कमजोर वर्गका आवाजलाई समयमा समावेश नगर्ने हो भने ठूलो विद्रोह हुन सक्दछ भन्ने शिक्षा हामीले पाइसकेका छौँ । यसकारण कमजोर पक्षको कुरालाई राज्यले समेट्नुपर्दछ । हामी आदिवासी जनजातिहरू शिक्षाको आधारमा कमजोर छौँ । चेतना, अवसर एकअर्कासँग जोडिएका छन् । यसकारण अहिले शिक्षामा पछाडि रहेका आदिवासी जनजातिहरूलाई राज्यले भाग छुटचाउनुपर्दछ । यसका साथै महिला र पुरुषबीच बराबरी समानताको हक हुनुपर्छ ।

## ओम शर्मा

(नेपाली काङ्ग्रेस, कास्की)

सर्वप्रथम आयोजकलाई राजनीतिक विषयको प्राज्ञिक छलफलको आधार देखाइदिनुभएकोमा धन्यवाद । हामीले विषयहरूको बारेमा लेख्दा र बोल्दा एकअर्काको स्वाभिमानप्रति जिम्मेवार भएर कुरा राख्यौं भने मात्र सहज रूपमा त्यस विषयलाई लिन सकिन्छ । *समावेशी लोकतन्त्रका आधारहरू* पुस्तकको एउटा लेखमा बाहुनवादलाई सम्पूर्ण सिद्धान्त, नीति र व्यवहारका रूपमा लिइएको छ। र, यसलाई नै समस्याको प्रमुख कारण मानिएको छ । के बाहुनवाद सिद्धान्त हो ? नीति हो ? किन समाजले विद्वान् मानेका व्यक्तिले यस्तो कुरामा विवादित तर्कहरू पेस गर्नुभएको हो ?

अहिले नेपाली समाजले किन समावेशी लोकतन्त्रको चाहना राखेको हो ? यसका प्रमुख कारणहरूमा राजामा रहेको चरम राजनीतिक महत्त्वाकाङ्क्षा, माओवादीको हतियारको राजनीति, राज्य सञ्चालनको परिपाटी यथास्थितिमा रहिरहनु र पुरानो चलनलाई परिवर्तन गर्ने नचाहने सोच, राजनीतिक पार्टीहरूको जनताको चाहनालाई राज्यसंयन्त्रमार्फत लागू गराउन सक्ने क्षमताको अभाव र काठमाडौँलाई मात्र आधार मानेर देशका अन्य भागका स्रोतसाधनलगायतका विषयहरूमा गरिएको शोषणको अन्त्यको चाहना हो ।

राज्यको संरचना परिवर्तन गर्नका लागि दुई कुरालाई प्रमुख आधार बनाउन सकिन्छ ।

पहिलो; राज्यभित्र गरिने राजनीतिक शक्ति तथा अधिकारको बाँडफाँडका निम्ति एकात्मक राज्यभित्रैबाट पनि शक्तिको पृथकीकरण गरी विकेन्द्रित शासनमार्फत स्थानीय स्वायत्तता प्रदान गर्न वा सङ्घीय शासनमार्फत अधिकार र शक्ति राज्य सरकार र सङ्घीय सरकारबीचमा बाँडफाँड गर्न सकिन्छ। यसै गरी

दोस्रोमा स्रोतसाधनहरूको वितरण उचित रूपमा गर्ने प्रक्रियाको थालनी गर्ने। हिजोको अवस्थामा यी दुवै कुरा नभएकोले अहिले राज्यको पुनर्संरचनाको कुरा उठेको हो।

सकारात्मक विभेदजस्ता शब्दहरूसँग म अनभिज्ञ छु। यसको नेपाली रूपान्तर नमिलेर हो कि ? अर्कोतर्फ सङ्घीयताको सवाल पनि अहिले चर्चाको विषय रहेको छ। यस्ता सवालहरू उठ्ने प्रमुख कारणमा काठमाडौँको हरेक क्षेत्रमा रहेको आधिपत्य तथा शोषण हो। तर जातीय तथा धार्मिक आधारमा अहिलेको अवस्थामा नेपालको समाजलाई बेग्लै आधार दिन सक्ने स्थिति नै छैन। त्यही भएर यसका आधारमा राज्यका स्रोतसाधन, अधिकार कसरी बाँडफाँड गर्न सकिन्छ ?

विदेशी दाताहरूले नेपालका सवालहरूमा सञ्चालन गरेका कतिपय कार्यक्रमहरूले यहाँ द्वन्द्व बढाउन भूमिका खेलेको देखिन्छ। हाम्रा छलफल तथा लेखनहरूमा पनि यसको प्रभाव परेको देखिन्छ। त्यसैले अब पुराना कुराहरूमा बढी विवाद गर्नुभन्दा समाजको परिवर्तनका लागि नयाँ सोच र भावना राखी एकअर्काका अधिकार र आस्थालाई सम्मान गर्दै अगाडि बढ्नु उचित हुनेछ।

## हरि शर्मा

कतिपय विषयहरू एउटा भाषामा उत्पत्ति भएर अर्कोमा जाँदा त्यसले केही भ्रम उत्पन्न गर्न सक्दछ। लोकतन्त्रको कुरा गर्दा यो सुरुमा आफै एउटा असमावेशी चरित्रकै रूपमा आएको थियो। यसको प्रक्रियामा पनि सीमित समूहको आधिपत्य रहेको थियो। समयक्रमसँगै यस प्रक्रियामा समावेश हुन नसकेकाहरूलाई कसरी समावेश गराउने भनेर चिन्तन हुन थालेको हो। यसैकारण यससम्बन्धी सैद्धान्तिक बहस अद्यापि जारी नै छ।

अहिले नेपालको लोकतान्त्रिक प्रक्रियालाई कसरी समावेशी तुल्याउने र राज्यशासन अधिकार तथा शक्ति कसरी बाँडफाँड गर्ने भन्ने बहस भइरहेको छ। यससँगसँगै 'नेपालमा को पहिला आएको थियो' भन्ने विवाद पनि गरिँदैछ। हिन्दू धर्म मान्ने र नमान्ने आधारमा पनि वर्गीकरण गरिएको छ। जनजाति आन्दोलनले मतवाली-तागाधारीका कुरा मुलुकी ऐनमा टेकेर उठाउने गरेको पाइन्छ। यसरी हेर्दा हरेक अवधारणाहरू विवादित नै रहेको पाइन्छ।

## निर्मल श्रेष्ठ

(होटल मजदुर सङ्घ, कास्की)

कुनै समूहको समावेशीकरणका लागि व्यक्तिभन्दा पनि त्यो समूहको प्रमुख समस्या

र उक्त समस्या समाधान गर्न सक्ने नीति तथा कार्यक्रम अनि उक्त समूहको तत्कालीन उद्देश्यको प्रतिनिधित्व गराउन सक्नु ठूलो कुरा हो । व्यक्तिको प्रतिनिधित्वले समूहको प्रतिनिधित्व हुन्छ भन्ने कुरा विगतदेखि नै विवादित छ । कतिपय व्यक्तिहरूले जुन समूहको प्रतिनिधित्व गरेका हुन् त्यो समूहलाई नै भुलेको दृष्टान्त छ । महिला जातजाति, भाषा, अपाङ्गजस्ता छुट्टाछुट्टै समूह छुटयाएर प्रतिनिधित्व गराउने हो भने त्यसमा मात्र सबै कुरा अल्झिरहनेछ । मौसमी राजनीतिले मुलुकको हित गर्दैन । राज्यले हरेक समूहका विचारलाई चाहिँ समेट्न सक्नुपर्दछ । हामी गिरिजा र मनमोहन प्रम हुँदा खुसी भयौं किनकि उहाँहरू पहिला मजदुर हुनुहुन्थ्यो तर उहाँहरूले मजदुरको प्रतिनिधित्व गर्न सक्नुभएन । यसकारण आफ्नो समूहको मान्छे प्रतिनिधि हुँदैमा त्यो समूहको हित हुँदैन । अब हामीले प्रतिनिधित्वभन्दा पनि समूहका हकको कुरा र क्षमता वृद्धिका लागि राज्यसँग आवश्यक सहयोग माग गर्नुपर्दछ ।

## पूर्णभद्र अर्याल

(होटल मजदुर)

समावेशीकरणका लागि सामाजिक पक्षलाई प्रमुख आधार मानिनुपर्दछ । राजनीतिक मुद्दामा बढी केन्द्रित भइयो भने निरन्तर विवाद रहन सक्दछ । राजनीतिक आधारमा मात्र जाति, धर्म, भाषाका कुरा गरियो भने एकअर्कामा आरोप-प्रत्यारोप गर्दै रहने हुन्छ । समावेशी चरित्रको राज्य र संविधानसभाको विषयमा हुने प्रतिनिधित्वको सवाललाई आरक्षणको रूपमा उठाइने गरिएको छ । के पछि परेका समाजका लागि आरक्षण मात्रले माथि पुऱ्याउन सक्ला ? त्यहाँका सामाजिक तथा आर्थिक पक्षहरू किन महत्त्वहीन भएका ? आधुनिक समाजमा पेसाका आधारमा रहेका सवालमार्फत राज्यसँग सम्बन्ध नवीकरण गरिएमा धेरै पक्षहरू समेटिन सक्दछ । जातीय आधारको सङ्घीयताबाट यहाँ थप द्वन्द्व मात्र हुन सक्दछ ।

## हरि शर्मा

अहिलेको छलफलले कसले कसका लागि बोल्दछ भन्ने सैद्धान्तिक प्रश्नलाई उजागर गरेको छ । बोल्ने प्रक्रिया के हो ? के एउटा समूहले आफ्ना समस्याका कुराहरू मात्र गरिरहने अनि अर्कोले पनि उसको कुरा मात्र गर्ने हो ? कि सवालहरूलाई अरूसँग पनि नजिक पार्नका लागि सैद्धान्तिक आधारहरूमा राखेर हेर्ने हो ? कसरी एकअर्काका विचारहरूलाई सहज रूपमा बुझाउन र लिन सकिन्छ ? एकअर्काका सवालहरूलाई बुझ्न र बुझाउन तार्किक आधारमा बहस गरिनुपर्छ । यसै गरी प्रतिनिधित्वको कुरा गर्दा समूहले कुनै व्यक्तिको विचारलाई र व्यक्तिले समूहको

विचारलाई कुन रूपमा प्रतिनिधित्व गर्न सक्दछ ? यो आफै विवादको विषय छ । यसकारण सङ्ख्या, त्यसका आधारमा हुने प्रतिनिधित्वजस्ता विषयहरू समाजमा जहिले पनि विवादको घेरामा नै रहेका हुन्छन् ।

• • •

## दोस्रो सत्र

### कृष्ण हाछेथु

आजको पहिलो सत्रमा समावेशी शब्दलाई एकाङ्की रूपमा प्रस्तुत गरियो । आफ्नो समूहको पहिचानका सवालहरू मात्र यहाँ व्यक्त भए । समावेशी प्रणाली सामूहिक पहिचानको पृष्ठभूमिमा सबै समूहका सवाललाई समेट्नुपर्दछ भन्ने अर्थमा आएको हो । पहिचानको राजनीतिमा भूगोलले पनि भूमिका खेल्दछ । पहिचानको निर्माण गर्ने प्रक्रियाभित्र शक्ति प्राप्त गर्ने चाहना पनि रहेको हुन्छ । तर शक्तिको बाँडफाँड समावेशीकरणको एउटा पक्ष मात्र हो ।

समावेशीकरणभित्र सामूहिक सशक्तीकरण र प्रतिनिधित्वका विषयहरू पर्दछन् । तर यहाँ बढीजसो प्रतिनिधित्वको सवालमा मात्र कुराहरू उठे । आरक्षण तथा प्रतिनिधित्वले कुनै समूहका केही व्यक्तिहरूको सामाजिक तथा अन्य स्तर उकास्न मद्दत गर्दछ । सँगै यसले अभिजात वर्गको निर्माण पनि गर्दछ । त्यसैले यो प्रक्रियाबाट सामूहिक सशक्तीकरण हुन सक्दैन । सामूहिक सशक्तीकरण नभई समावेशीकरण सम्भव हुँदैन । भारतमा २५ प्रतिशतको आरक्षण व्यवस्था गर्दा सामूहिक सशक्तीकरण हुन सकेन । यसकारण सामूहिक सशक्तीकरणका लगि अहिले पछाडि परेका समूहहरूले फाइदा पाउने गरी नेपाल राज्यलाई पुन: रेखाङ्कन गर्नुपर्दछ । यदि राज्य सङ्घीयतामा गयो र यसको पुन: रेखाङ्कन गर्दा अहिले पिछडिएका जनता बसेको क्षेत्रलाई आधार मानेर गरियो भने त्यहाँ कलेज, सडक, अस्पताल बन्छन् र त्यहाँका जनताको पहुँच बढ्छ । यही प्रक्रियाहरूबाट सामूहिक सशक्तीकरण गर्न सजिलो पर्नेछ ।

### हरि शर्मा

जनताको सामूहिक पहिचान जबसम्म भूगोलसँग जोडिँदैन तबसम्म पूरा हुन सक्दैन । यसैले पहिचानका लागि भूगोल खोजिने गरिन्छ । आजको राजनीति राज्यको कुरा गर्दागर्दै पनि स्थानीयतामा पसेको देखिन्छ । प्रतिनिधित्वको सवाल आउनेबित्तिकै कसबाट प्रतिनिधित्व हुने र त्यो कहाँबाट हुने भन्ने सवाल उठिरहन्छ । यसकारण

पहिचान, प्रतिनिधित्वको सम्बन्ध भूगोलसँग पनि जोडिएर आउने गर्दछ । भूगोलमा पसिसकेपछि फेरि बहुपहिचानका कुराहरू पनि उठ्न सक्दछन् ।

सामूहिक पहिचानका आधारमा जति फाइदाको कुरा देखिएको हुन्छ, त्यसै गरी त्यहाँ एउटा व्यक्तिले समूहबाट अप्ठेरो पनि महसुस गरेको हुन्छ । एउटा व्यक्तिलाई मन नपरेको विचार समूहले मानिसकेपछि उसका लागि त्यो मान्यजस्तो देखिए पनि सन्तुष्ट नभइरहेको हुन्छ । त्यसै गरी राज्यबाट पनि एउटा व्यक्तिले जहिले पनि खतरा महसुस गरिरहन्छ । किनकि राज्यसँग हिंसा प्रयोग गर्न सक्ने वैधानिक आधार रहेको हुन्छ । यही भएर राज्यलाई सही रूपमा चलाउन र व्यक्तिमाथि राज्यको शक्ति प्रयोगलाई नियन्त्रित गर्न संविधान, कानुनको कुरा गरिन्छ । तर राज्य र समाज एकोहोरो ढङ्गबाट कहिल्यै चल्दैनन् । समाजमा कमजोरहरूले पनि आफ्नै तरिकाबाट प्रतिरोध गरिराखेका हुन्छन् । राज्य र समाजबीचमा एकपटकमा निर्धारण भएको सम्बन्ध अर्को अवस्थामा परिवर्तन हुन सक्दछ ।

## फणीन्द्र कोइराला

(अध्यक्ष, नेपाल बार एसोसिएसन, पोखरा)

म कानुनको विद्यार्थी भएका कारण कानुन तथा संविधानका विषयमा केन्द्रित हुन चाहन्छु । २०४७ सालको संविधानलाई उत्कृष्ट संविधान भनेर व्याख्या गरिएको थियो । त्यसलाई व्यवहारमा प्रयोग गर्दा सत्तामा रहनेहरूले आआफ्नो ढङ्गले व्याख्या गरे । विधायकहरूले पटकपटक यसको दुरुपयोग गरे । अहिले संविधानसभा विद्रोहलाई साम्य पार्नका लगि उपयुक्त ठानिएको पाइन्छ । २०४७ सालको संविधानमा पनि समावेशीकरणका अंशहरू थिए । ती पक्षहरूलाई कसैले पनि ख्याल नगरेजस्तो लाग्यो । तर नयाँ संविधानको कुरा गर्दा पुरानो संविधानले व्यवस्था गरेका राम्रा पक्षहरूको बारेमा पनि चर्चा गर्नु राम्रो हुन्छ ।

## राममाया विक

(सदस्य, नेकपा एमाले, कास्की)

राज्य र नेपाली समाजमा सबैभन्दा असमावेशी दलित महिला हुन् । दलित महिलाहरू समावेशी नहुनुमा छुवाछूत र महिला हुनु दुवै पीडाहरू रहेका छन् । अब राज्यको पुनर्संरचना गर्दा स्रोतसाधनहरूको बाँडफाँड, शक्तिको बाँडफाँड दलितको जनसङ्ख्याको आधारमा छुटचाइनुपर्दछ । दलितहरूलाई समानुपातिक आधारमा प्रतिनिधित्व गराउनुपर्दछ । ३३ प्रतिशत महिलाले दलितलाई प्रतिनिधित्व गर्दैनन् । यसकारण आरक्षणको कोटा दलित महिलालाई छुट्टै हुनुपर्दछ ।

## दिलु पन्त

(केन्द्रीय सदस्य, प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ)

राजनीतिक पार्टीहरू जनभावना प्रतिबिम्बित गर्ने संस्था हुन्। समावेशी धारणा पार्टीहरूले पनि आआफ्ना कार्यक्रमका आधारमा ल्याउनुपर्दछ। अहिले महिलाले ५१ प्रतिशतको प्रतिनिधित्वलाई पूर्णरूपमा समावेशी हुने आधार मानेका छन्।

जनआन्दोलनमा युवाहरूले भाग लिए, टायर बाले, ढुङ्गा हान्ने कार्य गरे। तर तिनीहरूलाई जहिलेसुकै ढुङ्गा हान्ने मात्र नबनाइयोस्। उनीहरूलाई अवसर दिइनुपर्छ। रोजगारीका अवसर उपलब्ध हुने स्थितिमा युवाहरू आफै राज्यको मूल प्रवाहमा समाहित हुनेछन्। युवाहरूलाई जिम्मेवार बनाउने गरी नीतिनियम र कार्यक्रम विकास गरिनुपर्दछ।

## मीना गुरूङ

(सचिव नेकपा एमाले, पोखरा)

अबको राजनीति समन्वयात्मक हुनुपर्‍यो। द्वन्द्वको उत्पत्ति र कारण केके हुन्? स्रोतसाधनको विषयमा विवादहरू रहेको छ। राज्यको पुनर्संरचनाका बेलामा स्रोतसाधनका आधारमा नयाँ भौगोलिक संरचना विभाजन गरिनुपर्दछ। राज्यभित्रका प्राकृतिक साधनहरू सबैले उपयोग गर्न सक्ने गरी व्यवस्था गरिनुपर्दछ।

## देवराज चालिसे

(प्राध्यापक, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा )

व्यक्ति र समाज तथा समाज र राज्यबीचको सम्बन्धका बारेमा अध्ययन गरिनुपर्दछ। यस्ता सम्बन्धहरूलाई राज्यका हरेक पक्षमा राखेर हेरिनुपर्दछ। यसपछि कसको सम्बन्ध कुन रूपमा रहेको छ भनी प्रस्ट हुन सक्दछ।

मानवका नैसर्गिक अधिकारहरूलाई वैधानिकता दिने आधार समावेशीकरण हो। यसकारण समावेशीकरणको प्रक्रिया मेलमिलापबाट सुरु हुन्छ। यदि समावेशीकरणका लागि समूह, भाषा, धर्मभित्रबाट प्रतिनिधित्वहरूमा जान थालेमा हरेक समूहभित्र उपसमूह तथा फरकफरक तहहरू पाइन्छ जसको कुनै अन्त्य नै हुन सक्दैन। यसैकारण समावेशीकरणका लागि केलाई आधार बनाउने भन्ने प्रश्न सिर्जना हुन थाल्छ। समावेशीकरणको राजनीति गर्दा हल्लाभन्दा पनि नीति-निर्माणमा सबैको पहुँच हुन सक्ने वातावरण सिर्जना गर्नुपर्दछ। जातीयभन्दा आर्थिक अवस्था तथा स्रोतसाधनमा पहुँच भएनभएको आधारलाई मान्यता दिइनुपर्दछ।

१२ वर्षे प्रजातान्त्रिक शासन अवधि आफैमा समावेशी नभएको नभई त्यस बेला शक्तिको एकाधिकार बनाउने प्रवृत्ति हाबी भएको हो। यस्तै शासकीय

कौशलताको अभाव भएका कारण शासनमा जानेबित्तिकै आफन्तको र आफ्नो आर्थिक सुरक्षा गर्नतर्फ लागेको देखिन्छ । सफल समावेशीकरणका लागि सत्ताको साझेदारी सबैभन्दा महत्त्वपूर्ण हुन्छ । पहिचानलाई एकअर्कामा मिलाएर जान नसकेमा प्रजातन्त्रको अर्थ रहँदैन । प्रजातन्त्र भनेको नै एकअर्काका विचार र भावनाको आदानप्रदान गर्न सक्नु हो । यस्तै प्रक्रियाबाट धेरै कुरामा सामूहिक पहिचान निर्माण गर्न सकिन्छ । यदि सामूहिक पहिचान निर्माण हुन्छ भने त्यहाँ सामूहिक चाहना पनि विकास हुन सक्दछ । यो सामूहिक पहिचान समयसँगै आवश्यकता र इच्छाहरू मिलेर पनि निर्माण हुन सक्दछ ।

कसैको पहिचानलाई कसैले पनि अवहेलना गर्नुहुँदैन । कोही बाहुन भएर जन्मँदैमा अपराध गरेको छ भन्न मिल्दैन । जातजाति, धर्मबाट निर्माण हुने पहिचानले बढी विवाद सिर्जना गर्न सक्दछ । यस्तो पहिचानको कुरासँगै अरू पहिचानहरूलाई मिसाउनै पर्दछ । यसकारण धेरै सवालहरूमा साझा सवाल निर्माण गर्दै अगाडि बढ्न सकिन्छ ।

नेपालमा सिर्जना भएका समस्याको प्रमुख केन्द्र काठमाडौँ हो । नीति-निर्माण सबै त्यहीँ हुन्छ । शक्ति सबै काठमाडौँमा केन्द्रित गरिएको छ । र, त्यहाँको सोच बाहिरको समस्यालाई समस्या नदेख्ने खालको हुने गरेको छ । सामन्ती संस्कारको सोच त काठमाडौँमा विकास हुन्छ । यसकारण एउटा भूगोलबाट मात्र सम्पूर्ण राज्यलाई असर पार्ने शासनको अर्को स्वरूप खोज्नका लागि पहल गर्नुपर्दछ । अहिले पुनर्जागरणको अवधि हो । यो सुनौलो समय हो । समस्याको रूपमा उठिरहेका प्रश्नलाई कसरी सम्बोधन गर्न सक्छौँ ? यही प्रमुख अवसर तथा चुनौती दुवै रूपमा रहेको छ ।

## हरि शर्मा

वर्तमान नेपालका सामाजिक सम्बन्धहरू प्रश्न नै प्रश्नको घेरामा रहेका छन् । यहाँ सबैको नयाँ भूमिकाको कुरा भइरहेको छ । राजा, धर्म, संस्कृति सबै पक्षमा प्रश्न नै प्रश्न उठेका छन् । यस अवस्थामा नेपाली समाज कसरी अगाडि बढ्न सक्दछ ? यदि तार्किक आधारमा बहसहरू हुँदै जाने हो भने फरकफरक समूहका तर्कहरूलाई मिलाएर लैजान सजिलो हुनेछ ।

## टोपबहादुर थापा

(लेक्चरर, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा)

समावेशीकरणका लागि अहिलेको संरचनालाई यथावत् राख्न सकिन्न । पुरानो संरचनाको ध्वंस भएपछि मात्र नयाँ संरचना बन्न सक्दछ । पुरानो संरचना कायमै

राखेर नयाँ संरचना पनि निर्माण गर्छु भन्नु मूर्खता हुन्छ । आर्थिक तथा सामाजिक रूपमा सम्पन्न र समाजमा गन्यमान्य भनिएकाहरूको मात्र शासनमा प्रतिनिधित्व भएको छ । यो नै असमावेशीको नमुना हो । स्वायत्तता र समावेशीकरणको बीचमा कस्तो सम्बन्ध छ भनेर हेरियो भने राम्रो हुन सक्छ । स्वायत्तता तथा पुनर्संरचना भनेको जातीय आधारमा पृथक्पृथक् भूगोल खोज्नु मात्र हैन । शक्ति एक ठाउँमा र सीमित मानिसभित्र मात्र केन्द्रित भएकोले यसलाई अन्यत्र पनि पुऱ्याउनुपर्दछ । उपेक्षित रूपमा रहेका स्थान तथा वर्गका मानिसहरूसम्म पनि शक्ति पुऱ्याउनुपर्दछ । यस कार्यको सुरुआत लोकतान्त्रिक परिपाटीका प्रमुख वाहक राजनीतिक दलहरूबाट गर्नुपर्दछ । अब अवधारणाभन्दा पनि काम/व्यवहारलाई समावेशी बनाउन लाग्नुपर्दछ ।

## रामजी थापा

(सदस्य, जनमोर्चा नेपाल, कास्की)

२३७ वर्षदेखिको राजतन्त्रले समावेशी चरित्रलाई निषेध गऱ्यो । त्यसैले समावेशीकरणका लागि राजतन्त्रको अस्तित्व समाप्त गर्नुपर्दछ । अहिले राज्यको संरचनामा नै समस्या रहेको छ । यसकारण यो संरचनालाई पूर्णरूपमा ध्वंस गर्नुपर्दछ र अनि मात्र नयाँ संरचना निर्माण गर्न सकिन्छ । यसै संरचनाको टालटुले कुराबाट समाजमा परिवर्तन हुन पनि सक्दैन र यसबाट समावेशीकरणको गफ मात्र हुन जानेछ ।

## हरि शर्मा

राज्यको पुनर्संरचनाको कुरा गर्दा अहिले अन्तर्राष्ट्रिय पक्षहरूबारेमा चर्चा नै गरिएको पाइँदैन । हामी खुल्ला सिमानामा बसिरहेका छौँ । यस्तै गरी विश्वव्यापीकरणको कारण हाम्रा गतिविधिहरू आन्तरिक रूपमा मात्र सीमित छैनन् । सहयोगको लेनदेनले पनि एकप्रकारको सम्बन्ध विकास गरेको छ । यसकारण पुनर्संरचनाको बहसमा अन्तर्राष्ट्रिय पक्षहरू पनि खोजिनुपर्दछ ।

## इन्द्रकला कुमाल

(आदिवासी जनजाति महिला सङ्घ, तनहुँ)

प्रतिनिधित्वको सवाल तथा महिलाले भोगेका समस्या, उनीहरूले समाजमा पुऱ्याएको योगदान र यसको समावेशीकरणसँगको सम्बन्धमा कुरा गर्दा महिलाभित्र जनजाति, दलित महिलाहरू पनि छन् भनेर भुल्नुहुँदैन । उनीहरूका आफ्नै अनुभवहरू छन् । यसकारण महिलाभित्रका फरक अवस्थामा रहेका महिलाहरूलाई राज्यको समावेशीकरणमा

कसरी लैजान सकिन्छ, संविधानमा उनीहरूका भावनालाई कसरी समेट्न सकिन्छ भनेर सोच्न सक्नुपर्दछ ।

## पदम गिरी

(सभापति, स्वतन्त्र विद्यार्थी युनियन, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा)

समाज विकासक्रममा जातीय राज्य पहिला नै थियो । अब आधुनिक राज्यको स्थापना भइसकेको अवस्थामा फेरि जातीय आधारमा राज्य चलाउँछु भन्नु पछौटेपन हो । समाजलाई जाति, भाषा, धर्मको आधारमा फेरि विभक्त गर्नु भनेको हामी आधुनिक समाजबाट फेरि पुरातनवादी समाजतिर फर्कनु हो । हो जातीय विभेद, सामाजिक विभेद, धार्मिक विभेद गर्न खोज्ने समूह तथा व्यक्ति यहाँ नभएका होइनन् । ती पुरातनवादी सोच बोकेका मानिसहरू हुन् । यस प्रकारको विभेदलाई कानुनी रूपमा दण्डनीय व्यवस्था हुनुपर्दछ । सामाजिक विभेद सामन्तवादले बीजारोपण गरेको हो । सामन्तवादी प्रवृत्ति सबै जातिहरूमा अहिले पनि छ । यसकारण सबभन्दा पहिले सामन्तवादलाई हटाउनुपर्दछ । यसबाट मुक्त हुनसकेमा समावेशीकरणको प्रक्रियालाई अन्य आधारबाट अगाडि बढाउन सकिन्छ ।

## सुलोचना शर्मा

(अध्यक्ष, नेपाल महिला सङ्घ प्रजातान्त्रिक, कास्की)

सामाजिक संरचनाहरू विभेदकारी छन् । विद्यमान संरचनाले महिलामाथि राम्रो दृष्टिकोण राखेको छैन । नराम्रो संस्कारलाई परिवर्तन गर्नु जरुरी छ । नयाँ संरचना बनाउने बेलामा पुरानो कुरा बिग्रिएला कि भनेर सोचिरहनुपर्दैन । हामी अहिले एउटा सामाजिक आन्दोलनकै क्रममा छौँ । सामाजिक आन्दोलनको लक्ष्य समाजमा हरेक समूहको स्वाभिमान, इज्जत र प्रतिष्ठा पुनर्स्थापना गर्नु हो ।

## वृन्दा रानामगर

(नेपाल तरुण दल, कास्की)

महिलाहरूको पृष्ठभूमिलाई धेरै क्षेत्रमा समावेश गरिएको छैन । आरक्षण – महिलाहरूका लागि अहिलेको अवस्थाबाट माथि उठ्न सक्ने एउटा अवसर हो । महिलाले प्रतिनिधि दिन सक्छन् । महिलाहरूलाई अवसरबाट वञ्चित गरिएको छ । तसर्थ सर्वप्रथम अवसर दिनुपर्दछ ।

राजनीतिक दलहरूले समाजको बदलिएको चाहनालाई सही ढङ्गबाट नेतृत्व दिनुपर्दछ । २३७ वर्षदेखि एकात्मक राज्य प्रणाली भएकाले त्यसको परिवर्तन गर्नुपर्दछ ।

## इन्द्रकला बराल

(प्राध्यापक, पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा)

समाजको संरचनामा फरकफरक पक्षहरू रहेका हुन्छन् । यसकारण संरचनालाई पुनर्संरचना गर्दा पनि सबैतिरबाट एकत्रित गर्दै जानुपर्दछ । महिलाले महिलाका बारेमा बुझ्नु, बोल्नुपर्ने हुन्छ र महिलाले मात्र महिलाको प्रतिनिधित्व गर्न सक्दछन् किनकि अचानाको पीर खुकुरीले जान्दैन भनेझैँ महिलाको पीडा अरूलाई थाहा हुँदैन ।

## रामजी कुँवर

(केन्द्रीय उपाध्यक्ष, नेपाल ट्रेड युनियन काङ्ग्रेस)

सोशल साइन्स वहाःले कसैलाई पनि आक्षेप नलगाईकन समाजमा रहेका विचारहरूलाई बहसमा लैजान सकोस् । अहिले देशमा ९० लाख मजदुर छन् । उनीहरू देशको दोस्रो दर्जाको नागरिकको रूपमा काम गरिरहेका छन् । बजेट भाषणका क्रममा श्रमिकबारेमा केही उल्लेख गरिँदैन । देशमा जातजातिभन्दा पनि 'हुने' र 'नहुने' बीचको विभेदलाई न्यून गरी आर्थिक र सामाजिक उत्थान गरेमा मात्र राज्य समावेशी हुन्छ अन्यथा हुँदैन । जातजातिको भन्दा विचारको प्रतिनिधित्व हुनुपर्दछ । लोकतन्त्रमा विचारको राजनीति गरिन्छ । यो आधुनिक अवस्थामा जातजातिका समस्यालाई पनि कुनै न कुनै विचारमा समेटिएको हुन्छ । विचारका आधारमा राजनीतिक दल निर्माण हुन सक्दछ । यसकारण विचारका आधारमा नै राजनीति अगाडि बढाऔँ ।

## विनोद न्यौपाने

(सभापति, स्वतन्त्र विद्यार्थी युनियन, वन विज्ञान अध्ययन संस्थान, पोखरा)

नीति-निर्माण तहमा जुन खालको मान्छे पुग्दछ त्यहीअनुरूप नै नीतिहरू बन्ने गर्दछन् । यसकारण नीति-निर्माण कहाँबाट हुने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । काठमाडौँमा मात्र नीति बनाउँदा बाहिरको विचार समेटिएन । यसकारण स्थानीय स्तरमा त्यहीँकै मानिसहरूले नीति बनाउने र कार्यान्वयन गर्न सक्ने गरी नयाँ व्यवस्था गरिनुपर्दछ । स्रोतसाधनको वितरण पक्षलाई समावेशीकरणको प्रमुख आधार मानिनुपर्दछ । स्थानीय स्तरमा वन उपभोक्ता समूहहरूले काम गरिरहेका छन् । स्रोतसाधनको उपयोग एक स्तरमा त्यही भएको पाइन्छ र आवश्यकता पनि त्यहाँ नै उत्पन्न भएको हुन्छ । जस्तै, दलितलाई गोल, कृषकलाई विभिन्न औजार बनाउन काठ चाहिन्छ । अब यो अवस्थामा स्रोतसाधन प्रयोग गर्दा सबैको चाहना हेरेर नीतिहरू बनाउन सकेमा समावेशीकरणको प्रक्रिया त्यहीँबाटै सुरु हुन्छ । यसकारण नयाँ संरचना निर्माण गर्दा स्थानीय आधारहरू हेरिनुपर्दछ । नेपाली

जनता पूर्णरूपले सार्वभौम नहुन्जेल समावेशीकरण गर्न सकिँदैन। केही विषयमा छिनोफानो गर्न गाह्रो भएमा जनमतसङ्ग्रहबाट निर्णय गराउने प्रक्रिया सबभन्दा लोकतान्त्रिक हुन्छ। समानुपातिक निर्वाचन प्रणालीबाट सबैको विचारलाई संविधानसभामा पुऱ्याउन सकिन्छ भन्ने राय पनि आएको छ। यसको बारेमा पनि छलफल हुनु जरुरी देखिन्छ। राज्यले सुशासन प्रदान गर्न सकेमा मात्र समावेशीकरण हुन सक्दछ। राजनीतिमा 'विभाजन गर र शासन गर' भन्ने उक्ति प्रचलित छ। अहिलेको अवस्थामा धर्म, वर्ण, जातजातिका आधारमा संविधानसभाका कुरा लिएर जानु भनेको आफूमा विवादित हुनु हो। यसले जनताले चाहेको शासन स्थापना गर्न सहयोग गर्दैन।

## हरि शर्मा

आजको छलफलमा फरकफरक अनुभवका आधारमा आआफूले बुझेका कुराहरू उठाइएका छन्। सवालहरूलाई जति बढी छलफल गर्न सक्यो उति नै एकअर्काबीचमा रहेको भ्रम हटाउन मद्दत पुग्नेछ। भावनात्मकभन्दा पनि विश्लेषणात्मक आधारमा विचारहरूको प्रस्तुति हुँदै जानेछ भन्ने आशा हामीले राखेका छौँ। लोकतन्त्रमा समाजमा रहेका हरेक तर्कहरूलाई खुल्ला रूपमा छलफल गर्दै जाने अवसरलाई मान्यता दिने गरिन्छ।

# धनगढी
# २४ भदौ, २०६३

## पहिलो सत्र

### हरि शर्मा

(सोशल साइन्स वहा:)

वर्तमान अवस्थामा नेपाली समाजमा हरेक सामाजिक सम्बन्ध र संस्थाहरूका बारेमा व्यापक रूपमा प्रश्नहरू उठेका छन् । यस्ता प्रश्नहरू लेख, छलफल, आन्दोलनलगायत अनेक माध्यमबाट प्रकट भइरहेका छन् । समाजमा अनुभव, पेसाजस्ता कुराहरूको आधारमा मान्छेले कुनै विषयलाई फरकफरक तरिकाबाट हेरिरहेको हुन्छ । त्यस्ता विषयहरूमा फरकफरक विचार र तर्कहरूको माध्यमबाटै सहमतिमा पुग्नुपर्ने हुन्छ । तार्किक छलफल तथा अन्तरक्रियाबाट कुनै पनि विषयका बाधा र अड्चन फुकाउन सकिन्छ । यही मान्यताप्रति विश्वस्त रहेर सोशल साइन्स वहा:ले नेपाली समाजमा चर्चित विषयहरूमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको छ ।

अहिले नेपालमा सामाजिक समूहहरूले राज्यलाई प्रमुख केन्द्र मानेर आफ्ना सवालहरू उठाइरहेको पाइन्छ । हरेक सवालमा राज्य प्रमुख केन्द्रमा रहेको देखिन्छ । राज्यबाट जनजाति, महिला, दलित, मधेसीका सवाललाई बेवास्ता गरिएका तर्कहरू उठिरहेका छन् । समावेशीकरण र राज्यको पुनर्संरचना अहिले नेपाली समाजका प्रमुख मुद्दाहरू बनेका छन् । यसैकारण राज्यसँग हुने सामाजिक समूहहरूको सम्बन्ध, समावेशीकरण तथा संरचना, पुनर्संरचनाका विषयहरूलाई सैद्धान्तिक आधारमा हेरिनु जरुरी भएको छ ।

हरेक समूहमा लाभ र समस्याका पक्षहरू हुन्छन् । राज्य पनि सामूहिक पहिचान हो । समाजमा भएका अन्य समूहहरूभन्दा राज्यको अधिकार बढी हुन्छ । यसकारण राज्यको व्यक्तिसँगको सम्बन्ध झिनो हुन्छ, शङ्कास्पद हुन्छ । यसै भएर संवैधानिक, कानुनी तथा अन्य व्यवस्थाबाट राज्यबाट व्यक्तिको सुरक्षा गर्न खोजिएको हुन्छ ।

के अहिले चर्चा गरिएजस्तै सामाजिक समूहहरूको सम्बन्ध राज्यसँग मात्र छ त ? कि सामाजिक समूहहरूबीचको आपसी सम्बन्ध पनि हुन्छ ? के सामाजिक

समूहहरूको राज्यसँगको सम्बन्ध सुध्रिँदैमा सबै सवालहरू हल हुन सक्दछन् त ? आजको घडीमा यस्ता प्रश्नहरूको जवाफ खोज्नु पनि अत्यन्त आवश्यक हुन्छ ।

हाल भइरहेका छलफलकै क्रमहरू हेर्दा र विचार-विमर्शहरू सुन्दाखेरि 'समावेशी' को सवाललाई दुई पक्षबाट हेरिएको वा उठाइएको पाइन्छ । एउटा धारणा 'लोकतन्त्र समावेशी हुन्छ' भन्ने रहेको छ भने अर्को धारणा 'राज्य समावेशी हुनुपर्छ' भन्ने पाइन्छ । सैद्धान्तिक रूपमा हेर्दा लोकतन्त्र आफैमा एउटा प्रक्रिया हो । 'लोकतन्त्र समावेशी हुनुपर्दछ' को अर्थ त्यसको प्रक्रिया समावेशी हुनुपर्दछ भन्ने लाग्दछ । त्यसै गरी 'राज्य समावेशी हुनुपर्छ' भन्दा त्यो संरचनासँग गाँसिएको सवाल बन्न पुग्छ । अर्थात् संरचना समावेशी हुनुपर्दछ भन्ने अर्थ लाग्छ ।

अहिले जनजाति, दलित, महिला, मधेसजस्ता फरकफरक पहिचानका सवालहरू राजनीतिक मुद्दाका रूपमा बहसमा प्रवेश गरेको पाइन्छ । आफ्नो समूहका दाबीहरू राज्यसँग प्रस्तुत गर्नका लागि पहिचानसँगै ऐतिहासिकतालाई पनि प्रमुख आधार मानेको पाइन्छ । नेपालका धेरैजसो सामाजिक समूहले पृथ्वीनारायण शाहको शासनलाई प्रमुख केन्द्रमा राखेर कुराहरू उठाउने गरेका छन् । यसैकारण यस्ता छलफलहरूमा सहभागी हुँदा इतिहासलाई कसरी हेर्ने ? पृथ्वीनारायण शाह विस्तारवादी हुन् या दूरदर्शी हुन् ? उनलाई कुन धारबाट हेर्ने ? 'विस्तारवादी' को रूपमा हेरेर तर्क गर्दा एउटा निष्कर्षमा पुगिन्छ भने 'दूरदर्शी' ठानेर हेर्दा अर्कै निष्कर्षमा पुग्न सकिन्छ । इतिहासको अभिप्राय: हुन्छ र यो अभिप्रेरित पनि हुन्छ । यसै भएर छलफलहरूमा सवालहरू उठाउँदा हामी ऐतिहासिकताबाट उम्कन सक्छौँ सक्दैनौँ भनेर पनि सोच्नुपर्ने हुन्छ ।

अहिले धेरैजसो तर्क पहिचानमा केन्द्रित भएर उठ्ने गरेका छन् । व्यक्तिलाई एउटा पहिचानसँग जोडिएको छ र त्यही पहिचानको बारेमा मात्र कुराहरू हुने गरेका छन् । तर यसका बारेमा सैद्धान्तिक प्रश्न उठ्ने गर्दछ : के पहिचान स्थायी हुन्छ ? वा पहिचानहरू समय परिस्थिति र भूगोलअनुसार परिवर्तन हुन्छन् ? अहिले प्रतिनिधित्वका लागि पहिचानको सवाल सबैभन्दा बढी उठेको देखिन्छ । पहिचानहरू फरकफरक हुन्छन् । समाजमा एउटै व्यक्तिको बहुपहिचान हुन सक्दछ । यसकारण पहिचानका आधारमा हुने प्रतिनिधित्व विवादित हुने गर्दछ । कसले कसका लागि प्रतिनिधित्व गर्न सक्दछ ? कसले कसका लागि बोल्दछ ? भन्ने सैद्धान्तिक सवालहरू यसकारण नै उठिरहेका छन् ।

यसका साथै अरू सवालहरू पनि समाजमा उठ्ने गरेका छन् : नेपाली राष्ट्रियताको पहिचान के हो ? हामीलाई राष्ट्रियताको सूत्रमा बाँध्ने आधार के हो ? अन्तरसमुदायबीचको सम्बन्ध कस्तो हुनुपर्छ ? के हिंसाबाट निर्देशित सामाजिक र राजकीय सम्बन्ध दिगो हुन सक्छ ? यस्तै सवालहरूमा हामी विश्लेषणात्मक छलफल गर्नका

लागि यहाँ उपस्थित भएका छौँ ।

अहिले नेपालमा बहस भइरहेका चारओटा सवाललाई केन्द्रमा राखेर छलफल अगाडि बढाऊँ भन्ने मेरो अनुरोध छ । ती सवालहरूलाई छोटकरीमा यसरी राख्न सकिन्छ :

(१) ऐतिहासिकताको प्रश्न

(२) बहुआयामिकताको पक्ष

(३) हिंसा र समाजको कुरा

(४) कसले कसका लागि बोल्दछ ?

## हेमराज पन्त

(क्याम्पस प्रमुख, कैलाली बहुमुखी क्याम्पस, धनगढी)

छलफलका विषय सारगर्भित छन् । मुलुकमा समसामयिक अवस्थामा देखिएका यी विषयहरूबारे समाजशास्त्रीय दृष्टिकोणबाट छलफल गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ । कुनै पनि राजनीतिक विषयहरू समाजका सवालहरूभन्दा बाहिर रहँदैनन् । नेपाली समाजमा अहिले धेरै नयाँ प्रश्नहरू सिर्जना भएका छन् । यस्ता प्रश्नहरूका बारेमा व्यापक छलफल र अन्तरक्रिया गरेर समयमा नै समाधान गर्नुपर्दछ । हामीकहाँ प्राय:जसो सवालहरूको बारेमा समाजशास्त्रीय कोणबाट गहिराइमा गएर सामाजिक, राजनीतिक सम्बन्ध खोज्ने र विश्लेषण गर्ने प्रक्रिया थिएन । आज यहाँ त्यस्तो प्रक्रियाको सुरुआत भएको पाएको छु । यसले समाजमा रहेको आन्तरिक सम्बन्ध, यसको राज्यसँगको सम्बन्ध र अरू समाजमा एकै खालका सवालमा भएका अभ्यासका बारेमा पनि बुझ्न मद्दत पुऱ्याउनेछ ।

एकपटक नेपालमा पहाडे, मधेसी, जाति, जनजाति आदि जहाँ जसरी बसेका छन् त्यो ठीकै छ भन्ने आम बुझाइ रहेको थियो । तर यता आएर समाजमा देखिएको द्वन्द्वले ती सामाजिक समूहहरूका राजनीतिक अधिकार र उनीहरूबीचको सम्बन्धका बारेमा कुरा उठाइदिएको छ । कुनै पनि सामाजिक तथा राजनीतिक सवाललाई त्यही समयको अवस्था र आवश्यकताका आधारमा हेर्नुपर्दछ । यदि सवालहरूको बारेमा नयाँ आयाम खोज्दा इतिहासका तर्कहरू मात्र अघि सारियो भने यसबाट समय र सन्दर्भअनुसारको चाहना पूरा नहुन सक्दछ ।

अहिले नेपाली समाजले द्वन्द्वको समाप्ति र शान्तिको कामना गरिरहेको छ । यदि लोकतान्त्रिक प्रक्रियामा सबै क्षेत्र तथा समूहका चाहना र आवश्यकतालाई समावेश गर्न सकिएन भने फेरि पनि समस्या उत्पन्न हुन सक्दछ । अहिले सबैका कुरालाई समेटेर अगाडि बढ्न सक्ने अवसर प्राप्त भएको छ । तर कसरी हरेक समाजका फरकफरक सवाल तथा चाहनाहरूलाई मिलाएर लैजान सकिन्छ भन्ने

कुराको छलफल हुनु जरुरी छ। वहा: जस्ता संस्थाहरूले यस्ता छलफललाई निरन्तरता दिनुपर्दछ।

## हरि शर्मा

नेपालमा कोही किन 'असमावेशी' भयो भन्ने कुरालाई नेपाली राज्यको विकाससँग जोडेर हेर्ने गरिएको छ। कतिपय सामाजिक समूहहरूले विगतमा आफ्नो छुट्टै राज्य भएको र नेपाली राज्यको विकाससँगै आफ्ना सम्पूर्ण अधिकार खोसिएका कारण आफूहरू बाहिर परेको तर्क गर्ने गरेको पाइन्छ। तर हिजोका सबै समाजहरू आजको 'नेपाल राज्य' जस्तो 'राज्य' भएका थिएनन्। थकालीहरूको पहिलाको मुखिया व्यवस्थालाई नै 'राज्य' भन्न नमिल्ला। यसकारण राज्यका बारेमा कुरा गर्दा राज्यको चरित्र यससँग समाज तथा व्यक्तिको सम्बन्ध राज्यद्वारा भएको समाजको वर्गीकरण, संविधान तथा कानुनमा त्यहाँका नागरिकहरूको अधिकार र राज्यको भूमिका आदि सम्पूर्ण पक्षहरूलाई पनि केलाउने कोसिस गर्नु जरुरी हुन्छ। यस छलफलको अभिप्राय: त्यही नै हो।

## गणेशदत्त भट्ट

(स्रोत व्यक्ति)

छलफलका क्रममा, नेपाली राज्यको पहिचान अन्तर्राष्ट्रिय रूपमा कसरी बनेको छ ? के अन्य राष्ट्रहरूको सामु नेपालीको पहिचानको निर्माण गर्ने हिजोका प्रयासहरू सबै गलत थिए भनेर हामी भन्न सक्दछौं ? यस्ता प्रश्नहरूलाई पनि बिर्सन हुँदैन। प्रजातन्त्र अहिले धेरै मुलुकहरूले अवलम्बन गरिरहेको उत्कृष्ट प्रक्रियाको रूपमा रहेको छ। तर जति यसको महत्त्वको बारेमा प्रकाश पारिन्छ हाम्रोजस्तो समाजमा प्रजातन्त्रलाई संस्थागत गरेर अगाडि बढाउने कार्य त्यति नै कठिन पनि छ। प्रजातन्त्रलाई दिगो रूपमा अघि बढ्ने प्रक्रियाको रूपमा लिने हो भने समाजको आर्थिक अवस्था सुदृढ हुँदै जानु जरुरी हुन्छ। १२ वर्षको प्रजातान्त्रिक परिपाटीलाई नेपालमा किन असफल मानियो ? जनताले त्यस बेलाको अवधिलाई के आधारमा आलोचना गरे भनेर अहिले थोरै बहस भएको छ। त्यति बेलाको अवस्थालाई मूल्याङ्कन गर्नु भनेको हामीले हाम्रो समाजअनुसारको प्रजातन्त्रको व्यावहारिक मूल्याङ्कन गरेको ठहर्दछ। हिजो प्रजातन्त्रको असफलताका प्रमुख कारणहरूमा हिंसा, दलहरूको अक्षमता, राजाको महत्त्वाकाङ्क्षा आदि हुन् भनेर नेपाली समाजले औंल्याएको थियो। अहिले यस्ता पक्षहरूका बारेमा मूल्याङ्कन नगरीकन यहाँका छलफल तथा माग र दाबीहरू अतिरञ्जित रूपमा उठाइयो भने प्रमुख समस्याहरू समाजमा त्यतिकै थाती रहनेछन्। अहिलेको स्थिति हेर्दा भएका आधारहरू भत्काउने

र नयाँ आधारहरू निर्माण गर्न नसक्ने अवस्थामा हामी पुग्दैछौँ कि भन्ने आशङ्का हुने गर्दछ। अब नयाँ परिस्थितिमा राजनीतिक सहभागितालाई कसरी अगाडि बढाउने ? समाजलाई कुन रूपमा राजनीतिक सहभागिताका लागि सक्षम बनाउने ? र यसका लागि कस्तो प्रक्रियाको प्रजातन्त्र हुने ? कसरी चुनाव गर्ने ? आदि विषय अहिले बहुचर्चित भएका छन्। समावेशी लोकतन्त्र अहिले विकसित हुँदै गएको एउटा प्रक्रिया हो। यसका बारेमा यही नै हुन्छ भनेर स्पष्टता छैन। यहाँ आफ्नो समूहको प्रतिनिधि भएमा समावेशी हुन्छ भनेर ठानिएको छ। यथार्थमा समाजका हरेक नागरिकको राजनीतिक तहमा हुने छलफल र नीति-निर्माण आदिमा हुने सहभागिताको प्रक्रिया, प्रतिनिधित्वभन्दा कैयौँ गुणा समावेशी प्रक्रिया हो।

यसै गरी सङ्घीय शासन भएमा राज्य समावेशी हुन्छ भन्ने चर्चा पनि अहिले चलिरहेको छ। सङ्घीयता हाम्रोजस्तो मुलुकका लागि सम्भव छ कि छैन ? यसको अन्तर्राष्ट्रिय प्रभाव के हुन्छ ? भनेर विश्लेषण गर्नुपर्ने हुन्छ। नेपालका लागि सबभन्दा प्रमुख समस्या राजनीतिक अस्थिरता रहेको छ। अब हामी राजनीतिक स्थिरताका सवालमा पनि कुरा गर्ने कि प्रतिनिधित्वका सवाललाई मात्र हेर्ने ? हामी संविधानसभाका लागि तयार भएका छौँ। अबको बेलामा हामीले सोच्नुपर्ने विषय के पनि हो भने संविधान सकारात्मक प्रयोगबाट परिपक्व हुँदै जान्छ। यसकारण सतही तर भावनात्मक आधारमा फेरि पनि संविधान निर्माण गर्ने र अर्को केही वर्षमा फेरि यसको असफलताको कुरा गर्दै जाने हो भने संविधान कहिल्यै पनि परिपक्व हुन सक्दैन।

## सुरेन्द्र चन्द

(प्राध्यापक, कैलाली बहुमुखी क्याम्पस, धनगढी)

अहिले सोचको नयाँ अध्यायको सुरुआत भएको छ। २०४६ को शासनपछि पनि नयाँ सोचको विकास हुन सकेन। हामीमा लोकतान्त्रिक दृष्टिकोणको अभाव भयो। नेतृत्वले क्षमता प्रदर्शन गर्न सकेन र समाजमा अनेक विद्रोहले ठाउँ पायो। अब हामीलाई विगतबाट शिक्षा मिलेको छ। यसकारण समाजकै अवस्थामा सुधार गर्ने प्रक्रियामा अगाडि बढ्नुपर्दछ। यसले समावेशीकरणतर्फ लैजानेछ।

## ओमप्रकाश पुन

(जनमोर्चा नेपाल, कैलाली)

राज्यसत्तालाई ऐतिहासिकताको सन्दर्भमा हेर्नुपर्दछ। इतिहासलाई ध्यान दिँदै वर्तमानको परिवेशमा भविष्यका कुरा निर्क्योल गर्ने परिपाटी वैज्ञानिक हुन्छ। निश्चित कालखण्डमा तत्कालीन आवश्यकताअनुसारको राज्य जन्मन्छ। अर्को रूपमा भन्दा, राज्यको

स्थापना तत्कालीन सामाजिक र आर्थिक प्रणालीको आवश्यकताअनुसार हुन्छ ।

अहिले नेपालमा वर्गसंरचनाअनुसारको राज्य प्रणाली खोजिएको छ । तर यहाँको सामाजिक, आर्थिक अवस्था र अन्तर्राष्ट्रिय परिस्थितिका कारण अहिले नेपालमा कुनै एउटा वर्ग वा व्यक्तिले राज्यलाई असर गर्न नसक्ने अवस्था रहेको छ । यसकारण फरकफरक समूहको संयोजनमा राज्य संरचना सञ्चालन गर्नुपर्ने हुँदा समावेशी कुरा उठेको छ । समावेशी लोकतन्त्रको अवधारणा सबै प्रकारका वर्गीय संरचनाको संरक्षण गर्ने उद्देश्यले आएको हो ।

पृथ्वीनारायण शाहले एक बृहत् साम्राज्य निर्माण गर्ने उद्देश्यले नेपालको एकीकरण गरे । राष्ट्र रहे पनि राज्यमा जनजातिहरूको पहुँच भएन । लोकतन्त्रका विभिन्न नमुनाहरू छन् । जस्तो कि प्रत्यक्ष लोकतन्त्र, समावेशी लोकतन्त्र आदि । हामीले हिजोका दिनमा अभ्यास गरेको लोकतन्त्र बहुमतको नाममा अल्पमतमाथि अत्याचार गर्ने परिपाटी भयो । यसले ठीक नतिजा निकालेन । यसकारण अहिले राज्य संरचनालाई पुनर्संरचित गर्नुपर्दछ । यहाँभित्र रहेका हरेक राष्ट्रलाई अगाडि बढाउन सङ्घात्मक रूपमा लानुपर्दछ भन्ने मान्यता विकास भएको छ । अत्यन्त विविधता रहेको नेपाली समाजलाई हेर्दा समानुपातिक निर्वाचन प्रणाली आवश्यक छ । यस प्रक्रियाबाट बनेको संरचनामा सबैको प्रतिनिधित्व हुन सक्दछ । र, अल्पमतले बहुमतमाथि शासन गर्न पनि सक्नेछैन । नागरिकका नीतिका आधारमा शासन गर्नुपर्दछ भन्ने यसको मान्यता हो । एउटाले अर्कोलाई निषेध गर्न नसकेको अवस्थाले गर्दा समन्वय आवश्यक छ । समावेशी लोकतन्त्रमार्फत प्राप्त गर्न खोजिएको पनि त्यही हो । यसलाई विकास गर्दै नयाँ सन्दर्भअनुसार समाजवादी लोकतन्त्रमा पुऱ्याउनुपर्दछ भन्ने मेरो मान्यता छ ।

## हरि शर्मा

हरेक अवधारणाको समय तथा क्षेत्रअनुसार माने लागेको हुन्छ । समयअनुसार दिइएको मानेले कुनै पनि अवधारणाको अर्थ झल्काउँदछ । जस्तै, प्रजातन्त्र र लोकतन्त्र । हिजो पञ्चायतको बेलामा प्रजातन्त्र शब्दको माने जति गौरवान्वित थियो अहिले नरहेको देखिन्छ । अहिले त्यो माने लोकतन्त्रले बोकेको पाइन्छ ।

## प्रकाश भण्डारी

(सामाजिक कार्यकर्ता)

इतिहासका आधारमा वर्तमान निर्माण भएको हो तर इतिहासमा भएका कुराप्रति गुनासो गर्दैमा समस्या समाधान हुन सक्दैन । त्यति बेलाको समयमा भएका कामहरूबाट शिक्षा लिँदै जाने हो । पीडित वर्गका निम्ति अरू वर्गले पनि बोल्न

सक्छन् । एउटा समूहको कुरा अर्कोले पनि उठाउन सक्दछ । यदि एउटा समूहको प्रतिनिधित्वको आरक्षण गर्ने भन्ने हो भने त्यहाँको जान्नेसुन्नेले मात्र पाउन सक्दछ । आम समूहको समावेशीकरण हुन सक्दैन । आम समूहको समावेशीकरणका लागि आर्थिक तथा सामाजिक रूपमा सक्षम बनाउने पहल गरिनुपर्दछ । विश्वमा धेरै सङ्घर्षहरू सम्झौतामा टुङ्गिएका छन् । हामीले एकअर्काका भावनाको कदर गर्ने समाज निर्माण गर्न नसक्ने प्रश्नै छैन । भारतीय स्वार्थले नेपालको राजनीतिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । यसकारण हामीबीचको फुटलाई हैन एकताका लागि पहल गर्ने बेला हो यो ।

## नन्दराज भट्ट

(जनमोर्चा नेपाल, कैलाली)

पृथ्वीनारायण शाहको एकीकरण त्यति बेलाको परिस्थितिअनुसार जन्मेको हो । फरकफरक राज्य हुँदा स्रोतसाधनहरू पनि नभएको हुँदा, त्यति बेलाका राजामा महत्त्वाकाङ्क्षा जागेको हुन सक्दछ । राजाको एकीकरणको इच्छा भनेको एकछत्र सामन्ती शासन चलाउने नै हो । जन्मँदा सँगै आएका विशेषताहरू मान्छेको वृद्धि सँगसँगै छुट्दै जान्छन् । यसकारण जन्मँदा हामी बाहुन, छेत्री, जनजाति आदि जे भए पनि राज्यसँग सम्पर्क हुँदा, बाहिरी देशहरूमा जाने बेलामा नेपाली हुन्छौँ । यसकारण हाम्रो आफ्नो जात, धर्मको पहिचानसँगै नेपाली भन्ने साझा पहिचान पनि रहेको हुन्छ । हावा चलेपछि ठूलो समूह त्यस्तो हावामा बग्दछ । अहिले अधिकारप्राप्त गर्ने सवालमा सबै वहेको देखिन्छ । आत्मनिर्णयजस्ता शब्दहरू पनि यसै गरी उठेका छन् । हाम्रो आफ्नै मौलिकतालाई आधार मानी राज्यका संरचनाहरू निर्माण गर्नुपर्दछ । कसैको सिको गरेर हुँदैन ।

## हरि शर्मा

नेपालमा समावेशी लोकतन्त्र, राज्य संरचनाका कुराहरू गर्दा अन्तर्राष्ट्रिय सम्बन्धले कसरी असर गरिरहेको छ भनेर राम्रोसँग विश्लेषण भएको छैन । अहिलेका हाम्रा बहसहरूमा आन्तरिक राजनीतिक पक्षबाट मात्र कुरा उठाइएको छ । अन्तर्राष्ट्रिय पक्षलाई छोइएको छैन । यसकारण यस्ता पक्षहरूलाई सबै कोणबाट हेरिनुपर्दछ । बाह्य देशहरूको कारणबाट आन्तरिक पुनर्संरचना हुन नसकेका उदाहरण पनि विश्वमा धेरै छन् ।

यसै गरी एकदमै कम चर्चा भएका विषयहरूमा आर्थिक पक्ष र नेपाली राज्य पुनर्संरचनाका विषयहरू हुन् । अन्तर समुदाय र यसका आर्थिक सम्बन्धहरू के-कस्ता रहेका छन् र अब हुने पुनर्संरचनाको पक्षबाट हेर्दा यसको रूप कसरी

जान सक्दछ भनेर पनि चर्चा भएको छैन ।

तराईको समस्यालाई उठाइएको छ । तर मधेस वा तराईको सवाल केमा आधारित रहेको छ ? यहाँको समस्या भाषाको हो कि ? राजनीतिक, भौगोलिक, जातीय के हो भन्नेबारेमा विश्लेषणात्मक बहस भएकै पाइँदैन ।

अहिले नेपालमा पहिचानको राजनीति अगाडि बढेको छ । हिजो किसानको आफ्नै पहिचान थियो । किसानको पहिचानलाई श्रमिक भनेर सबै किसानलाई एउटै पहिचानको रूपमा लिइन्थ्यो । आज त्यसभित्र पनि जात, भाषाजस्ता बहुपहिचानका कुरा उठेका छन् । समयअनुसार पहिचान तथा अवधारणाहरू पनि परिवर्तित हुँदै जान्छन् । यसै भएर परिस्थितिअनुसार एउटै व्याख्या गरेको पाइँदैन ।

## मनोरमा श्रेष्ठ

(शिक्षक)

विगतका कुराहरूमा लाग्नुभन्दा वर्तमानका समस्यामा बढी केन्द्रित हुनुपर्दछ । यसकारण इतिहासलाई धेरै नकोटचाउन म अनुरोध गर्दछु । २०४६ को परिवर्तनपछि पनि किन विद्रोह भयो ? जनआन्दोलन दोस्रोपछि सबैको महत्त्वाकाङ्क्षा बढेको छ । यसकारण सबैले केही नयाँ कुरा पायौँ भन्नका लागि समावेशीकरण उचित हो तर त्यो नारामा मात्र सीमित रहनुहुँदैन । समावेशीकरणका निम्ति योग्यता बढाउने र प्रतिनिधित्वका लागि केही सीमा निर्धारण गर्नुपर्दछ ।

जनआन्दोलनले उठाएका पक्षहरू के-के हुन् त्यसमा केन्द्रित रहनुपर्दछ । आर्थिक पक्ष अहिले प्रमुख रूपमा रहेको छ । यसकारण त्यतातिर बढी ध्यान पुर्‍याएमा मात्र समावेशी चरित्र निर्माण गर्न सजिलो पर्नेछ । समस्या जातीय र लैङ्गिक मात्र रहेका छैनन् । अहिलेको विश्व परिस्थितिले आर्थिक रूपमा सबल हुनका लागि चुनौती दिएको छ ।

## खडकराज जोशी

(अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), सुदूरपश्चिमाञ्चल विकास क्षेत्र)

राष्ट्रियताको पक्षमा इतिहासका राम्रा कुराहरू पनि छन् । पृथ्वीनारायण शाहमा आफू सर्वेसर्वा बन्ने सोच भए पनि त्यसबाट ‘नेपाली’ पहिचान अर्थात् नेपाली राष्ट्रियता सुदृढ भएको छ । प्रतिनिधित्वको कुरा गर्दा व्यक्ति नै त्यहाँ पुग्ने कि उसका मुद्दा र सवालहरूको प्रतिनिधित्व हुने भन्ने दुई फरक कोणबाट विचारहरू उठेका छन् । हामी एउटामा स्पष्ट हुनु जरुरी छ । जनताका सवालहरूका बारेमा राजनीतिक पार्टीहरूले आफ्ना घोषणापत्रहरूमार्फत स्पष्ट रूपमा जनतासमक्ष राख्नुपर्दछ । राजनीतिक प्रक्रिया र शासनका संरचनाहरू आफ्नो भूमि र यहाँका सामाजिक

समूहबीचको सन्दर्भलाई आधार मानी निर्माण गर्ने हो अरूको नक्कल गर्ने हैन ।

## प्रकाश भण्डारी

हाम्रो भूमि (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) नेपाली राज्यले इस्ट इन्डिया कम्पनीसँग सौदाबाजीमा लिएको हो । यसकारण माओवादीहरूले भनेजस्तो यो थरुवान स्थापित राज्य कसरी भयो ? रानाहरू पुराना बासिन्दा हुन सक्दछन् । तर यो क्षेत्रमा जो पहिला आयो उसैको अधीनमा यो राज्य हुन्छ भनियो भनेर विवाद गर्ने हो भने यसैमा अल्झिन सकिन्छ । फेरि, जो पहिला आयो उसैको राज्य भन्ने हो भने कसरी समावेशी हुन सक्छ ? जसको सङ्ख्या धेरै उसैको अधिकार बढी भन्ने हो भने पनि समावेशी हुन सक्दैन ।

## दीर्घ सोडारी

(महासचिव, एसबीबीएम, नेपाल)

इतिहास जित्नेको पक्षमा लेखिन्छ । हिजोको इतिहास पनि जसले जितेको थियो उसैको पक्षमा लेखिएको छ । जात, क्षेत्र, लिङ्ग, वर्गबीचका अन्तरविरोध अहिले प्रमुख रूपमा रहेका छन् । यस्तो अवस्थामा सामाजिक, राजनीतिक र वर्गीय अन्तरविरोधलाई कसरी सम्बोधन गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । यस प्रकारको अन्तरविरोधलाई समायोजन गर्ने कुरा समावेशी शब्दसँग जोडिएको छ । यो प्रक्रियामा कसरी जाने ? हिंसालाई पछाडि छोडेमा मात्र हामी राम्रो समाजको कल्पना गर्न सक्दछौँ । अहिले राज्य संरचनामा अधिकारको बाँडफाँडको विवाद भएको छ । कुनै वर्ग वा जातका सवालहरू राज्यसँग जोड्दा अरू सामाजिक पक्षहरूसँग पनि जोडिएका हुन्छन् । यसकारण सबै पक्षलाई नहेरीकन राज्यको संरचनागत बाँडफाँड गर्नु मनोगत हुन जान्छ । अहिले भूमण्डलीकरणलाई बेवास्ता गर्न सकिँदैन । नेपालका सवालमा निर्णय गर्दा अन्तर्राष्ट्रिय पक्षहरूले पनि भूमिका निर्वाह गरेका हुन्छन् । यसमा भारतको भूमिकालाई मुख्य रूपमा हेरिनुपर्दछ ।

समानुपातिक निर्वाचन प्रणालीलाई समावेशी आधार मानिएको छ तर यो प्रणाली अपनाए पार्टीहरू निरङ्कुश हुन जान्छन् र अन्तरपार्टी स्थानहरूमा नेतृत्वको नातावाद, कृपावाद बढ्न सक्दछ ।

## गणेश नेपाली

(शिक्षक)

इतिहासका आधारमा हेर्दा कमजोर वर्गलाई राज्यमा बस्नेले शोषण गरेका हुन् । विभेदकारी नेपाली समाजको अग्रगामी रूपमा रूपान्तरित गरेर भविष्यतिर जानुपर्दछ ।

नेपालको एकीकरणमा दलित, जनजाति सबै वर्गको योगदान थियो । तर केही समूहका व्यक्तिले मात्र एकीकरणको प्रयास आफूले गरेको इतिहास लेखाएर अरू समूहका जनतालाई हेप्ने काम भयो । सामाजिक आधारमा भएको विभेदलाई राज्यले प्रश्रय दिनुहुँदैन । राज्यले त झन् कमजोर वर्गलाई यो प्रोत्साहन र सुविधा उपलब्ध गराउने हो । यसकारण नेपाली समाजमा विद्यमान भेदभाव हटाउन राज्यले कमजोर वर्गलाई बढी प्रोत्साहन दिएमा समावेशीकरणको प्रक्रियामा टेवा पुग्नेछ ।

## नृपबहादुर सुनार

(केन्द्रीय सदस्य, नेपाल विद्यार्थी सङ्घ)

शक्तिशालीले मात्र राज्य चलाउनुपर्दछ भन्ने दृष्टिकोण र परिपाटीका कारण वर्तमान द्वन्द्व भएको हो । सामाजिक सवालहरूलाई समयको परिवर्तनसँगै राज्यका तर्फबाट सम्बोधन गर्दै जानुपर्दछ । राज्यका हरेक संरचनामा समाजका पिछडिएका वर्गको प्रतिनिधित्व हुनुपर्दछ । प्रतिनिधि भएमा कम्तीमा त्यो वर्गका केही न केही कुरा नीति तथा कार्यक्रममा पर्न सक्दछन् । यसले अन्य मानवीय तथा आर्थिक विकासका अवसरहरू सिर्जना गर्न मद्दत गर्दछ ।

सामाजिक समूहका समस्यालाई विगतमा उठाइएको थिइएन । अब सामाजिक रूपमा खडा भएका विषयहरू राज्यका हरेक स्थान र संरचनामा पुऱ्याउनुपर्दछ । अनि मात्र समाजका हरेक व्यक्तिले आफ्नो र अर्काको सामाजिक मुद्दालाई बुझ्न सक्दछन् । यसपछि नै समावेशीकरणको प्रक्रिया अगाडि बढ्दै जानेछ ।

## टेकबहादुर बम

(नेकपा एमाले, कैलाली)

पृथ्वीनारायण शाहको प्रयासले नयाँ नेपालको निर्माण भयो । तर २०४६ सालको जनआन्दोलनपछि मात्र जनताको शासन आयो । फेरि माओवादीको सशस्त्र विद्रोहका कारणले विकास निर्माण तथा आर्थिक प्रगतितिर जाने कार्यक्रमहरूमा विभिन्न समस्याहरू उत्पन्न भए । लोकतन्त्र स्थापना भएपछि निरङ्कुश राजतन्त्र मात्र समाप्त भएको छ; राजतन्त्र समाप्त भएको छैन । अहिले पनि दलहरूबीचको सहमतिबाट अग्रगामी निकास आउन सकेको छैन ।

कोही एक व्यक्ति वा शक्तिको शासन नहोस्, जनताको शासन होस् भन्ने प्रमुख चाहना समावेशी लोकतन्त्रको मर्म हो । सबैले शासनमा हाम्रो प्रतिनिधित्व भएको छ भनी महसुस गर्ने गरी समावेशीकरण गर्नुपर्दछ । जातजाति, लिङ्ग, धर्मले प्रतिनिधित्व गर्न पाउनुपर्ने तर्क समावेशी लोकतन्त्र हो भनेर अहिले बुझिएको छ । तर एक जाति, एक व्यक्तिको शासन नभईकन विकेन्द्रित शासन हुन सकेमा

स्थानीय रूपमा रहेका सबै जाति, वर्गको शासनमा पुग्ने सम्भावना बढिरहन्छ ।

## हरिप्रिया भण्डारी

(नेपाल महिला सङ्घ, कैलाली)

प्रजातन्त्र समाजका सबै समूह तथा वर्गका लागि स्वागतयोग्य व्यवस्था हो । कतिपय कमीकमजोरीका कारण प्रजातन्त्रमा अपूर्णता देखा परेको छ । सबै वर्ग यसको प्रक्रियामा समावेश हुन नसकेका कारणले प्रजातान्त्रिक व्यवस्थाभित्र विकृतिहरू देखा परेका हुन् । स्वतन्त्रता तथा सवलीकरणका कुरा धेरै भए पनि महिलाका समस्या यथावत् रहेका छन् । ती विभिन्न कारणहरूले गर्दा नै नेपाली समाजमा द्वन्द्व र विकृतिहरू उत्पन्न भएका हुन् । अहिले नेपाली समाजले परिवर्तन खोजिरहेको छ । यति बेला परिवर्तनको चाहना पूरा गर्न र राष्ट्रको हितका निम्ति सबैले आफ्ना व्यक्तिगत स्वार्थहरू त्याग्नुपर्दछ । दोस्रो जनआन्दोलनपछि धेरै आशाहरू पलाएका छन् । तर पार्टीका गतिविधिहरू हेर्दाखेरि जनताका अपेक्षा पूरा हुने लक्षण देखिँदैन ।

## हरि शर्मा

कुनै पनि अवधारणालाई समय, क्षेत्र तथा अनुभवका आधारमा फरक रूपमा अर्थ्याएर प्रयोग गर्दै गएको पाइन्छ । कुनै एउटै संस्थालाई पनि सामाजिक, भौगोलिकजस्ता फरकफरक अवस्थामा बसेका मानिसहरूले फरक तरिकाबाट बुझेका हुन सक्छन् । एउटा दलितले वा एउटा बाहुनले राज्यलाई कसरी आआफ्नो अनुभवका आधारमा फरकफरक रूपमा बुझेका हुन सक्छन् । राज्यलाई जसरी फरक रूपमा बुझिन्छ त्यसै गरी पुनर्संरचनालाई पनि फरक रूपमा बुझिएको हुन सक्दछ । तर राज्यको पुनर्संरचनाको कुरा गर्दा सबै पक्षका विचारहरू कहीँ न कहीँ आएर मिल्नु नै पर्ने हुन्छ ।

## श्यामराज जोशी

(प्राध्यापक, कैलाली बहुमुखी क्याम्पस, धनगढी)

समाजमा प्रश्नै प्रश्नैका रूपमा रहेका सवालहरूको बारेमा समाजशास्त्रीय चिन्तन गर्ने/गराउने सोशल साइन्स वहा:को प्रयास सराहनीय छ । नेपालको एकीकरणमा पृथ्वीनारायण शाहलगायत सबै वर्ग, जात, जातिको योगदान रहेको छ । त्यति बेलाको एकीकरण प्रक्रियाकै कारण केही पाखा परेका छैनन् । भाषा, संस्कृतिको जगेर्ना सम्बन्धित समूह आफैले गर्नुपर्दछ । यसका लागि आवश्यक भएमा राज्यले थप टेवा मात्र दिने हो । विभिन्न जातजाति, भाषाभाषीहरू साँच्चिकै समावेशी हुन सकेका छैनन् भने त्यस्ता सबैलाई समावेश गर्नुपर्दछ ।

हिंसा निश्चित अवस्थामा निर्णायक हुन सक्दछ तर दीर्घकालसम्म सान्दर्भिक हुँदैन । यसकारण हिंसाका आधारमा मात्र समाजको परिवर्तन हुन सक्दो रहेछ भनेर मान्न सकिन्न । मानिसलाई समाजमा बाँध्ने निश्चित आधारहरू बनाइनुपर्दछ । यसका लागि उचित कानुन र नेतृत्वको क्षमताको ठूलो भूमिका हुन सक्दछ । तर विडम्बनाको कुरा समाजको चाहनाअनुसार अगाडि बढ्न सक्ने नेतृत्व विकसित हुन सकेन । धेरै परिवर्तनहरू आवश्यकताका लागि हैन कि मान्छेको क्षमताबाट हुन सक्दछन् । यसकारण हामी आवश्यकताको गुनासो गर्नभन्दा आफूले रोजेको काम गर्नका लागि क्षमताको विकास गर्न लागौँ ।

## पदमराज भट्ट

(नेपाली काङ्ग्रेस, कैलाली)

समावेशी लोकतन्त्र, मानव अधिकार, नागरिक समाजजस्ता कुराहरू अहिलेको अवस्थामा बहुप्रचारित विषयहरू हुन् । समावेशी लोकतन्त्रमा केके समावेश गर्ने भन्ने विषय सान्दर्भिक तर विवादास्पद छ । समावेशीकरणमा जातीयतालाई मात्र प्राथमिकता दिनुहुँदैन । यदि जातीयताको कुरा मात्र उठाउने हो भने यहाँ रहेका सामाजिक समूहबीचमा रहेको सम्बन्ध बिग्रने सम्भावना बढी हुन्छ । भाषा, संस्कृतिजस्ता कुराहरूबाट नै सांस्कृतिक-सामाजिक समूहलाई स्पष्ट पार्न सकिन्छ । जनजाति, थारू, तामाङ नभनी पनि हामीले सामाजिक समूहका कुरा उठाउन सक्नेछौँ । एउटा भाषाको संरक्षण र प्रवर्द्धन हुँदैमा अरू भाषाहरू कमजोर हुँदैनन् । एउटा ठूलो जाति समूहजस्तै थारूभित्र अरू समूह पनि रहेका छन् । यसकारण जातिभित्र प्रवेश गऱ्यो भने प्रतिनिधित्वको विवाद झन् बढ्न सक्दछ । त्यसैले समावेशी कुरा गर्दा त्यस्ता समूहका भाषा, संस्कृतिलाई प्रतिनिधित्व गराउन सक्ने गरी हेरिनुपर्दछ ।

भोलि संविधानसभाको निर्वाचनमा जनताको मतद्वारा निर्क्योल हुनुपर्ने कतिपय सवालहरूलाई अहिले नै उठाउन खोजिएको छ । जनताको स्वःस्फूर्त सहभागिता भएमा मात्र सबै पक्षहरू सशक्त हुन्छन् भन्ने बीपीको धारणा रहेको थियो । यसकारण जनताले निर्णय गर्नुपर्ने विषयमा अहिले छलफल गर्नुपर्दछ तर अहिले नै राज्यको तर्फबाट यही हुनेछ भनेर निर्णय गर्न मिल्दैन ।

## रणबहादुर चन्द

(नेकपा एमाले, धनगढी)

पृथ्वीनारायण शाहको एकीकरण त्यस बेलाको आवश्यकता थियो र अहिले पनि नेपालीबीच आन्तरिक एकताको खाँचो महसुस गरिएको छ । शासन जनताको चाहनामा केन्द्रित हुन्छ । सबै जातजातिको रूपमा प्रतिनिधित्व हुन एकदमै कठिन

छ । बढी जनसङ्ख्या भएकाहरूको प्रतिनिधित्वले मात्र सबै जनजातिहरूको समस्या समाधान हुन सक्दैन । यही भएर पनि जातिगत रूपमा स्वायत्तता बनाउन गाह्रो देखिन्छ । जातिगत स्वायत्ततामा जाने हो भने भविष्यमा समस्या सिर्जना हुनेछ । समूहका सवालहरूलाई त्यही समूहको प्रतिनिधिले मात्र पूरा गर्न सक्दछ भन्ने कुरा हुँदैन । समूहको रूपमा प्रतिनिधित्व त विगतमा पनि भएको थियो । यसकारण प्रतिनिधित्वको सवाललाई मात्र समावेशीकरणको मुद्दा नबनाऊँ ।

• • •

## दोस्रो सत्र

### खेमराज पाण्डे

(भूतपूर्व मेयर, धनगढी)

'नेपाल' शब्दको अर्थ र उन्नति नै राजाले जनता पाल्न नसक्ने आशयमा आधारित छ भन्ने कथन पनि पाइन्छ । नेपालको कमजोर आर्थिक अवस्थामा यहाँका जनतालाई खाना खुवाउन गाह्रो भएको र स्रोतसाधनको उपयोग गर्न नसकेका कारण त्यस्तो अर्थ दिइएको हुन सक्दछ । अहिले कैलाली कञ्चनपुरलगायतका क्षेत्र थारूहरूको भूमि भएकोले यस क्षेत्रलाई थारू स्वायत्त प्रदेश बनाइनुपर्दछ भनेर भनिन थालिएको छ । इतिहास हेर्ने हो भने यहाँका थारूहरू पनि मरुभूमिबाट आएका हुन् । उनीहरूको मुख्य थलो राजस्थान हो । अब को रैथाने को पछि आएका जातिहरू हुन् भनेर राज्य विभाजन कसरी गर्ने ?

जातीय आधारमा सङ्घीय राज्य गठन गर्नु व्यावहारिक हुँदैन । प्राकृतिक साधन र स्रोतको बाँडफाँडको समस्या हुन्छ । अहिले हेर्दा हाम्रा कतिपय गाविस, जिविसहरूमा स्रोतसाधन नरहेर अन्यत्रबाट पुऱ्याउनुपर्ने अवस्था छ । आर्थिक स्रोतसाधन तथा प्राकृतिक साधनहरूको आन्तरिक सम्बन्ध र बाँडफाँडका कुरा नगरी जातीय र भाषिक आधारमा कसरी सङ्घीयताको कुरा गर्ने ? जनताको सहभागिता सुनिश्चित गरिएको, मानव अधिकारको ग्यारेन्टी भएको, मतदानको अधिकारको व्यवस्था गरेर ऐनकानुनकै माध्यमबाट पिछडिएका केही समूह तथा वर्गलाई प्रोत्साहन गर्न सकेमा राज्यको परिपाटी समावेशी हुन सक्दछ ।

### रोज ओझा

(एनएसओ, कैलाली)

अहिलेको नेपाली समाजलाई हेर्ने हो भने यहाँका आर्थिक सवालहरू जातीय सवालभन्दा

धेरै आधारमा प्रमुख चुनौतीको रूपमा रहेको छ । जातीय पक्षहरू, भाषाका पक्षहरू अहिले बढी चर्को समस्याको रूपमा देखिनुको कारण आर्थिक असमानता हो । आर्थिक असमानता कुनै जातिमा बढी देखिएकोले भाषा र जातीयताका आधार खोजिएको हुन सक्दछ । यसकारण समावेशीकरणका लागि आर्थिक पक्षलाई प्रमुखता दिइनुपर्दछ ।

## प्रकाश बम

(नेपाली काङ्ग्रेस प्रजातान्त्रिक, कैलाली)

जनआन्दोलन २०६३ मा जनताले चाहेको लोकतान्त्रिक गणतन्त्र हो । लोकतन्त्र र प्रजातन्त्रका बीच भिन्नता के ? मेरो विचारमा जनताले खोजेको अधिकार हो । प्रजातान्त्रिक कालमा नेताहरूको कमजोरीका कारण राजाले मौका पाएका हुन् । देश कानुनी राज्यका आधारमा चलिरहेको छैन । यसकारण संविधान वा व्यवस्था परिवर्तन भएर मात्र हुँदैन । मानिसको मानसिकता परिवर्तन हुनुपर्दछ । शासकको सोचाइ संविधानभन्दा महत्त्वपूर्ण हुन्छ ।

समावेशीकरणका लागि आरक्षणको प्रश्न उठेको छ, तर आरक्षण व्यवस्थाले मानसिकतालाई कमजोर बनाउँदछ र आरक्षित समूहको क्षमता झन् कमजोर हुँदै जान्छ । यसकारण अरू समूहलाई पनि समाजमा अधिकार दिन राजी हुने विचार समावेशी हुनुपर्दछ ।

## गणेश नेपाली

(शिक्षक)

२०४६ सालपछि दलितहरू सङ्गठित भए र चेतनाको स्तर बढ्दै गयो । अहिले दलितको सवाल संसारकै मान्छेहरूलाई छुन सक्ने भएको छ । शासनमा बस्ने मान्छेहरूका लागि दबाब आवश्यक पर्दछ । यसकारण दबाब बढाएपछि मात्र समाजका कमजोर समूहका मान्छेले न्याय पाउँछन् । विगतमा दलितहरूले अवसर नपाएका कारण पछि परेका छन् । विगतमा सबभन्दा बढी उपेक्षित वर्गले वर्तमानमा बढी अवसर पाउनुपर्दछ ।

कसले कसका लागि बोल्दछ भन्ने सवालमा हेर्दा अरू जातिले दलितका लागि बोल्दिएनन् । दलितले मात्र आफ्नो लागि बोलेका छन् । यसैकारण दलितका लागि दलितकै प्रतिनिधि हुनुपर्दछ भन्ने दलित सङ्घसंस्थाको माग हो । पहिचान अवसरका लागि खोजिन्छ तर दलितले आफ्ना कुरा उठाउनका लागि र आफ्ना पक्षमा बोल्दा मात्र समावेशी हुने होइन अरू पक्षसँग संयोजन गर्दै अघि बढ्नु समावेशी हो ।

## हरि शर्मा

आरक्षण एउटा प्रक्रिया हो। तर लक्ष्य भनेको समानता हो। समानता हुनुपर्ने कुरामा विवाद छैन। अन्यायमा कोही परेको छ भने उसले न्याय पाउनुपर्दछ भन्नेमा पनि कसैको विवाद नहोला। तर न्याय र समानता कसरी पाउन सकिन्छ भन्ने कुरामा विवाद रहेको पाइन्छ।

## नन्दराज भट्ट

नेपाली समाजमा राजनीति, आर्थिक र सामाजिक रूपमा समावेश हुन नसकेका वर्गलाई ती क्षेत्रहरूमा समावेश गर्नु नै समावेशीकरण हो। समावेशीकरणको प्रक्रियामा सबै वर्ग तथा जातिलाई संलग्न गराउनुपर्दछ। आर्थिक रूपमा विपन्न वर्गलाई आरक्षणमा प्राथमिकता दिनुपर्दछ। वर्गीय विभेद रहिरहेसम्म द्वन्द्व समाप्त हुँदैन। यसकारण वर्गीय चरित्रलाई हेरेर राज्य कुन रूपमा समावेशी छ भनी हेर्नुपर्दछ।

## दीर्घ सोडारी

कसैले अधिकार पाउन कसैको अधिकारलाई कटौती नै गर्नुपर्दछ भन्ने हैन। आरक्षणका सम्बन्धमा नयाँ दृष्टिकोण अपनाउनुपर्दछ। संविधान बनाउने प्रक्रिया संविधानसभा हो। यसले सबैलाई समेट्छ भन्ने छैन। यस प्रक्रियाबाट पनि कोही न कोही त छुट्न सक्दछन् नै। मुख्य कुरा समानता र न्याय कसरी प्राप्त गर्ने भन्ने हो। त्यो प्राप्त गर्ने प्रक्रिया आफूले भनेको जस्तो मात्र हुनुपर्दछ भन्यो भने समावेशीकरण हुन सक्दैन। त्यसैले सबैका विचारहरू अट्ने गरी संयन्त्र निर्माण गर्न सक्नुपर्छ।

## प्रेमराज जोशी

(नेपाली काङ्ग्रेस, कैलाली)

संविधानसभा, लोकतान्त्रिक गणतन्त्र र समावेशीकरणका सवालहरू सतही रूपमा प्रस्तुत भइरहेका छन्। यी कुराहरूसँग असहमतहरू अछूत ठानिन्छन्। विश्वमा संविधानसभामार्फत आएका संविधानहरू १० प्रतिशत मात्र सफल भएका छन्। यसकारण संविधानलगायतका विषयबाट पाउन सक्ने कुराहरूलाई अनावश्यक रूपमा चर्चा गराउनुभन्दा जनतालाई यथार्थ रूपमा सुसूचित गर्नुपर्दछ। संविधानसभा मात्र सम्पूर्ण समस्याहरूको समाधान होइन। नकारात्मक पक्ष वा सम्भावित चुनौतीहरूको जनमानसलाई जानकारी गराउनुपर्दछ। संविधानसभामा कुन प्रक्रियाबाट जाने ? अहिले हल्लामा भनिएका प्रक्रियाबाट मात्र सबै सामाजिक समूह, आर्थिक

समूहका समस्या समाधान हुन्छन् भन्ने छैन ।

जातीय आधारमा कुनै पनि हालतमा आरक्षण हुनुहुँदैन । विभेदहरूलाई कानुनसम्मत रूपमा निराकरण गर्नुपर्दछ । आरक्षण आर्थिक आधारमा, क्षेत्रीय आधारमा गरौं । जातीय रूपमा यसको जग रहन सक्दैन । स्वायत्तताका लागि स्रोतसाधनहरूलाई प्रमुख आधार बनाउनुपर्दछ । समावेशी प्रजातन्त्र सबै सामाजिक आर्थिक समूहबीचमा सम्मिलन गराउने पक्ष हो ।

राज्यको पुनर्संरचना सङ्घीय हुने आधार छैन । यस क्षेत्रका आदिवासीहरू राजी, कठरिया, राना हुन् तर चौधरी र बाहुनछेत्रीहरू जनसङ्ख्यामा बढी छन् । यसले पनि जातीय आधारहरूमा सङ्घीय राज्य स्थापनाको तर्कलाई साथ दिँदैन । विकेन्द्रित शासनको माध्यमबाट एउटा राजनीतिक र भौगोलिक आधारमा त्यहाँका स्रोतसाधनहरू त्यहीँ लगानी गर्ने आधार किन निर्धारण नगर्ने ?

## हरि शर्मा

राज्य पुनर्संरचनाका बारेमा कुरा गर्दा राष्ट्रिय रूपमा मात्र नभई हामीले पुनर्संरचित गरिने क्षेत्रभित्र पनि कसरी बहुमत र अल्पमतमा सामाजिक समूहहरूका आधारहरूलाई हेरेर प्रतिनिधित्व गराउने भन्ने सवालहरू पनि प्रमुख हुन सक्दछन् । राष्ट्रिय रूपमा प्राधान्य रहेका समूहहरू स्थानीय स्तरमा अल्पमतमा रहन सक्दछन् । यस्तो अवस्थामा तिनीहरूको आर्थिक, सामाजिक पक्षका बारेमा कसरी हेर्ने भनेर पुनर्संरचनाको बहस गर्दा विचार पुऱ्याउनुपर्ने देखिन्छ ।

अहिले बहसमा रहेका सम्पूर्ण पक्षहरू इतिहासको विकाससँगै स्थापित भएका मान्यताहरू हुन् । यी सवालहरू केही समयपछि परिवर्तन हुन सक्दछन् । यस्ता पक्षहरूलाई हेर्ने तरिका र तर्क गर्ने तरिकाहरू पनि फरक हुन्छन् । यसकारण सहमतिका पक्षहरू पहिल्याउन छलफल, अन्तरक्रिया आवश्यक छ । यस्ता प्रक्रियाहरूबाट सहमतिमा पुग्न सजिलो हुने आशा हामीले गरेका छौं ।

# बिर्तामोड
# २८ असोज, २०६३

## पहिलो सत्र

### कार्यक्रमको परिचय
प्रेम सापकोटा
(सोशल साइन्स वहा:)

नेपालमा समाजविज्ञान प्रवर्द्धन गर्ने उद्देश्य लिएर स्थापित भएको सोशल साइन्स वहा:ले नेपाली स्नातकहरूका लागि चारमहिने इमर्सन कोर्स, सोशल साइन्स लाइब्रेरी, प्राज्ञिक सम्मेलन, लेक्चर र यस्तै अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

समाजमा रहेका विभिन्न सवालहरूमाथि सैद्धान्तिक आधारहरूमा आपसमा छलफल र अन्तरक्रिया गरेमा, त्यस्ता सवालहरूबारेको फरकफरक बुझाइबाट सहमतितिर लैजान मद्दत पुग्दछ भन्ने मान्यता सोशल साइन्स वहा:को रहेको छ ।

अहिले नेपाली समाजका राजनीतिक, सामाजिक तथा आर्थिक सवालहरूका बारेमा व्यापक बहस भइरहेको छ । नयाँ नेपाल निर्माणको बहसका क्रममा समावेशी लोकतन्त्र, राज्यको पुनर्संरचना, संविधानसभालगायतका विषयहरूले बढी स्थान पाएका छन् । यस्ता विषयहरूमा बहस हुँदा नेपाली समाजका फरक-फरक पहिचान बोकेका सामाजिक समूहहरूका सवालहरूबारे बढी चर्चा हुने गरेको छ । त्यस्तो चर्चा परिचर्चामा राज्य प्रमुख आधार हुने गरेको पाइन्छ । त्यस्तै राजनीतिक प्रक्रियाका रूपमा समावेशी लोकतन्त्रलाई मुख्य आधार मानिएको पाइन्छ ।

यसै सन्दर्भमा प्रजातन्त्र, लोकतन्त्रको अवधारणा, नेपाली राज्य र यहाँको समाजको सम्बन्ध, समाजमा रहेका समूहहरूको आपसी सम्बन्ध र संविधानसभा लगायतका विषयहरूका बारेमा छलफल गर्न आजको यो छलफल आयोजना गरिएको हो ।

यिनै सवालहरूमा प्रा.डा. लोकराज बरालले सर्वप्रथम आफ्नो अवधारणा प्रस्तुत गर्नुहुनेछ ।

## लोकराज बराल

(स्रोत व्यक्ति)

विगतका दशकहरूमा हामी 'प्रजातन्त्र' भनेर हिँडेका थियौँ। 'प्रजा' भन्ने शब्द प्रयोग गर्दासम्म राजालाई पनि मान्यता दिइएको थियो। र, पूर्णरूपमा राजतन्त्र हटाउन यहाँका राजनीतिक पार्टीहरूले पनि चाहेका थिएनन्। तर अङ्ग्रेजी शब्द 'डेमोक्रेसी' ले जुन रूपमा जनताले अधिकार पाउने भनेर बुझाउँछ, त्यस्तो अधिकार नेपाली जनताले पाउन सकेनन्। जनता सार्वभौम हुन पाएनन्। राजाले जहिले पनि आफूलाई नै शक्तिको स्रोत र राजकीय अधिकारसम्पन्न ठाने। यसैकारण राजालाई ठाउँ दिने प्रसङ्ग नेपाली जनताले नरुचाएको कुरा जनआन्दोलन-२०६३ मा व्यक्त भयो।

अब नेपाली जनता राजालाई ठाउँ दिने 'प्रजातन्त्र' को सट्टा 'लोकतन्त्र' शब्दको प्रयोग गर्न थालेका छन्। अहिले सामान्य रूपमा प्रचलनमा आएको 'लोकतन्त्र' ले राजाको भूमिकालाई स्वीकारेको छैन। लोकतान्त्रिक परिपाटीमा जनता पूर्णरूपमा सार्वभौम रहन्छन्। आफ्ना लागि चाहिने शासन, त्यहाँभित्रका निकायहरूको चयन गर्नेलगायतका सबै अधिकार जनतामा रहेको हुन्छ। राजतन्त्रको प्रकृति नै सामन्ती संस्कारको हुन्छ। त्यसमा कुन राजा राम्रो र कुन नराम्रो भनेर भनिरहनुको औचित्य हुँदैन। राजतन्त्रको संस्कार हामीले केलायौँ भने त्यो संस्थामै नकारात्मक प्रवृत्ति रहेको हुकुमी संस्कार देखिने गर्दछ। यस प्रकारको संस्कारले आफूलाई बाहेक अरूलाई मान्यता दिँदैन। यसै भएर विश्वका थुप्रै मुलुकका जनताले लोकतन्त्रको चाहनाका साथ राजतन्त्रको अन्त्य गरिदिएका हुन्।

विश्वमा पनि लोकतन्त्रको फरकफरक तरिकाबाट व्याख्या र प्रयोग भइरहेको छ। त्यो प्रक्रियाबाट जनताले सही रूपमा लाभ पाउनका लागि लोकतन्त्र सैद्धान्तिक मात्र होइन व्यावहारिक र जनमुखी हुनुपर्दछ। लोकतन्त्र आफैमा पूर्ण हुन सक्दैन। लोकतान्त्रिक परिपाटीमा राजनीतिक दलहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। जुन देशमा पार्टीहरू सक्षम रहेका हुन्छन्, पार्टीभित्रको आन्तरिक राजनीतिक पद्धति पनि लोकतान्त्रिक हुन्छ त्यहाँ लोकतन्त्र सफल मार्गमा हिँडिरहेको हुन्छ। यदि पार्टीहरू सक्षम छैनन्, यसको नेतृत्व क्षमता कमजोर र निरङ्कुश शैलीको छ भने त्यसले जनताका विचारलाई राज्यका हरेक क्षेत्रमा सही तरिकाले पुऱ्याउन सक्दैन।

अहिले नेपालमा समावेशी लोकतन्त्र भनिएको पाइन्छ। यसो भन्नुको मूल कारण के हो भने हिजो प्रजातान्त्रिक सरकार भएको बेलामा पनि राज्य र दलहरूको संरचनामा पिछडिएका जाति, महिला आदिको समुचित सहभागिता हुन सकेन। सार्वभौम जनताको रूपमा ती वर्ग तथा समुदायका नागरिकहरूले अवसर प्राप्त गर्न सकेनन्। कतिपय समूहका भाषालाई हेपियो, छुवाछूत गरियो, मधेसमा सेनाका

परिवारलाई ल्याएर राखियो तर त्यहाँका आदिवासीका बारेमा केही पनि सोचिएन। यसकारण नेपाली राज्य विभेदकारी राज्यको रूपमा रह्यो। यसरी राज्यलाई राजतन्त्रले नै विभेदकारी बनाएको थियो।

विगतमा भएका जातीय विभेद, क्षेत्रीय विभेद र राज्यसत्तामा केही जातिको मात्र प्रभुत्वको अन्त्य गरी राजनीति र समाजका हरेक कार्यहरूमा दलित, जनजाति, महिला तथा आदिवासीहरूलाई सहभागी गराउनका लागि राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रका कुराहरू उठेका छन्। यसभन्दा अघिको राजनीतिक व्यवस्था चुनावमुखी थियो। त्यसले राजनीतिक प्रक्रियामा जनताको निरन्तर सहभागिताका लागि प्रक्रिया तथा अवसरहरूको व्यवस्था गर्न सकेन। आर्थिक तथा सामाजिक पक्षहरूको ख्याल नै नगरीकन शासनमा वर्चस्व जमाएकोले त्यो समावेशी हुन सकेन। त्यस्तै गरी राज्य काठमाडौंमा केन्द्रित भयो र नेपालका ग्रामीण भेकलाई पाखा लगाइरह्यो। यसकारण अब तल्लो स्तरमा रहेका जनताले आफ्नो निर्णय गर्ने स्थान पाउन सक्ने गरी राज्यको व्यवस्था गर्न सकेमा मात्र समावेशी प्रणाली विकास गर्न सकिनेछ। कस्तो प्रकारको राज्य भन्नेमा बहस भइरहेको छ। मेरो विचारमा सङ्घीयता तथा एकात्मकता स्वयम्मा कुनै पनि अलोकतान्त्रिक व्यवस्था होइनन्। मेरो विचारमा नेपालका लागि कुन उपयुक्त हुन सक्दछ भनी अझै अध्ययन हुन बाँकी छ।

## प्रेम सापकोटा

विगतका अन्तरक्रियाहरूमा संरचनाको आधारमा राज्य समावेशी र प्रक्रियाको आधारमा लोकतन्त्र समावेशी हुनुपर्ने कुराहरू मुख्य रूपमा उठेको पाइन्छ। राज्यसँगको व्यक्ति तथा सामाजिक समूहहरूको भूमिकालाई राजनीतिक प्रक्रियामार्फत व्यवस्थित गर्ने भएकोले लोकतन्त्र समावेशी हुने तर्क गरिन्छ। त्यस्तै नेपालमा राज्यका संरचनाहरू नै केही समूहका लागि फाइदा पुग्ने गरी निर्माण गरिएको हुनाले अहिलेको मुख्य समस्या संरचनामा भएकोले राज्य समावेशी हुनुपर्ने तर्क गरिन्छ। अहिलेको छलफलमा राज्यसँगको व्यक्ति तथा समुदायको सम्बन्ध, राज्यको प्रकृति, राज्य सञ्चालन प्रक्रिया र फरकफरक पहिचान भएका समूहबीचको आन्तरिक सम्बन्धमा केन्द्रित रहनेछौं।

## केशव आचार्य

(साहित्यकार)

हामी व्यावहारिक रूपमै लोकतान्त्रिक हुने हो भने साहित्यिक र भाषागत रूपमा समेत लोकतान्त्रिक भाषा र संस्कारको विकास गर्नु जरुरी छ। तर त्यस्तो भाषा

र शैलीको विकास कसरी गर्ने ? के त्यो एक महिना वा वर्षमा विकास हुन सक्दछ त ? बराल सरले दरबारको भाषा जनमुखी नभएको बुँदा प्रस्तुत गर्नुभयो । अब नेताहरूबाट जनमुखी भाषा प्रयोग हुनेछ भनी आशा गरौँ । नेपाली भाषामा अरूलाई सम्बोधन गर्ने भाषा पाँच तहमा प्रयोग गर्छौं । कुन समाजमा कुन भाषालाई आदरपूर्वक प्रयोग भएको र कुनलाई नभएको भनेर हेर्ने आधार कसरी छुट्याउने भन्ने कुरा गाह्रो विषय हो जस्तो मलाई लाग्छ ।

## लेखनाथ भट्टराई

(अध्यक्ष, नेपाल शिक्षक सङ्घ, झापा)

राज्य आफैमा समावेशी छ । राज्य सञ्चालन गर्ने संरचना र परिपाटीलाई चाहिँ समावेशी बनाउनुपर्छ । त्यस निम्ति लोकतन्त्र नै समावेशी हुनु जरुरी छ । तर लोकतान्त्रिक परिपाटीमा कमजोर र पिछडिएका समूह भनेर आरक्षण गर्दा समावेशी हुने र नगर्दा समावेशी नहुने हो कि ? यसको बारेमा हाम्रो समाजमा अहिले भ्रम नै रहेको छ । मेरो विचारमा राजनीतिक प्रक्रियाले मात्र समावेशीकरण गर्न सक्दैन यसकारण सामाजिक रूपमा हरेक समूहलाई समान व्यवहार र आर्थिक रूपमा पछि परेकाहरूका लागि अवसरहरूको सिर्जना गरेर मात्र समावेशी लोकतन्त्रको सिर्जना गर्न सकिन्छ ।

## लोकराज बराल

शब्दहरूकै आधारमा अरूलाई आदर गरिन्छ । हाम्रो समाजमा आफूभन्दा तलको जाति वा पदको मानिसलाई होच्याउन अलगअलग शब्दहरूको प्रयोग गरिन्छ । आफूभन्दा फरक पहिचान भएकाहरूलाई पनि आदर गर्ने गर्नाले त्यो हिजोसम्म हेपिएको महसुस गर्ने समूहले समाजमा आफ्नो पनि स्थान भएको महसुस गर्दै जानेछ । संस्कार निर्माणमा भाषाको ठूलो भूमिका हुन्छ ।

यहाँ आरक्षणको विषयमा सवालहरू उठेका छन् । कतिपय अवस्थामा आरक्षण पनि लोकतन्त्रलाई मजबुत बनाउने प्रक्रिया भए तापनि नेपालमा के कुरालाई प्राथमिकतामा राखेर आरक्षण गर्ने भन्ने कुराका लागि अनुसन्धान हुनु राम्रो हुन्छ ।

## लोकबन्धु कन्दङ्वा

(शिक्षक)

हरेक समाजमा फरकफरक चरित्र स्वाभाविक रूपमा नै रहेको हुन्छ । नेपाली समाजभित्र यति धेरै विविधता छ कि, यहाँका समस्या र सम्भावना पनि अन्य देशभन्दा फरक छन् । त्यसकारण सामाजिक संरचनाका बारेमा कुरा गर्दा अन्य

मुलुकको हुबहु व्याख्या, विश्लेषण र आधार निर्धारण गर्नुभन्दा हामीले हाम्रो परिवेशलाई सम्बोधन गरेर त्यही आधारमा राज्यको पुनर्संरचनाका बारेमा नीति तय गर्नु जरुरी हुन्छ ।

समावेशी शब्दको व्याख्या कुनै पनि वर्ग, जाति वा लिङ्गको निश्चित प्रतिशतको प्रतिनिधित्वमा निहित हुँदैन । त्यसो गरियो भने समावेशीकरणले पूर्णता पाउन सक्दैन । तर विगतमा राज्यले देशलाई हिन्दू राष्ट्र घोषणा गरी अन्य जाति तथा भाषाहरूलाई राज्यभित्र समावेश नगरेका कारण समावेशी र पुनर्संरचनाको कुरा आएको हो । त्यसै भएर माओवादी पक्षले जातीय स्वतन्त्रताको विषयलाई राजनीतिकरण गर्ने अवसर पाएका हुन् । एउटै जाति र धर्मभित्र रहेका उत्पीडित वर्गहरूको प्रतिनिधित्व सुनिश्चित गरिएन भने त्यसले पनि निर्माण गर्न खोजिएको समावेशीकरणको नयाँ प्रक्रिया पूर्णता हुन सक्दैन ।

हरेक जाति र धर्मको उत्पादनशैली, उपयोगशैली र परम्परा फरक छन् । त्यस्ता कुराको पहिचान र संरक्षण गर्न सकिएन भने लोकतन्त्र समावेशी हुन सक्दैन । सबै भाषा, धर्म, जाति र सांस्कृतिक पक्षहरूलाई केन्द्रीय शासनबाट संरक्षण र प्रवर्द्धन गर्ने आधारमा राज्यको सङ्घीय संरचना तय भएन भने फेरि अर्को विद्रोह हुन सक्छ । अब नयाँ परिपाटी बनाउने हो भने र सबैको भावनालाई सम्मान गर्ने हो भने हरेक समाज, वर्ग र जातिभित्र रहेका अन्तरवस्तुहरूको सम्बन्ध र चरित्रका आधारमा समावेशीकरणको मुद्दालाई गहनताका साथ बुझ्ने प्रयत्न गर्नु जरुरी छ । संविधानसभाले नै यस्ता सबै समस्याको समाधान गर्छ भन्ने कुरा विवादास्पद छ ।

## उमा सिवाकोटी

(केन्द्रीय सदस्य, नेपाल विद्यार्थी सङ्घ)

नेपालमा विद्यमान द्वन्द्व वर्तमान अवस्थामा माओवादीको कारण मात्र बाहिर आएको होइन । यो त २३५ वर्षदेखि बाह्य रूपमा दबिएर रहेको र भित्री रूपमा सधैँ चर्किरहेको सामाजिक द्वन्द्व हो । माओवादीले हिंसात्मक बाटो रोजेर समाजको द्वन्द्वलाई बढी चर्चामा ल्याएका सम्म हुन् । अबको नयाँ परिपाटीमा हिंसाको कुरालाई प्राथमिकता दिनुहुँदैन ।

अहिले हामी समावेशी लोकतन्त्रका आधारहरूबारे छलफल गरिरहेका छौँ । लोकतन्त्रको वकालत गर्ने प्रजातान्त्रिक पार्टीहरूमा लिङ्ग र जातीयताको विभेद रहेको र पार्टीहरू नै लोकतान्त्रिक र समावेशी हुन नसकेको अवस्थामा कसरी लोकतन्त्रलाई समावेशी र व्यावहारिक रूपमा लागू गर्ने भन्ने सवालहरू चुनौतीपूर्ण हुन सक्दछन् । मेरो विचारमा राजनीतिक पार्टीलाई लोकतान्त्रिक र समावेशी

गराउन निश्चित मापदण्ड तय गरी त्यस्ता पार्टीहरूलाई मात्र राष्ट्रिय पार्टीका रूपमा मान्यता दिनु जरुरी हुन्छ ।

समावेशीकरणको प्रक्रियामा आरक्षणको कुरा हुने गरेको छ । समाजमा प्रतिस्पर्धा नै गर्न नसक्ने अवस्थामा रहेका केही समूहका लागि केही वर्षका लागि आरक्षण आवश्यक छ । तर आरक्षणभन्दा प्राथमिकतामा राख्नुपर्ने सवाल भनेको शिक्षाको अवसर हो । यसले भविष्यसम्म मानवीय जीवनका लागि आवश्यक पर्ने हरेक पक्षको विकास गर्न मद्दत गर्दछ ।

## कृष्ण धरावासी

(साहित्यकार)

नेपालमा निश्चित समयको अन्तरालमा नयाँनयाँ राजनीतिक अवधारणा बोकेका शब्दहरू प्रचलनमा आउने गरेका छन् । तर त्यस्ता शब्द ल्याउनुपर्ने आवश्यकता र आधारको व्याख्या भने विरलै हुने गर्छ । 'समावेशी' शब्दलाई नीतिनिर्माताहरूले कसरी व्यावहारिक रूपमा प्रयोगमा ल्याउँछन् भन्ने पक्ष अन्योलमा रहेको छ । पृथ्वीनारायण शाहले राज्य एकीकरण गर्दा पनि साना राज्यहरूलाई 'समावेशीकरण' गरेर राज्य निर्माण गरेकै हुन् । राजा ज्ञानेन्द्रले पनि विभिन्न जाति र वर्गबाट प्रतिनिधित्व गराएर सरकारलाई समावेशी बनाएकै हुन् । तर ती प्रयासले समावेशीकरणको उद्देश्य पूरा गरेन र समस्या यथावत् नै रहेको छ भने अब गरिने समावेशीको व्याख्या र समावेशीकरणको प्रक्रिया निर्धारण गर्न जटिल त छ तर त्यो त्यतिकै जरुरी पनि छ ।

मेरो विचारमा जातीयताका आधारमा राज्य पुनर्संरचना गर्ने कुराभन्दा जो जहाँ छ त्यहीँ रहेर राज्यका सम्पूर्ण अधिकार समान रूपमा उपयोग गर्न पाउने अवसरको सृजना नै समावेशी हुन सक्छ ।

जातीय आधारमा राज्य विभाजित गरिएन भने बन्दुक उठ्ने तर्क पनि सुनिने गर्छन् । तर जातीयताको आधारमा राज्यको संरचना तयार भएमा हरेकपटक बन्दुक उठिरहने अवस्था रहन्छ । यसकारण राज्यले दिएका कानुन र सुविधाले सबैलाई समान रूपमा समेट्न सक्नुपर्दछ त्यही नै समावेशी हुन सक्छ ।

## आशा शर्मा सिवाकोटी

(नागरिक समाज, झापा)

समावेशीकरणको आधारहरूमा महिलाका लागि आरक्षणको कुरा हुने गरेको छ । हरेक समूहको आरक्षणको कुरा गर्दा केका आधारमा र किन आवश्यक परेको भन्ने सवाललाई विश्लेषण गर्नैपर्ने हुन्छ । महिला र पुरुषहरूको शैक्षिक प्रतिशतमा

देखिएको फरकलाई कम नगरेसम्म समान सहभागिता हुन सक्दैन । त्यसैले शैक्षिक समानतालाई बढी जोड दिनु जरुरी छ । त्यसका लागि महिलाहरूलाई प्राथमिकता दिएर शिक्षा, चेतना र ज्ञानको विकास गर्नुपर्दछ । वर्तमानमा आरक्षण केही समयका लागि जरुरी भए पनि दीर्घकालसम्म आरक्षण राख्नु ठीक हुँदैन ।

## सज्जनकुमार वंशल

(नेपाल सद्भावना पार्टी, झापा)

हामी समतामूलक समाजको कल्पना गरेर यहाँ राज्यको पुनर्संरचना र लोकतन्त्रका आधारहरूका बारेमा छलफल गरिरहेका छौँ । समतामूलक समाज निर्माण गर्न समावेशी लोकतन्त्र जरुरी हुन्छ । सङ्घीय लोकतान्त्रिक राज्य निर्माण बेगर समतामूलक समाजको निर्माण हुँदैन । अबको नेपाललाई सङ्घीय राज्यमा पुनर्संरचित गर्दै सबै पक्ष ती सङ्घहरूमा अट्ने व्यवस्था गर्नुपर्ने जरुरी रहेको छ ।

## प्रेम सुब्बा

(शिक्षक)

राज्यको बारेमा धेरै व्याख्या भए पनि नेपाल राज्य कसको भन्ने प्रश्न प्रस्ट हुन सकिरहेको छैन । कुनै पनि राज्यमा रहेका समाजहरूको संस्कृतिको आधारमा राजनीतिक संस्कृतिको विकास हुने हो । तर नेपालमा राजनीतिक संस्कृति अथवा राज्यको राजनीतिक परिपाटी र राज्यका संरचनाहरूले सामाजिक संस्कृतिलाई प्रभाव पारेको हुनाले अहिले आएर समावेशी चरित्रको राज्यको कुरा गर्नुपरेको हो ।

लोकतन्त्र भनेको कोरा सिद्धान्त नभई व्यावहारिक हुनुपर्छ । अहिलेको नेपालको राज्यव्यवस्था केन्द्रीकृत र एकात्मक रहिआएको छ । एकात्मक शासनव्यवस्था भएको ठाउँमा लोकतन्त्र फस्टाउन सक्दैन । एकतामा मात्र बल हुँदैन । कहिलेकाहीँ विखण्डनले पनि शक्ति निर्माण गर्न सक्दछ । राज्यमा सबैलाई सन्तुलित सहभागिता पाउने अवस्था नै समावेशी लोकतन्त्र हुन सक्दछ । सङ्घात्मक राज्यव्यवस्थाबारे अझै प्रस्ट हुन जरुरी छ; आग्रह र पूर्वाग्रहबाट मुक्त हुन र जातीय स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थलाई प्राथमिकतामा राख्नु जरुरी छ ।

## सुशीला ढकाल

(अध्यक्ष, नेपाल महिला सङ्घ, झापा)

यस्ता छलफलका कार्यक्रमहरूबाट एकअर्कामा अस्पष्ट रहेका विचारहरू प्रस्ट पार्न मद्दत पुग्दछ भने हामी किन दातृ संस्थाबाट मात्र यस्ता विषयवस्तुहरूका बारेमा छलफल चलाउँदछौँ ? मेरो विचारमा राज्यबाटै यस्ता विषयहरूमा छलफल चलाउनु

जरुरी छ । यस्ता छलफल तल्लो स्तरमा लैजान राज्य नै सक्रिय हुनुपर्दछ ।

झापामा दुई जना महिला साहित्यकारलाई सम्मान गर्न खोज्दा कोही पनि महिला भेटिएन । यस्तो अवस्था किन आयो ? अवसरको समान उपयोग गर्न नपाउँदा या त्यस्तो अवस्थाको ग्यारेन्टी नहुँदा यस्तो भएको हो ? महिला तथा पुरुष सबैले यसको बारेमा चासो राख्नु आवश्यक छ । हरेक क्षेत्रमा महिलाहरूको सहभागितालाई ध्यान दिनुपर्‍यो । सबै क्षेत्रमा योगदान गर्न सकेमा मात्र समावेशीकरण भएको महसुस गर्न सकिन्छ । यसका लागि कुनै पक्षमा आरक्षण पनि आवश्यक हुन सक्दछ । नत्र भने राज्यको संरचना भनेर मात्र केही हुन सक्दैन ।

## माधव विद्रोही

(अध्यक्ष, प्रेस चौतारी, झापा)

समावेशीकरणलाई देशका सबै समूह तथा नागरिकका लागि अवसर प्रदान गर्ने अवसर एवं प्रक्रियाका रूपमा लिनुपर्दछ । हरेक भाषा, जाति र समुदायले राज्यबाट समान अवसर प्राप्त गर्नुपर्दछ । त्यस्ता अवसरबाट ज्ञान र अनुभव प्राप्त हुन्छ । राज्यको पुनर्संरचनाका बारेमा अझै गहन अध्ययन गर्नुपर्ने जरुरी छ । जुन व्याख्या अहिले आइरहेको छ त्यो पूर्ण छैन । अन्धाधुन्द (४० लाख) नागरिकता वितरण गर्ने कुरा रोक्नुपर्दछ र सगरमाथाको लोगो रहेको नागरिक परिचयपत्र बाँड्नुपर्छ । अन्यथा वास्तविक नागरिकले नागरिकता नपाई समस्या रहिरहन्छ । राजनीतिक पार्टी र राज्यका रहेक ठाउँमा ५० प्रतिशत महिलाको प्रतिनिधित्व रहनुपर्दछ र त्यसभित्र जाति, वर्ग र तहसमेत समेटिनुपर्छ । यस प्रकारका बहसहरूलाई गाउँ, टोलसम्म पुर्‍याउनुपर्दछ जसले लोकतान्त्रिक माध्यमबाट विषयहरूलाई बुझाउन मद्दत गर्दछ । पार्टीभित्रको लोकतान्त्रिककरणलाई पहिलो प्राथमिकता दिनुपर्दछ । यसका लागि हरेक सवालमा पार्टीहरूको प्रस्ट दृष्टिकोण आउनु आवश्यक छ ।

## लोकराज ढकाल

(नेपाल रेडक्रस सोसाइटी, झापा)

कुनै समूहको प्रतिनिधित्व मात्र हेर्ने हो भने राज्यमा अहिले पनि एक खालको समावेशीकरण नदेखिने हैन । तर अब हामीले चाहेको समावेशीकरण कस्तो हो ? त्यसमा समाजको तल्लो वर्गलाई समावेश गर्ने प्रक्रिया कस्तो रहन्छ ? यो मुख्य सवाल हो । उनीहरूलाई लक्ष्य गरेर समावेशीकरणको प्रक्रिया अगाडि बढाउन सकेको खण्डमा मात्र त्यो सार्थक हुन्छ । निश्चित ठाउँमा जातीयता र लैङ्गिक आधारमा प्रतिनिधित्व गराउने कुरा मात्र समावेशी हुन्छ भनियो भने त्यो मान्य हुन सक्दैन । राज्यको पुनर्संरचनाको कुरामा यो क्षेत्र (झापा) लाई माओवादीले कोचिला क्षेत्र भनेर तोकेका छन् जबकि

त्यो जाति १८ प्रतिशत जति देखिएको छ। जातीय आधारहरूमा मात्रै शासनको पद्धति निर्माण गर्ने हो भने यसै क्षेत्रमा अन्य जातका मानिसहरू बहुमतमा रहेर पनि शासनमा अल्पमतमा पर्ने अवस्था हुन्छ। यसकारण जातीयताका आधारमा र सङ्ख्यात्मक रूपमा राज्यको शासन विभाजन गर्नुभन्दा तिनीहरूको पहुँच र प्रतिनिधित्वका लागि उचित विकल्प रोज्नु जरुरी हुन्छ।

## असरूलाल राजवंशी

(नेपाल बार एसोसिएसन, झापा)

सबै नेपाली भए पनि जातजातिका हिसाबले सबैले आफ्नै संस्कृति र परम्परा बोकेर बसेका छन्। त्यस्ता कुराको संरक्षण गर्न सकिएन भने समावेशी लोकतन्त्र हुन सक्दैन। राज्यको पुनर्संरचनामा सङ्घीय व्यवस्था हुनु जरुरी छ। यस्ता बहस गाउँस्तरसम्म पुऱ्याउनु जरुरी छ। समावेशी लोकतन्त्र नेपाली समाजका लागि नयाँ अभ्यास भएको हुनाले यसलाई प्रशिक्षणात्मक र प्रचारात्मक दुवै ढङ्गले ज्ञान प्रसार गर्नु जरुरी छ। जातीयताका आधारमा मात्र हैन समाजमा महिला र पुरुषको बीचमा रहेका विद्यमान विभेदलाई सुरुमा राज्यका तर्फबाट नै अन्त्य भएको देखाउन सक्ने व्यवस्था हरेक क्षेत्रमा गरिनुपर्दछ।

## टीका कट्टेल

(एकीकृत विकास प्रतिष्ठान (आईडीएफ), नेपाल)

आजका छलफलका विषयहरू गहन तर कार्यक्रमको अवधि छोटो भएजस्तो लाग्यो। नेपालमा अत्यन्तै धेरै जाति, धर्म, संस्कृति रहेको र मिश्रित सामाजिक संरचना रहेको हुनाले जातीय रूपमा सङ्घात्मक संरचना निर्माण गरियो भने राज्य विखण्डनको अवस्थामा जान सक्दछ। अहिले हामीसँग सङ्घीय संरचनामा जानुपर्ने बाध्यता पनि छ भने जटिलता पनि त्यत्तिकै छन्। एउटै क्षेत्रमा मधेसी स्वायत्ततासँगै त्यही समुदायको राजवंशी, सन्थाल र अन्य समुदायका छुट्टाछुट्टै मुद्दाहरू रहेका छन्। त्यसकारण यस्ता विषयहरूमा गहन अध्ययन हुनु जरुरी छ। समाजमा रहेका सबै वर्गलाई समानुपातिक अवसर सृजना गर्न सकिएन भने लोकतन्त्र, समावेशीकरण वा राज्य पुनर्संरचनाका कुराहरूको कुनै अर्थ रहन्न। जुन आधारमा हामीले राज्यको संरचना गरे पनि गरिबीको रेखामा बाँचेकाहरूका लागि आवश्यक अवसर दिनैपर्छ।

यसै गरी अलि सम्पन्न र जातीय रूपमै पछि परेका मानिसका लागि आवश्यक अवसरहरू फरक हुन सक्दछन्। भोलि फेरि अर्को द्वन्द्व सृजना नगर्न तल्लो स्तरदेखि नीति-निर्माणको तहसम्म समेत सबै पक्षको सहभागिता हुनुपर्दछ। हामीले आरक्षणको

कुरा गर्दा राउटेजस्ता जातिहरू पनि रहेको कुरा भुल्नुहुँदैन। आदिवासीभित्रको आरक्षणमा राउटेहरूको भागको आरक्षण कोही सम्पन्न वर्गको मान्छेले प्राप्त गर्न नपाओस् भनी सचेत रहनुपर्दछ।

### लोकराज बराल

आजको छलफलमा राजनीतिक पार्टीहरूभित्रको राजनीतिका बारेमा सहभागीहरूबाट चासो राखेको पाइयो। लोकतन्त्रमा राजनीतिक पार्टीहरूको माध्यमबाट नै शासन हुने र जनताका चाहनाहरू राज्यका निकायहरूमा पुऱ्याउने काम पार्टीहरूबाट नै हुने भएकोले अहिले जनताले चाहेको लोकतन्त्रको चाहना पार्टीको संरचनामा पनि झल्किनुपऱ्यो भन्ने कुरा नौलो होइन। पार्टीहरूले आफ्ना संरचनाभित्र उठेका कुरा र जनताको चाहनालाई विचार गर्दै अगाडि बढ्नुपर्दछ।

अबको नयाँ पद्धति र संरचनाको कुरा गर्दा राज्य र राज्यको सामाजिक संरचनाभित्र द्वन्द्वका स्वरूप कसरी बीजारोपित हुँदै आएका थिए र तिनले कसरी नेपाली संरचनालाई निरङ्कुश पारे भनेर पनि विचार गर्नुपर्दछ। आज तल्लो स्तरमा रहेका समूहले राज्यसँग खोजेका अधिकारलाई जायज मानिसकिएको छ। पहिलेपहिले भएका नियुक्तिहरूमा दलित, आदिवासी, जनजातिको प्रतिनिधित्व भएको थियो तर तिनीहरू सिम्बोल (प्रतीक) मात्र हुन्। यसकारण त्यस्तो प्रक्रियाबाट शासनको निकायमा पुगेकालाई समावेशी भएको भनेर भन्न मिल्दैन।

• • •

## दोस्रो सत्र

### प्रेम सापकोटा

आजको कार्यक्रमको सवालमा र यस कार्यक्रमको निचोडका बारेमा यहाँ सहभागी महानुभावहरूबाट केही जिज्ञासा उठाएको सन्दर्भमा सोशल साइन्स वहा:ले गर्ने कार्यक्रमको शैलीबारे केही कुरा राख्न चाहन्छु। समाजमा कुनै सवालका बारेमा उठेका सबै विचारधाराहरू छलफलको प्रक्रियामा आउन सकेमा एकअर्काले गरिरहेका तर्कहरूबाट साझा विचारहरू निकाल्न मद्दत पुग्ने धारणा सोशल साइन्स वहा:को रहेको छ। वहा:को आफ्नो कुनै पनि विशेष धार छैन। समाजमा कुनै सवालमा उठेका विश्लेषणात्मक विचारहरूमा छलफल हुन सक्नु नै लोकतान्त्रिक प्रक्रियाको सुन्दरता मानिन्छ। आजको कार्यक्रमको उद्देश्य केही सवालमा निष्कर्ष निकाल्नेभन्दा पनि अहिले नेपाली समाजमा बढी चर्चामा रहेका तर कुनै पनि निष्कर्षमा नपुगेका

सवालहरूमा विश्लेषणात्मक रूपमा अन्तरक्रिया गर्ने हो । यस्ता प्रक्रियाहरूले आवेश र भावनामा आएरभन्दा कुनै पनि विषयहरूलाई तर्क र ती विषयका विविध अन्तरसम्बन्धहरू केलाएर प्रस्तुति गर्ने र छलफल गर्ने परिपाटीको विस्तार गर्न मद्दत पुग्नेछ भनेर हामीले आशा गरेका छौँ ।

आजको पहिलो सत्रको छलफलमा फरकफरक वर्ग, जाति, भाषिक समुदायहरूको सम्बन्धका बारेमा कुराहरू उठे । समुदायहरूको सम्बन्ध राज्यसँग मात्र हुँदैन; यिनीहरूको आन्तरिक सम्बन्ध पनि रहेको हुन्छ भन्ने कुरा देखिएको छ ।

यस्तै गरी अहिले राज्यको पुनर्संरचनाको बहसमा कसरी बढीभन्दा बढी जनतालाई शासन प्रक्रियामा संलग्न हुन सक्ने अवसर सिर्जना गर्ने, निर्णय प्रक्रियामा कसरी पहुँच बढाउने, राज्य र स्थानीय स्तरमा भएका स्रोतसाधनहरूमा कसरी सबैको पहुँच हुन सक्ने परिपाटी निर्माण गर्नेजस्ता सवालहरू उठाइँदै आएको पाइन्छ । राज्यको पुनर्संरचनाका बारेमा कुरा गर्दा सङ्घीयताको कुरा मात्रले उल्लेखित सवालमा जनताको पहुँच सिर्जना गर्न गाह्रो हुने र सङ्घीय संरचनामा मात्र अड्किएको खण्डमा राज्यको चरित्र पहिलेभन्दा केही थप समूहहरूका लागि समावेशी हुन सके पनि अहिले कल्पना गरिएजस्तो सबै दृष्टिकोणबाट समावेशी हुनाका लागि स्थानीय स्वायत्तता जरुरी हुने तर्क पनि अहिलेका बहसहरूमा आइरहेको छ । यसका लागि राज्यका निकायहरू सानो स्तरमा हुनुपर्ने र ती स्थानीय निकायहरूको अधिकारलाई संविधानमार्फत ग्यारेन्टी गर्दा सङ्घीयताभन्दा बढी अधिकार तल्लो निकायमा पुग्न सक्ने आधारहहरू प्रस्तुत भएको पाइन्छ । यसकारण समाजबाट उठेका हरेक सवाललाई छलफल गर्न सकियो भने नयाँ आधारहरू पनि पाउन सकिन्छ ।

यहाँ राजनीतिक पार्टीहरूकै लोकतन्त्रीकरणको बारेमा पनि चर्चा भएको छ । पार्टीहरू र लोकतन्त्रीकरणका सवालका बीचमा के-कस्ता कुराहरू अन्तरसम्बन्धित छन् ? के राजनीतिक दलहरूले आफ्नो दलमा रहेकाहरूको विचारलाई संरचना निर्माण गर्दा लागू नगरेका हुन् ? पार्टीहरू कसरी र केबाट प्रभावित भइरहेका छन् ? समाजमा उठेका सवालहरूभन्दा दलहरू फरक रहेका छन् त ? पार्टीहरूको नीतिअनुसार समाज अगाडि बढेको छ कि, समाजको चाहनाअनुसार दलहरू हिँडेका छन् ? यी पक्षहरूको अन्तरसम्बन्ध कसरी देखिएको छ ?

## विष्णु खरेल

(अध्यक्ष, एकीकृत विकास प्रतिष्ठान (आईडीएफ), नेपाल)

अहिले नेपालमा हरेक सङ्घसंस्थाहरूको लोकतन्त्रीकरण गर्ने प्रक्रियाको कुरा भइरहेको छ । यसमा राजनीतिक दलहरू पनि परेका छन् । राजनीतिक दलहरूले जनता

र नेपाली समाजको भावनालाई पूर्णरूपले प्रतिनिधित्व गर्नुपर्दछ भन्ने मान्यताबाट नै यो चर्चा भएको हो । अहिलेको सन्दर्भमा कुरा गर्दा नेपालका बढीजसो दलहरूमा केन्द्रीय स्तरबाट गरिएका निर्णयलाई नै तल्लो स्तरमा लैजाने परिपाटी रहेको छ । यही भएर अहिले पार्टीभित्रको लोकतन्त्रीकरण गर्ने मुद्दामा बहस तथा विचार आवश्यक भएको छ । पार्टीभित्रको लोकतन्त्रीकरणलाई अहिले विदेशीसम्मले भन्न थालेका छन् । यसै गरी ठूला भनिएका पार्टीभित्र जातीयता, लैङ्गिक तथा व्यक्तित्वको आधारमा प्रतिनिधित्व भएको छैन । यस्ता सवालहरूलाई सम्बोधन गर्न राजनीतिक दल अग्रसर हुनु जरुरी छ । अन्यथा समावेशी लोकतन्त्रीकरण मुद्दा अरूका लागि सुनाउने पुराणजस्तै हुनेछ ।

## प्रेम सापकोटा

अबको छलफललाई संविधानसभाको विषयमा केन्द्रित गरिनेछ । वर्तमान अवस्थामा नेपालमा संविधानसभा सैद्धान्तिक रूपमा स्वीकृत भइसकेको छ । अर्थात् संविधान निर्माण गर्ने, जारी गर्ने सबै अधिकार जनतामा निहित रहेको छ र उनीहरूद्वारा निर्वाचित पदाधिकारीहरूले संविधान निर्माण गर्न सक्नेछन् भनेर जनतालाई सार्वभौम मानिएको छ । तर संविधानसभाको प्रक्रिया अहिले छलफलको विषयको रूपमा रहेको छ । संविधानसभाको बारेमा कुरा गर्दा आधुनिक राज्यमा संविधानमार्फत केके कुराहरू प्राप्त गर्न सकिन्छ ? संविधानले के दिन सक्दैन ? विषयगत रूपमा फरकफरक चाहना हुँदाहुँदै पनि सैद्धान्तिक रूपमा समाजका फरकफरक सवालहरूलाई कसरी संविधानमा समेट्ने गरिएको हुन्छ भन्ने पक्षहरूमा पनि विश्लेषण हुन सकेमा संविधान, राज्य, समाज र नागरिकबीचको सम्बन्धलाई बुझ्न थप मद्दत पुग्न सक्नेछ ।

## अशोक पोखरेल

(अध्यक्ष, नेपाल बार एसोसिएसन, झापा)

संविधानसभाको बनोट कस्तो हुने भन्ने विषय अहिले नेपालमा जटिल रूपमा आएको छ । यसको निराकरण राजनीतिक रूपमै हुनेछ वा हुनुपर्नेछ । अहिलेसम्मका बहसहरूलाई हेर्ने हो भने संविधानसभालाई नेपाली राज्यसमेत र समाजमा रहेका सम्पूर्ण सवालहरूलाई समाधान दिने एउटा प्रक्रियाको रूपमा लिइएको देखिन्छ ।

नयाँ संविधानको कुरा गर्दा २०४७ सालको संविधान अहिले किन मानिएन भन्ने आधारहरू पनि खोजिनुपर्दछ । २०४७ को संविधान जनताबाट अनुमोदित हुन सकेन । तर त्यो संविधानभित्र धेरै उत्कृष्ट कुराहरू थिए र त्यसभित्र रहेको

'स्पिरिट' लाई प्रयोगमा ल्याउन हामीभित्रको कमजोरीको कारणबाट नसकिएको हो ।

अहिले संविधानसभा निर्वाचनका लागि हतार गरिएको छ । तर संविधानसभा निर्वाचन चाँडै हुनुपर्छ भन्ने कुरामा म सहमत छैन किनभने अब बन्ने संविधानमा कुनै वर्ग, तह वा तप्काले सक्रिय सहभागिता नरहेको महसुस भयो भने फेरि अर्को विद्रोह हुन सक्दछ । यसकारण संविधानसभा भनेको संविधान निर्माण कार्यमा देशका सबै नागरिकहरूले आफ्नो संलग्नता महसुस गर्ने प्रक्रिया पनि हो । समाजका सबै समूहले आफू सहभागी भएको महसुस गर्नु पनि समावेशीकरणको विकास हुनु हो । यसकारण अबको संविधान निर्माणका लागि दुई पक्षलाई आधार मान्न सकिन्छ । या त अब बन्ने संविधान यति लचिलो हुनुपर्‍यो कि त्यसलाई सजिलै परिमार्जन र संशोधन गर्न सकियोस् या लामो र गहन अभ्यासबाट मात्र संविधानसभाको निर्वाचन सम्पन्न गर्नु जरुरी छ । यसका साथै म के भन्न चाहन्छु भने अहिले हामीकहाँ रहेका सबै प्रकारका द्वन्द्वहरू संविधानसभाबाट मात्र निरूपण हुन सम्भव छैन ।

## लोकराज बराल

नेपालमा ५० वर्षअघिदेखि उठेको संविधानसभाको कुरा दलका नेताहरूको कमजोरीबाट सम्भव नभएको हो । अबको संविधान निर्माण गर्दा बहुजाति, बहुभाषी आदि सबै पक्षहरूलाई समेट्न सक्नुपर्छ । अन्यथा फेरि असमावेशीकरणको अवस्था सिर्जना हुनेछ । अब संविधानसभाका मोडलहरू, संविधानसभाका प्रक्रियाहरू तथा संविधानसभामा प्रतिनिधित्वका बारेमा छलफल गर्नुपर्ने अवस्थामा हामी रहेका छौँ ।

## उमा सिवाकोटी

नेपालमा हुन लागेको संविधानसभाले जनताको अधिकारको मात्र हैन कि राजाको स्थानको बारेमा पनि निर्णय गर्ने हुनाले संविधानसभाको महत्त्व एकदमै बढिरहेको देखिन्छ । सबै कुरा जनताको मतको आधारमा संविधानसभाबाट गरिने भनिए तापनि अहिले किन संसदले ठूलाठूला निर्णय गरिरहेछ ? यसको बारेमा जनतामा चिन्ता रहेको छ । अरू देशहरूमा कसरी संविधानसभाहरू भएका छन् ? कस्ता मोडलका संविधान छन् भनेर पनि हामीले अध्ययन गर्नुपर्ने जरुरी छ ।

## भक्ति सिटौला

(नेपाली काङ्ग्रेस, झापा)

समाज र राज्य सँगसँगै विकास हुँदै आएको असमावेशीकरणको मुद्दाहरूलाई तत्काल नै समावेशी तुल्याउन खोजेर समस्याको समाधान हुँदैन । यो प्रक्रिया निरन्तर

रूपमा जाने हो। अनि मात्र समाजमा एक प्रकारको समावेशीकरणको सुरुआत हुने गर्दछ। समावेशीकरणलाई प्रभावकारी बनाउन अवसरको सृजना र अवसरको समानुपातिक उपयोग गर्न पाउने ग्यारेन्टी हुनुपर्दछ। कसैले पनि कसैको अधिकार र अवसरलाई उसको सामाजिक आधारमा हनन गर्न नसकोस् भनेर संविधानमा ग्यारेन्टी गर्नुपर्दछ।

## कृष्ण धरावासी

पार्टीभित्रको विभाजन आन्तरिक लोकतन्त्रीकरणको अभ्यासको कमीका रूपमा देखिएको छ। पार्टीहरूले आफ्नो विचारको आधारमा संविधान निर्माण गर्न आफ्नै पार्टी घेराभित्रबाट मात्र परिचालन गर्ने अभ्यासले कस्तो संविधान निर्माण होला ? यसले कसरी सबै पक्षलाई समेट्न सक्ला ? प्रक्रियालाई कसरी धेरैभन्दा धेरै सहभागी समेट्न सक्ने बनाउन सकिन्छ यी सवालहरूमा चिन्तन गर्न जरुरी देखिन्छ।

## प्रेम सापकोटा

फरक विचारलाई पनि मान्यता दिएर हुने छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू हरेक गाउँ तथा समाजमा पुग्न सकून् भन्ने कामना गर्दै आजको कार्यक्रममा सहभागीहरूलाई धन्यवाद दिन चाहन्छु।

# काठमाडौँ
# १४ कात्तिक, २०६३

## पहिलो सत्र

### समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनाको बहसमा आर्थिक पक्ष

हरि शर्मा

(सोशल साइन्स वहाः)

समावेशी लोकतन्त्र, समावेशी राज्य र राज्यको पुनर्संरचनाको बहसमा फरकफरक कोणबाट विश्लेषण भइरहेका छन् । विश्लेषणका लागि आआफ्नो पक्षलाई सहयोग पुग्ने सैद्धान्तिक मान्यता रहेको पाइन्छ । सोशल साइन्स वहाः स्वतन्त्र तथा प्राज्ञिक संस्था हो । समाजमा कुनै पनि सवालमा उठेका धारणाहरू सैद्धान्तिक आधारमा छलफल हुन सकून् भन्ने चाहना वहाःको रहेको छ । अहिले नेपाली समाजमा उठेका राजनीतिक तथा सामाजिक सवालहरूमा सोशल साइन्स वहाःले कुनै पनि अवधारणालाई बोकेर हिँड्दैन । तर समाजमा उठेका फरकफरक विचारहरूलाई सैद्धान्तिक आधारमा छलफल गर्नका लागि फोरम उपलब्ध गराउँदछ । वहाःको मान्यता भनेको समाजमा हुने छलफलको सैद्धान्तिक धरातल हुन सकोस् भन्ने हो । नेपाली समाजमा रहेका समसामयिक विषयवस्तुहरूमा हामी केही वर्षदेखि राष्ट्रिय रूपमा छलफलहरूको आयोजना गर्दै आइरहेका छौँ । समावेशी लोकतन्त्रका आधारबारेमा वहाःले केही वर्षअघि अलग सम्मेलन पनि आयोजना गरेको थियो । यसै विषयमा अहिले अन्तरक्रियात्मक बहस सञ्चालन गरिरहेका छौँ । नेपालगन्ज, धनगढी, झापामा यस खाले बहसहरू सञ्चालन भइसकेका छन् ।

आजभोलि नेपालमा समावेशीकरण तथा राज्यको पुनर्संरचनाको बहसमा पहिचानसँग जोडिएका राजनीतिक पक्षहरूले मात्र महत्त्व पाएको र आर्थिकलगायतका पक्षहरू ओझेलमा पर्ने गरेको देखिन्छ । भाषा, जातजाति, क्षेत्रहरूका आधारमा भोलिको नेपालको कल्पनामा आआफ्नै मोडल प्रस्तुत गरिएका छन् । तर देशको अर्थराजनीतिक पक्ष छायाँमा परेको छ । नयाँ नेपालको परिकल्पना गरिरहँदा आर्थिक पक्ष पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । आजको पहिलो सत्रको अन्तरक्रिया यही कुरामा केन्द्रित रहनेछ ।

समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनाको बहसमा आर्थिक पक्षका बारेमा डा. विश्वम्भर प्याकुरेलले मुख्य सवालहरू यहाँ प्रस्तुत गर्नुहुनेछ।

## विश्वम्भर प्याकुरेल

(स्रोत व्यक्ति)

विगत दस वर्षको सशस्त्र द्वन्द्वपछि आर्थिक असमानताका पक्षहरूका बारेमा नेपालमा बहस हुन थालेको छ। द्वन्द्वकै अवस्थामा पनि नेपालको आर्थिक प्रकृति दक्षिण एसियाका अन्य देशहरूमा देखिने गरेको भन्दा फरक किसिमको छ। अनुसन्धानहरूले नेपालको आर्थिक स्थिति पिछडिएको देखाएका छन्। आर्थिक पक्षलाई वास्ता नगरीकन राजनीतिक मुद्दाहरूमा मात्र केन्द्रित रहने हो भने फेरि पनि नयाँ सशस्त्र द्वन्द्व जन्मन सक्दछ। यसकारण अर्थतन्त्रलाई राजनीतिक मुद्दा सँगसँगै लैजानुपर्दछ। नेपालका हरेक आर्थिक गतिविधिहरू हेर्दा यहाँ आर्थिक स्थायित्व हुने गरी कार्यहरू भएको पाइँदैन। नेपालका सीमाक्षेत्रमा रहेका ब्याङ्कहरूले पैसा डिपोजिट गर्दा दिने ब्याज नेपालका कुनै पनि बित्तीय संस्थाहरूले दिनेभन्दा बढी हुने गरेको छ। यसको कारण के हो भने भारतको आर्थिक स्थिरता यहाँको भन्दा धेरै बलियो छ। हामीले लिएको ऋण तिर्नुपर्दछ। यस्तै, नेपालको जीडीपीको रून्डै आधाजति त ऋण तिर्नका लागि खर्च भइरहेको हुन्छ। हामीले आफ्नै सामर्थ्यबाट विकासका लागि छुटयाउन सक्ने रकम एकदमै न्यून रहेको छ। यसकारण हामी दाताहरूको भरमा विकासका लागि रकम छुटयाउने गर्दछौँ। यही कारण दाताहरूको कुरा पनि नेपालको विकास तथा अन्य पक्षहरूमा प्रमुख सवालको रूपमा आउने गर्दछ।

नेपालको द्वन्द्वको  समयमा सेनाका लागि अति नै खर्च गरिएको छ। श्रीलङ्काको सेनाको सङ्ख्या नेपालको भन्दा बढी रहेर पनि त्यहाँ नेपालको भन्दा कम रकम सेनाका लागि खर्च भएको छ। यसबाट के भन्न सकिन्छ भने नेपालमा हिजो गरिएका खर्चहरू पुष्टि गर्न नसकिने खालका छन्। द्वन्द्वको केही वर्षमा सेनाका लागि लगानी बढी हुने गर्दछ तर पछि पनि निरन्तर रूपमा पुष्टि नै गर्न नसक्ने गरी खर्च गरिरहनु भनेको उत्पादनशील क्षेत्रम लगानी नगरेर अनुत्पादक क्षेत्रमा लगानी गर्नु हो। नेपालमा उत्पादनको क्षेत्रमा लगानी गर्न नसक्ने चलन पुरानो हो। राज्यको नयाँ स्वरूपको कल्पना गरिरहेको बेलामा यस्ता कुराहरूलाई एकदमै ध्यान दिनु जरुरी हुन्छ। सरकारको साधारण खर्च बढ्ने प्रवृत्ति भनेको उत्पादनशील क्षेत्रमा खर्च नहुनु हो। यसले गर्दा रोजगारीका अवसरहरू बढ्नुको सट्टा घट्दै गइरहेका छन्।

अहिले गरिबी घटेको देखिएको छ। तर युद्धपछिको अवस्था हेर्ने हो भने काठमाडौं र एउटा हिमाली वा पश्चिम पहाडमा देखिने गरिबीको स्थिति एकदमै फरक छ। असमानता व्यापक हुँदै गएको छ।

नेपालमा द्वन्द्वको कारण एकदमै माथिल्लो स्तरबाट मात्र खोज्ने गरेको पाइन्छ। पहिला भएको द्वन्द्वको कारणलाई राम्रोसँग नकेलाईकन नयाँ परिपाटीको कल्पना गर्न अप्ठेरो हुन्छ। हामीले सिकेको कुरा के हो भने, प्रजातन्त्रमा पनि द्वन्द्व हुने रहेछ र असमानता भएको समाजमा पनि द्वन्द्व हुने रहेछ।

नयाँ परिपाटीको निर्माण गर्दा द्वन्द्वको पछाडि रहेको आर्थिक चाहना के थियो भनेर ध्यान दिनुपर्ने हुन्छ। हामीले नेपालमा भइरहेको जनसङ्ख्याको परिवर्तनलाई पनि ध्यान दिनु जरुरी छ। उमेरअनुसार चाहना फरक हुन्छ। तथ्याङ्कहरू हेर्दा युवाहरूको जनसङ्ख्या बढिरहेको छ। युवाहरूले जब काम पाउँदैनन् निरास हुन्छन्, द्वन्द्वमा लाग्छन्, विध्वंस मच्चाउँछन्। यस्तै गरी विद्यमान नीतिले मुलुकको विविध जातीय समुदायमा जति नकारात्मक प्रभाव पार्दै जान्छ द्वन्द्व त्यति बढ्दै जाने प्रवृत्ति हुन्छ। यसकारण नीति-निर्माण गर्ने बेलामा जनसङ्ख्या र उमेर समूहलाई ख्याल गर्नुपर्ने हुन्छ।

आर्थिक समायोजन भनेको आर्थिक पुनर्संरचनाजस्तै हो। यो राज्य पुनर्संरचना भनेजस्तै भयङ्कर कुरा हो। कसरी पुनर्संरचना हुन्छ भनेर आज एउटा पक्षलाई मात्र केलाएर हुँदैन। हामीकहाँ पत्रकारिता गर्नेमध्ये धेरैजसोले एउटा, दुइटा आधार पक्रिएर पुनर्संरचनाको हल्ला गराइदिने प्रचलन रहेको पाइन्छ। तर, चाहँदैमा न त तुरुन्त कर घटाउन सक्छौँ, न त माग र राजस्व बढाउन सक्छौँ। कसरी नयाँ आर्थिक आधार एकैपटक सिर्जना गर्ने भन्ने विषय आफैमा अप्ठेरो हुन्छ। दुर्गम गाउँलाई भौतिक पूर्वाधार बनाइदिएर सुलभ ठाउँसँग त्यो जोडिन्छ भने राजनीतिक हिसाबमा राम्रो कुरा हो। तर आर्थिक स्थिरताको सवाललाई ध्यानमा राख्दा व्यापारिक तथा नाफा हुने क्षेत्र हेर्नैपर्ने हुन्छ। यसका अतिरिक्त सेवाका क्षेत्रमा उत्तिकै ध्यान पुऱ्याउन सकिएन भने असमान रूपमा रहेकाहरूलाई अझ मर्का पर्न सक्दछ।

## हरि शर्मा

डा. प्याकुरेलले द्वन्द्वका विभिन्न आधारहरू केलाउँदै राजनीतिक लाभ नपाउने एवम् पाउनेबीचको फरकपनको कारणले पनि द्वन्द्व हुन्छ भन्ने पक्ष अगाडि सार्नुभयो। यदि आर्थिक आधारस्तम्भहरू राम्रो भएमा आर्थिक विकास सम्भव हुन सक्दछ। नयाँ संरचनाको कुरा गर्दा आर्थिक क्षेत्रका अन्य सवालहरूमा विश्लेषणात्मक विचार राखिदिनुहुन म अनुरोध गर्दछु।

## गङ्गालाल तुलाधर

(भूतपूर्व सांसद, नेकपा एमाले)

राज्य पुनर्संरचनाको बहसमा राजनीतिक पक्षहरू मात्र उठिरहेको बेलामा प्राज्ञिक

स्तरमा यसरी आर्थिक सवालहरू उठाइदिँदा राजनीतिक पुनर्संरचनाकै पक्षलाई व्यवस्थित तरिकाबाट कल्पना गर्न मद्दत पुग्नेछ । नेपालमा सशस्त्र द्वन्द्वको अवस्थामा पनि युवायुवतीहरू वैदेशिक रोजगारमा संलग्न भएपछि रेमिटेन्सको कारण चमत्कारिक रूपमा नेपालको गरिबी ११ प्रतिशतले घटेको देखिएको छ । अहिले द्वन्द्वमा प्रत्यक्ष रूपमा संलग्न र द्वन्द्वबाट अप्रत्यक्ष रूपमा गाउँघर छोड्न बाध्य युवाहरू आफ्नो थलोमा फर्किँदैछन् । कर्मशील युवाहरूको जाँगरलाई सही कार्यमा लगाउन सकेमा आर्थिक पक्षहरूमा अवश्य सुधार होला । यद्यपि पुनर्संरचना गर्ने बेलामा आर्थिक अवसरहरू सबै स्थानमा सिर्जना गर्नका लागि काठमाडौँलाई केन्द्रित गरेर नयाँ प्रतिफल पाउन सकिँदैन । काठमाडौँ र कर्णालीबीचका जनताहरूको आर्थिक असमानताका पक्षलाई नयाँ संरचनाको कुरा गर्दा ख्याल गर्नुपर्दछ । नयाँ आर्थिक अवसर सिर्जना गर्दै आर्थिक असमानता हटाउन नसकेमा द्वन्द्वको भुमरीमा फेरि पनि परिने हो कि भनेर ख्याल गर्नैपर्ने हुन्छ ।

## हमिद अन्सारी

(अर्थशास्त्री)

द्वन्द्वका बाबजुद नेपालको गरिबी ४२ प्रतिशतबाट ३२ प्रतिशतमा घटेको देखाइएको छ । यसको कारण क्यालोरी इन्टेक घटाउनु हो । यो नघटाई हेर्दा गरिबीको सङ्ख्या ४२ प्रतिशतबाट ५२ प्रतिशत बढेको देखिन्छ ।

नयाँ नेपालको निर्माणका लागि पुनर्संरचनाका साथसाथै आर्थिक रूपमा पुनः नयाँ दिशा दिनुपर्दछ । गरिबी घटाउने मात्र हैन कि समृद्धि पनि बढाउने गरी आर्थिक परिवर्तन गर्नु जरुरी छ ।

असमानताको कुरा उठिरहेको छ । तर समानताको नाममा धेरै जमिन हुनेको जमिन खोसेर अरू नहुनेहरूलाई वितरण गर्दा तिनको आर्थिक सुधार भइहाल्दैन । जग्गा धेरै हुने कृषकहरू पनि आर्थिक समृद्धिका लागि उपयोगी हुन सक्दछन् । कहिलेकाहीँ राजनीतिक रूपमा बढी लोकप्रिय देखाउन लगाइने नाराले आर्थिक अवस्था सुधार गर्न सक्दैन । यसकारण राज्यको पुनर्संरचनाको कुरा गर्दा बढी लोकप्रिय मात्र हैन कि उपयोगी नीतिहरू कसरी निर्माण गर्ने भनेर पनि सोच्नुपर्ने हुन्छ ।

## गणेश निरौला

(केन्द्रीय कोषाध्यक्ष, नेपाल ट्रेड युनियन काङ्ग्रेस)

राज्यको पुनर्संरचना तथा समावेशीकरणको विषयमा धेरै छलफल भएका थिए तर आर्थिक पक्षमा आधारित भएर यससँग प्रत्यक्ष सम्बन्ध राख्ने पक्षहरूबीचमा

अन्तरक्रिया तथा बहस एकदमै थोरै भएका छन् । विगत १२-१३ वर्षमा उद्योगधन्दाहरू बन्द हुने गति तीव्र छ । खर्च बढेको छ । पञ्चायतदेखि नै डलर कमाउने उद्देश्यले मात्र उद्योगधन्दाहरू स्थापना भएका थिए । यस्ता उद्योगहरू द्वन्द्वको कारणबाट विस्थापन भएका छन् । नेपालमा उद्योगहरू प्रतिस्पर्धी ढङ्गले स्थापित भएकै छैनन् । कुन क्षेत्रमा लगानी गर्ने भनेर नेपालमा न सरकारबाट केही योजना बनाइएको छ, न त उद्यमीहरूले पनि यहाँको अर्थतन्त्र; उपभोक्ता र कामदारहरूको स्थिति हेरेर उद्योग स्थापना गरेका छन् । एकदुई जनाले होटलबाट पैसा कमाएपछि होटलमा लगानी गर्ने अर्कोमा कमाएमा त्यतै लाग्ने परिपाटी यहाँ विकास भएको छ । लगानीको क्षेत्र स्पष्ट नहुँदा फूलबारी होटलमा एकडेढ अर्ब रुपियाँ लगानी भयो । तर यसबाट कति जनाले रोजगारी पाए त ? बाटोमा, स्कुलमा, उद्योगमा, स्वास्थ्यमा कहाँ लगानी गर्ने ? भनेर राज्यले पनि प्राथमिकता तोक्नुपर्दछ । नेपालको अर्थतन्त्र सही ढङ्गले पहिलेदेखि चलेको छैन । यहाँ जसरी पैसा कमाए पनि त्यसको लगानी घर बनाउनेमा लागेको देखिन्छ । हाम्रोजस्तो रोजगारीको अवसर नभएको देशमा कहाँ लगानी गर्दा धेरै जनालाई रोजगारी दिन सकिन्छ र प्रतिफल बढाउन सकिन्छ भनेर हेरेको खै ? राजस्वलाई कसरी उपयोग गर्ने भनेर सरकारलाई सुझाव दिने काम अर्थशास्त्रीको हो । राज्यको पुनर्संरचनाको कुरा गर्ने तर आर्थिक क्षेत्रमा देखिएको हिजोको जस्तो लथालिङ्गे पारा नछोड्ने हो भने केही पनि नयाँ प्रतिफल पाइँदैन । यसकारण लगानी र रोजगारी सिर्जना गर्न सक्ने क्षेत्रहरू पहिल्याउनु जरुरी छ । आर्थिक क्षेत्रको पुनःकल्पना गर्दा करिब एकदुई दशकका लागि राज्यले प्राथमिकता छुटयाउँदै त्यस क्षेत्रमा लगानी बढाउने सोचको विकास गर्नुपर्दछ ।

## सुमाया राई

(लेक्चरर, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर)

राजनीतिक, सामाजिक पक्षको पुनर्संरचनाका कुराहरूमा आर्थिक संरचनाको कुरा गर्ने गरिएको थिएन । तर आज वहाःले आर्थिक पक्षहरू पनि पुनर्संरचनाको कुरामा महत्त्वपूर्ण हैन र ? भनेर सवाल खडा गरिदिएकोमा धन्यवाद ।

विगतको दशकमा नेपाली समाज आर्थिक रूपले पिछडिनुको कारण द्वन्द्व रहेछ । तर स्वयम् द्वन्द्वको कारण के हो त ? के बेरोजगारी मात्र द्वन्द्वको कारण हो त ? उद्योगधन्दाको स्थापनापछि त्यसको स्थिरतामा ध्यान नदिएर मात्र नेपाली समाजको आर्थिक क्षेत्र कमजोर भएको हो त ? त्यो पक्ष डा. प्याकुरेलको भनाइले समेटेको भए अरु राम्रो हुन्थ्यो । नेपालको एकीकरणपछाडि आदिवासी जनजातिले राज्य सधैँ असमावेशी भएको पाएका छन् । २०४७ को संविधानले पनि उनीहरूको

मर्मलाई समेट्न सकेन । नेपालमा ३७ प्रतिशतभन्दा बढी आदिवासी जनजाति छन् । उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक पक्षलाई खोइ त राज्यको तर्फबाट संवर्द्धन र प्रवर्द्धनका कुरा गरेको ? विगतका वर्षहरूमा एउटै भाषा, धर्म र संस्कृति राज्यले लादेका कारण जनजातिहरू बिस्तारै मूलधारबाट टाढिँदै गए जसको प्रत्यक्ष असर मुलुकको अर्थराजनीतिमा परेको छ । विगतमा आफ्नो धर्म, भाषा र संस्कृतिका आधारमा आफू हेपिएको कारण र राज्यले संरक्षण गरेको समूहभन्दा फरक परिचय भएकोले जनजातिहरूले आफ्नो आर्थिक अवस्थालाई सुधार्नतर्फ सोच्न पाएनन् । यसका साथै जनजातिहरूले अवसर पनि कम पाएका कारण आर्थिक रूपमा पछि रहनुपर्‍यो । राज्यको पुनर्संरचनाको आर्थिक पक्षहरूको कुरा गर्दा यस्ता सवालहरूलाई नजोड्ने हो भने त्यो अपूरो हुन्छ ।

द्वन्द्वका बेलामा थुप्रै संरचनाहरू भत्केका छन् । हिजोका आर्थिक संरचनाहरूमा पनि धक्का लागेको छ । अबको पुनर्संरचनामा आर्थिक पक्षलाई पनि पुनर्संरचित गर्ने हो भने आदिवासी जनजातिको आर्थिक विकासमा हुन सक्ने भूमिकालाई पनि सम्बोधन गर्नुपर्छ । यसले मात्र समावेशी चरित्र निर्माण गर्न सक्दछ ।

## हरि शर्मा

नेपालमा किन द्वन्द्व भयो भन्ने कुरामा त्यति धेरै मतान्तर छैन होला । तर नयाँ संरचनको बारेमा भने फरकफरक धारबाट यति धेरै कुराहरू आएका छन् । फरक विचारसँगै फरक आर्थिक अवसर, सम्भावना र यसका राजनीतिक, सामाजिक पक्षहरू भने उठेको पाइँदैन ।

## सिर्जना सुब्बा

(जनजाति गैरसरकारी संस्था)

राज्यको पुनर्संरचना, आर्थिक सम्बन्धको कुरा गर्दा यहाँको मानवीय जनशक्तिको कुरालाई पनि हेरिनुपर्दछ । सक्षम जनशक्ति निर्माण गर्ने आधार भनेको शिक्षाले हो । यसकारण पुनर्संरचनाको बहसमा उपयोगी तथा गुणस्तरीय शिक्षाको कुरालाई छुटाउन सकिँदैन । यहीँ नै स्वरोजगारी सिर्जना गर्न सक्ने शिक्षा दिने परिपाटी निर्माण गर्नेबारेमा किन विचार गरिँदैन ?

## झकेन्द्र घर्तीमगर

(विद्यार्थी)

दक्षिण एसियाको राजनीतिमा अभिजात वर्गको नै पहुँच रहेको छ । त्यसमा नेपाल अपवाद हुनै सक्दैन । अहिलेको अवस्थामा नेपालमा समाजवादी र उदार अर्थतन्त्र

मान्ने समूहबीचमा राजनीतिक सहमति भएको छ । हिजो यी फरक राजनीतिक समूहको आर्थिक लक्ष्य पनि फरक थियो तर अबको अवस्थामा नयाँ आर्थिक संरचना कसरी निर्माण हुन्छ होला भन्ने जिज्ञासा कायमै छ । साम्यवादी लक्ष्य भएका माओवादीलगायतका नेपालका वामशक्तिहरूले नेपालको संरचना अर्धसामन्ती, अर्धऔपनिवेशिक हो भन्ने मान्यता राखेको पाइन्छ । वामशक्ति पनि नेपालको राजनीतिमा बलियो भएको कारण अब राज्यको पुनर्संरचनाको बेलामा नयाँ आर्थिक एजेन्डालाई कसरी प्रस्तुत गर्दछन् भन्ने सवाल महत्त्वपूर्ण हुनेछ ।

## विश्वम्भर प्याकुरेल

एउटा साधारण मान्छेका दृष्टिले हेर्दा आर्थिक पक्षको पुनर्संरचनामा राजस्वको वृद्धि कसरी गर्ने, सार्वजनिक खर्चलाई कसरी व्यवस्थापन गर्ने भन्ने सवालहरू पर्ने गर्दछन् । यत्रो बहुलता भएको समाजमा जनजाति, फरकफरक जाति र धर्मका मान्छेका बीचमा प्राथमिकता फरकफरक त हुन्छन् नै । उनीहरूले जीवनसँग सम्बन्धित आआफ्नै अनुभवका आधारमा प्राथमिकीकरण गरेका हुन्छन् । यसकारण भिन्नतालाई पनि ध्यानमा राख्नैपर्दछ ।

हिजोका दिनमा प्रत्यक्ष खर्चलाई केही हदसम्म सम्बोधन गर्ने प्रयास त गऱ्यौँ तर द्वन्द्वका कारण अलपत्र परेका उद्योगधन्दाहरूबाट सम्पूर्ण प्रतिफल कसरी प्रभावित भइरहेको छ भन्ने कुरालाई हामीले विश्लेषण गर्न सकेनौँ । हाम्रा नीतिगत कमजोरीहरू पनि छन् । तर समग्रमा हेर्दा अहिलेको अवस्थामा तीन प्रकारका मुख्य समस्याहरू देख्न सकिन्छ : (क) नीतिनियमहरूको अपर्याप्तता (ख) नीतिहरूको असफलता र (ग) एउटा नीतिअनुसारको प्रतिफल नआउँदै अर्को नीतिमा हामफाल्ने प्रवृत्ति ।

माओवादीकै कारणले मात्र अर्थतन्त्र बिग्रियो भन्ने कुरा म पनि मान्दिनँ । बैङ्क लुटले समग्र अर्थतन्त्रमा खासै फरक पार्दैन । राज्यको पैसा अरू कसैले खर्च गरिदिने मात्र हो । तर माओवादीको व्यवहारले आर्थिक पुनर्संरचनाका लागि सोच्न बाध्य पारिदिएको भने पक्कै हो ।

वैदेशिक लगानी नबढाईकन हाम्रो उन्नति हुँदैन, रोजगारी बढ्दैन । तर ७ करोड १० लाख डलर दिँदा विश्व बैङ्कले चारओटा सर्त राख्यो । उसले अफ्रिकामा राजनीतिक अस्थिरता भएको ठाउँमा सर्तसहित ऋण दियो भने त्यसले काम गर्दैन त्यो ऋण खतरामा हुन्छ भन्ने पायो । तर हाम्रोमा सर्त लगायो र हामीले यसलाई स्वीकारेर लियौँ । यसले कति प्रतिफल दिन सक्यो त भनेर हेर्ने कामचाहिँ भएन । यस्ता पक्षहरूलाई आगामी दिनमा कसरी संयोजन गर्ने भनेर सोच्नैपर्छ । साथै, चारैतिरका अवस्था नहेरीकन सीधै फड्को मार्न पनि सम्भव नहोला ।

सरकारी खर्च कसरी घटाउने, नयाँ प्राथमिकता कसरी निर्धारण गर्ने, क्षेत्रीय, सामाजिक, सांस्कृतिक समूहका मानिसहरूलाई कसरी सेवा र अवसर दिने र त्यहाँ कसरी क्षमता वृद्धि गर्ने भन्ने सवाल पनि पुनर्संरचनाका कुरामा ख्याल गर्नुपर्ने प्रमुख पक्षहरू हुन् ।

अर्कोतर्फ माओवादीको आर्थिक नीति र समाधान गर्नुपर्ने अरू राजनीतिक समस्यालाई हेर्दा ध्यान दिनुपर्ने कुरा के छ भने विश्वव्यापीकरणको अवस्थामा अहिले बनेका नेपालका सम्बन्धहरू कसरी टिकाइराख्ने ? कतै माओवादीको आर्थिक नीतिबाट उनीहरू हच्किएर भाग्ने त हैनन् ? गम्भीर भएर हेर्नुपर्ने हुन्छ ।

## लक्ष्मी न्यौपाने

(सामाजिक कार्यकर्ता)

सबै आर्थिक अस्थिरताको दोष सरकार र राजनीतिक दलका नेतालाई मात्र दिएर हुँदैन । हिजोका दिनमा धेरैलाई रोजगारी दिन सकेका गलैंचा, पस्मिना, तयारी पोसाक उद्योगहरू हराएर जाँदैछन् । हामीले यसका लागि भारतलाई दोष दियौं । यस्ता उद्योगहरू रुग्ण हुनुका कारण खोज्न हामी किन छलफल गर्दैनौं ? कृषि, पर्यटनजस्ता नेपालका लागि सम्भावना बोकेका पक्षहरूलाई आर्थिक उन्नतिका लागि किन हामी प्राथमिकता तोक्दैनौं ? यसकारण आफूमै भएका समस्यालाई नकेलाईकन अन्य पक्षलाई दोषारोपण गरेर मात्र कसरी नयाँ संरचनाको कुरा गर्न सकिन्छ ?

## यामबहादुर किसान

(जनउत्थान प्रतिष्ठान)

आर्थिक विकासका पक्षलाई देशको समग्र राजनीतिसँग जोडेर हेर्नुपर्छ । राजनीतिमा जो शक्तिमा छ त्यसकै नीति, कार्यक्रम र प्रवृत्तिले देशको अर्थराजनीतिमा प्रभावित गर्दछ । राजनीतिक पक्ष हेर्दा लोकतान्त्रिक पद्धतिको चर्चा गर्ने बेलामा राजनीतिक दलहरूले लिएका सैद्धान्तिक तथा व्यावहारिक अडानहरूलाई हेर्नुपर्दछ । नेपालमा राजनीतिक दलका नेताहरूका कारणले क्षेत्रीय आर्थिक विकासमा विभेद ल्याएको छ । शक्तिमा हुने नेताले आफ्नो चुनाव क्षेत्रमा गर्ने खर्च अन्य दुर्गम भेगमा गरिनेभन्दा कैयौं गुणा बढिरहेको हुन्छ । नेपालको विकासमा क्षेत्रीय विभेद देखिनुको प्रमुख कारण यही हो । यस खालको क्षेत्रीय विभेदका कुराहरू पुनर्संरचनाको विषयसँग सम्बन्धित भएर रहेका छन् ।

पञ्चायतको अवधिसम्म नेपालमा सामन्ती अर्थतन्त्र नै रहेको थियो । यसपछि बहुदलीय कालमा खुल्ला अर्थतन्त्रको कुरा गरिए तापनि शासनमा सामन्ती संस्कृतिका

मानिसहरूको बाहुल्य भएकोले खुल्ला अर्थतन्त्रको मर्मलाई अगाडि बढाउन सकेनन् । यसले विश्व अर्थतन्त्रसँग हाम्रो अर्थतन्त्रलाई समन्वय हुनबाट पछाडि पाऱ्यो । यसकारण हाम्रो अर्थतन्त्र पछि पऱ्यो ।

हिन्दू सामाजिक संस्कृतिले नेपालको अर्थतन्त्रलाई कसरी नकारात्मक असर पारेको छ भन्ने सवालमा नेपाली अर्थशास्त्रीहरूले ध्यान दिएका छैनन् । दलितहरूले आफूले चाहँदैमा आर्थिक क्रियाकलापमा भाग लिन सक्दैनन्, यसै गरी महिलाहरूले महिनाको चार दिन धेरै कुरा छुन पाउँदैनन् । यस्ता क्रियाकलापले त्यस्ता समुदायको आर्थिक भूमिका कसरी तल पऱ्यो भनेर पनि हेर्नुपर्ने हुन्छ । समावेशीकरणको विषयमा यी सवालहरूले उत्तिकै असर पार्न सक्दछन् ।

## लक्की सेर्पा

(नेपाल आदिवासी जनजाति महासङ्घ)

आजको अन्तरक्रिया कार्यक्रमबाट मेरो पहिलाको अध्ययनको विषय र नेपालको आर्थिक पक्षलाई सम्झने मौका मिल्यो । द्वन्द्व कुनै पहिचानको आधारमा आफै सिर्जना हुनेभन्दा पनि स्रोतसाधनमाथिको असमान वितरणका कारणले बढ्दै जने गर्दछ । हामीले समाजमा मुर्दा शान्तिको कल्पना गरेका हैनौँ । द्वन्द्वले नै विकासका प्रक्रियाहरूलाई रूपान्तरित गर्ने गर्दछ । पहिले राज्यको पुनर्संरचना हुनुपर्दछ । त्यसपछि मात्र आर्थिक पुनर्संरचना सम्भव छ । पिछडिएका र मूलधारमा नआएका जातजाति-लाई अबको आर्थिक पुनर्संरचनामा समेट्नुपर्दछ । आदिवासी जनजातिहरूले आर्थिक, शैक्षिक र पेसागत सहभागिता बढाउन सक्ने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ ।

## यज्ञ अधिकारी

(प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर)

मैले नबुझेको कुरा के हो भने रिट्ठाले लुगा धुने ५० वर्षअघिको चलन अहिले पनि नेपालका डाँडापाखामा छँदैछ । तर गरिबी घट्यो र 'रेमिटेन्स' का कारण हामी धनी हुँदैछौँ भनेर हामी कसरी भनिरहेका छौँ ?

जनआन्दोलनमा निरन्तर रूपमा भाग लिएर टाउको फुटाउने युवाहरूको चाहनालाई समेट्न सक्ने कस्तो आर्थिक प्रणाली हुनसक्ला भनेर छलफल गरिनुपर्ने हुन्छ ।

अहिलेसम्म हामी गाउँघरलाई चाहिने विकास तथा आर्थिक उन्नतिका योजनाहरू सिंहदरबारमा बसेर बनाइरहेका छौँ । अब केन्द्रीय स्तरबाट योजना निर्माण गरिने प्रणालीको अन्त्य गरिनुपर्दछ । यस्ता पक्षहरू पनि पुनर्संरचनाको बहसका बुँदा हुनु जरुरी छ ।

## ठाकुर भट्टराई

(उपप्राध्यापक, पाटन बहुमुखी क्याम्पस, पाटन)

गैर उत्पादनशील क्षेत्रमा हुने लगानीलाई उत्पादनको क्षेत्रमा लगाउन नीति नै निर्माण गरेर अगाडि बढ्नुपर्ने हुन्छ । नेपालबाट भारततिर लगानी गर्न जानेहरूलाई यहीँ लगानी गर्न प्रेरित गर्न सकेमा थप रोजगारीका अवसर यहाँ नै सिर्जना गर्न सकिन्छ । यसै गरी नेपाली समाजको सूक्ष्म अध्ययन गरेर समाजभित्र रहेका आर्थिक कमजोरीको पहिचान गर्नु अहिलेको समयमा उपयुक्त हुन्छ ।

## प्रदीप पौडेल

(केन्द्रीय उपाध्यक्ष, नेपाल विद्यार्थी सङ्घ)

राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रको बहसमा आर्थिक पक्षको भूमिकाको कुरा गर्दा समावेशी आर्थिक प्रणाली कस्तो हुन सक्दछ ? कुन प्रणाली अपनाउँदा नेपालजस्तो बहुआयामयुक्त देशमा राज्य समावेशी हुन सक्दछ भन्ने प्रश्नमा छलफल गर्नु उत्तम हुने थियो । अहिले राज्यको पुनर्संरचनाको बहसमा सङ्घीयता, स्वायत्तताका कुरा उठिरहेका छन् । स्वायत्तता वा सङ्घीयता हुँदाको अवस्थामा फरकफरक ठाउँमा केके हुन सक्दछन् ? के संरचना बदल्ने क्रममा स्रोतसाधन सम्पन्न क्षेत्रहरू एकातिर र नभएका क्षेत्रहरू अर्कातर्फ रहे भने फेरि आर्थिक असमानता नबढ्ला त ? यस्ता पक्षहरूबारे सबैभन्दा धेरै बहस गरिनुपर्दछ ।

हाम्रो अहिलेको शिक्षा नीति यति विभेदकारी छ कि यसले अवसरहरूमा पनि असमानता सिर्जना गरेको छ । यस प्रकारको शिक्षाबाट एकै पटकमा दुई फरकफरक प्रकारका युवाहरू समाजमा सिर्जना भएका छन् । अबको नयाँ संरचना बन्दा यस्ता पक्षहरू पनि हेरिनुपर्दछ ।

## गणेश भट्ट

(उपप्राध्यापक, नेपाल ल क्याम्पस, प्रदर्शनीमार्ग)

समाजमा आकाङ्क्षा र उत्साह यसरी बढिरहेको देखिन्छ कि अब आम जनताको हित हुने व्यवस्था नगरी सुखै छैन । तर जतिसुकै नयाँ संरचना र परिपाटी निर्माणको कुरा गरे पनि संसारमा स्थापित मूल्य-मान्यताभन्दा बाहिर नेपाल जानै सक्दैन । पुनर्संरचनाको कुरा गर्दा पुराना कुरामा सबै खोट देख्नु अतिवाद हो । हिजो पनि हामीले समाजमा परिवर्तन आइरहेको छ भनेर धेरै प्रतिवेदन र पुस्तकहरू लेखेका थियौँ । तर आज सबै खत्तम मात्र छ भनेर हुँदैन । हिजोका सकारात्मक पक्षलाई लिन सक्नुपर्दछ । द्वन्द्वका विषयमा पनि यहाँ कुरा उठेको हुनाले यसको कारणहरू खोज्दा आन्तरिक पक्षलाई मात्र केलाएर हुँदैन बाह्य पक्षहरू पनि केही छन् कि ? पत्ता लगाउनुपर्‍यो ।

हरि शर्मा

सोशल साइन्स वहा:ले वर्तमान नेपालको परिवर्तित अवस्थामा आर्थिक सवालहरू केके हुन सक्छन् भनेर छलफल गर्न डा. प्याकुरेललाई निम्त्याएका थियौँ । आर्थिक पक्षहरू र राजनीतिक मुद्दाहरू पनि समाजका हरेक पक्षहरूसँग सम्बन्धित रहेकाले यस्ता सवालहरूको छलफलमा समाज विज्ञानसँग सम्बन्धित सैद्धान्तिक आधारमा विश्लेषण हुँदै गएमा बृहत्तर पक्षहरूलाई समेट्न हामी सक्नेछौँ ।

विश्वम्भर प्याकुरेल

हाम्रो नीतिमा भएका भूलका कारण हिजोका रोजगारमूलक उद्योगहरू धरासायी भएका हुन सक्दछन् । भारतलाई निर्यातका निम्ति बजार र त्यहाँबाट यता लगानी बढाउन सक्ने अवसरका रूपमा हेर्न सकिन्छ । जातीयताका कारणले आर्थिक पुनर्संरचना सम्भव छैन भन्ने कुरा होइन । संसारमा यस्ता समस्याहरू धेरै समाधान भएका छन् । यस्ता समस्या समाधान नहुने भए त पुनर्संरचना भन्नै सकिन्न । माओवादीले आमूल परिवर्तन गर्न खोजेका होलान् तर अर्को छुट्टै मुलुक मागेका छैनन् । यसकारण यही मुलुकभित्रबाटै समस्याको समाधान गर्ने सोच उनीहरूमा पनि छ । बरु उनीहरूको सकारात्मक उत्साहलाई आर्थिक प्रगतिमा मिलाउन सक्नुपर्दछ । राज्यको दायित्व भनेको उत्पादन बढाउने र आर्थिक वृद्धि गर्ने मात्र हैन, सेवा प्रदान गर्नु पनि हो । यसकारण कम्तीमा न्यूनतम आर्थिक वृद्धिका साथै सेवाहरूको वितरणलाई राज्यले निरन्तरता दिनैपर्दछ । केन्द्रीय स्तरमा बनाइने योजनाबाट प्रगतितिर जान सकिन्न भन्ने सहभागी साथीहरूको विचारमा म पूर्ण सहमत छु । सकारात्मक तथा उन्नतितर्फका सोचाइले हाम्रो समस्या हल गर्न मद्दत गर्नेछ भन्नेमा आशावादी हुन सकिन्छ ।

• • •

# दोस्रो सत्र

## समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनाको बहसमा स्थानीय स्वायत्तता र सङ्घीयता

हरि शर्मा

सोशल साइन्स वहा:को चाहना हरेक छलफलका विषयवस्तुहरूको सैद्धान्तिक आधार हुनुपर्छ भन्ने हो । त्यसैले हामीले समावेशी लोकतन्त्रको आधारभित्र कस्ता सैद्धान्तिक आधारहरू हुन सक्छन् भन्ने प्रश्न गरेर यस्ता छलफलहरू सञ्चालन

गर्ने गरेका छौँ । समाजमा द्वन्द्व हुन्छ । तर द्वन्द्व कसरी हुन्छ ? त्यसभित्रका फरक अवयवहरूलाई कसरी हेर्ने ? द्वन्द्वरत पक्षहरूबीचमा सम्झौता हुन्छ, त्यो कसरी हुन्छ ? यस्ता प्रश्नहरू समाजविज्ञानको क्षेत्रमा उठिरहने गर्दछन् । द्वन्द्व; फेरि एकअर्कामा सम्झौता, समझदारीजस्ता प्रक्रियामार्फत समाजको गतिशीलताले निरन्तरता पाइरहेको हुन्छ ।

झापा, धनगढी र नेपालगन्जमा भएका यस्तै अन्तरक्रिया कार्यक्रमहरूमा राज्य समावेशी कि लोकतन्त्रमा समावेशी भन्ने कुरा उठेको पाइयो । कसैले राज्यको संरचना समावेशी हुनुपर्‍यो भन्ने तर्क गरेका छन् त कसैले लोकतन्त्र पनि समावेशी हुनुपर्‍यो भन्ने विचार व्यक्त गरेका छन् ।

यस्तै, राज्यको पुनर्संरचना गरिनुपर्छ भनेर तर्क गर्नेहरूले नेपाली राज्यको केन्द्रीकृत अवस्थामा फेरबदल नगरी सुख छैन, राज्यलाई केन्द्रीकृत अवस्थाबाट विकेन्द्रित गर्ने, स्थानीय स्वायत्ततालाई पहिलो प्राथमिकता दिनुपर्ने र सङ्घीय शासनमा जानुपर्ने जस्ता फरकफरक राय पेस गरेको पाइन्छ । राज्य पुनर्संरचनाका यस्ता सवालहरू समावेशी लोकतन्त्रको प्रमुख मुद्दाको रूपमा उठेको पाइन्छ । यसकारण यो अन्तरक्रिया कार्यक्रममा विगतका दिनमा स्थानीय निकायमा रहेर काम गरिसकेका महानुभावहरूले स्थानीय स्वायत्तताको पक्षमा उठाउनुभएका सवाल र सङ्घीयताको विषयमा जनजातिहरूको हेराइका बारेमा छलफल गरिनेछ । यसका लागि जिविस महासङ्घका साथीहरूले तयार गर्नुभएको स्थानीय स्वायत्ततासम्बन्धी कार्यपत्र यस कार्यक्रम पूर्व नै यहाँहरूसमक्ष पठाइसकिएको छ । त्यसैको आधारमा विचार राख्नका लागि परशुराम उपाध्यायलाई अनुरोध गर्दछु ।

## परशुराम उपाध्याय

(स्रोत व्यक्ति)

जिविस महासङ्घका प्रतिनिधिलगायतका साथीहरूको स्थानीय निकायमा रहेको कार्यअनुभव तथा अनुसन्धानमा संलग्न भएका आधारमा यो कार्यपत्र तयार भएको हो । म यस कार्यपत्रका केही मुख्य बुँदाहरू यहाँ प्रस्तुत गर्छु । नेकपा माओवादी र सात राजनीतिक दलबीचमा भएको १२ बुँदे समझदारी, त्यसपछि विकास भएको आन्दोलन र आन्दोलनको सफलतापछि देखिएको जनताको आकाङ्क्षाले राज्यको पुनर्संरचनालाई नेपालको प्रमुख सवालको रूपमा स्वीकारेको देखिएको छ ।

विगतमा ठूला परिवर्तन भए भनेर इतिहासका पानामा धेरैपटक लेखिइसकेको छ । हामीले पनि व्यक्तिगत रूपमा त्यही महसुस गरेका थियौँ । तर हरेक परिवर्तनपछि नेपालका अभिजात वर्ग मात्रै लाभान्वित भएको गुनासो प्राय: सबैले स्वीकारिसकेका छन् । परिवर्तनको लाभ सबै क्षेत्र र वर्गमा पुग्नुपर्छ भन्ने माग अहिले सशक्त

रूपमा उठिरहेको छ । स्थानीय स्वायत्ततालाई मुख्य मुद्दा नबनाएसम्म पुनर्संरचनाको कुराले सही स्तरमा जनताको अधिकार र सम्भावनालाई समेट्न सक्नेछैन भन्ने आजसम्मको अनुभवको निचोड हो ।

वर्तमान अवस्थामा स्थानीय स्वायत्ततालाई अन्तर्राष्ट्रिय रूपमा पनि स्वीकारेको देखिन्छ । बेलायतजस्तो अलिखित संविधान भएको देशमा पनि स्थानीय सरकारसम्बन्धी कानुनहरूको व्यवस्था गरिएको छ । सोभियत सङ्घको पतनपछिको अवस्थामा त्यहाँ स्थानीय स्वायत्त शासनको महत्त्व झन् बढेर गएको देखिएको छ । अहिले हरेक सवालमा बढीभन्दा बढी जनताको सहभागितालाई जोड दिइने गरिएको छ । लोकतान्त्रिक प्रक्रियामा सबैभन्दा बढी जनसहभागिताको कल्पना गरिएको हुन्छ । जस्तो शासनको प्रक्रिया अपनाए पनि जनसहभागिता स्थानीय स्वायत्त शासनविना सम्भव हुँदैन । समावेशीकरणको प्रमुख लक्ष्य पनि समाज तथा राज्यका हरेक पक्ष तथा प्रक्रियाहरूमा जनसहभागिता वृद्धि गर्ने हो । यसकारण राज्यको पुनर्संरचनाको कुरा स्थानीय स्वायत्त शासनबाट सुरु गरौँ भन्ने यो कार्यपत्रको प्रमुख उद्देश्य हो । पहिले सबभन्दा तल्लो निकाय कस्तो निर्माण गर्ने र त्यहाँ कति अधिकार दिने भनेर कुरा नगरीकन माथिल्लो स्तरमा जतिसुकै अधिकार भएको संरचना निर्माण गरे पनि जनसहभागिता वृद्धि हुन सक्दैन । त्यसै गरी राज्यको केन्द्रीय स्तरको संरचना जति नै शक्तिशाली भएर पनि स्थानीय सरकार बलियो नभएमा लोकतन्त्र स्थायी नहुने रहेछ भन्ने कुरा हामीले अनुभव गरिसकेका छौँ ।

अर्को पक्ष, केन्द्रीकृत शासन संरचनाबाट मात्र शासन गर्ने परिपाटी र सक्रिय शासन गर्ने राजाको चाहनामा धेरै भिन्नता रहेको पाइँदैन । यसकारण हाम्रो परम्परागत चिन्तनको रूपमा रहेको आफू मात्रै शासन गरुँ भन्ने कुरामा पनि परिवर्तन गर्नु आवश्यक छ । यसका लागि पनि स्थानीय स्वायत्ततालाई प्रमुख रूपमा लिइएको छ । हिजोका दिनमा पनि स्थानीय निकायमा जुन अनुपातमा जातजाति महिलाहरूको प्रतिनिधित्व थियो केन्द्रीय स्तरका संरचनाहरू जस्तै, संसदमा प्रतिनिधित्वको अनुपात अत्यन्तै न्यून रहेको थियो । अहिले समावेशीकरणको सवाललाई प्रतिनिधित्वको रूपमा पनि हेरिएको छ । केन्द्रीय संरचना अथवा क्षेत्रीय वा सङ्घीय संरचनामा पनि धेरैभन्दा धेरै समूहहरूको प्रतिनिधित्व गराउन सकिँदैन । यसकारण राज्यलाई पूर्णरूपमा समावेशी बनाउनका लागि पनि स्थानीय स्वायत्तताको आवश्यकता पर्दछ । हिजोका दिनमा आर्थिक स्वायत्तता कुनै पनि तहमा हस्तान्तरण भएन । काठमाडौँले मात्र कुल राजस्वको ५१ प्रतिशत उपभोग गर्दछ । यसले समानुपातिक वितरणलाई बाधा पुऱ्यायो । यस्ता आधारहरूलाई केलाउँदा पनि नेपालमा स्थानीय स्वायत्तता अनिवार्य रहेको देखिन्छ ।

अहिले सङ्घीयताको बारेमा बहस व्यापक रूपमा उठेको छ । तर सङ्घीयता

हुँदैमा सबै सङ्घीय व्यवस्थाहरू स्वीट्जरल्यान्ड बन्ने वा बनाउने खालका हुन्छन् त ? के सार्वभौमसत्ता सच्चा रूपमा प्रयोग गर्न सक्ने गरी स्थानीय निकायलाई विकसित गर्नुपर्दैन ? सङ्घीयता रहेका मुलुकमा पनि स्थानीय तहलाई अधिकार दिने कुरामा एकरूपता हुँदैन । कानुनी अधिकारका हिसाबले पनि जनतालाई बढी प्राथमिकता दिएको कुरा एकात्मक वा सङ्घात्मक दुवै व्यवस्थामा पाइन्छ । धेरैजसो मुलुकमा सङ्घीयताको स्थापनाका लागि पहिले नै त्यो सङ्घीयताको माग गर्न सक्ने सङ्घको स्थापना भएको देखिन्छ । हाम्रो परिप्रेक्ष्यमा यस्तो परिपाटी कति व्यावहारिक होला ? यो पनि बहसको एउटा विषय हुन सक्छ । छुट्टिन पाउने अधिकारसहितको सङ्घीयताको अभ्यास संसारमा कहीँ पनि छैन तर एकअर्को सङ्घ मिलेर सङ्घीयता थपघट गर्न पाउने व्यवस्था भने छ जस्तै, भारत, अमेरिका । हामीले भन्न खोजेको के हो भने नामका आधारमा मात्रै सङ्घीयता वा एकात्मक व्यवस्था बढी वा घटी विकेन्द्रीकृत हुन्छ भन्ने होइन । सिमाना हेरफेरका विषयमा, प्राकृतिक स्रोतसाधनका विषयमा, अर्को सङ्घसँग मिल्न पाउने अधिकारसहितको सङ्घीयता पनि चलेको छ । अरू सङ्घीय राज्यसँग मिल्न वा छुट्टिन पाउने अधिकार हुन सक्छ ।

संवैधानिक अधिकारको हिसाबमा हेर्दा पनि आफ्नो कानुन आफै बनाउन सक्ने सङ्घीय राज्य भनेर बुझ्न मिल्दैन । भारतमा हेर्दा ऐन बनाउन सक्ने मात्र अधिकार छ; त्यो पनि केन्द्रीय राज्यले विभिन्न बहानामा सङ्कुचित गरिदिने गरेको छ । लोकतन्त्रात्मक शासन प्रणाली भएका मुलुकहरूमा स्थानीय सरकारले आफ्नो आवश्यकताअनुसार कानुन बनाउने र लागू गर्न पाउने अधिकार राख्छन् । डेनमार्क, स्वीडेन र अन्य युरोपेली मुलुकहरूलाई हेर्दा स्थानीय निकायहरू त्यहाँका प्रान्तीय सरकारसरह अधिकार प्रयोग गर्दछन् । यहाँ भन्न खोजिएको मुख्य कुरा के हो भने एकात्मक राज्य हुँदैमा राज्यका तल्ला निकायहरूमा अधिकार नै नहुने र सङ्घीय राज्य हुँदैमा स्थानीय निकायहरू आफै अधिकारसम्पन्न हुने अथवा स्थानीय स्वायत्तताको उपयोग गर्न पाउने भन्ने हुँदैन ।

एकात्मक राज्यसँग स्थानीय स्वायत्तताका लागि जुन रूपमा 'बार्गेनिङ' गर्नुपर्ने हुन्छ सङ्घीयतामा पनि त्यतिकै गर्नुपर्ने हुन्छ । अझ स्थानीय स्वायत्तता माग गर्नेहरूका लागि सङ्घीय राज्यबाट अधिकार पाउन गाह्रो देखिने गरेको छ । सङ्घीयतामा विभाजन भएपछि स्थानीय स्वायत्तताको आन्दोलन पनि विभाजन हुने गर्दछ । कुनै सङ्घबाट अधिकार केही दिने र कुनैले नदिने पनि हुन सक्दछ ।

स्रोतको बाँडफाँडमा कुनै पनि एक वा दुई जातिको विशेष एकाधिकार हुनुहुँदैन । स्थानीय रूपमा रहेका हरेक समुदायलाई स्रोतसाधन परिचालनको अधिकार पाउने अवस्था पनि स्थानीय स्वायत्ततामार्फत नै गर्न सकिने हुन्छ । यसै गरी सानोभन्दा सानो 'युनिट' मा अधिकार दिने र आत्मसम्मान हुने अवसरले 'यो राज्य मेरो

हो' भन्ने भावना बढाउन सकिन्छ ।

अहिले मुलुक धर्म निरपेक्षतामा गइसकेको छ । यसले धेरै धर्मावलम्बीहरूलाई समावेशीकरणको सुरुआत भएको महसुस गराएको छ । पछि परेका वर्ग/समुदायको क्षेत्रीय सन्तुलनका आधारमा समावेशीकरण खोजिनुपर्छ । लैङ्गिक समानताका आधारमा समावेशी हुनुपर्छ । जनतामा रहेको सार्वभौमसत्तालाई जबसम्म हामी शासनको उचित संयन्त्र निर्माण गरी सुनिश्चित गर्दैनौँ तबसम्म ठालुहरूकै वर्चस्व रहन्छ । राज्यले आफूले गर्न खोजेका काम जनसहभागिताका आधारमा, अपनत्वका आधारमा गर्न सक्छ जुन सबैभन्दा प्रभावकारी हुन्छ ।

समुदायलाई बलियो पार्न उसको वैधानिकतालाई बलियो पार्नुपर्छ । समुदायलाई अधिकारसम्पन्न तुल्याउन शासनको स्थानीय तहलाई नै सक्षम बनाउनुपर्दछ । ताप्लेजुङको मान्छेलाई काम गराउन विराटनगर आउनुपर्ने खालको सेवा प्रवाह अबको संरचनामा हुनुहुँदैन । यी सबै प्रकारका सवाललाई सम्बोधन गर्न स्थानीय स्वायत्तताको जरुरी पर्नेछ ।

## हरि शर्मा

अब सङ्घीयता, स्थानीय स्वयत्ततालगायतका विषयमा जनजातिहरूको तर्फबाट उठाएका सवाल र यसका सैद्धान्तिक विश्लेषणको पाटोलाई उजागर पारिदिनुहुन बालकृष्ण माबुहाङलाई अनुरोध गर्दछु ।

## बालकृष्ण माबुहाङ

(स्रोत व्यक्ति)

म सङ्घीय संरचनाको पक्षमा विचार दिन मन पराउने व्यक्ति हुँ । स्थानीय स्वायत्तता शासनको विरोधी हैन पक्षधरै हुँ तर त्यो स्वायत्तता सङ्घीय संरचनाअन्तर्गत हुनुपर्छ भन्ने मान्छे हुँ । म अहिलेसम्म रहेको नेपाली राज्यका संरचना र यसका अन्तरविरोधहरूका बारेमा बोल्छु र अन्त्यमा सङ्घीय संरचनामा अबको नयाँ व्यवस्था हुनुपर्छ भनेर टुङ्ग्याउँछु ।

पूर्णरूपमा सामन्ती संस्कार भएको राणाहरूको शासनमा जनताको पीरमर्का सुन्ने चाहना र संयन्त्र दुवै थिएन । राज्यको संरचना राजस्व असुल्ने प्रयोजनका लागि तयार गरिएको थियो । पञ्चायतको बेलामा राजमुकुटबाट निःसृत हुने अधिकारमै राजनीति गुज्रियो । परम्परागत सत्ता नारायणहिटीबाट र जनताको शक्ति सिंहदरबारबाट उपयोग गर्ने दोहोरो खेल हुँदाहुँदै बहुदलीय व्यवस्था पनि चट भयो । तर राजाको दुःखले आर्ज्याको मुलुक भएकोले आफ्नै आधिपत्यको शासन गर्ने कुरा जनताले स्वीकारेनन् । अब राज्य पुनर्संरचनाको बहसमा आइपुगेको छ ।

राजनीतिक दल र माओवादीबीचमा भएको १२ बुँदे समझदारीमा एउटा मुख्य बुँदा राज्यको पुनर्संरचना गर्ने छ। समाजविज्ञानका कतिपय बहसहरू अमूर्त रूपमा राजाको पक्ष वा विपक्षमा जाने भन्ने कुरामा नै अल्झिराखेका छन्। राजा सामन्ती संस्था हो। यो संस्थाले उसको जाति, धर्म र संस्कृति तथा उसको वर्गलाई मात्र प्रतिनिधित्व गर्दैन। उसको इरादा त अन्य सबै जात, जाति र संस्कृतिलाई पनि आफैमा मिलाउन खोज्ने रहेको हुन्छ।

थारू जातिले आफ्नो भाषा गुमाउनुमा राज्यले नेपाली भाषा थोपरेका कारण हो भन्ने कुरालाई समाजविज्ञानले खोज्ने कि नखोज्ने? राज्य सङ्घीयतामा गएमा यसको चरित्र बहुलवादी राज्यसत्ताको हुनेछ जसद्वारा जनता बढीभन्दा बढी लाभान्वित हुनेछन्। एकात्मक राज्य प्रणाली बनाउँदा काठमाडौँमा रहने शासकको टाउको रावणको झैँ १२ टाउके हुनुपर्छ। अनि मात्र यसले यो खाल्डोबाहिर रहेका जाति, भाषाभाषी र क्षेत्रका जनताको सेवा गर्न सक्दछ। यसकारण अब हुने नेपालको स्वरूप सङ्घीय र गणतन्त्रात्मक हुनुपर्नेछ। सङ्घीय राजतन्त्रात्मक स्वरूप हुने भन्ने पनि बहस छ। तर राजा रहेसम्म त केन्द्रीकरण शासनबाट देश बाहिर निस्कन नै सक्नेछैन। 'मेरो पुर्खाले आर्ज्याको मुलुक' भनेर कुनै बदमासले लुटेको टुलुटुलु हेर्न सकिँदैन। यो भावनाबाट मुक्त भएपछि मात्र राज्यको सङ्घीय स्वरूपको अवधारणा सफल हुन्छ।

सङ्घीय राज्यमार्फत जनजाति तथा आदिवासीहरू शासनमा जान नसक्ने हो भने ती अब सङ्घीयताबाट स्वतन्त्र राज्यको मागमा जानेछन्। जनजातिहरूको अहिलेको केन्द्रीय तथ्याङ्क विभागबाट निकालेको तथ्याङ्कलाई हामी मिथ्याङ्क भन्छौँ, किनभने यसले अहिलेको अवस्थामा चाहिने गरी तथ्याङ्कलाई ल्याउनै सकेको छैन। अहिलेको नेपालको जातजातिको बसोबासको स्थिति, भाषाको स्थिति मधेसका बस्तीहरूको अवस्था सबै हेर्दा नेपालमा १२-१३ ओटा गणराज्यको सम्भाव्यता छ। त्यसलाई समाजविज्ञानले स्वीकार्नुपर्दछ। अब राज्यको संरचनालाई जातीय, भाषिक आधारहरू हेर्दै सङ्घीय प्रणालीमा लैजानुपर्नेछ।

## हरि शर्मा

सङ्घीयता र स्थानीय स्वायत्तताको विषयमा आधारित भएर अहिले दुईओटा रोचक प्रस्तुति भएका छन्। अब यी विषयहरूमा आफ्ना विश्लेषणात्मक विचारहरू राख्नका लागि सहभागी मित्रहरूलाई अनुरोध गर्दछु।

## गोपाल दहित

(सामाजिक कार्यकर्ता)

नेपालको राज्यव्यवस्थामा शासन गर्ने शासक, कर्मचारी, आर्मी, राजनीतिकर्मी

सबै ठाउँमा एउटा जातिविशेषको वर्चस्व रहेको छ । उनीहरूको नीति तथा सोच दलित, जनजातिको उत्थान गर्ने खालको छैन । जुनसुकै वर्ग समुदायका भए पनि राज्य सञ्चालनमा रहने मान्छेले तल्लो तहदेखि माथिल्लो तहसम्मलाई समान रूपले समेट्ने नैतिक प्रतिबद्धता हुनुपर्‍यो । जबसम्म समानुपातिक प्रतिनिधित्वका आधारमा नेतृत्वको कुरा हुन सक्दैन तबसम्म समावेशी कुरा भाषिक खेलमा मात्रै सीमित रहनेछ ।

## विदुर कार्की

(नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट))

राज्यको पुनर्संरचनामा मुख्य रूपमा तीनओटा पक्षहरू रहेका हुन्छन् : आर्थिक पक्ष, सामाजिक पक्ष र राजनीतिक पक्ष । यी तीन पक्षहरू हरेकको सम्बन्धलाई नहेरीकन एउटा पक्षमा मात्र केन्द्रित भएर राज्यको पुनर्संरचनाको कुरा हुन सक्दैन । भोलिको संरचना तयार गर्दा जोसँग स्रोतसाधनको सम्पन्नता छ उसले मात्र त्यसको उपयोग गर्ने नीति लिएमा कुन रूपमा हामीले समानताको विकास गर्न सकौँला । उदाहरणको रूपमा हेर्दा आम्दानी पनि काठमाडौँले धेरै गर्छ, लगानी पनि उसैले धेरै गर्छ । जातजातीयताका आधारमा सङ्घ बनाउँदै जानुको उद्देश्य के ? यसले झन् अहिलेको स्थितिलाई पनि कमजोर पारेर लानेछ । राज्यको पुनर्संरचनामा नेपालको श्रम क्षेत्रलाई कसरी समावेश गर्ने भन्ने कहीँ कतै सुनिएको छैन । श्रमिकहरूको एउटा समूह छ भनेर यहाँका बहसमा भाग लिनेहरूले भुलेको जस्तो लाग्यो । श्रमिक क्षेत्रका सवालहरूलाई पनि राज्यले नयाँ निर्णय गर्दा समावेश गर्नुपर्छ ।

## धनबहादुर सुनार

(विद्यार्थी)

बालकृष्णजीको सङ्घीयताको मोडलको कुरामा पिछडिएका जातजातिहरूको कुरा त उठाउनुभयो तर उहाँको सङ्घीयतामा केही जनजातिलाई मात्र लाभ पुग्न सक्दछ । नेपालभरि छरिएर रहेका तर अहिलेको नेपाली समाजमा सबैभन्दा हेपिएका दलितहरूलाई नयाँ संरचनामा कसरी शासनको तहमा पुर्‍याउन सकिन्छ भनेर उहाँका कुनै पनि बुँदाहरूले समेटेको पाइएन । के राज्यको पुनर्संरचनामा आफू र आफ्नो समूहको मात्र कुरा गर्ने हो ?

## हरिदत्त जोशी

(नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट))

नेपालको अहिलेको सामाजिक र आर्थिक संरचना हेर्ने हो भने यहाँको समस्यामा

जातीयभन्दा पनि वर्गीय कुरो ठूलो हो जस्तो लाग्छ । वर्गीय आधारभित्र जाने हो भने हरेक जातिभित्रका पनि कमजोर वर्गका समस्या र सवालहरूलाई हेर्न सकिन्छ । श्रमिकहरूका सवाललाई पनि वर्गीय पक्षबाट हेर्न सकिनेछ । यसकारण समाजको जातीयभन्दा वर्गीय समस्या प्रमुख कुरा हो । नेपालमा राजनीतिक दलहरूले जातीय सङ्घसंस्थालाई उचालेर राजनीति गरेका छन् । यसकारण यी सवालहरूमा बढी समय खर्च भइरहेको छ । जातीय आधारमा अधिकारका कुरा गरेर जातीय रूपमा सक्षम रहेकाहरूको सहयोग दलहरूले लिइरहेका छन् । यहाँ महिला, क्षेत्रगत असमानता, दलितका समस्याहरूलाई समेट्ने गरी राज्यले आधारहरू तयार गर्नुपर्दछ ।

## नजरूल हसन फलाही

(महासचिव, इस्लामिक सङ्घ, नेपाल)

जातीय सङ्घीयताको कुरा उठाउँदा यसले साम्प्रदायिक द्वन्द्व बढाउँछ कि बढाउँदैन भनेर पनि सोच्नुपर्दछ । पिछडिएका समुदायका अधिकारको कुरा उठेको छ । सबैभन्दा बढी पिछडिएको समुदाय मुस्लिम समुदाय हो । यसको उत्थानमा के गर्ने ? किन कोही यस विषयमा बोल्दैनन् ? मेरो पनि राज्य नेपाल हो भन्ने भावना उसले राख्न पाउने कि नपाउने ? धर्म निरपेक्ष शब्द मात्रले केही हुँदैन ।

## चन्द्रविक्रम राई

(विद्यार्थी)

अबको नेपालमा जातीय सङ्घीयता हुनुपर्छ । नत्र अर्को रक्तपात हुन्छ; त्यो माओवादी विद्रोहभन्दा भयानक हुन्छ । हिजोका दिनमा जनजातिहरूले मातृभूमिमा पनि तल्लो स्तरका नागरिक भएर जिउनुपर्‍यो । उनीहरूलाई धेरैपटक आश देखाएर हेप्ने काम भएको छ । यसकारण अब जनजातिहरू स्वायत्ततासहितको सङ्घीय शासनका आधारमा राज्यको पुनर्संरचना हुनुपर्दछ भन्नेमा पुगेका छन् । स्थानीय स्वायत्तताको नाममा प्रस्तुत कार्यपत्रले एकात्मक शासनको वकालत गरेको छ । यो जनजातिले पाउन लागेको अधिकारलाई घुमाएर खोस्न खोजिएको षड्यन्त्र हो ।

## सुमाया राई

अबको नयाँ नेपालमा छद्मभेषी शासक, नीति, कानुन र कार्यक्रम नआओस् । स्थानीय स्वायत्तता भनेर सङ्घीयतालाई ओझेलमा पार्ने कुरा गर्नुभएन । जबसम्म जनजातिले आफ्नो क्षेत्रका स्रोतसाधनहरूको उपयोग गर्न पाउनेछैनन् तबसम्म नेपालमा समावेशी परिपाटीको विकास हुन सक्नेछैन । यसकारण राज्यको पुनर्संरचनाका आधारमा स्रोतसाधनमाथिको अधिकार र भाषिक सवालहरूलाई पनि सम्बोधन गर्नै पर्नेछ ।

## कला स्वर्णकार

(दलित महिला सङ्घ, काठमाडौँ)

वर्गीय आधारमा अधिकारहरू पाउने भए गरिबका लागि धेरै कार्यक्रमहरू आए तर खै त उनीहरूको अवस्थामा सुधार आएको ? दलित विकासका कुरा धेरै भए खै त दलितको अवस्था परिवर्तन भएको ? यसकारण वर्गीय कुरा गर्नेहरूले समाजमा हेपिएर राखिएका जातिहरूको हित गर्न ध्यान दिन सक्दैनन् । हेपिएकाहरूको अधिकार ग्यारेन्टी गर्न राजनीतिक निर्णय गर्ने स्थानमै उनीहरूको पहुँच हुनै पर्नेछ ।

## सुरेश मण्डल

(नेपाल मधेसी विद्यार्थी फोरम)

अहिले नेपालमा जता गए पनि जनजाति, दलित र मधेसी भनिन्छ तर दलितको नाममा पनि गैरदलितले नै अवसर लिने, जनजातिको कुरा गरे पनि उच्च जातिकै वर्चस्व हुने अवस्था मजबुत रहेको छ । नेपालमा आन्तरिक औपनिवेशीकरणको सिकार भएका मधेसीहरूको सवाल पहाडका समूहहरूको भन्दा कैयौँ गुणा बढी रहेको छ । यसकारण अबको राज्य पुनर्संरचनामा 'समग्र मधेस एक प्रदेश' भन्ने हाम्रो नारा रहेको छ । पहिले मातृभाषा अनि राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषाको प्राथमिकता निर्धारण गर्नुपर्छ ।

## बालकृष्ण माबुहाङ

एकात्मक राज्यव्यवस्थामा स्थानीय स्वायत्त शासनको परिकल्पना गर्नु र जनता त्यसमा लाभान्वित हुन्छन् भन्नु पत्याउन मिल्ने कुरा हैनन् । यसबाट जनता अधिकारसम्पन्न हुन सक्दैनन् । हिजो पनि स्थानीय स्वायत्तताका कुरा भएका थिए । तर एकात्मक व्यवस्थामा गाविस र जिविस अधिकारसम्पन्न भएका छैनन् ।

अहिले पनि कर्मचारीको ८० प्रतिशत नेवार, बाहुन, छेत्रीहरू नै छन् । जातीय सङ्घीय राज्यमा जुनसुकै जातको कर्मचारी भए पनि सङ्घीय राज्यको मान्यताअनुरूप काम गर्नुपर्छ नत्र ऊ त्यहाँबाट हट्छ । कर्णालीलाई जातीय सङ्घीय व्यवस्थाअन्तर्गत स्वशासित नबनाएसम्म काठमाडौँबाट नुन पठाएर त्यहाँको अवस्थामा सुधार आउँदैन । दलितहरूलाई जुनसुकै गणराज्यमा पनि उचित स्थान दिइनुपर्दछ । मजदुर मित्रहरूले आफ्नो अधिकारको खोजी अहिलेको विद्यमान एकात्मक केन्द्रीकृत शासन प्रणालीमा गर्नु बालुवामा पानी हाल्नुसरह हो । आदिवासी, जनजाति, दलित तथा श्रमिकहरू सबैभन्दा तल्लो अवस्थामा छन् ।

## भरतबहादुर खड्का

(सदस्य, जिल्ला विकास समिति महासङ्घ)

राज्यको पुनर्संरचना गर्दा एकात्मक वा सङ्घात्मक कुन ठीक भन्ने बहस सुरु भएको छ। अघिल्ला शासन अवधिमा स्थानीय निकाय त बने तर तिनीहरूको संवैधानिक पहिचान नभएको कारण ती निकम्मा भए। नेपालमा एकात्मक शासन प्रणालीले जुन निरङ्कुश शासन गऱ्यो जसले गर्दा एकात्मक शासन प्रणालीमा जस्तोसुकै स्थानीय स्वायत्तताको कुरा गरे पनि त्यो मान्य हुँदैन भन्ने विचार यहीँ पनि आएको छ। तर मेरो कामगराइको अनुभवको आधारमा भन्दा यस्ता तर्कहरू यहाँ भावनामा आएर मात्र गरिएको पाउँदछु। हिजोको शासनमा स्थानीय निकायहरूले पाएको अधिकारलाई स्थानीय स्वायत्तताको रूपमा हेरिनुहुँदैन। केन्द्रबाट थोरै अधिकार दिइएको अवस्था थियो त्यो। अब हामीले भनेको स्थानीय स्वायत्तताको अधिकार संविधानमा नै उल्लेख गरेर कुनै पनि सरकारले काट्न नसक्ने हो। स्थानीय स्वायत्तताको आधारमा हामीले मुद्रा, राज्यको सेना र परराष्ट्र नीतिबाहेक सबै अधिकार मागेका हौँ।

इतिहासले हामीलाई नौलो र सबल नेपाल बनाउने अवसर प्रदान गरेको छ। राष्ट्र सबैको साझा हो त्यसैले अब हामी परिपक्व हिसाबले जानुपर्छ। समावेशीका कुरा गर्दा राजनीतिक सुनिश्चितामा मात्रै बहस केन्द्रित भएको छ। हतारमा हामीले संरचनाको कुरा गर्नुहुँदैन।

## अमृत योञ्जन

(भाषाविज्ञ)

नेपाली भाषाले अन्य भाषाहरूको अन्त्य गर्ने प्रयास गरेको छ। यहाँ राज्यको संरचनाको आधारमा नै नेपाली भाषाले अन्य भाषाभाषीमाथि आधिपत्य जमाएको छ। यसकारण एकात्मक सरकार भयो भने नेपाली नामको खस भाषाबाट नै अन्य भाषालाई दबाउने काम हुन्छ। अब मुलुकमा रहेका हरेक भाषाको समृद्धिका लागि सङ्घीयता आवश्यक छ। जहाँ फरकफरक भाषाले मान्यता पाउन सक्नेछन्। सोशल साइन्स वहा:ले एकात्मक राज्यको वकालत गर्ने कार्यपत्र प्रस्तुत गरेर नेपालमा भइरहेको सङ्घीयताको बहसलाई ओझेलमा पार्ने दाउ खोजेको हुन सक्दछ। यसले वहा:को अहिलेसम्मको निष्पक्ष चरित्रमा शङ्का उब्जाएको छ।

## हरि शर्मा

हामीले कार्यक्रमको सुरुआतमा नै भनेका थियौँ कि सोशल साइन्स वहा:को कुनै पनि राजनीतिक विचार छैन। वहा:ले कसैको पनि विचारलाई संस्थाको विचारको

रूपमा लिएको छैन । राज्यको संरचनाको पुनर्कल्पना होस् वा पुनर्संरचना होस् – समाजमा उठिरहेका हरेक सवालहरूमा व्यापक रूपमा छलफल हुन सकेमा मात्र सही निष्कर्ष निकाल्न सहयोग पुग्न सक्दछ भन्ने हाम्रो बुझाइ हो । समाजविज्ञानको आधारमा छलफल गर्दा कुनै निष्कर्षमा पुग्नुभन्दा पनि समाजमा उठेका हरेक सवालमा विश्लेषणात्मक आधारमा छलफल गर्ने हो । तर अरूका विचार सुन्नै हुँदैन, त्यसमा छलफल पनि गर्नै हुँदैन भन्नुचाहिँ लोकतान्त्रिक संस्कारअनुरूप हुन सक्दैन ।

## यज्ञ अधिकारी

नेपालको राज्य पुनर्संरचनाको बहसमा दुईओटा सैद्धान्तिक धार देखिएको छ । एउटाले एकात्मक राज्य प्रणालीभित्रबाट नै समस्या समाधान खोजेको छ भने अर्को धार सङ्घात्मक पक्षमा रहेको छ । अब साँच्चिकै रूपमा जनतालाई शक्तिको स्रोत मान्ने हो भने सङ्घात्मक व्यवस्थामा जानैपर्छ । परशुरामजीहरूले सामग्री बटुलेर एकात्मक प्रणालीलाई पृष्ठपोषण पनि नगरून् र सङ्घात्मक शासनको पक्षका साथीहरूले पनि स्थानीय स्वायत्त शासनलाई त्यति सारो उपेक्षा नगरून् । अधिकारको बाँडफाँडको बेलामा अब सबैभन्दा तल बसेको मान्छेले आफ्नो अधिकार जति सक्छ लिएर बाँकी माथिकालाई दिन पाउनुपर्छ भन्ने तर्क अहिलेको विश्व समाजले मानेको छ ।

हामी बाहुन, छेत्री, मगर, लिम्बू सबैमा राजा प्रवृत्ति छ । यसको नाश नगरेसम्म जुनसुकै संरचना निर्माण गरेर पनि मुलुक रूपान्तरण हुन सक्दैन । जातिभित्र पनि कस्तो वर्गको मान्छे छ भन्ने कुरा हो । सबै जनजातिमा ठालुहरू छन् । यसकारण सङ्घीयताको आधार जातीय हुने हो कि अन्य भन्ने कुराको बारेमा सोच्नैपर्ने विषय होला । म व्यक्तिगत रूपमा जातीय सङ्घीयताले अहिलेका अधिकार र असमानताको विवाद अन्त्य गर्न सक्छ भन्ने पक्षमा छैन ।

## विष्णुशङ्कर पौडेल

(उपप्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन)

विकास भनेको माथिबाट होइन तलबाट हुनुपर्छ भन्ने कुरा स्थानीय स्वायत्तताको पक्षमा विचार राख्ने साथीको छ । मेरो विचारमा हामी यहाँ छलफल गर्न बसेका सबै जातिका मान्छेहरू अभिजात वर्गमा पर्दछौँ होला । अब हामीले रङ, भूगोल, शरीर हेरेर सङ्घीय संरचनालाई विभाजित गर्ने समय छैन । कसरी जनतालाई बढी अधिकार दिन सकिन्छ भनेर छलफल गरेको खण्डमा जातजातिभन्दा अन्य पक्ष पहिला देखिनेछ ।

## हमिद अन्सारी

म सङ्घीय गणतन्त्रको पक्षधर हुँ । तराईमा रहने मुस्लिम समुदाय अझै आन्तरिक उपनिवेशमा रहेको छ । संस्कृति समाजका लागि एउटा प्रमुख आधार हो । यसकारण सांस्कृतिक स्वायत्तताका आधारमा राज्यको पुनर्संरचनालाई हेरिनुपर्दछ । गाउँको संरचनामा चैँ धर्म निरपेक्ष हुनुपर्ने राज्यचैँ नहुने हो कि ? यहाँ प्रश्न उठ्छ । यसकारण समाजको संस्कृतिलाई प्रमुख आधार मानेर राज्यका संरचनाहरू निर्माण गरिनुपर्दछ । लोकतन्त्र आफैले जनताको शासन भन्ने अर्थ दिन्छ भने फेरि लोकतन्त्र अगाडि किन समावेशी फुर्को चाहिन्छ ?

## अनिता विशंख

(विद्यार्थी)

सामाजिक संरचनामा परिवर्तन नभएसम्म राज्यका जुनै संरचनालाई चलाए पनि हामीले कल्पना गरेजस्तो पुनर्संरचना हुँदैन । समावेशी भन्ने शब्द अहिले सबै पक्षबाट बाहिर पारेका मानिसहरूलाई शान्त राख्ने चाला मात्र हो ।

## लक्की सेर्पा

जातीय सवालको कुरा गर्दा राज्य टुक्रिने भन्ने भ्रामक विचारलाई हटाउनुपर्छ । हरेक समुदायलाई दिएको आत्मनिर्णयको अधिकारले राज्य टुक्रिँदैन । आत्मनिर्णयको अधिकारले स्रोतसाधनलगायतका सवालमा निर्णय गर्नेसम्मका अधिकारहरू स्थानीय स्तरमा रहेका जातजातिहरूलाई प्रदान गर्दछ । मैले आफ्नो सांस्कृतिक भेष लगाउँदा राज्यको स्तरबाट पक्षपात भोग्नुपरेको छ । यो पीडा राज्यसँग नजिक रहेका समूहले पक्कै पनि भोगेको छैन । यसकारण अधिकारको कुरा गर्दा यस्ता फरक पक्षलाई ख्याल गरौँ भनेकी हुँ ।

## गणेश निरौला

एकात्मक शासन प्रणालीभित्रबाट तल्लो निकायसम्म पनि अधिकार पुऱ्याउन सकिने गरी संवैधानिक व्यवस्था गर्दा पनि सङ्घीयताका केही सवालबाहेकका अधिकार पाइन्छ भने त्यसमा जाँदैमा हामीले अप्ठेरो मान्नुपर्ने छैन । नेपालमा १०० जातजाति छन् । १०० जातजातिको सङ्घीयता कसरी सम्भव छ ? यसरी त हाम्रो संवेदनशीलता खल्बलिने पो हो कि ? वर्ग वा राजनीतिक सिद्धान्तका आधारमा कसैले कसैको प्रतिनिधित्व गर्न सक्छ तर जातका आधारमा गर्न सक्दैन । बाहुनले सबै बाहुनको हित गर्न सक्दैन तर वर्ग र राजनीतिका आधारमा भने उसले कुनै पनि समुदायको प्रतिनिधित्व गर्न सक्दछ ।

## रवीन्द्रनाथ भट्टराई

(उपप्राध्यापक, पाटन बहुमुखी क्याम्पस, पाटन)

पुनर्संरचनाको कुरामा भावनामा बगेर सङ्घीयता मात्र भनेर हुँदैन । यहाँको स्रोतसाधनहरूको अहिलेको अवस्था कस्तो छ ? राजस्व सङ्कलनको स्थिति कस्तो छ भन्ने पक्षलाई कसैले पनि विश्लेषण नगरिरहेको अहिलेको अवस्था छ । कुनै क्षेत्रमा एउटा जाति अरूभन्दा बढी छ, त्यसकारण उनीहरूको स्वायत्ततासहितको सङ्घीय शासन भएमा सबै अधिकार भइहाल्छ भनिएको छ । के जनताको अवस्था सुधार गर्न एउटा सङ्घमा आफ्नो जातिको शासन नै मात्र उपयुक्त हो त ?

अहिले बालकृष्ण (माबुहाङ) जीले नेपालका सबै तथ्याङ्कहरूलाई मिथ्याङ्क भनिदिनुभयो । उहाँ आफै ती डाटा सङ्कलनमा संलग्न हुनुभएको थियो । आफैले गरेको काम कसरी मिथ्याङ्क भए ? आफूले कन्सल्टच्यान्सी गर्दा भयङ्कर प्रगति र विकास भएको प्रतिवेदन तयार गर्ने अनि बाहिर समाजमा दुई सय वर्षदेखि केही पनि भएन भन्न कसरी सकिएको हो ? डा. भट्टचन, डा. माबुहाङ, ओम गुरुङ आफ्नो समुदायमा बाहुन हुन् कि होइनन् ? यसकारण एउटा जातिको मान्छेले त्यसैका सबै जनताको प्रतिनिधित्व गर्न सक्दैन ।

## गङ्गालाल तुलाधर

वर्गीय समाजमा वर्गीय सम्बन्ध मात्रै न्यानो हुन्छ । यस्तै आआफ्नै तर्क मात्र अघि सार्ने हो भने त विभाजनको आधारभन्दा कहिले पनि माथि पुग्न सकिँदैन । यसै भएर नै समान वर्ग, समान विचार भन्ने कुराहरू समाजमा आउने गर्दछन् ।

## बालकृष्ण माबुहाङ

यो राज्यव्यवस्था जातीय आधारमै चलेको छ । ४५ प्रतिशत सेना क्षत्री पृष्ठभूमिका हुनु यो सामाजिक यथार्थता हो । यो राजा वा गिरिजाको मात्र बाध्यता होइन । यसै भएर राज्यलाई एउटा जातिको मात्र भन्दा सबै जातिको संलग्नतामा सञ्चालन गरौँ भनेको हो ।

## परशुराम उपाध्याय

मैले एकात्मक वा सङ्घीय कुनै प्रणालीको वकालत वा विरोध गरेको हैन । जति ठूलो संरचनाले जनताको अधिकार र शासनमा सहभागितामा पहुँच पुऱ्याउन सक्दछ, त्योभन्दा साना संरचनाले कैयौँ गुणा अधिकार दिन सक्दछ । सङ्घीयताबाट जति शासनमा पुग्ने अवसर हुन्छ स्थानीय स्वायत्तताबाट त्योभन्दा बढीको हुन्छ भन्ने मर्म हाम्रो कार्यपत्रको हो । स्थानीय स्वायत्तताबाट छरिएर रहेका दलित,

थोरै सङ्ख्यामा रहेका चेपाङजस्ता जातिसमेत शासनमा पुग्न सक्दछन् भन्ने हाम्रो तर्क हो । एकात्मक प्रणालीका मुलुकहरू लोकतान्त्रिक हुँदैनन् भन्ने होइन । एकात्मक राज्य लोकतान्त्रिक र समावेशी नहुने र सङ्घीयतामा जाँदैमा सबै लोकतान्त्रिक र समावेशी हुन सक्दछ भन्ने होइन भन्ने हाम्रो ठम्याइ हो । अब कसरी जाने भन्नेबारेको एउटा बहस मात्रै हो तर यसलाई षडयन्त्रको रूपमा देख्नुलाई हामी हाम्रो कमजोरीका रूपमा लिनेछैनौँ, साथीहरूले विश्लेषणको पाटोलाई राम्रोसँग हेरिदिनुहुन म अनुरोध गर्दछु ।

## हरि शर्मा

लोकतन्त्रको सुन्दरता भनेकै सबैले एकअर्काको कुरा सुन्न सक्ने र त्यसमा आफ्नो अभिमत राख्न सक्ने अवस्थाको सिर्जना हो । कुनै पनि सवालमा हुने दाबी र प्रतिदाबी सुन्न सक्नु लोकतन्त्रको अनिवार्य सर्त हो । हाम्रो समाजमा एकोहोरोपन छ । कसैले एउटा कुरा भन्यो भन्दैमा फरक मत राख्दा हामीले शिष्टता र सौहार्दतालाई भुल्नुहुँदैन । राजनीतिक रूपमा सही भएका कुराहरू सैद्धान्तिक रूपमा सही नहुन सक्दछन् । हामी समय, विश्व परिस्थिति तथा भूगोलको एउटा सीमाभित्र रहेका छौँ । यसकारण नयाँ कुरामा जानका लागि पनि सबै प्रकारबाट वस्तुस्थितिलाई हेरिनुपर्दछ । बहसहरूमा अरूका विचार सुनेर आफ्ना विचार सुनाउने प्रक्रिया डर र हिंसारहित भएमा समाजका फरकफरक सवालहरू एक ठाउँमा आउन सक्नेछन् । यस्ता छलफलहरूले यस्तै पक्षलाई अगाडि बढाउने हो । धन्यवाद ।

## जनकपुर
## २ मङ्सिर, २०६३

### पहिलो सत्र

प्रेम सापकोटा

(सोशल साइन्स वहा:)

नेपालमा समाजविज्ञानलाई प्रवर्द्धन गर्ने उद्देश्यले सोशल साइन्स वहा:को स्थापना भएको हो। वहा: शब्द विहारबाट आएको छ। विहारहरू मूलत: ज्ञान आर्जन र खुल्ला छलफल गर्ने थलोका रूपमा स्थापित हुने गरेका हुन्। यस्तै सोशल साइन्स वहा: पनि एउटा स्वतन्त्र प्राज्ञिक संस्थाको रूपमा रहेको छ। वहा: समाजमा उठ्ने सवालहरूमा तार्किक आधारमा छलफल हुनुपर्दछ भन्ने मान्यता राख्दछ। सवालहरूलाई बाहिरी आवरणमा मात्र नहेरी सूक्ष्म रूपमा विश्लेषण गर्ने परिपाटीको विकास होस् भन्ने उद्देश्यले वहा:ले समसामयिक विषयहरूमा प्राज्ञिक सम्मेलन, लेक्चर र यस्तै अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ।

नेपाली समाजमा अहिले नयाँ समावेशी लोकतन्त्र, राज्यको पुनर्संरचना र यसका लागि संविधानसभाजस्ता राजनीतिक विषयहरूले महत्त्व पाएका छन्। यी सवालहरूलाई फरक अनुभव, फरक भौगोलिक अवस्थाको बसाइ, फरक राजनीतिक आस्थाजस्ता आधारमा भिन्नभिन्न रूपमा बुझिएको पाइन्छ। छलफल तथा अन्तरक्रियाहरूले सूचनाहरूलाई समायोजन गर्न र तार्किक विचारहरूको आदानप्रदान गर्न मद्दत पुऱ्याउँछन्। यसै गरी समूहगत रूपमा गरिने बहसहरूले समाजमा रहेका प्रतिस्पर्धी विचारहरू राख्ने तथा आदानप्रदान गर्ने अवसर पनि प्राप्त हुनेछ।

आजको पहिलो सत्र *मधेस* पुस्तकका सम्पादक मोहन मैनालीले सञ्चालन गर्नुहुनेछ। दोस्रो सत्र मैथिली भाषामा हुनेछ र दोस्रो सत्रको सञ्चालन भाषाविज्ञ डा. योगेन्द्र यादवले गर्नुहुनेछ।

मोहन मैनाली

(स्रोत व्यक्ति)

राजाको प्रत्यक्ष शासनपछि नेपाली समाचारपत्रहरूमा मुसा मरेका, रूख ढलेका

जस्ता समाचारहरूले बढी स्थान पाउन थालेपछि मैले पत्रकारिताबाहेक अन्य कामहरूतिर हात हाल्न सुरु गरेको थिएँ । सोशल साइन्स वहा:ले आयोजना गरेको सम्मेलनमा प्रस्तुत भएका प्राज्ञिक कार्यपत्रहरूको मुख्य विषयवस्तु र तर्कहरू समेटिएको पुस्तक *मधेस* को हामीले अनुवाद र सम्पादन गरेका हौँ । त्यस पुस्तकमा भएका सबै विचार र तर्कहरू सम्बद्ध लेखकहरूकै हुन् ।

पहिलोपटक जनकपुरमा आउँदा नेपाली भाषाका आदिकवि भानुभक्तको सालिक र भानुचोक जनकपुरमा देख्दा म अचम्ममा परेको थिएँ । मैथिलीभाषी भएको ठाउँमा मैथिलकै आदिकविको सट्टा नेपाली भाषाका आदिकविलाई ठडयाउने काम किन भएको होला भन्ने मेरो मनमा लागेको थियो । नेपालीबाहेकका साहित्यहरूलाई नियाल्ने हो भने नेपाल जन्मेको बेलादेखि नै उपेक्षा गर्ने गरेको पाइन्छ । शासक भएकाहरूले शासक र शासितका रूपमा विभाजनको रेखा कोरेर शासितहरूलाई उपेक्षा गरेका उदाहरण हरेक क्षेत्रमा पाइन्छन् ।

अहिले हामी लोकतन्त्रको कुरा गरिरहेका छौँ । हरेक अवस्थालाई हामीले नियाल्ने हो भने के देखिन्छ भने लोक (आम जनता) ले चाहेको कुरा नारा बन्दछ तर धेरैजसो कुरा नीतिहरूमा आउन गाह्रो भएको छ । समानताको चर्चा सुनिएको पनि धेरै समय भइसकेको छ । हेर्ने हो भने यो पनि नारामा बढी सीमित भएको छ । अहिले समानताको चाहना समावेशी लोकतन्त्र, राज्यको पुनर्संरचनाहरूको तर्कमार्फत व्यक्त भएको छ ।

नागरिकतालाई मधेसको प्रमुख समस्याका रूपमा लिइएको छ । यसलाई राज्यबाट गरिएको विभेदको रूपमा हेरिएको छ । २००७ सालसम्म पहाडिया र मधेसीबीचमा खासै विभेद देखिँदैन । तर २०१९ सालपछि नागरिकतासम्बन्धी नयाँ कानुनहरू लागू भएपछि नागरिकतासम्बन्धी विभेद गम्भीर भएको देखिन्छ । नेपालमा दुईथरी नागरिक छन् भन्ने कुरा त्यही कानुनका बुँदाहरूमा पाउन सकिन्छ । त्यति मात्र होइन, नेपालको नागरिकता नदिए पनि उसले राज्यका लागि कर्तव्य भने पालन गर्नैपर्ने व्यवस्थासमेत भएको पाइन्छ ।

नेपालका राजपत्रहरू हेर्ने हो भने पहिलो राष्ट्रिय जनगणना (२००८-१० साल) मा गणक स्थानीय भाषा जानेकै व्यक्ति हुनुपर्ने भनी दरखास्त मागिएको छ । यी तथ्यहरू हेर्दा नेपालमा पहिला शासक र शासितको रूपमा विभेद गरिएको देखिन्छ भने पञ्चायतपछि सबैलाई नेपालीका रूपमा मात्र चिनाउने प्रयास सुरु गरियो । परिणामत: अन्य भाषा, संस्कृतिहरू अवहेलनामा पारिए ।

## प्रेम सापकोटा

आजको कार्यक्रममा समावेशी लोकतन्त्र, राज्य पुनर्संरचनाजस्ता विषयहरूको बहसमा

मधेसका सवालहरूलाई कसरी हेर्न सकिन्छ ? यस्ता सवालमा बहस हुँदा मधेस र मधेसीको पहिचानलाई कसरी लिने ? अथवा के आधारमा मधेसीको पहिचान अरूभन्दा फरक रहेको छ, के आधारमा उनीहरूका सवालहरू अरूभन्दा फरक छन् ? मधेस र राज्यको सम्बन्धलाई कसरी हेरिएको छ ? तराई अथवा मधेसभित्रको बहुलता र यहाँका सामाजिक समूहहरूको आन्तरिक सम्बन्धलाई कसरी हेर्ने ? मधेसको पहिचानका लागि भाषाको भूमिकालाई कुन आधारमा लिने ? आदि विषयहरूमा छलफल केन्द्रित गर्ने हाम्रो उद्देश्य रहेको छ । यी विषयहरूमा छलफल गर्न सजिलो होस् भनी तराईका समग्र समस्या केलाउने उद्देश्यले सोशल साइन्स वहा:ले सन् २००५ मार्चमा काठमाडौँमा आयोजना गरेको राष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यपत्रहरूको आधारमा प्रकाशित गरिएको पुस्तक *मधेस: समस्या र सम्भावना* र *समावेशी लोकतन्त्रका आधारहरू* नामक पुस्तक यहाँहरूलाई पहिले नै पठाइसकिएको छ ।

## शिवेन्द्रलाल कर्ण

(प्राध्यापक)

सोशल साइन्स वहा:ले मधेसको बारेमा छलफल गर्न खोजेको देखियो । मधेसको विषयमा हामी मधेसीहरूलाई नै हाम्रा समस्याहरू सुनाउनुभन्दा शासकहरूलाई समेत जम्मा गरेर एउटा बृहत् सम्मेलन गरी हाम्रा समस्याहरू त्यस सम्मेलनमा राख्नु राम्रो हुन्छ । सोशल साइन्स वहा:ले शासकहरूलाई सम्झाउनुपर्छ । शासकहरूको मनमस्तिष्कमा रहेको मधेसप्रतिको विभेद यथावत् रहेसम्म मधेसको उन्नति गर्न उनीहरूले चाहने छैनन् ।

## हरिकृष्ण उप्रेती

(अधिवक्ता)

मेरो विचारमा मधेसको समस्याको पहिचान भइसकेको छ । अब समस्यालाई कसरी समाधान गर्न सकिन्छ ? त्यसमा कुन पक्षले के गर्न सक्छ त्यस कुरामा जानुपर्‍यो ।

## वृषेशचन्द्र लाल

(नेपाली काङ्ग्रेस, धनुषा)

ताकिस फोटोपोलसले समावेशी लोकतन्त्रलाई आर्थिक, सामाजिक तथा पर्यावरणीय हरेक हिसाबबाट हेरिनुपर्दछ भन्नुभएको छ । अहिले नेपालमा 'समावेशीकरण' पहाडेहरूले मधेसीहरूका लागि अलिअलि बोलिदिने शब्दको रूपमा उपयोग भएको छ । संस्कृति अथवा राजनीतिक विषयमा मधेसीले लेख्न र निर्णय गर्न पाउँदैन भने त्यो कसरी

समावेशीकरण भयो ? नेपाली मिडियामा मधेसीहरू कति छन् ? नेपालको जनसङ्ख्यामा एकतिहाइ मधेसीहरू भए पनि नेपालको प्रधानमन्त्री अहिलेसम्म एउटा पनि मधेसी बनेको छैन । अर्थमन्त्री बन्न सकेको छैन । योजना आयोगमा उपाध्यक्ष बन्न सकेको छैन । बल्लबल्ल यसपालि मधेसी अर्थसचिव विद्याधर मल्लिक हुनुभएछ ! यहाँका अवसरहरूमा मधेसीहरूलाई कसरी समावेश गर्ने यसतर्फ विचार गर्नुपर्छ । मधेसका बारेमा मधेसीले बोलेका विचारहरूलाई तोडमोड गर्न पाइँदैन । हामी साँच्चै समावेशी चाहन्छौँ भने नियतमा परिवर्तन गर्नुपर्छ । समानुपातिक प्रतिनिधित्व हुनुपर्छ । मधेसीहरूले नै मधेसलाई कति भागमा बाँड्ने निर्णय गर्न पाउनुपर्छ ।

मधेस आफैमा एउटा 'नेसन' हो । यहाँको बसाइँ एकै प्रकारको छ । एकै खालको दैनिक क्रियाकलाप भएको देखिन्छ । यसकारण अब नेपालको सरकार, सेना, औद्योगिक नियोगहरू सबै स्थानमा मधेसको जनसङ्ख्याअनुसारको प्रतिनिधित्व र पहुँच हुनुपर्दछ । समावेशी प्रक्रिया काम गर्ने खालको, व्यावहारिक हुनुपर्छ । त्यो दिगो पनि हुनुपर्छ । तर अहिले भर्खरै भएको निर्वाचन आयोगका सदस्यहरूको नियुक्तिमा बाहुनबाहेकका छैनन् । यहाँ अन्य सवालमा मधेसीहरूलाई लेख्न-बोल्न अवसर दिइए पनि राजनीतिका बारेमा मधेसीहरूलाई लेख्न दिन कन्जुस्याइँ गरिन्छ । सोशल साइन्स वहा:ले पनि यसबारेमा आफ्नो ध्यान पुऱ्याओस् ।

## राजेश्वर नेपाली

(पत्रकार)

अब नेपालमा समावेशी लोकतन्त्रको जमाना गइसक्यो । यसकारण यो पुरानो अवधारणामा छलफल गरिरहनु कुनै आवश्यक छैन । अहिले त स्वतन्त्र मधेस बन्ने प्रक्रियामा छ । अब सङ्घीय शासनको विकल्प छैन । स्वायत्तता र सङ्घीयताले मात्र मधेसको भावनालाई समेट्न सक्दछ । सीता र जनकको भूमिमा बसेर हामीले खुनखराबाको कुरा गर्न चाहेका छैनौँ । तर अब सङ्घीय शासन नभएको अवस्थामा लडाइँ हुने खतरा छ । लाठी जुलुस अहिले भैराख्या छ । आउने दिनमा मधेसी र पहाडीको बीचमा काटाकाट हुने सम्भावना छ ।

नेपालका राजाहरू कसैले पनि मधेसको हितमा काम गरेका छैनन् । राजा महेन्द्र यस्तो नालायक राजा थियो जसले मधेसीहरूमाथि जालसाजी गऱ्यो । हिजोका शासकहरूले मधेसीहरूमाथि कसरी शासन गर्ने भन्ने मात्र सोच राखे । मधेसीहरूको भाषा, भेष, नागरिकताको ग्यारेन्टी हुनुपर्छ भन्ने बीपीको अडान थियो । तर त्यसको पनि केही अर्थ देखिएन । अहिले के हो मधेस भनिन्छ ? मधेस भनेको धोतीकुर्ता हो, मधेसमा ज्वाईंले ससुरालाई ढोग्दछ । पहाडमा ससुराले ज्वाईंलाई ढोग्दछ । यहाँको संस्कृति, भेषभूषा सबै फरक छ । पहाडिया

र मधेसीहरूको बीचमा राज्यले सांसदको सङ्ख्यामा पनि धाँधली गरेको छ। सिन्धुलीमा २ लाख २५ हजार जनसङ्ख्यामा तीनओटा सांसद। तर मधेसमा खै ? जनसङ्ख्याको आधारमा मधेसबाट पनि प्रतिनिधित्व हुनुपऱ्यो। एउटा अचम्मको कुरा के छ भने गिरिजाबाबुकी छोरी जर्मनसँग बिहा गरेर फेरि नेपाल फर्किएपछि नेपाली भइदिने र मेरो छोरी भने भारतीय हुने। यो कस्तो सोच हो ? मानिस अवस्थाले लाचार हुन्छ। नेपालमा माओवादीजस्तै खुनखराबा फेरि पनि नहोस् भन्नाका खातिर मधेसीहरूको समस्या समाधान हुनुपर्छ। हामी प्रजातन्त्रमा जीवित रहन चाहन्छौँ भने तपाईंको अधिकार तपाईंले प्रयोग गर्ने र मधेसीको अधिकार मधेसीलाई प्रयोग गर्न दिनुपर्छ।

## डा. विजयकुमार सिंह

(चिकित्सक)

मुख्य रूपमा राज्यका नीतिहरू, अवसर पाउने सवालमा मधेसमाथि भेदभाव गरिएको छ। मूलभूत रूपमा हेर्दा नागरिकतामा विभेद छ। आफ्ना नागरिकहरूलाई नागरिक नै स्वीकार नगरेको अवस्थामा कसरी अन्य अवसरहरू प्राप्त हुन सक्दछन् ? यही कारण मधेसी भनेका को हुन् भन्ने सवाल रहन्छ। जसको नेपालको नागरिकता छैन ऊ कसरी नेपाली मधेसी हुन सक्छ ? यस्ता तर्कहरू गरिन्छन्। तसर्थ मधेसीहरूमा आक्रोश हुनु पनि स्वाभाविक छ। विभेदको कुरा सबैले बुझेको छ। मधेसको बारेमा कसैले विभेद छैन भन्छ भने त्यसले साँच्चै बुझ पचाएको कुरा गर्छ। मधेसीहरूले पनि अवसर पाएमा समावेशीकरण हुन सक्छ। जबसम्म समान हकअधिकार दिइँदैन तबसम्म कसरी समावेशीकरण हुन्छ ? अहिले संविधानसभाको कुरा आइरहेको छ। यो एउटा ठूलो अवसर हो। मधेसीहरूले राज्य सञ्चालनको समान अवसर पाउनुपर्छ। जनसङ्ख्याको आधारमा प्रतिनिधि छानिनुपर्दछ। शासन सञ्चालनमा भौगोलिक क्षेत्रको महत्त्व हुन्छ। तर जनतालाई सांस्कृतिक, सामाजिक, भाषिक आधारमा पनि प्रतिनिधित्व गर्ने अवसर पाउनुपर्दछ। तसर्थ संविधानसभाको चुनावलाई अवसरको रूपमा प्रयोग गऱ्यौँ भने समस्या समाधान हुन्छ। यसका लागि राजनीतिक दलहरूले प्रतिनिधि छनौट गर्नका लागि नेसनलाई हेर्नुपर्दछ। अहिले मधेसीहरू बीचमा पनि दलित, महिला तथा अन्य आधारमा विभेद रहेको कुरालाई उठाउने गरिन्छ। जनसङ्ख्याको आधारमा मधेसका मानिसहरूले अवसर प्राप्त गर्न सकेका छैनन् यसकारण यहाँ आपसी विवाद देखिन्छ। जनसङ्ख्याअनुसारको अवसर दिने हो भने आन्तरिक विभेद कम हुँदै जानेछ। जनकपुरले पूरै मधेसको प्रतिनिधित्व गर्न नसक्ने हुँदा हामीले पूर्णरूपमा मधेसीको कुरा गर्न सक्दैनौँ तथापि जनकपुरका बारे हामी स्पष्ट पार्न चाहन्छौँ। राज्यले समान अवसरका लागि हरेक क्षेत्रमा

वातावरण सिर्जना गर्नुपर्दछ। कसैले कुनै क्षेत्रका लागि त्यही क्षेत्रबाट छानेर दिएको प्रतिनिधिभन्दा स्थानीय स्तरबाट नै छानिएको प्रतिनिधिले मात्र सही अर्थमा स्थानीय प्रतिनिधित्व गर्न सक्दछ।

## वीरेन्द्रकुमार साह

(प्रिन्सिपल, मोडल क्याम्पस, जनकपुर)

हामी मधेसका मानिसहरू पहाडियाका काम र कुरामा यति सशङ्कित भएका छौँ कि तपाईंहरूले ल्याएको ब्यानर (जसमा समावेशीकरणको कुरा गरिएको छ) पनि जाल हो कि जस्तो लाग्छ। तथापि मधेसीकै समस्यामा म पनि मधेसी नै भएर भन्छु। मधेसको समस्या कसले सिर्जना गरेको हो भनेर पहिला बुझ्नुपर्‍यो। मधेसको समस्या सिर्जना गर्नेहरूमा पहाडेहरू र मधेसको प्रतिनिधित्व गरेको ठान्ने नालायक नेताहरू हुन्। माओवादीले जसरी अधिकारका लागि हतियार प्रयोग गरे त्यसरी नै अब हामीहरूले पनि हतियार प्रयोग गर्नुपर्ने बेला आएको छ। प्रत्येक पार्टीले शब्दजालमा झुक्याउने गरिरहेका छन्। समावेशी लोकतन्त्र पनि यस्तै एउटा शब्दजाल हो। हिजो महेन्द्रनारायण निधीलाई प्रधानमन्त्री बनाइएन। कृष्णप्रसाद भट्टराईले पनि निधीलाई साथ दिएनन्। अहिले चित्रलेखा यादव सभामुख हुन पाइनन्। अब फेरि समावेशीको कुरा गर्न लाज लाग्नुपर्ने हो नेताहरूलाई। यसकारण अब मधेसका समस्या समाधानका लागि वार्ता, अन्तरक्रियाले हुँदैन। माओवादीले बाटो देखाइदिएको छ। अन्तिम उपाय भनेको लडाइँ लड्नुपर्छ।

## महारुद्र झा

(प्राध्यापक)

इतिहासले वर्तमानलाई असर गरेको हुन्छ। हिजोका दिनमा गरिएका मधेस विरोधी कामहरूले गर्दा आज असमानता बढी टड्कारो भएको छ। अब सबै सवालहरूलाई व्यवस्थित नगर्ने हो भने भविष्यमा पनि विभेद यथावत् रहन्छ र त्यसको प्रतिरोध कडा हुन सक्दछ। समावेशी लोकतन्त्र हैन कि समानुपातिक समावेशी लोकतन्त्र हुनु जरुरी छ। समावेशीको अर्थ अलिअलि दिएर पाएको जस्तो मात्र हुन्छ। समानुपातिक भनेपछि जनसङ्ख्याको आधारमा स्वत: पाउने अधिकार हुन्छ।

## रामप्रकाश साह

(केन्द्रीय सदस्य, मधेसी जनअधिकार फोरम)

सबभन्दा पहिला त मलाई के अचम्म लागेको छ भने सोशल साइन्स वहा:ले

'मधेस: समस्या र सम्भावना' भन्ने शीर्षकमा पुस्तक प्रकाशित गरेको छ । तपाईंहरूले मधेसलाई एचआईभी एड्ससँग जोडिदिनुभएको छ। के मधेस एड्सजस्तै समस्या हो ? तपाईंहरू समाजशास्त्रीको हैसियतले नेपालका नागरिक सबैलाई सम्बोधन गर्न सक्नुहुन्छ कि हुन्न ? मेरो विचारमा त अरूलाई हेपिने गरी प्रयोग हुने नेपाल शब्द नै हटाउनुपर्दछ । मधेसको लेखमा राम अवतारजीले रोएर लेखेको पाइयो । यो देश हाम्रो हो तर बन्दुकको भरमा पहाडियाले कब्जा गरेका हुन्। हिजो सेनाको र बन्दुकको भरमा शासन गर्ने हिटलर, सद्दामको हविगत हामीले पढेका छौँ । राजा वीरेन्द्र बन्दुककै बीचमा मारिएका हुन् । आज प्रचण्डका आफ्ना सेना र हतियार छन् तर उनले पनि खतरा महसुस गरिरहेका छन् ।

अब मधेसमा मधेसीले नै शासन गर्नेछन् । अब चाँडै मधेसमा मधेसीको राज हुनेछ र मधेसको आफ्नै सेना हुनेछ । मैले कहिले पनि कसैको सामु भीख मागेको छैन । जो राजस्थानबाट यहाँ आएका छन्; उनीहरू नेपाली हुने, अनि हामी राजा जनकका सन्तानचैं भारतीय ? यो हाम्रो भूमि हो अब हामी शासन गर्दछौँ ।

## परमेश्वर कापरी

(प्राध्यापक)

प्रत्येक समयको आआफ्नै मुद्दा हुन्छ । अहिलेको अवस्थामा रूपान्तरणको विषय हुनुपर्‍यो । मधेसको समस्या लिएर आउनुभएको छ । तर मधेसमा समस्या हैन क्षेत्रीय अवधारणाको विषय छ, विकासको मुद्दा छ । हाम्रा दलहरूले हामीलाई पढाउन खोजेका छन् । संविधानसभामा आधा सिटमा चुनाव हुन्छ आधा सिटमा मनोनित हुन्छ रे ! दलको मनोनितले हाम्रो कुरा किन गर्छ ? त्यसले जुन पार्टीबाट चुनाव जित्यो त्यही पार्टीकै कुरा गर्छ । तसर्थ यस्तो भेलाको सार्थकता समयअनुसारको मुद्दामा प्रवेश गर्न सक्यो भने मात्र हुन्छ । हामी मधेस भन्छौँ । 'मधिसे' भनेको गाली हो तर पछि गएर यो एउटा पहिचान नै बनेको छ। अब हुने हरेक कामहरूमा व्यावहारिक रूपान्तरणको कुरा गरी समाधान हुनुपर्छ ।

## विमलकुमार मिश्र

(अधिवक्ता)

अहिले समावेशीकरणको कुरा बासी भइसक्यो । समावेशी भन्ने कुरा पार्टीहरूले एउटा मुद्दाको रूपमा छलकपट गर्न खोजेका हुन् । जनताको वास्तविक चाहना के हो भन्ने कुरा सोशल साइन्स वहा:ले उठाउनुपर्थ्यो । आज यहाँ स्वायत्तताको कुरा गरौँ । भूकम्प आउन धेरै समय लाग्छ । चट्टान दब्दादब्दा अनि मात्र भूकम्प आउँछ । तसर्थ समावेशीको कुरा २०१५ सालमै आएको हो । समावेशीकै कुरामा

तराई काङ्ग्रेस खोलेको थियौँ। तर खै समावेशी ? अब त स्वायत्तताको मुद्दा छ। अब त सङ्घीयता हुनुपर्दछ।

## बद्रीनारायण यादव

(अधिवक्ता)

म साथीहरूको भनाइमा शतप्रतिशत सहमत छु। सोशल साइन्समा सबै पीडितहरूका विचार समेटिएको हुनुपर्छ। प्रजातन्त्रवादी नेताहरू राजालाई राख्न चाहन्छन् कि भगाउन ? के छ उनीहरूको विचार ? अहिले हाम्रा पाँचओटा मठाधीशहरू छन्: गिरिजा, माधव नेपाल, प्रचण्ड आदि। के यी मठाधीशहरूले मधेसको सवाललाई पछि राखेर जान सक्छु भन्ने सोचेका छन् ? मधेसका बारेमा नबोल्ने, नलेख्ने हो भने विश्वविद्यालयहरू बन्द गरिदिनुपर्छ। मेरो विचारमा नेपालको इतिहास गलत लेखिएको छ। वंशवादका आधारमा इतिहास लेखिएको छ। मधेसीलाई त्यो इतिहासमा राखिएको छैन। गीर्वाणयुद्ध शाह पहाडी र मधेसीको कोखबाट जन्मेको हो। तर मधेसलाई शाहवंशले रुचाएको छैन।

सत्तामा बसेका नेताहरूलाई सबै कुरा थाहा छ तर हाम्रो समस्यालाई किन सुनिएको छैन त ? यहाँका नेताहरूले भारतको आन्दोलनमा सहयोग गरेकै हुन्। त्यहाँका नेताहरूले पनि यहाँ सहयोग गरेकै हुन्। तर किन मधेसलाई हेपिएको हो ? किन यहाँको सवालमा चासो नराखेको हो ? अब मधेसबाट प्रतिनिधित्व भएन भने कर पनि नतिर्ने नीति हामीले लिनुपर्दछ। मधेसको भाषा, रहनसहन, बोलीवचन सबै फरक छ। तर जब हाम्रो प्रतिनिधि काठमाडौँमा जान्छ उसलाई राष्ट्रिय पोसाक भनेर अर्को लुगा लगाउन बाध्य पारिन्छ। यसकारण हाम्रो प्रतिनिधि हामीबाटै हाम्रै संस्कृति बोकेको हुनुपर्छ। जबसम्म नागरिकताको समस्या समाधान हुँदैन तबसम्म कुनै प्रकारको चुनावले पनि केही हुनेछैन।

समावेशी लोकतन्त्रका कुरा गर्दा राजदूत नियुक्ति हुँदा किन मधेसीहरूलाई नियुक्त गरेनन् ? अहिलेको अवस्थामा जसको हातमा छाप छ उसले जे गरे पनि फाप्छ। यसकारण अब समावेशीको कुरा पुरानो भइसकेको छ। नेपालको सरकारको होस् वा विदेशबाट आएको स्रोतसाधन होस् सबै पहाडी क्षेत्रमा खन्याउने गरिन्छ। त्यसै हो भने यहाँका मानिसले किन कर तिर्ने ?

## दिगम्बर राय

(नेपाली काङ्ग्रेस प्रजातान्त्रिक)

नेपाली राज्यले एउटै भाषा एउटै भेष, एउटै राजा एउटै देश भन्ने उखान चलाएको छ। त्यसलाई अब फाल्नुपर्दछ। पृथ्वीनारायण शाहले बन्दुकको भरमा नेपाल

निर्माण गरेका हुन् । त्यसरी नै प्रचण्डहरू अहिले बन्दुकको भरमा सत्तामा सहभागी बन्दैछन् । जो व्यक्ति आफ्नो पहिचान बिर्सन्छ त्यसले केही गर्न सक्दैन । नीति-निर्माणमा जबसम्म मधेसको औचित्य हुँदैन दिएको कुराले के गर्ने ? अहिलेसम्म मधेसका जनतालाई राजनीतिक भरियाको रूपमा प्रयोग गरिएको छ । लोकतन्त्रलाई समावेशी भनिएको छ । लोकतन्त्र आफै सबै जनताका लागि अधिकार दिन सक्ने परिपाटी हो । यसकारण समावेशी शब्दजाल हो । अब राजनीतिक सोच नै परिवर्तन गर्नुपर्दछ । गोर्खा राज्यबाट आएर शासन हत्याएकाहरूको शासनमुनि अब रहन सकिँदैन । अब सबैलाई अधिकार चाहिएको छ । आफ्नो धरतीमा आफ्नै शासन चाहिन्छ । नत्र विभेद सधैँ रहनेछ । सङ्घीयताबाट मात्र विभेद हट्न सक्दछ ।

## रामचन्द्र साह

(गैरसरकारी संस्था महासङ्घ, धनुषा)

विकास बजेट जति आएको छ त्यसको अधिकांश भाग पहाडमा नै खर्च भएको छ । योजनाका सल्लाहकारहरू पनि पहाडिया भएकोले तराईलाई उपेक्षा गरिएको हो । यसै भएर अहिले मधेसमा स्वायत्तताको आवाज उठिरहेको छ ।

जनकपुरमा कार्यक्रम गर्न किन काठमाडौंको संस्था सीधै आउने ? अब सबै विकासका कामहरू स्थानीय संस्थाहरूमार्फत आउनुपर्दछ । एकआपसमा विश्वास बढाउने हो भने विकास बजेट र कार्यक्रमहरूको पारदर्शिता आवश्यक छ ।

## परमेश्वर साह

(अध्यक्ष, गााउँ विकास समिति महासङ्घ, धनुषा)

हामी शब्दमा होइन काममा विश्वास गर्दछौँ । यसकारण समावेशी काम गरेर देखिनुपऱ्यो । हाम्रो भनाइ एउटै छ – राज्य सञ्चालनमा समानुपातिक प्रतिनिधित्व हुनुपर्छ ।

मलाई एउटा प्रश्न गर्न मन लागेको छ मधेसका समस्या र सम्भावनाहरू देखाएको सोशल साइन्स वहा:सँग त्यसबारेमा पहाडियाहरूको बुझाइ कस्तो छ ?

अहिले पार्टीका नेताहरूले मीठो कुरा गरिरहेका छन् । तर उनीहरूले गर्ने बेलामा अर्कै गर्छन् । नेपाली काङ्ग्रेसले शेखर कोइरालालाई केन्द्रीय सदस्यमा मनोनित गर्न सक्छ तर वृषेशचन्द्रलाई किन बनाउन सक्दैन ? मधेसको मानिसलाई पद दिने बेलामा पार्टीहरूले पनि छल गरिरहेछन् । यसकारण अब राज्य सञ्चालनमा समानुपातिक व्यवहार देखाउनुपर्ने बेला आएको छ । तसर्थ नीति-निर्माण गर्नेहरूले मधेसका बारे बुझ्नुपर्छ ।

## लालबाबु हाथी

(अध्यक्ष, नेपाल शिक्षक युनियन, धनुषा)

आज समावेशी शब्दको विपक्षमा कुराहरू आउनुको मुख्य कारण के हो भने हिजोका दिनमा पनि मधेसबाट कोही न कोही समावेश गरिएकै हो। अर्थात् मधेसका मानिसहरू राज्यका केही ठाउँहरूमा प्रतिनिधित्व गर्दै गएका थिए। मधेसको जन्म गराउने काम पहाडियावादले गरेको छ। हामीलाई काठमाडौँमा 'मर्स्या' भन्ने गरिन्छ। हामीलाई ह्रास गराउनका लागि प्रमुख रूपमा शिक्षा क्षेत्रलाई प्रयोग गरिएको छ। हामीले इतिहास हेरेको खण्डमा तराईको जिल्लाबाट नै पहिलो डाक्टर, इन्जिनियरहरू उत्पादन भएका छन्। तर राजा महेन्द्रको शिक्षा नीतिका कारण तराईका लागि दिइँदै आएको बजेट सबै पहाडतिर लगियो। तराईमा विद्यार्थीको चापअनुसार शिक्षक छैनन्। यहाँको दाँजोमा पहाडमा बढी शिक्षक रहेका छन्। यस कुरालाई शिक्षक युनियनमा कुरा राख्दा पनि पहाडियाहरूले पास गर्न दिएनन्। यसै भएर तराईका २० जिल्लाका शिक्षकहरू भेला गराई हामीले यस्ता भिन्नताहरू हटाउनका लागि सङ्गठित अभियान चलाउनुपरेको छ। यसकारण अब हाम्रो क्षेत्रका समस्या समाधान गर्न यहाँ स्वायत्तताको महसुस हामी शिक्षकहरूले पनि गरेका छौँ। अब सङ्घीय शासन आवश्यक रहेको छ।

• • •

# दोस्रो सत्र (मैथिली भाषामा)

## योगेन्द्र यादव

(स्रोत व्यक्ति)

पहिलो सत्रमा भएका कुराहरू सुन्दा जनकपुरमा मधेसका सवालमा यहाँको प्रमुख क्षेत्रमा बसेर काम गर्नेहरू धेरै सचेत रहेको पाइयो। कुनै पनि समूह सचेत भइसकेपछि त्यसले सही दिशा लिन सक्दछ भन्ने मेरो ठहर छ।

नेपालमा मधेस र तराई भनी दुई फरकफरक नाममा सम्बोधन गर्ने गरिएको पाइन्छ। मधेस संस्कृत शब्द मध्यदेशबाट आएको हो। तराई फारसी भाषाबाट आएको हो। मधेस र मधेसी अहिले एउटा पहिचानको रूपमा स्थापित भएको पाइएको छ। मधेसिया भनेर मधेसका बासिन्दालाई अपहेलित गरिएको छ। तर यस शब्दको प्रयोग गर्ने कतिपय मेरै मित्रहरूले पनि यो शब्दले अपहेलना बुझाउँदछ भन्ने बुझेका रहेनछन्। उनीहरूको उद्देश्य अवहेलना गर्ने थिएन।

अघिल्लो सत्रमा समावेशी लोकतन्त्रका बारेमा उठेका विचारहरूमा मेरो पनि

ध्यान गएको छ। समावेशी लोकतन्त्र अहिले अन्तर्राष्ट्रिय बहसमा रहेको छ। लोकतन्त्रका विभिन्न रूपहरूमध्ये यो अहिले विश्व राजनीतिमा देखिएको अन्तिम रूपमा रहेको पाइन्छ र यसको प्रचार पनि त्यही किसिमबाट भएको छ। यो कुनै नारा र शब्दजाल हैन। समावेशी लोकतन्त्र – अहिले सम्पन्न केही राष्ट्रहरूले अपनाएको बहुमतको शासन हुने लोकतन्त्रको वैकल्पिक प्रणालीको रूपमा आएको मोडल हो।

यहाँ समावेशी लोकतन्त्र नभएर सङ्घीय शासनको कुरा हुनुपर्ने विचारहरू पनि उठेका छन्। राज्यको पुनर्संरचना र सङ्घीयताका सवालहरू पनि नेपालको अहिलेको भन्दा वैकल्पिक व्यवस्थाका लागि उठेका सवाल हुन्। यसकारण सङ्घीयता र स्वायत्तताको सवाल पनि समावेशी लोकतन्त्रभित्रै रहन सक्ने सवाल हुन्।

सोशल साइन्स वहा: एउटा स्वतन्त्र तथा निष्पक्ष संस्थाको रूपमा रहेको मैले पाएको छु। यो संस्थाले सञ्चालन गर्ने छलफलहरूमा धेरै थरी विचार भएका व्यक्तिहरूलाई स्रोतका रूपमा उल्लेख गरिएको पाइएको छ। यस्तै आजको अन्तरक्रिया कार्यक्रम पनि फरकफरक समाजका मानिसहरूले कुनै पनि सवाललाई कसरी हेर्दा रहेछन् भन्ने हेतुले सञ्चालन गरेको मैले बुझेको छु। यो प्राज्ञिक अन्तरक्रिया हो र यसको उद्देश्य भोलिका दिनहरूमा स्थानीय रूपमै पनि प्राज्ञिक बहस सञ्चालन होस् भन्ने हो।

कुनै पनि राज्यमा फरकफरक पहिचान भएका मानिसहरू रहन सक्दछन्। तर ती फरक पहिचान भएकाहरूबीचबाट कसरी एउटा राज्य अघि बढ्ने भन्ने राज्यअनुसार र समयअनुसार फरकफरक रहेको पाइन सक्दछ। अमेरिकामा हेर्ने हो भने पहिला ‘एसिमिलेसन’ को प्रक्रियाबाट अगाडि बढ्न खोजिएको थियो। यसबाट समस्यामा सुधार नभएपछि उनीहरूले ‘अकोमोडेसन’ को प्रक्रिया अपनाए। ‘अकोमोडेसन’ अन्तर्गत अमेरिकन निग्रोहरूलाई पहिला उनीहरूकै मातृ भाषामा शिक्षा दिएर पछि अङ्ग्रेजी भाषामा लगिँदै गरिएको थियो। यसकारण अब समावेशी लोकतन्त्रमार्फत पनि सबै समूहहरूलाई ‘अकोमोडेट’ गर्दै लैजाने रूपमा बुझ्न सकिन्छ। यसको अलावा समान सहभागिता र सम्मान गर्ने प्रक्रिया पनि समावेशी प्रक्रियाबाट अगाडि बढाउन सकिन्छ।

अहिलेको अवस्थामा मधेसको आर्थिक, राजनीतिक र भाषाका सवालहरू प्रमुख रूपमा उठेका छन्। राजनीतिक रूपमा हेर्दा मधेसको पहिचानका आधारमा प्रतिनिधित्व र राज्यका विभिन्न क्षेत्रहरूमा मधेसीको पहुँच कसरी बढाउने भन्ने सवाल उठेका छन्। यसको अलावा मधेसमा नागरिकता नभएका कारण राज्यविहीन नागरिकका रूपमा रहेका नागरिकहरू पनि रहेका छन्। समावेशी लोकतान्त्रिक प्रक्रियामा मधेसको पहिचानअनुसार कसरी प्रतिनिधित्व बढाउन सकिन्छ ? यहाँभित्रका आन्तरिक

समूहहरूको सम्बन्ध ती प्रक्रियामा कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने सवाल प्रमुख हुन सक्दछ । त्यसै गरी प्रतिनिधित्वले मात्र राज्यका निकायमा हरेक मधेसीको पहुँच बढाउन मद्दत गर्न सक्दछ कि सक्दैन भन्ने अर्को सवाल हुन सक्दछ ।

आर्थिक सवालको कुरा गर्दा मधेसलाई अन्नको भण्डारको रूपमा लिने गरिएको छ । यहाँको उत्पादनले राज्यलाई पाल्ने काम गरेको छ । तर त्यो उत्पादन यहाँको गरिबी हटाउन किन प्रयोग गर्न सकिएन ? के बेलायतले भारतबाट स्रोतहरू लगेर इङ्ल्यान्ड बनाएको जस्तै नेपालमा पनि मधेसको अन्नले काठमाडौँ बनाएको हो त ? मधेसका स्रोतसाधन र यहाँका बस्तीहरूका बीचमा रहेको सम्बन्ध पनि आर्थिक पक्षहरूको कुरा गर्दा सम्झनुपर्ने विषय हुन् । तराईको विभेदका बारेमा रामप्रकाश यादवको प्राज्ञिक लेख हेरेको खण्डमा धेरै सवालहरूमा स्पष्ट हुन सकिनेछ ।

त्यस्तै गरी यस क्षेत्रमा उद्योगहरू नगण्य रूपमा रहेको पाउन सकिन्छ । विकासका लागि, आर्थिक संरचनामा परिवर्तनका लागि पनि शासनमा वा शक्तिमा पहुँच हुनु जरुरी छ । यही भएर हुन सक्दछ यहाँ सङ्घीयताको कुरा उठेको छ । यहाँको भाषा तथा रहनसहन नबुझ्नेहरूले यहाँको विकासलाई कसरी लैजाने भनेर नबुझेका हुन सक्दछन् । भाषाले स्थानीयता पनि बोकेको हुन्छ । भाषा जीवित भइरहेमा संस्कारका बारेमा र यसको विकासको बारेमा सोच्ने कुरा पनि निरन्तर रहिरहन्छ । मैथिली भाषाको पृथक् पहिचान रहेको छ । तर यो भाषालाई राष्ट्रिय स्तरमा धेरै कम मान्यता दिइएको छ । भाषाको कारणले नै सरकारी निकायमा तराईका मानिसको पहुँच कम भएको छ । लोकसेवा आयोगको परीक्षामा मधेसीको सफलता र चासो नहुनुमा पनि भाषा मुख्य कारण हुने गरेको छ । यसकारण मधेसीको पहिचान र पहुँचका लागि भाषाको प्रमुख महत्त्व रहेको छ ।

## रामभरत साह

(अध्यक्ष, नेपाल मैथिली साहित्य परिषद्)

हामी शोषित र पीडित छौँ । मधेस र मधेसीको भावनालाई बुझ्ी कार्यक्रम राखेकोमा धन्यवाद दिन चाहन्छु तर मलाई अझै पनि शङ्का भइरहेको छ कि कतै मधेसबाट मधेसीको भावना बुझ्ी नयाँ षडयन्त्रको चाल त भइरहेको छैन ? त्यसमा शङ्का गर्ने ठाउँ छ । हामीहरू अहिले पनि भरियाका रूपमा छौँ । दिगम्बरजीले भनेझैँ राजनीतिक भरिया छौँ । यही कुरालाई पहाडियाहरूले गलत अर्थ लगाई शोषण गरिरहेका छन् । आर्थिक शोषण, सामाजिक शोषण, सांस्कृतिक शोषण भइरहेको छ । जनकपुरको जानकी मन्दिरको सम्पत्ति काठमाडौँ लगिएको छ तर कहाँ राखिएको छ अहिलेसम्म थाहा छैन । मिथिला महोत्सव भए पनि नाच्ने काम

पहाडीकै छोराछोरीको हुने गर्दछ। त्यसैले अब मधेसमा सम्पूर्ण कार्यालयहरूमा कार्यालय प्रमुख मधेसी नै हुनुपर्दछ।

भाषागत हिसाबमा जसरी संविधानमा उल्लेख गरिएको छ तर त्यसअनुसार काम भइरहेको छैन। स्थानीय स्तरमा स्थानीय भाषा नै सरकारी कार्यालयमा प्रमुख कामकाजको भाषा हुनुपर्दछ। मधेसीहरूलाई जानकी मन्दिरको पञ्चामृत र पशुपतिको प्रसाद चाहिँदैन तर अधिकार चाहिएको छ। यहाँ समाजशास्त्रको कुरा आइरहेको छ। काठमाडौँवासीका लागि हामी अहिले पनि पशु नै छौँ। तसर्थ यही सभाबाट भन्न चाहन्छु कि अब अति भइसक्यो। गान्धीवादीहरूले लाठी जुलुस निकाल्न थालेका छन्। मधेसका बारेमा आउने समाचारहरूलाई काठमाडौँका पत्रकारहरूले छनौट गरी मधेसका नराम्रा पक्षहरू मात्र प्रस्तुत गरिदिन्छन्। नेपालको एकमात्र रेल्वे रहेको जनकपुर रेल्वेको नाम परिवर्तन गरेर नेपाल रेल्वे राखेकोमा हाम्रो घोर आपत्ति छ।

कृष्णप्रसाद भट्टराईलाई कुनै पहाडी क्षेत्रमा चुनाव जित्न नदिएपछि मधेसले नै जिताएर पठाइदियो र प्रधानमन्त्री बनाइदियो। तर तिनै प्रधानमन्त्रीले मधेसीहरू कायर हुन्छन् भनेर दिल्लीमा गएर भनिदिए। अब हामीहरूको पहाडीहरूमाथि विश्वास छैन तसर्थ मधेसका लागि आवश्यक बजेट बाँडफाँड गर्ने अधिकार मधेसीहरूलाई नै हुनुपर्दछ। मधेसीको दिमागमा आफ्नै अधिकारबारेमा चेतना आइसकेको छ त्यही भएर आफ्नोबारेमा आफै निर्णयहरू गर्ने अधिकार चाहियो।

## रेवतीरमण लाल

(साहित्यकार)

अहिले समावेशी लोकतन्त्रका कुराहरू उठिरहेका छन्। तर यो कुरा अब बकवास भइसकेको छ। अब समानुपातिक लोकतन्त्र हुनुपर्दछ। मधेस र मधेसीको हितका लागि सङ्घीय गणतन्त्रको व्यवस्था चाहियो। साहित्यिक पुस्तक, पत्रपत्रिकालगायतमा पनि मधेसीहरूलाई भेदभाव गरिन्छ। हामीले छठ, चाँदचन्द्र आदिबारेमा लेख्दा कुनै पनि पहाडियाले छाप्दैन। अझ छापिदिए पनि त्यसैलाई छाँटकाँट गरेर आफ्नै नाममा प्रकाशित गर्छ। तसर्थ हाम्रो अन्तिम निचोड छ समानुपातिक प्रतिनिधित्व।

## पशुपतिनाथ झा

(प्राध्यापक)

हामी मधेसीहरू नेपालमा हैन कि नेपाली भनिनेहरू मधेसमा छन्। हामी कहीँबाट पलायन भएर आएका होइनौँ हामी मिथिलावासी हौँ। मातृभाषाको जति पनि

ज्ञान हुन्छ अन्य भाषाको बारेमा कम हुन सक्दछ। सुरुमा मातृभाषामा जति लगाव हुन्छ त्यति अरू कुनैमा हुँदैन। तर मैथिली हाम्रा छोराछोरी पढ्दैनन् किनकि मैथिली भाषा पढेर जागिर पाइँदैन। तसर्थ जबसम्म भाषालाई रोजीरोटीसँग गाँसिदैन तबसम्म भाषाको विकास हुँदैन। तसर्थ समावेशी लोकतन्त्रको कुरा गर्दा वृषेशचन्द्रजीले भनेजस्तै जबसम्म नियतमा परिवर्तन हुँदैन तबसम्म केही हुँदैन।

## कञ्चन झा

(प्राध्यापक)

मधेसीहरूलाई कुन रूपमा अवमूल्यन गरिन्छ भन्ने कुरा हामी सबैलाई थाहा भइसकेको कुरा हो। मधेसभित्र पनि र बाहिर पनि नारीमाथि हुने शोषण र दमन रोक्नुपर्छ। हामी मधेसका महिला दुई किसिमले पीडित र शोषित भएका छौँ। महिला भएको हुनाले पुरुषप्रधान समाजबाट भेदभाव गरिएको छ भने, मधेसी भएको हुनाले पहाडियाको आधिपत्य रहेको राज्यबाट हेपिएका छौँ। तसर्थ प्रत्येक घरबाट महिलाहरू निस्किएर मधेस र महिलामाथि भइरहेका भेदभावको विरुद्धमा बोल्ने बेला भएको छ।

## सत्यनारायण साह

(प्राध्यापक)

जनआन्दोलन-२०६२/६३ को क्रममा आन्दोलनलाई आन्दोलित गर्ने काम मधेसले नै गरेको हो। आन्दोलनको मुख्य नारा थियो – 'ज्ञाने चोर देश छोड'। तर आज राजाबारे निर्णय गर्ने अधिकार पहिलो संविधानसभालाई दिइएको छ। जबकि यसको निर्णय पहिले नै भइसकेको हो। विगतमा हामी मधेसीलाई ठग्ने काम मात्र भएको छ। तसर्थ हाम्रो मधेसको कुरा आउनेबित्तिकै त्यहाँ ठूला दलका नेताहरू मिली मधेसलाई उपेक्षा गर्ने काम सुरु गरिहाल्छन्। अब मधेसीहरूलाई समानुपातिक आधारमा प्रतिनिधित्व गराउनुपर्दछ। यसकारण हामीले हरेक क्षेत्रमा समानुपातिक प्रणाली चाहिन्छ भनी माग गरेका छौँ। मधेसमा नागरिकता प्रमुख समस्याको रूपमा रहेको छ। यो समस्या तुरुन्त निराकरण गर्नुपर्दछ।

## विजया लाल

(शिक्षक)

मलाई तराईमा मधेसीका सवाल र राज्यको संरचना तथा प्रक्रियाहरूको बारेमा कार्यक्रम गरेको असाध्यै राम्रो लाग्यो। तराई भेकका मधेसीहरूले अधिकार मागेर होइन खोसेर लिनुपर्‍यो। यहाँ पहाडिया र मधेसियाको कुरा आएको छ। यहाँबाट

पहाडी मूलका मान्छेहरूलाई चुनावमा जिताउन कसको हात हुन्छ ? तसर्थ पहिला मधेसीहरूलाई जिताउने कुरामा हामी आफै प्रतिबद्ध हुनुपर्छ । तराईमा पनि मधेसीहरूको अधिकारको मात्र कुरा गर्छौं । तर यहाँ पुरुष र महिलामा पनि विभेद छ । जहाँ महिलाको कुरा आउँछ त्यहाँ मधेसमा पनि विभेद गरिन्छ । म एउटा शिक्षिका भएको नाताले पनि भन्नुपर्दा प्राथमिक तहमा केही महिला शिक्षिका भेटाएको छु तर निमावि र माविमा त औँलामा गन्नुपर्ने देखिन्छ । अब महिला र पुरुषबीचमा पनि समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ ।

## विष्णु कुँवर

(गैरसरकारी संस्था समन्वय कमिटी, धनुषा)

मधेसका समस्याका लागि हामी पनि केही हदसम्म जिम्मेवार छौँ । तर यसको समाधान गर्न पनि हामी आफै सक्षम छौँ । संविधानमा लेखिएका कुराहरू व्यवहारमा लागू गर्न सकेमा समस्याको हल हुन सक्छ । अहिले महिलाका लागि हरेक क्षेत्रहरूमा ३३ प्रतिशत आरक्षण तोकिएको छ तर दलितको आरक्षणको कुनै व्यवस्था छैन । जब हाम्रो माग सुनिँदैन तब हामी किन तिनै पार्टीका नेताहरूको पछि लागिरहेछौँ भन्ने मलाई आश्चर्य लागिरहेको छ ।

## सुरेन्द्र लाभ

(प्राध्यापक)

मधेस र राज्यको पुनर्संरचना, लोकतन्त्रका बारेमा छलफल गराएकोमा सोशल साइन्स वहा:लाई धन्यवाद दिन चाहन्छु । प्रजातन्त्रमा कमीकमजोरीहरू देखा परेपछि त्यसलाई कसरी हटाउँदै जाने भनेर नयाँ पक्षहरू पहिल्याउने गरिन्छ । त्यसै सन्दर्भमा अहिले समावेशी लोकतन्त्रको कुरा आइरहेको छ । नेपालमा बहुमतलाई प्रश्रय दिने प्रजातन्त्र छ तर वास्तवमा नेपालमा सहमतिजन्य प्रजातन्त्रको जरुरी भएको छ । साहित्यमा स्वतन्त्रता हुनुपर्छ । *मधेस* पुस्तकमा भएको डा. बर्नाडोको लेख एकदमै उपयोगी छ । गुणरत्नेको लेख पनि उपयोगी छ । *मधेस* पुस्तकको १०७ पेजमा नेपालका उपप्रधानमन्त्रीले भारतीय मूलका ४० लाखलाई नागरिकता बाँड्ने भनी भनेको कुरा उल्लेख गरिएको छ । म सोशल साइन्स वहा:लाई यो आग्रह गर्न चाहन्छु कि भारतीय मूलका नभनी मधेसी मूलका भन्ने गरियोस् । मधेसीको समस्या उठाउने अहिले विभिन्न धारहरू देखा परेका छन् । मधेस समर्थक पार्टीले एकै प्रदेशका मान्छेको मात्र 'लवीकरण' भन्ने गरेको छ । तर अहिले गैरमधेसी समुदाय पनि चलखेल गरिरहेको छ । यसको नतिजा नकारात्मक रहेमा त्यसको जिम्मेवार सरकार पनि हुनुपर्छ । २०६३ कात्तिक २२ को सम्झौतामा

'समावेशी लोकतन्त्र' उल्लेख भएको छ । तर वास्तवमा कागजको खोस्टोमा नलागी वास्तवमै नियत साफ हुनुपर्छ । नियत साफ भएन र खुल्ला हृदयले व्यवहार गरिएन भने कागजमा राखिएको भाषाले केही हुँदैन ।

## बालकेश्वर ठाकुर

(प्राध्यापक)

सबै कुरा आइसकेकै छ । तैपनि म पुरानै कुरा दोहो¥याउन चाहन्छु । आर्थिक रूपमा, राजनीतिक रूपमा, सामाजिक रूपमा मधेसीहरू कमजोर छन् । जनकपुरमा साह, यादव आदि जातको बसोबास छ तर चोकको नाम थापाचोक, भानुचोक, मुरलीचोक राखिएको छ । यसबाटै थाहा हुन्छ कि मधेसलाई कति हेपिएको छ भनेर । २०४७ सालपछि मधेसीहरूको स्थिति झन् खराब भएको छ । हिन्दी साम्राज्यवादी भाषा हो भनेर भनिँदैछ । त्यस्तो कुरा मधेसमा हुँदा हामीलाई दुःख लाग्छ । हिन्दीको उपेक्षा किन गरिएको हो ?

## रघुनाथ दास

(अध्यक्ष, दलित सङ्घ, धनुषा)

यहाँ सबैले तराई र मधेस मात्र जान्दछन् । आजकै कार्यक्रममा पनि सबैले आफ्नाआफ्ना गुनासाहरू सुनाए । हामीले महसुस गरेको कुरा के हो भने मधेसीले मधेसीलाई नै ठगिरहेको छ । मधेसभित्रको दलितलाई ठगिरहेको छ । कृष्णप्रसाद भट्टराईजीले ठीक भनेको हो मधेसी कायर भनेर । मधेसी आफ्नो अधिकारका लागि लड्न सकेको छैन भने त्यसलाई कायर नभनेर के भन्ने ? तराईबाट जितेर गएका मधेसी सांसदहरूले अहिलेसम्म के गरे ? अहिलेसम्म छुवाछूतको कुरा हटचा छैन । कति पुरानो सोचाइका साथ हामी मधेसमा बाँचिरहेका छौं ? हामीले पहिला आफ्नो नियत ठीक पार्नुपर्दछ ।

## लालकिशोर साह

(अध्यक्ष, नेपाल ट्रेड युनियन काङ्ग्रेस, धनुषा)

आठ दलको सम्झौताले नेपाली जनतालाई गृहयुद्धमा जान तयार गरेको छ । साथै नेपाली जनताको आँखामा छारो हाल्ने काम भएको छ ।

आज हामीले खुसी मान्नुपर्ने कुरा छ । हाम्रा प्रिय सर योगेन्द्र यादवको सहजकार्यमा मिथिला प्रदेशमा मैथिलीमा कार्यक्रम सञ्चालन भइरहेको छ । सोशल साइन्स वहा:लाई हामी धन्यवाद दिन चाहन्छौं । संविधानसभाका लागि नेपालका प्रमुख आठ दल प्रवेश गरिसकेका छन् । यसको प्रक्रियाबारे धेरैजसो निर्णय पनि भइसकेको

छ । तर यस प्रक्रियामा पनि मधेसीको आँखामा धूलो हाल्ने प्रयास भएको छ । यस्तो बेलामा मिथिलावासीले आक्रोश सोशल साइन्स वहा:लाई पोखिरहेका छौँ ।

बीपी अथवा गिरिजा हाम्रा आदरणीय नेता हुन् । तर यस आठ दलको सम्झौताले मधेसलाई उपेक्षा गरेको छ । आठ दलका नेताहरूले पनि सामन्ती सोच त्याग्नुपर्छ ।

## आशा सिन्हा

(प्राध्यापक)

मधेस र मधेसीलाई न्यायोचित ढङ्गबाट व्यावहारिक रूपमा न्याय दिलाउन सकियो भने मधेसी र पहाडी समुदायका बीचमा अहिले कोरिँदै गएको रेखा समाप्त गरी समग्र नेपालको विकास गर्न सम्भव हुन्छ । अर्कोतर्फ महिलालाई ३३ प्रतिशत आरक्षण गरिएको छ तर यसलाई कसरी व्यावहारिक रूपमा प्रयोगमा ल्याउने हो हेर्न बाँकी रहेको छ ।

## मिनाक्षी साह

(महिला जेसिज, धनुषा)

मधेसी भनेर हामीले हेपिएको अनुभव गर्नुपर्दैन । मलाई त मधेसी भएकोमा गर्व छ । हामी सबैले मधेसी भएको कुरालाई बलियोसँग प्रस्तुत गरेमा अहिले कसैले नराम्रो मानेको हाम्रो चिनारी आफै समृद्ध भएर जानेछ । हामीले मधेस र मधेसीको आवाजसँगसँगै महिलाका लागि ठोस नीति तथा कानुन संविधानमा व्यवस्था गर्नका लागि आवाज बुलन्द गर्नुपर्दछ ।

## प्रेम सापकोटा

फरक विचारलाई पनि मान्यता दिएर हुने छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू हरेक गाउँ तथा समाजमा पुग्न सकेमा अरूको पहिचानलाई पनि मान्यता प्रदान गर्न सकेको ठहर्दछ । मधेसको पहिचानभित्र थुप्रै सामाजिक, सांस्कृतिक, भाषिक र धार्मिक समूह रहेको कुरा मानवशास्त्रीहरूको अध्ययनले देखाएको छ । यहाँ रहेका आन्तरिक समूहहरूबीचमा रहेका विभिन्नताहरूबाट उठ्ने प्रतिस्पर्धी विचारहरू एकआपसमा आदानप्रदान हुन सकेमा मधेसको पहिचान बलियो हुन सक्दछ । तराईभित्र रहेका तर वर्तमान अवस्थामा मधेसीको पहिचानभन्दा बाहिर रहेकाहरूको पनि आर्थिक विकास निर्माणजस्ता सवालहरूमा राज्यसँग हुने मागमा समान समूह बन्न सक्दछ । यसकारण अन्य सवालहरूमा पनि स्थानीय स्तरमा सकारात्मक ढङ्गबाट बहस हुने क्रम जारी रहोस् भन्ने कामना गर्दै आजको कार्यक्रममा सहभागीहरूलाई धन्यवाद दिन चाहन्छु ।

# अनुसूची

# समावेशी लोकतन्त्र र नेपाली राज्य

– प्रेम सापकोटा

*(नोटः यो लेख २०६३ असार ३ देखि मङ्सिर २ गतेसम्म नेपालगन्ज, पोखरा, धनगढी, बिर्तामोड, जनकपुर र काठमाडौँमा भएका समावेशी लोकतन्त्रका आधारहरू र समाजशास्त्र विषयक अन्तरक्रिया कार्यक्रममा छलफल गर्न सजिलो होस् भन्ने हेतुले तयार गरिएको हो ।)*

नेपालको राजनीतिक द्वन्द्वलाई नेपाली राज्यले विगतमा अपनाएका शासनको मोडल र राज्यले अङ्गीकार गरेका नीतिहरूका आधारमा व्याख्या र विश्लेषण गर्ने गरिन्छ । यसै क्रममा २०४६ सालमा स्थापित बहुदलीय प्रजातान्त्रिक शासन प्रणाली र यसै व्यवस्थाअन्तर्गत निर्मित संविधानले निर्धारण गरेका राजनीतिक संस्थाहरू तथा प्रक्रियागत प्रणाली पूर्णरूपमा लोकतान्त्रिक/प्रजातान्त्रिक हुन सकेनन् भनी आलोचना गरिँदै आएको छ ।

दोस्रो जनआन्दोलनपछि नेपालमा राज्यको शासनशैली नयाँ तरिकाबाट कल्पना गरिनुपर्दछ भनी बहसहरू भइरहेका छन् । यस्ता बहसहरूमा प्रजातन्त्र/लोकतन्त्र, समावेशी लोकतन्त्र, संविधानसभा तथा राज्यको पुनर्संरचनाजस्ता विषयहरूले महत्त्व पाएका छन् । नेपाली समाजले बढी उत्सुकताका साथ लिएका यी सवालहरूबारे फरक सैद्धान्तिक मान्यता वा फरक अनुभवका आधारमा बेग्लै किसिमबाट प्रस्तुति र व्याख्याहरू भइरहेका छन् । यस्ता कतिपय सवालहरूका बारेमा अद्यापि द्विविधाहरू भने रहिरहेका छन् ।

यसै परिप्रेक्ष्यमा समाजविज्ञानसँग सम्बन्धित विद्वान्हरूले नेपालका सन्दर्भमा प्रस्तुत गरेका आधारभूत अवधारणा र विश्लेषणहरूलाई यहाँ सङ्क्षेपमा प्रस्तुत गरिएको छ । यसका लागि *समावेशी लोकतन्त्रका आधारहरू* र *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* पुस्तकका लेखहरूलाई मुख्य आधार मानिएको छ ।

*समावेशी लोकतन्त्रका आधारहरू* पुस्तकमा प्रजातन्त्र, शासनका मोडल तथा संविधानजस्ता विषयहरूसँग सम्बन्धित आधारभूत अवधारणा र परिभाषाहरूलाई प्रस्टयाउने कोसिस गरिएको छ । यस पुस्तकमा समावेश लेखहरू सोशल साइन्स वहा:ले सन् २००३ को अप्रिलमा आयोजना गरेको तीनदिने सम्मेलनमा अङ्ग्रेजीमा

प्रस्तुत गरिएका कार्यपत्रहरूबाट अनुवाद गरिएका हुन् । यसै गरी नेपाली समाजका साथै समाजविज्ञानका आधारभूत अवधारणाहरूबारेमा प्रकाश पार्ने प्रयास *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* मा रहेका अनुसन्धानात्मक लेखहरूले गरेका छन् ।

**लोकतन्त्र/प्रजातन्त्र**

'जनताद्वारा निर्मित सरकार' भन्ने अर्थ जनाउने 'डेमोक्रेसी' शब्दको समानार्थी संस्कृत रूप 'प्रजातन्त्र' हो । तथापि प्रजातन्त्रको शाब्दिक परिभाषाचाहिँ 'प्रजाहरूद्वारा निर्मित सरकार' हुन सक्छ जसले सायद राजतन्त्रात्मक विश्व दृष्टिकोणलाई झल्काउँछ । भारतमा प्रजातन्त्रको सट्टा 'लोकतन्त्र' को प्रयोग बढी हुन्छ (माइकसेल: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* पृष्ठ १) । पहिले नेपाालमा 'डेमोक्रेसी' लाई प्रजातन्त्र भनिने गरिन्थ्यो, हालका दिनमा लोक (आम जनता) को शासन बुझाउने र राजतन्त्रका बारेमा निरपेक्ष रहने शब्द 'लोकतन्त्र' को प्रयोग बढी हुन थालेको छ ।

प्रजातान्त्रिक/लोकतान्त्रिक व्यवस्था पश्चिम युरोप तथा अमेरिकाका संवैधानिक सङ्घर्षहरू र प्रक्रियाबाट जन्मेको हो । सामान्यतया समाजमा कुलीन वर्गको पुरानो शासन कमजोर हुँदै जाँदा समाजको राजनीतिक तथा आर्थिक संरचनामा आउने परिवर्तनहरूको क्रममा नयाँ सामाजिक समूहहरूले आफूलाई सबल तुल्याउँदै स्थापित गर्ने प्रक्रियामा नै प्रजातान्त्रिक राज्यहरूको उदय हुने गर्दछ (माइकसेल: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* पृष्ठ १, ३) ।

**लोकतन्त्र/प्रजातन्त्रको मोडल**

सत्रौँ र अठारौँ शताब्दीमा युरोप र अमेरिकामा सुरु भई उन्नाइसौँ र बीसौँ शताब्दीमा विश्वभरि फैलने क्रममा 'डेमोक्रेसी' का बारेमा धेरै बहस भए पनि यसलाई फरकफरक किसिमबाट बुझ्ने गरिन्छ । समग्रमा विश्लेषण गर्दा राजनीतिशास्त्र र दर्शनशास्त्रमा प्रजातन्त्रका दुई भिन्न स्वरूप रहेको पाइन्छ । पहिलो स्वरूप 'प्रतिनिधिमूलक प्रजातन्त्र' हो । यो त्यस्तो उदार दृष्टिकोण हो जहाँ राजनीतिकर्मीहरूले जनता र राज्यबीचमा सम्बन्ध कायम राख्दछन् । त्यस्तै अर्को स्वरूप हो 'समावेशी प्रजातन्त्र' । यो यस्तो गणतान्त्रिक दृष्टिकोण हो जसअनुसार जनताले आफ्ना लागि आफै निर्णय गर्न सक्ने अवस्था भएका खण्डमा मात्र प्रजातन्त्र टिक्छ । यो दृष्टिकोणअनुसार राजनीतिकर्मीहरू जुनसुकै काम गर्ने अधिकार पाएका हकदार नभई जनताको भावनाको प्रतिनिधित्व गर्न जनताद्वारा खटाइएका प्रतिनिधि मात्र हुन् (गेल्नर: *समावेशी लोकतन्त्रका आधारहरू,* पृष्ठ २) ।

प्रजातन्त्रको बुझाइ र यसको व्यावहारिक प्रयोग फरकफरक ढङ्गबाट भइरहेको कुरालाई जन वेलपटनले स्पष्ट पारेका छन् । प्रजातन्त्रको अर्थ हुन्छ 'जनताको

शासन' अर्थात् एउटा यस्तो राजनीतिक प्रणाली जसमा समुदायका हरेक सदस्यको शासनसत्तामाथि उत्तिकै पहुँच हुन्छ । नेपाललगायत विश्वभरि नै शासनसत्तामाथि समान साझेदारी कायम गर्ने सदिच्छा त देखाइएको छ, तर त्यस्तो शासन प्रणाली व्यवहारमा कस्तो हुनुपर्छ भनेर कहीँ पनि प्रस्ट व्याख्या हुन सकेको छैन (वेलपटन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ २५) ।

राजनीतिक निर्णय संयन्त्रलाई नियाल्दा प्रजातन्त्रका तीन मोडल क्रियाशील पाइन्छन् – (वेलपटन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ २५) ।

पहिलो मोडल, पश्चिमी प्रजातन्त्रको शैलीमा आधारित बहुदलीय प्रजातन्त्र । यसले बहुलवादलाई स्वीकार गर्छ र वैचारिक आस्थाअनुसार राजनीतिक दलहरू द्वन्द्वात्मक विचारधारालाई समेट्दै आपसमा प्रतिस्पर्धा गरेर बहुसङ्ख्यक जनताको प्रतिनिधित्व गर्ने प्रयत्न गर्दछन् ।

चरम वामपन्थी धारमा विश्वास राख्नेहरूले यसको आलोचना गर्छन् । उनीहरूको मतमा, "सबै जनता समान हैसियतमा नहोउन्जेल यस्तो प्रतिस्पर्धात्मक प्रणाली 'जनताको शासन' हुन सक्दैन, यस्तो प्रणालीमा स्रोतसाधनको पुनर्वितरण हुँदैन, खाली स्वतन्त्र प्रतिस्पर्धाको नारा मात्र दिइन्छ, परिणामत: असमान हैसियत भएकाहरूबीच स्वतन्त्र प्रतिस्पर्धा गराउनु भनेको सोझै बलियाका पक्षमा निर्णय लिनुजस्तै हो ।"

दोस्रो, सर्वसम्मति कायम गर्ने मोडल (प्रत्यक्ष प्रजातन्त्र) । यो आफूसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा समुदायका हरेक व्यक्तिले छलफल गरेर निर्णय लिने व्यवस्था भएको राजनीतिक प्रणाली हो यसमा सकेसम्म सर्वसम्मति कायम गर्ने प्रयत्न हुन्छ ।

यस प्रकारको प्रत्यक्ष प्रजातन्त्र लागू हुन सकेसम्म सानो राजनीतिक निर्वाचन क्षेत्र (एकाइ) र आमनेसामने हुने गरी बसोबास भएका समुदायहरू हुनु आवश्यक हुन्छ । यस्तो प्रजातन्त्रको वकालत गर्नेहरू स्वत: विकेन्द्रीकरण र स्थानीय स्वायत्तताका पक्षधर हुन्छन् । एउटै जाति बसोबास भएका नेपालका कतिपय गाउँहरूमा प्रचलित परम्परागत निर्णय प्रक्रियालाई यस्तो प्रजातन्त्रको उदाहरण मान्न सकिन्छ ।

यो मोडलको आलोचना गर्नेहरूले बहुसङ्ख्यक वा शक्तिशाली वर्गको हैकमका अगाडि अल्पसङ्ख्यक वा कमजोर वर्गले प्रतिस्पर्धा गरेर चुनौती दिन सक्दैन, फलत: पछिल्लो वर्गले असुरक्षित महसुस गर्छ र ऊ सर्वसम्मतिको पक्षमा उभिन पुग्छ भन्ने गरेका छन् ।

तेस्रो, जनता भन्ने अवधारणा अघि सारिएको मोडल । जनता भनेको समान उद्देश्य र चाहनाले प्रेरित एउटा प्राणी हो भन्ने मान्यता राखी प्रजातन्त्रका अन्य मोडलमा भएका कतिपय व्यावहारिक कठिनाइहरूलाई हटाउन 'जनता' भन्ने अवधारणा अगाडि सारिएको हुन्छ ।

यो मोडलको आलोचना गर्नेहरूले जनचाहनाको नारा उपयोग गरेर विभिन्न समुदायका वर्गीय हित र चासोलाई पन्छाउँदै एउटा पार्टी सत्तामा रहिरहन सक्ने सम्भावनालाई यसको खतरनाक पक्ष ठहऱ्याएका छन् ।

## नेपालमा प्रजातान्त्रिक/लोकतान्त्रिक विचार

नेपालका सबै राजनीतिक पार्टीहरूले (हिजोको पञ्चायती शासनले समेत) 'प्रजातन्त्र' लाई आफ्नो नीति र लक्ष्यको रूपमा अङ्गीकार गरेको पाइन्छ । तर यसको पछिल्तिर उनीहरूको उद्देश्य, प्रयोजन र अर्थ भने फरक हुने गरेका छन् । यहाँसम्म कि यसलाई जनाउने शब्दहरूसमेत समूहपिच्छे फरक छन् (माइकसेल: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,* पृष्ठ १) । नेपालमा 'डेमोक्रेसी' लाई प्रजातन्त्र, गणतन्त्र, जनतन्त्र अथवा जनवाद भन्ने गरिएको छ (गेल्नर: *समावेशी लोकतन्त्रका आधारहरू,* पृष्ठ १) ।

वैचारिक आस्थाअनुसार नेपालमा अहिले दुई किसिमका मोडल अस्तित्वमा देखिन्छन् । पहिलो, प्रतिस्पर्धात्मक दलहरूको अस्तित्व, खुला बजार, निजी स्वामित्व र स्वतन्त्र न्यायपालिकाको अवधारणा समेटेको 'उदार प्रजातन्त्र' वादी धार र दोस्रो, शासनभार तल्लो वर्गका बहुसङ्ख्यक जनताको प्रतिनिधित्व गर्ने अग्रगामी दलहरूको नियन्त्रणमा रहने र वर्गीय शोषण एवम् असमानता निवारण गर्ने मुख्य लक्ष्य बोकेको मानिने 'मार्क्सवादी प्रजातन्त्र' धार । (गेल्नर: *समावेशी लोकतन्त्रका आधारहरू,* पृष्ठ २) ।

## २०४६ सालपछि नेपालले अँगालेको प्रजातन्त्रको मोडल

केही सानातिना कुरालाई छोडेर नेपालको प्रजातन्त्रको मोडल बहुमतमा आधारित मोडलसँग मिल्दोजुल्दो छ (केलिन: *समावेशी लोकतन्त्रका आधारहरू,* पृष्ठ ४७) । सारमा हेर्दा २०४६ पछि नेपालको राजनीतिक परिपाटी 'बहुमतले शासन गर्छ' भन्ने अवधारणामा आधारित छ । एउटा निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी मत ल्याउने एक जना उम्मेदवारले मात्र शासकीय निकायमा प्रतिनिधित्व गर्न पाउने निर्वाचन प्रणाली नेपालले अँगालेको छ । यसै गरी बहुमत पाउने दलले शासनको सम्पूर्ण जिम्मा पाउने र अरूले प्रतिपक्षमा बस्ने शैली नेपालले अनुसरण गरेको छ । यी प्रक्रियाहरू पश्चिमा प्रजातन्त्रबाट नक्कल गरिएका हुन् । यस्तो व्यवस्था एकै खालको समुदाय भएका राज्यका लागि व्यावहारिक भए पनि बहुसांस्कृतिक समाज भएको नेपालजस्तो मुलुकका लागि उपयुक्त देखिँदैन । यो मोडल अँगाल्दा नेपालमा जनजाति, दलित र महिलाहरूको जनसङ्ख्याको आधारमा शासन प्रक्रियामा संलग्नता अति नै न्यून रहेको छ भन्ने विचार *समावेशी लोकतन्त्रका आधारहरू*

पुस्तकका लेखहरूमा उल्लेख गरिएको छ (भट्टचन, लावती र उप्रेती: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ४९, ५८, १०७)।

**प्रजातन्त्र ⁄ लोकतन्त्रको सीमितता ⁄ अपूर्णता**

प्रजातन्त्रको परिभाषा जेजस्तो भए पनि यो सधैँ नै अपूर्ण रहिआएको छ। प्रजातन्त्र जहाँजहाँ देखा परेको छ त्यहाँ जनसङ्ख्याको ठूलो खण्ड; खास गरी महिला, श्रमिक वर्ग, जाति, जनजाति वा पेसागत समूह र विदेशीहरू यसमा सहभागी हुनबाट वञ्चित भएका छन् (माइकसेल: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*, पृष्ठ २)।

प्रजातन्त्रमा जनताले खुला प्रतिस्पर्धात्मक आवधिक निर्वाचनका माध्यमबाट आफ्नो शासक छान्ने अवसर प्राप्त गर्दछन्। अथवा, प्रजातन्त्र राजनीतिकर्मीहरूले शासन गर्ने व्यवस्था हो। प्रजातन्त्र भन्नाले जनताले नै शासन गर्ने व्यवस्था भनेर बुझ्नुहुँदैन, बुझ्न मिल्दैन। प्रजातन्त्र भनेको जनतालाई खुला प्रतिस्पर्धाका माध्यमबाट आफ्नो शासक छान्न पाउने अधिकार मात्र हो भन्ने बुझ्नुपर्छ (शम्पिटरलाई उद्धृत गर्दै गेल्नर: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ २)।

यसै गरी अहिलेको अवस्थामा ठूलठूला बहुराष्ट्रिय निगमहरू साना देशका संरचनाहरू हडप्ने काम विस्तार गर्दै ती देशहरूभित्र प्रभावशाली स्थापित हुँदै गएका छन्। यसले गर्दा त्यस्ता देशका सरकारहरूको स्वायत्ततापूर्ण कार्यक्षेत्र न्यून हुँदै गएको छ। यसै गरी स्थानीय समुदायहरू सशक्त हुने खालको प्रजातन्त्रको निम्ति अनुकूल अवस्था सिर्जना हुन नसकी सम्पत्ति र शक्ति झन्झन् थोरै मानिसका हातमा केन्द्रित हुँदै गएको छ। यसले गर्दा प्रजातन्त्रको आदर्श परिभाषाभन्दा व्यवहारमा आनकातान भिन्नता आइरहेको छ। (हेर्नुहोस् 'प्रजातन्त्र र निगमीकृत शासन', माइकसेल: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*, पृष्ठ ३०)।

**समावेशी प्रजातन्त्र ⁄ लोकतन्त्र**

समावेशी प्रजातन्त्रसम्बन्धी बहस वा वादविवाद नयाँ हो। ताकिस फोटोफोलोसले शक्तिको केन्द्रीकरण प्रजातन्त्रसँग बाझिने कुरा हो भनेका छन्। ताकिसका अनुसार समावेशी प्रजातन्त्र नयाँ अवधारणा हो। उनका भनाइमा राजनीतिक, आर्थिक, सामाजिक र पर्यावरणीय आदि सबै क्षेत्रमा प्रजातन्त्र हुनुपर्दछ।

नेपालका सन्दर्भमा गोलमेच सम्मेलन, आत्मनिर्णय गर्ने अधिकार, जनमतसङ्ग्रह र संविधानसभाको प्रक्रियामार्फत सङ्घीय संरचना तयार पारी समस्त जाति ⁄ जनजाति, लिङ्ग, भाषाभाषी, धर्म, संस्कृति तथा जातीय समानुपातिक प्रतिनिधित्वका आधारमा शक्ति र अधिकारको साझेदारी गर्नु नै समावेशी प्रजातन्त्र हो (भट्टचन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ५०)।

त्यस्तै महेन्द्र लावतीका विचारमा समावेशी प्रजातन्त्र दुईओटा कुरामा आधारित छ। पहिलो, बहुसांस्कृतिक देशमा कुनै पनि विषयमा गरिने फैसलामा सामाजिक तथा सांस्कृतिक समुदायलाई समावेश गरिनुपर्दछ। प्रजातान्त्रिक सिद्धान्तअनुसार कुनै व्यक्ति वा समूहको प्रतिनिधित्वविनाको फैसला अमान्य हुन्छ। दोस्रो, सार्वजनिक नीतिहरू पनि सबैलाई समेट्ने खालको हुनुपर्छ। हरेक समूहका व्यक्तिहरूको प्रतिनिधित्व गराएकै आधारमा नीतिहरू समावेशी नहुन सक्छन्। निर्णय गर्ने प्रक्रियामा समावेश गराइनु प्रजातन्त्रका लागि एउटा आवश्यक सर्त हो, पर्याप्त सर्तचाहिँ होइन। त्यसैले सार्वजनिक नीति पनि सबैलाई समेट्ने प्रकारको हुनुपर्दछ (लावती: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ५७)।

राज्य सञ्चालनका लागि विभिन्न स्तरमा विभिन्न तरिकाबाट अधिकारको बाँडफाँड गरिएको हुन्छ। त्यहीअनुसार राज्यको शासनव्यवस्थालाई संरचित गरिन्छ। यस्ता व्यवस्थाहरूले राज्यको शासनमा जनताको संलग्नतालाई असर पार्ने गर्दछन्। जनताको शासनमा हुने संलग्नतालाई समावेशी लोकतन्त्रको एक प्रमुख आधार मानिन्छ। राज्यले अँगालेको शासनशैलीअनुसार पनि लोकतान्त्रिक प्रक्रियाका अन्य पक्षहरूलाई मूल्याङ्कन गर्ने गरिन्छ। समावेशी लोकतन्त्रको चर्चासँग राज्य, राज्य संरचना, प्रतिनिधित्व/सहभागिता, राजनीतिक दल, राज्य र सामाजिक-सांस्कृतिक समूहहरूबीचको सम्बन्ध र यी सवालहरूलाई आधुनिक राज्यमा व्यवस्थित गर्न सक्ने दस्तावेज (संविधान) को चर्चा हुने गरेको छ। मुख्य सवालहरूलाई यहाँ उल्लेख गरिएको छ।

## राज्य तथा राज्य संरचना

विभिन्न दार्शनिक विचारअनुसार राज्यलाई फरकफरक तरिकाबाट व्याख्या गर्ने गरिन्छ। कृष्ण खनालका विचारमा राज्य भन्नाले एउटा निश्चित भौगोलिक क्षेत्रका साधन-सम्पदाहरूमाथि अधिकार भएको संरचना हो। अरू कुनै संस्थालाई त्यस्तो अधिकार हुँदैन (खनाल: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ८८)। हर्क गुरुङले राज्यलाई क्षेत्रगत रूपमा केही जनसङ्ख्याको राजनीतिक संरचना हो भन्दै राज्यअन्तर्गत विभिन्न जातीय समूह हुन सक्छन् तर शासनचाहिँ बलबाट हत्याएर कायम गरिएको हुन्छ भनी उल्लेख गरेका छन् (गुरुङ: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*, पृष्ठ ४२०)। राज्यको अधिकार धेरै हुने हुनाले यसको राजनीतिक सङ्गठन अति विवादास्पद तथा खोसाखोसको वस्तु बन्ने गर्दछ। सबै समूहका लागि फरकफरक राज्य हुने कुरा व्यावहारिक रूपमा सम्भव हुँदैन। त्यसैले राज्यका संरचनाभित्र नै सकेसम्म सबै पक्षका चाहना र विचारलाई व्यवस्थापन गर्न सक्ने शासनव्यवस्थाको खोजी गरिन्छ।

समाजविज्ञानका शब्दकोशहरूमा एउटा राज्यमा आधारभूत रूपमा निश्चित भौगोलिक क्षेत्र, जनता, सरकार र सम्प्रभुता हुने उल्लेख गरिएको छ। राज्यको आन्तरिक बनोटलाई कार्यकारी, विधायिकी तथा न्यायिक क्षेत्रमा विभाजन गरिएको हुन्छ र प्राय:जसो राज्यको छुट्टै सेना र प्रहरी हुने गर्दछन्।

*समावेशी लोकतन्त्रका आधारहरू* पुस्तकमा राज्य संरचनाको कुरा गर्दा राज्यभित्रका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचनाको कुरा उठाइएको छ। यसै गरी राज्यको शासनव्यवस्था (एकात्मक वा सङ्घीय) र प्रतिनिधित्वको ढाँचा (निर्वाचन प्रणाली) लाई मुख्य रूपमा राज्य संरचनाको विषयमा चर्चा गर्दा समेटिएको छ। उता हर्क गुरुङले *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* पुस्तकमा भएको आफ्नो लेखमा राज्य संरचनामा अधीनस्थ मुलुकका प्रदेशका बासिन्दाहरू पनि निर्देशित हुन्छन् भनी नेपालमा रहेका धार्मिक तथा सांस्कृतिक समूहहरूको बारेमा उल्लेख गर्नुभएको छ (गुरुङ: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*, पृष्ठ ४२०)।

## नेपाली राज्य

नेपाली समाज र भौगोलिक अवस्थाअनुरूपको राज्य र राजनीतिको संस्थागत बनोट नेपालमा बन्न नसकेको तर्क *समावेशी लोकतन्त्रका आधारहरू* पुस्तकमा गरिएको छ। भौगोलिक एकीकरणपछि केन्द्रबाट मात्रै शासन गरियो र राज्यका अङ्गहरू ग्रामीण क्षेत्रमा पुग्न सकेनन्। धर्म, जात, भाषा, संस्कृतिका आधारमा अति नै विविधता भएको नेपाली समाजको बनोटलाई वास्ता नगरी राज्यको एकताका लागि भनेर एकात्मक राज्यको दृष्टिकोणलाई सही मानियो (पहाडी, वेल्पटन, खनाल: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ १४, १५, २५, ९०)। कृष्ण भट्टचनका भनाइमा त नेपालमा तथाकथित एकीकरणपछि 'ब्राह्मणवादी राज्य' संरचना कायम छ। उहाँका अनुसार ब्राह्मणवाद भनेको एक जाति, एक धर्म, एक भाषा, एक संस्कृति, एक क्षेत्र र एक लिङ्गमार्फत अन्यलाई दमन गर्ने सिद्धान्त, नीति र व्यवहार हो।

## एकात्मक राज्य

एकात्मक राज्यमा एउटै वा विभिन्न तहगत सरकारहरू हुन सक्छन्। यसमा केन्द्रीय सरकारले सरकारी कार्यहरूको नियन्त्रण गर्ने गर्दछ। स्थानीय सरकारहरूलाई निश्चित अधिकार प्रत्यायोजन गरिए पनि तिनले स्वतन्त्र रूपमा ऐननियम निर्माण गरी कार्यान्वयन गर्न सक्दैनन्। स्थानीय सरकार वा निकायहरू केन्द्र सरकारप्रति जिम्मेवार र निर्भर हुन्छन्।

एकात्मक राज्यका सबल पक्ष भनी औँल्याइएका मुख्य बुँदाहरूमा राज्यभरि

एउटै खाले सरकारी नीति तथा प्रक्रियाबाट कार्यक्रमहरू संचालन हुन्छन् । यसमा एउटा सरकार र एउटै सरकारी प्रक्रिया हुन्छ र राज्यभरि कुनै क्षेत्रीय वा आन्तरिक व्यवधानविना सजिलै व्यापारिक गतिविधिहरू सञ्चालित हुन सक्छन् ।

यसका दुर्बल पक्षलाई यसरी औंल्याइएको छ – विभिन्न क्षेत्रका बासिन्दालाई थोरै मात्र अवसर प्राप्त हुने भएकोले केन्द्रीय सरकार एक्लैले मात्र उनीहरूप्रतिको उत्तरदायित्व वहन गर्न सक्दैन । प्रशासनिक संरचना बढी जटिल हुन्छ र नियन्त्रण तथा निर्देशनका लागि कठिन हुन्छ । जनताका चाहनाभन्दा प्रशासन बढी खर्चिलो, जटिल र लचकदार हुन्छ । फरक खाले सामाजिक-सांस्कृतिक समूह भएका देशहरूमा सबै समूहहरूलाई शासनमा सहभागी गराउन र उनीहरूको भावनालाई यस किसिमको राज्यव्यवस्थाले समेट्न सक्दैन ।

## सङ्घीयता र सङ्घात्मक राज्य

सङ्घीयता राजनीतिक संस्थाहरूको एउटा मोडल हो जसमा राष्ट्रिय र क्षेत्रीय सरकारका बीचमा सार्वभौमसत्ता बाँडफाँड गरिन्छ । सङ्घीय व्यवस्था प्राय: संविधानद्वारा निर्दिष्ट हुन्छ र यसैको माध्यमद्वारा कार्यकारी अधिकार, न्यायिक अधिकार र राजस्वका स्रोतहरू दुई तहका सरकारहरूबीच बाँडफाँड गरिन्छ । सङ्घात्मक राज्य संरचनाले विभिन्न तहगत निकायहरूलाई विकेन्द्रीकृत निर्णय प्रक्रिया, समुचित सरकारी शक्ति र अधिकारको विभाजन एवम् सार्वभौमसत्ता प्रदान गर्दछ । यसमा प्रत्येक तहगत निकायहरूको शक्ति र अधिकार निर्दिष्ट गरिएको हुन्छ । निर्वाचन प्रक्रियाद्वारा तहगत सरकारको छनोट हुन्छ । सङ्घीय शासन प्रणालीमा शक्ति समस्त क्षेत्रमा बराबरी हिसाबले हस्तान्तरण गरिन्छ, प्रत्येक क्षेत्रले केन्द्रीय सरकारसँग समान सम्बन्ध कायम राख्छ (भट्टचन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ५२) ।

सङ्घीय राज्यहरू प्राय: स्पष्ट रूपमा फरक देखिने भौगोलिक, सांस्कृतिक अथवा ऐतिहासिक पक्षसँग मिल्ने गरी सिर्जना हुने गरेको पाइन्छ ।

राज्यको यस प्रकारको मोडलका निम्न प्रकारका सबल पक्षहरू हुने उल्लेख गरेको पाइन्छ – 'जनतालाई सरकार एवम् विभिन्न सेवाका स्रोत तथा माध्यमहरूको छनोट गर्ने स्वतन्त्रता हुन्छ, जनतालाई आफूसँग सम्बन्धित क्षेत्रको राजनीतिक प्रक्रियामा सहभागी हुन उत्प्रेरित गर्न सक्दछ, सरकारका स्थानीय तहहरूले पनि विभिन्न अवसरका लागि दक्ष र प्रभावकारी ढङ्गबाट परीक्षण, खोज र प्रतिस्पर्धाको प्रयत्न गर्न सक्छन् तथा क्षेत्रीय रूपमा जाति, धर्म, भाषा, सामाजिक समूह आदिले जनसङ्ख्याको बाहुल्यको आधारमा एउटै राष्ट्रअन्तर्गत रही क्षेत्रीय रूपमा शासन गर्न पाउँछन् ।

यसका दुर्बल पक्षहरू यसरी औंल्याइएको छ – 'सङ्घीय राज्यमा जनता एकभन्दा बढी सरकारका नागरिक हुन्छन्, त्यसले क्षेत्रीय पहिचानका लागि प्रोत्साहित

गर्दछ र त्यसबाट राष्ट्रिय एकता र राजनीतिमा द्वन्द्व उत्पन्न हुन सक्दछ । सरकारको तहगत जिम्मेवारी बाँडफाँडमा पनि दोहोरोपना आउन सक्छ । साथै, सङ्घीय राज्यव्यवस्थामा दुई तहमा मात्र शासन अधिकार केन्द्रित गरी समुदायलाई शासनको अधिकार नदिइएका उदाहरणहरू पनि रहेका छन् । परिणामत: क्षेत्रीय स्तरका टाठाबाठाको मात्र शासनमा हालीमुहाली सिर्जना हुने सम्भावना प्रबल बन्न जान्छ । क्षेत्रीय रूपमा स्थापित उद्योग व्यवसायहरूलाई संरक्षण तथा विस्तार गर्ने प्रयत्न गर्दा आन्तरिक बजारमा हस्तक्षेप हुन जान्छ ।

**केन्द्रीकरण**

निर्णय गर्ने अधिकार, वित्तीय अधिकार, प्रशासनिक एवम् व्यवस्थापकीय अधिकार सरकारको केन्द्रीय तहमा सीमित रहने अवस्था नै केन्द्रीकरणको अवस्था हो । यसमा तहगत निकायहरूलाई कार्यको जिम्मेवारी दिइएको हुन्छ र ती निकाय माथिल्लो निकायप्रति उत्तरदायी हुनुपर्ने हुन्छ । तर जिम्मेवारी वहन गर्न आवश्यक पर्ने निर्णयसम्बन्धी अधिकार भने प्रत्यायोजन गरिएको हुँदैन । केन्द्रीय सरकारले नै सम्पूर्ण निर्णयको अधिकार ग्रहण गरी केन्द्रबाट निर्देशित एवम् नियन्त्रित कार्य प्रणाली सञ्चालन हुन्छ । यसले गर्दा विभिन्न तहगत निकायहरूको उत्तरदायित्वको प्राथमिकता जनताप्रति भन्दा माथिल्लो निकायप्रति हुन्छ । केन्द्रीकृत राज्यव्यवस्थाको यो सबैभन्दा ठूलो कमजोरी मानिन्छ ।

**विकेन्द्रीकरण**

माथिल्लो तह अर्थात् केन्द्रीय सरकारमा रहेका स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरू कानुनबमोजिम तल्लो तहमा हस्तान्तरण/प्रत्यायोजन गर्नुलाई विकेन्द्रीकरण भनिन्छ । अर्थात् विकेन्द्रीकरणमा सरकारको माथिल्लो तहबाट तल्लो तहमा व्यवस्थापकीय, न्यायिक तथा प्रशासकीय अख्तियारी हस्तान्तरण गरिएको हुन्छ ।

**शासन स्वायत्तता**

संवैधानिक परिवर्तनविना नै सरकारको अधिकार र जिम्मेवारी माथिल्लो स्तरबाट तल्लो तहमा हस्तान्तरण गर्नु शासन स्वायत्तता हो । हर्क गुरुङका अनुसार शासन स्वायत्तता भनेको शक्ति सन्तुलन हो । यसमा सरकारबाट तल्ला निकायलाई निर्णय प्रक्रिया, वित्तीय स्रोत व्यवस्थापन एवम् कार्यान्वयनमा अधिकार हस्तान्तरण गरिएको हुन्छ । अर्को रूपमा भन्दा स्थानीय निकायहरूले स्वतन्त्र रूपमा ऐननियमअन्तर्गत परिचालन र नियन्त्रणको जिम्मेवारी पाएका हुन्छन् ।

सरकारहरूले क्षेत्रीय स्वायत्तताको मागलाई सम्बोधन गर्नका लागि र सङ्घीयतामा जानबाट बच्न प्रायः शासन स्वायत्तताको नीति अख्तियार गर्ने गरेको पाइन्छ ।

**स्वायत्तता**

राजनीतिमा कुनै समूह वा संस्थाको स्वशासनको अधिकार वा क्षमताले स्वायत्तता जनाउँदछ । राजनीतिक सिद्धान्तमा, इमान्यूएल कान्टले 'व्यक्तिहरूले लहडको भरमा नभई उचित कारणका आधारमा स्वशासन गर्न सक्ने क्षमतालाई स्वायत्तता भनी बुझिन्छ' भनी उल्लेख गरेका छन् ।

**संविधान**

वाल्टर केलिनका अनुसार 'राज्यको साङ्गठनिक स्वरूप र यसका जनताको कर्तव्य एवम् अधिकारका बारेमा उल्लेख भएको कागजात नै संविधान हो' (केलिन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ८७) । यसलाई थप स्पष्ट पार्दै केलिनले 'देशभित्र रहेका विविध संस्कृतिमा आधारित समुदाय, सबै जातजाति, धार्मिक र भाषाभाषी समूहको बृहत्तर सहमति भएर बन्ने संविधान नै वास्तविक संविधान हुने' तर्क गरेका छन् ।

**संविधानले के दिन्छ ?**

*समावेशी लोकतन्त्रका आधारहरू* पुस्तकमा समेटिएका संविधानसम्बन्धी बुँदा र *डिक्सनेरी अफ द सोशल साइन्सेस* को संविधानको परिभाषालाई हेर्दा संविधानले मूल रूपमा निम्न कुराहरू प्रदान गर्न सक्दछ । १. राज्यले कस्तो प्रकारको राजनीतिक व्यवस्था अपनाउने हो; त्यसको सैद्धान्तिक व्याख्या । २. शासनको रूपरेखा, शासनका लागि आधारभूत संरचना/संस्थाहरू र ती संस्थाहरूबीचको आपसी सम्बन्धको व्याख्या । ३. देशमा शासकीय अधिकार कहाँकहाँ र कसरी विभाजन गर्ने भन्ने कुराको निर्क्योल र खाका । ४. नागरिकका आधारभूत अधिकार र सरकारले विशेष व्यवस्था गर्नुपर्ने र हनन गर्न नसक्ने अधिकारहरूको व्याख्या तथा शासनमा सबैको सहभागिता हुन पाउनेलगायत राजनीतिक, आर्थिक, सामाजिक र कानुनी अधिकारको व्यवस्था ।

अहिलेका आधुनिक राज्य (विशेष गरी प्रजातान्त्रिक/लोकतान्त्रिक) मा संविधानले राज्यको स्वरूप, शासनमा सहभागी हुन सक्ने व्यवस्था, जनता (समाजका सम्पूर्ण समूहहरू) को अधिकार ग्यारेन्टी र सरकारलाई जनताका अधिकारहरू हनन गर्न नसक्ने गरी नियन्त्रण गर्न सक्ने भएकोले संविधानको विषयलाई मुख्य रूपमा उठाइने गरेको पाइन्छ ।

## संविधानका मोडल

संसारका सबै संवैधानिक व्यवस्थाले सबै समूहलाई राज्यव्यवस्थामा सामेल गराएका हुँदैनन् । प्रजातान्त्रिक/लोकतान्त्रिक व्यवस्थाअन्तर्गतका संविधानका आधारमा केलिनले 'संसारमा अहिले दुई खालका संवैधानिक मोडल रहेको' उल्लेख गरेका छन् । एउटा मोडलले 'जो बहुमतमा छ उसैले शासन गर्छ' भन्छ । यस खालको संवैधानिक व्यवस्थामा खुला राजनीतिक चुनाव जितेर आउने पक्षले निश्चित समयका लागि सत्ता चलाउने अनुमति पाउँछ । यो बहुमतवादी प्रजातन्त्र हो । अर्को, सर्वसम्मतिमा आधारित संवैधानिक प्रावधानले अल्पमतलाई समेटेको हुन्छ । यसलाई 'सर्वसम्मत प्रजातन्त्र' पनि भन्न सकिन्छ । यस्तो संविधान भएका ठाउँमा सरकारमा सबै समूह (अल्पसङ्ख्यकको समेत) को समानुपातिक प्रतिनिधित्व हुन्छ । सहभागितामा आधारित यस्तो प्रजातन्त्रले कुनै एक समूहको प्रभुत्व तथा कुनै निश्चित भाषा, धर्म वा संस्कृतिलाई राज्यको भाषा, धर्म र संस्कृतिका रूपमा स्वीकार गर्दैन । (केलिन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ९६)

## संविधानसभा

आम जनताको चाहना वा जनताले स्वीकृत गरेको शासनव्यवस्थालाई संविधानमा प्रतिबिम्बित गर्न गठन हुने नागरिक वा सरोकारवाला व्यक्तिहरूको समूहलाई संविधानसभा भनिन्छ । संविधानसभाको प्रमुख उद्देश्य भनेको आम जनताका भावना/विचारलाई प्रतिनिधित्व गर्न सक्ने संविधानको खाका तयार गर्नु हो ।

संविधानसभामा जनताको भावनाको प्रतिनिधित्व गर्नका लागि प्रत्यक्ष मतदानबाट प्रतिनिधिहरू छनोट हुने गर्दछन् । यस्ता प्रतिनिधिको छनोटका लागि कुन प्रकारको निर्वाचन प्रणाली अपनाउने र निर्वाचन क्षेत्र कसरी विभाजन गर्ने भन्ने कुरा महत्त्वपूर्ण हुने गर्दछ । संविधानसभाका लागि लैङ्गिक, सामाजिक आन्दोलनका सहभागी तथा सांस्कृतिक समुदायलगायतका विभिन्न समूहबाट कुन रूपमा प्रतिनिधित्व गराउने भन्ने अर्को प्रमुख सवाल हुने गर्दछ ।

सिद्धान्ततः संविधानसभालाई संविधान निर्माण गर्ने एउटा उत्कृष्ट लोकतान्त्रिक पद्धतिका रूपमा लिने गरिएको छ । यस प्रक्रियामा राजनीतिक दलहरूको सहभागिता सबैभन्दा महत्त्वपूर्ण हुने गर्दछ । फरक सैद्धान्तिक मान्यता बोकेका राजनीतिक दलहरूले आफ्नो मान्यताअनुसारकै शासनव्यवस्था स्थापना गर्ने र सोही मान्यताअनुसारका राजनीतिक, आर्थिक र सामाजिक अधिकारको व्यवस्थाको पक्षपोषण गर्ने गर्दछन् । यो पक्ष पनि संविधानसभा निर्वाचनमा महत्त्वपूर्ण हुने गर्दछ । यद्यपि सकेसम्म धेरै पक्षका चाहनालाई समायोजित गर्न केही देशहरूमा संविधानसभाको निर्वाचन पूर्व नै केही निश्चित मान्यता र अधिकारका लागि फरकफरक राजनीतिक मान्यता

भएका पक्षबीचमा सम्झौता भई बाँकी कुराहरूलाई पछि निर्वाचित संविधानसभाले निर्णय गर्ने गरेको पनि पाइन्छ ।

## २०४७ को संविधानको औँल्याइएका कमजोरीहरू

नेपालमा नयाँ संविधान निर्माणको प्रसङ्गमा एउटा संविधानले प्रदान गर्न सक्ने व्यवस्थाहरूमध्ये २०४७ को संविधानले केचाहिँ व्यवस्था गर्न सकेन भनी खोज्नुपर्ने हुन्छ । *समावेशी लोकतन्त्रका आधारहरू* नामक पुस्तकमा २०४७ को संविधानमा रहेका केही मुख्य त्रुटिलाई निम्न किसिमबाट औँल्याइएको छ : २०४७ को संविधानमा राज्यको कार्यकारिणी अधिकारका सम्बन्धमा स्पष्ट व्यवस्था हुन सकेको छैन (वेल्प्टन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ २९) । नेपाल बहुजातीय, बहुभाषिक भनी संविधानले स्वीकार त गरेको छ, तर बहुसांस्कृतिक र बहुधार्मिक पक्षलाई अस्वीकार गरेको छ (क्रेमर: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ४३) । सबै नागरिक समान हुने संवैधानिक प्रावधान भए पनि नेपाललाई हिन्दू अधिराज्य परिभाषित गर्दै एक भाषा, एक धर्म तथा एक संस्कृतिको वकालत गरिएको छ । यसले अरू सांस्कृतिक समूहको विकासमा बाधा पुगेको छ। निर्वाचन प्रणाली दोषयुक्त छ । यो प्रणालीअन्तर्गत बहुमतमा रहेका विशेषाधिकार सम्पन्न वर्गले मात्र सरकार बनाउन सक्ने देखिन्छ । अल्पसङ्ख्यक समूहहरूको शासन र निर्णय प्रक्रियामा प्रतिनिधित्वको कुनै 'ग्यारेन्टी' छैन । संविधानले केन्द्रीकृत सरकार बनाउने आधार दिएको छ। शासनमा प्रधानमन्त्रीको एकाधिकारले गर्दा संसद कमजोर भएको छ। संविधानले नागरिकतामा महिलालाई विभेद गरेको छ। (गेल्नर, क्रेमर, भट्टचन, लावती, खनाल, केलिन, उप्रेती र बेनेट: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ५, ३९, ५०, ५८, ८९, ९७, १०४, १०९, १२५) ।

## संविधानले के दिँदैन ?

*समावेशी* पुस्तकमा लेखकहरूले संविधानका अन्य पक्षका बारेमा चर्चा गरे तापनि संविधानले प्रदान गर्न नसक्ने पक्षलाई उजागर गरेको भने पाइँदैन । टङ्क सुब्बाले भारतको अनुभवको आधारमा भारतको संविधान दलितहरूको संरक्षणप्रति प्रतिबद्ध भए पनि यसले सबै प्रकारका शोषणबाट उनीहरूलाई मुक्त गर्न नसकेको कुरा उल्लेख गरेका छन् (सुब्बा: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ७८) ।

## निर्वाचन प्रणाली

वाल्टर केलिनले नागरिकले मतदाताका हैसियतमा कुनै राजनीतिक विचारधारा, दल वा उम्मेदवारप्रति आफ्नो मत प्रकट गर्ने र त्यस्तो मत 'सिट' मा अभिव्यक्त

हुने प्रक्रिया नै निर्वाचन प्रणाली हो भनेका छन् (केलिन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ १००) ।

संसारमा मुख्य रूपमा दुई प्रकारका निर्वाचन प्रणाली प्रयोगमा रहेका छन् – पहिलो, बहुमत निर्वाचन प्रणाली । यसमा कुनै निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी मत ल्याउने एक जना उम्मेदवारले नै त्यस निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्छ । यस प्रणालीअन्तर्गत कुल मतको आधाभन्दा कम मत ल्याएको भए पनि सबैभन्दा बढी मत ल्याउने उम्मेदवारले शक्तिको सम्पूर्ण भाग उपयोग गर्न पाउँदछ । यस प्रणालीको आलोचना गर्नेहरूका अनुसार विविध सामाजिक सांस्कृतिक समुदाय भएको देशमा प्रमुख समूहबाट शासनमा प्रतिनिधित्व धेरै हुने र अल्पसङ्ख्यकहरूको प्रतिनिधित्वको ग्यारेन्टी नहुने समस्या देखिन्छ भन्ने रहेको छ । दोस्रो प्रकारको निर्वाचन प्रणाली समानुपातिक निर्वाचन प्रणाली हो । यस प्रणालीमा संसद वा अन्य निकायमा सिट अर्थात् प्रतिनिधित्वको निर्धारण राजनीतिक दलका उम्मेदवारले पाएको कुल भोटका आधारमा गरिन्छ । यो प्रणालीमा जुन पार्टीले जति बढी भोट ल्याउँछ, स्थानीय निर्वाचित निकाय वा संसदमा उसले उति नै बढी स्थान पाउँदछ । विभिन्न दलहरूले भाषिक, सांस्कृतिक धार्मिक र जातीय प्रतिनिधित्व गर्ने हुनाले विविधतायुक्त देशमा समानुपातिक निर्वाचन प्रणाली उपयुक्त मानिँदै आएको छ (केलिन: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ १००) ।

समानुपातिक निर्वाचन प्रणालीले सबैभन्दा बढी मत ल्याउने एक जना मात्रै विजयी वा पदको हकदार हुने चुनावी व्यवस्थामा भएका कमीकमजोरीलाई केही कम गर्छ र पाखा लगाइएका समूहको प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ (लावती: *समावेशी लोकतन्त्रका आधारहरू* पृष्ठ ६७) ।

यस प्रणालीको आलोचना गर्नेहरूका अनुसार समानुपातिक प्रणाली अपनाएमा दलको नेतृत्वमा धेरै बढी शक्ति जान सक्छ तथा यस प्रणालीबाट देशमा कुनै एक दलको बहुमत नहुनाले मिलीजुली सरकार अवश्यम्भावी बन्छ । यसले गर्दा सांसदको किनबेच हुन सक्ने खतरा हुन्छ भन्ने तर्क रहेको छ (केलिन, *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ १००) ।

## राजनीतिक दल

*बुझाइ*

राजनीतिक दल – समान विचार र उद्देश्य राख्ने र राज्यसत्ता प्राप्त गर्न प्रयासरत मानिसहरूको एक सङ्गठित समूह हो । यस हिसाबले, 'राजनीतिक दल' भन्ने अभिव्यक्तिसँग दुईओटा कुरा अविच्छिन्न रूपमा गाँसिएका हुन्छन् । ती हुन् उद्देश्य वा सिद्धान्त तथा सत्ता र शक्ति (हाछेथु: *नेपालको सन्दर्भमा समजशास्त्रीय चिन्तन*, पृष्ठ ४२) ।

*भूमिका*

राजनीतिक दलहरूको विकासक्रमलाई हेर्दा एउटा समान विशेषता के देखिन्छ भने हरेक राजनीतिक दलले स्थापनाको सुरुआतमा सिद्धान्त र विचारधारालाई अधिक महत्त्व दिने गर्दछन् र कालान्तरमा तिनको प्रमुख उद्देश्य सत्ता र शक्ति प्राप्त गर्नमा केन्द्रित हुने गर्दछ (Panebianco, 1988 लाई उद्धृत गर्दै हाछेथु)।

हाछेथुका अनुसार राज्य र समाजबीच मध्यस्थताको भूमिका निर्वाह गर्ने मिडिया, दबाब समूह, नागरिक समाजजस्ता अरू संस्थाहरूभन्दा राजनीतिक दल कुन कुरामा फरक हुन्छन् भने तिनले राज्यसत्ता र शक्ति प्राप्त गर्ने उद्देश्य राखेका हुन्छन्। क्ले लासनले दलको भूमिकालाई चार क्षेत्रमा विभाजन गरेका छन्: १. जनसहभागिता जुटाउने २. जनइच्छा र सरकारको नीतिबीच संयोजन गर्ने ३. नेता, कार्यकर्तालाई पुरस्कृत गर्ने र ४. सरकारलाई निर्देशित गर्ने (हाछेथु: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*, पृष्ठ ४४)।

*दलको महत्त्व*

राजनीतिक दल प्रजातन्त्रका अभिन्न अङ्ग हुन्। 'सङ्गठित जनता' र 'प्रतिस्पर्धात्मक राजनीति' जस्ता प्रजातन्त्रका आधारभूत मान्यताहरूलाई व्यवहारमा उतार्ने काम राजनीतिक दलले नै गरेका हुन्छन्। राजनीतिक दल राज्य र समाजबीचका सम्बन्धसूत्र (लिङ्केज इन्स्टिच्युसन) हुन्। यिनले नीति, योजना र कार्यक्रम बनाउँछन्, जनमत परिचालन गर्दछन्, जनताका माग अभिव्यक्त गर्दछन् र निर्वाचित संस्थाहरूमा आफ्ना प्रतिनिधि पठाउँदछन्। नेपाली समाजले दललाई प्रथमत: सम्बन्धसूत्र (लिङ्केज इन्स्टिच्यूसन) कै रूपमा बुझेको छ त्यसमा पनि मूलत: जनताको माग सरकारमा पुऱ्याउने संस्थाका रूपमा। बहुदलको पुनर्स्थापनापछि नेपाली समाज नै पार्टीकरण भएजस्तो भयो। स्थानीय तहमा पञ्च-भलाद्मीका नाउँमा ठालुहरूले गर्ने सामाजिक, सामुदायिक र न्यायिक काम राजनीतिक दलका नेताहरूले गर्न थालेका छन्। नेपाली राजनीतिलाई अग्रगति दिने अहिलेसम्म भएका आन्दोलन, क्रान्ति र सामाजिक अभियानहरू राजनीतिक दलहरूबाटै सञ्चालित भएका छन् (हाछेथु: *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*, पृष्ठ ४२, ५१)।

*दलका व्यवहारका बारेमा उठ्ने प्रश्न*

*समावेशी लोकतन्त्रका आधारहरू* नामक पुस्तकमा विगतका वर्षहरूमा दलहरूको संरचना, तिनको साङ्गठनिक र प्रतिनिधित्व, अजेन्डा, दलहरूले अपनाएको बाटोलाई शासन प्रक्रियामा नेपाली सामाजिक-सांस्कृतिक समूहहरू समावेश हुन नसक्नुसँग जोडेर चर्चा गरिएको छ।

२०४६ अगाडि भूमिगत कालमा राजनीतिक दलहरू सबै पक्षका जनतासँग घुलमिल भएर नबसेका कारण तिनले सबै समुदायका आर्थिक, भाषिक, धार्मिक, सामाजिकजस्ता समस्यालाई आफ्ना अजेन्डामा पार्न सकेनन् । दलहरू आफ्नो राजनीतिक मुद्दालाई मात्र अगाडि लिएर गए, परिणामतः ठूलो जनसमुदायका सरोकारहरू तिनका कार्यक्रममा पर्नबाट छुटे । त्यस्तै दलहरूमा प्रजातान्त्रिक संरचना नभएको र पहाडे बाहुनछेत्री र नेवारको बाहुल्य भएकाले सबै वर्गको उचित प्रतिनिधित्व पनि हुन सकेन । प्रायः दलले बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुआर्थिक, बहुसामाजिक आयामलाई प्रतिनिधित्व गर्न सकेका छैनन् । दलितका तुलनामा जनजातिहरूको संलग्नता बढी छ । तर उनीहरूलाई पनि आफ्नो भाषाको सवाल, अवसरको सवाल र भेदभावजस्ता सवाल उठाउने स्वतन्त्रता दिइएन । यसरी ठूलो जनसमूह ठूला राजनीतिक दलहरूको घेराभन्दा बाहिर रहन पुग्यो (पहाडी, रोका, क्रेमर, उप्रेती, स्नाइडरम्यानः *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ १४, १७, ३९, ११२, १५५) ।

## सामाजिक असमावेशीकरण

समाज अध्ययनसम्बन्धी पुस्तकहरूमा सामाजिक असमावेशीकरणको स्थितिले धेरै पक्षलाई समेट्छ भनिएको छ । विशेषतः कुनै व्यक्ति वा समूहको सामाजिक स्तर, अधिकार/शक्ति, आत्मस्वाभिमान र आशा वा चाहनाहरूलाई ह्रास गराउने सामाजिक प्रक्रियाका रूपमा सामाजिक असमावेशीकरणलाई अर्थ्याइने गरिएको छ । यसका साथै सामाजिक असमावेशीकरण समाजका अन्य पक्षहरूसँग अन्तरसम्बन्धित रहने विषय भएकोले यसलाई आर्थिक, सामाजिक र राजनीतिक पक्षका आधारमा समेत व्याख्या गर्ने गरेको पाइन्छ ।

आर्थिक अवधारणाले आम्दानी, स्रोतसाधन र सेवा वा रोजगारीजस्ता कुरामा कुनै व्यक्ति वा समूहको पहुँचमा हुने भिन्नताले गर्दा सामाजिक असमावेशीकरण सिर्जना हुन्छ भनी व्याख्या गर्दछ । सामाजिक पक्षको अवधारणाले सामाजिक निर्णय प्रक्रियामा हुने सहभागितामा रहने भिन्नता र यसबाट सामाजिक सम्मिलन वा एकीकरणमा पर्न जाने असरबाट सिर्जना हुने असमावेशीकरणलाई हेर्दछ । यसै गरी राजनीतिक पक्षको अवधारणाअनुसार राज्यले आधारभूत अधिकार र नागरिक स्वतन्त्रता प्रदान गर्नुपर्ने सबै वर्ग वा समूहलाई निरपेक्ष रूपमा नहेरी कुनै निश्चित वर्ग वा समूहलाई हित गर्ने निकायका रूपमा कार्य गर्दा असमावेशीकरण सिर्जना हुन जाने तर्क गर्दछ ।

सामाजिक असमावेशीकरणलाई तीन फरक दृष्टान्तका आधारमा पनि व्याख्या गरिएको पाइन्छ । एउटा दृष्टान्तले सामाजिक असमावेशीकरणलाई व्यक्ति र

समाजबीचमा रहेको सामाजिक सम्बन्धमा आउने समस्याबाट सिर्जना हुने प्रक्रियाका रूपमा लिने गर्दछ । दोस्रो दृष्टान्तले सामाजिक भिन्नताको विशिष्टीकरण अर्थका आधारमा हुने श्रमको विभाजन र क्षेत्रका आधारमा हुने विभाजनजस्ता कुराको प्रभावबाट असमावेशीकरण हुन्छ भन्ने मान्यता राख्दछ । तेस्रो मान्यताका आधारमा कुनै एउटा समूहको आधिपत्यको कारण अरू समूहको असमावेशीकरण सिर्जना हुन्छ । यस धारणाअनुसार राजनीतिक शक्तिहरूले आफ्नो समूहको हितका लागि विशेष आधारहरू सिर्जना गर्दछन् र आफ्नो समूहको हित विपरीत कुनै पनि काम हुन दिँदैनन् । यसले असमानतालाई निरन्तरता दिन्छ जसले गर्दा असमावेशीहरू पूर्णरूपले बाहिर रहन्छन् र सधैँ अधीनस्थ समूहमा पर्दछन् भन्ने विचार राख्दछ ।

*समावेशी लोकतन्त्रका आधारहरू* पुस्तकमा कुनै व्यक्ति पछाडि पर्नुको कारण ऊसँग क्षमता वा भाग्य नहुनु वा ऊ व्यक्तिगत रूपमा ठगिनु होइन; असली कारण के हो भने ऊ त्यस्तो समुदायमा जन्म्यो जो शासक संस्कृतिको नभएका कारण ठगिएको हो भनी विचारहरू प्रकट भएका छन् । मुख्य रूपमा राज्य र संविधानमा उल्लेखित केही प्रावधानका आधारमा भएको भेदभाव र यही कारण हुन गएको असमावेशीकरण प्रक्रियालाई उठाइएको छ । नेपालमा राज्यले प्रमुख मान्यता दिएको हिन्दू धर्म, नेपाली भाषा र सबैभन्दा बढी मत ल्याउनेले चुनाव जित्ने र बहुमतमा रहनेले शासनको सम्पूर्ण जिम्मा लिई नीति-निर्माण पनि उनीहरूले नै गर्ने प्रक्रियाले गर्दा फरक धर्म, भाषा हुने महिला र अल्पसङ्ख्यक जनता राज्यले प्रमुख मान्यता दिएका समूहभन्दा कमजोर हुन पुगी उनीहरू असमावेश भएको कुरालाई प्रमुख रूपमा चर्चा गरिएको छ ।

त्यस्तै गरी राज्यसँग भएका स्रोतसाधन वितरण गर्दा भौगोलिक भेदभाव तथा शासनमा रहेका र समाजका प्रभावशाली वर्गले अधिकांश स्रोत र सुविधाहरू परिचालन र उपयोग गर्न सक्ने प्रावधानले गर्दा राजधानीबाट टाढा रहेका गाउँ र शासनमा रहेका व्यक्तिसँग पहुँच नपुगेका र परापूर्वकालदेखि ठगिँदै आएका समुदायहरू स्रोतसाधनको पहुँचबाट वञ्चित भएको तर्क त्यस पुस्तकका लेखहरूमा गरिएको छ (गेल्नर, पहाडी, वेल्प्टन, क्रेमर, भट्टचन, लावती, खनाल र बेनेट: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ४, ५, १४, ३२, ३९, ५१, ५७, ५८, ६९, ९१, १२८) ।

## आरक्षण

महेन्द्र लावतीका विचारमा आरक्षण भन्नाले केही निश्चित समूहका लागि कुर्सी र पद सुरक्षित राख्नु हो । आरक्षणको मुख्य उद्देश्य विगतमा उत्पीडित सामाजिक-सांस्कृतिक समुदायहरूलाई साधनस्रोत, विकासका सम्भावना तथा अनुकूल संरचनाहरू

उपलब्ध गराउनु हो । यस्ता सकारात्मक नीतिहरूले विगतमा भएका उत्पीडन तथा असमान व्यवहारलाई कम गर्दै वर्तमानमा संरचनागत रूपबाट भइरहेका पक्षपातपूर्ण व्यवहारमा कमी ल्याउँदछन् (लावती: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ६७) । त्यस्तै चन्ढोकका अनुसार विगतमा ठगिएका समुदायका लागि विशेष व्यवस्था गरेर उनीहरूलाई विगतमा लाभ लिएका समुदायकै हैसियतमा पुऱ्याउन ठगिएका समूहका लागि विशेष व्यवस्था गर्नु आरक्षण हो (चन्ढोक: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ १३७) ।

## राज्यको पुनर्संरचना

'राज्यको पुनर्संरचना' भन्ने अभिव्यक्तिले राज्यको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक व्यवस्थाको पुनर्संरचनालाई जनाउँछ । नेपालमा भएका बहसहरूमा राज्य पुनर्संरचनाको मूल अभिप्रायका रूपमा राज्ययन्त्र अर्थात् व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका तथा राज्यको शासन प्रणाली अर्थात् राजनीतिक-प्रशासनिक व्यवस्थाको पुनर्संरचनालाई प्रमुखता दिइएको पाइन्छ । यसका अतिरिक्त सामाजिक र आर्थिक व्यवस्थामा गरिनुपर्ने परिवर्तनलाई पनि यही शीर्षकअन्तर्गत उठाउने गरिएको छ ।

*समावेशी लोकतन्त्रका आधारहरू* पुस्तकमा राज्यको संस्थागत संरचनाको पुनर्विचार तथा राजनीतिक, आर्थिक र सामाजिक रूपमा पछि रहेका समूहहरूका लागि विशेष नीतिगत व्यवस्था गर्नुलाई राज्यको पुनर्संरचना भनी उल्लेख गरिएको छ । बहुमतले शासन गर्ने मोडलका सट्टा सहमतिजन्य प्रजातन्त्रको मोडल, एकात्मक तथा केन्द्रीकृत शासन प्रणालीका सट्टामा सङ्घीयता वा स्थानीय शासन स्वायत्तता तथा विकेन्द्रित शासन प्रणाली र बहुमत निर्वाचन प्रणालीका सट्टामा समानुपातिक निर्वाचन प्रणाली, हिन्दू अधिराज्यका सट्टामा धर्म निरपेक्ष राज्य र पिछडिएका समूहका लगि आरक्षण, सकारात्मक विभेद तथा स्रोतसाधनको समानुपातिक वितरणको सवाललाई संविधानमा व्यवस्था गर्नु नै नेपाली राज्यको पुनर्संरचना हो भनी उल्लेख गरिएको छ । यिनै बुँदालाई समावेशी लोकतन्त्रका प्रमुख आधार पनि मानिएको छ । (गेल्नर, रोका, वेल्प्टन, क्रेमर, भट्टचन, लावती, खनाल, केलिन, उप्रेती, बेनेट, चन्ढोक र यादव: *समावेशी लोकतन्त्रका आधारहरू*, पृष्ठ ५, २३, ३४, ३५, ४१, ५३, ५४, ७१, ९१, ९७, १०६, १२१, १३९, १४९) ।

**सन्दर्भसामग्री**

मैनाली, मोहन (सं.)। सन् २००४। *समावेशी लोकतन्त्रका आधारहरू*। ललितपुर: सोशल साइन्स बहा:।

डेशेन, मेरी र प्रत्यूष वन्त (सं.)। सन् २००४। *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन*। ललितपुर: सोशल साइन्स बहा:।

Kuper, Adam and Jessica Kuper (ed). 1996. *The Social Science Enclopedia*. London and New York: Routledge.

Calhoun, Craig (ed). 2002. *Dictionary of the Social Sciences*. Oxford University Press.

Silver, Hilary. 1994. 'Social Exclusion and Social Solidarity: Three Paradigms'. *International Labour Review*, vol. 133.

# मधेसको पहिचान र राज्यसँगको सम्बन्ध

**– प्रेम सापकोटा**

*(नोट: यो लेख २०६३ मङ्सिर २ गते जनकपुरमा भएको समावेशी लोकतन्त्रका आधारहरू र समाजशास्त्र विषयक अन्तरक्रिया कार्यक्रममा छलफल गर्न सजिलो होस् भन्ने हेतुले तयार गरिएको हो ।)*

नेपालको समतल भूभाग, तराई वा मधेसमा बस्ने मधेसीहरू आफूलाई पहिचानका आधारमा विभेद, अन्याय  र अवहेलित गरिएको ठान्दछन् । देशका अन्य समूहहरूले जस्तै मधेसीहरूले पनि आफूमाथि भएको विभेदलाई राज्यले अङ्गीकार गरेका नीतिहरूका आधारमा व्याख्या र विश्लेषण गर्ने गरेको पाइन्छ । यस्ता विश्लेषण तथा बहसहरूमा केही सामाजिक, सांस्कृतिक तथा प्रादेशिक समूह मात्र नीति-निर्माण तहमा पुगेका र तिनले अन्य समूहका धार्मिक, सांस्कृतिक, भाषिक र क्षेत्रीय सवाललाई विभेद गरेकाले नेपाली राज्य र यसले अपनाएको राजनीतिक प्रक्रिया समावेशी हुन नसकेको तर्क गरिएको पाइन्छ । समावेशी लोकतन्त्र र राज्यको पुनर्संरचनासम्बन्धी बहसहरूमा मधेस र मधेसीका सवालहरू मुख्य रूपमा उठ्ने गरेका छन् । मधेस र मधेसीका सवाल तथा मधेसका सम्भावनाबारे तार्किक आधारमा बहस हुन सकेमा यस भूखण्डभित्र रहेका विविध समूहका विचार र बाहिरकाले हेर्ने दृष्टिकोण के-कस्ता छन् भनी एकआपसमा बुझ्न मद्दत पुग्नेछ ।

यसै परिप्रेक्ष्यमा तराई वा मधेसको सवालमा अध्ययन वा अनुसन्धान गर्नुभएका समाजविज्ञानसँग सम्बन्धित विद्वान्हरूले प्रस्तुत गर्नुभएका अवधारणा र विश्लेषण यहाँ सङ्क्षेपमा प्रस्तुत गरिएको छ । यो आलेख तयार पार्दा *मधेस: समस्या र सम्भावना* पुस्तकका लेखहरूका विचार र सूचनालाई मुख्य आधार मानिएको छ । तराईका समग्र समस्या र सम्भावनालाई केलाउने उद्देश्यले सोशल साइन्स वहा:ले सन् २००५ मार्चमा काठमाडौँमा दुईदिने राष्ट्रिय सम्मेलनको आयोजना गरेको थियो । यो पुस्तक त्यही सम्मेलनमा प्रस्तुत भएका मध्ये केही कार्यपत्रहरूको सँगालो हो । यसका अलावा कुनै विषयहरूमा थप स्पष्टताका लागि अन्य विद्वान्हरूले मधेस वा तराईका बारेमा उल्लेख गर्नुभएका विचारहरूलाई पनि यहाँ समेटिएको छ ।

## मधेस र मधेसीको पहिचानको सवाल

मधेसका समस्या र सम्भावनाका बारेमा चर्चा हुँदा यहाँभित्र को-को बस्दछन्, यिनका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, भौगोलिक तथा आर्थिक आधारहरू के-के रहेका छन् र मधेसीको पहिचान के आधारमा अरूभन्दा फरक छ वा क-कसलाई मधेसीभित्र समावेश गर्न खोजिएको छ, यसभित्रको राजनीति कस्तो रहेको छ तथा तराई र मधेसलाई कसले कसरी बुझ्ने गरेका छन् भन्ने सवालहरू प्रमुख रहेको पाइन्छ । यिनै सवालबारेमा व्यक्त तर्कहरूलाई यहाँ समेट्ने प्रयास गरिएको छ ।

के. ह्योमेका अनुसार राष्ट्रिय, जनजातीय, भाषिक, क्षेत्रीय, धार्मिक र जातीय चिनारी दक्षिण एसियाका अरू देशहरूमा जस्तै नेपालमा पनि विवादको विषय बनेको छ । नेपाली समाजमा पनि अन्यत्रजस्तै चिनारीसम्बन्धी मुद्दाको अत्यधिक राजनीतिकरण भएको छ (ह्योमे: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ११८) । सन् १९६० को दशकमा फ्रेडेरिक गेइजले (१९७५:२३) नेपालमा क्षेत्रीय चिनारीको निर्माण हुन थालेको सङ्केत गरेका थिए । उनले तराईमा नेपालीकरणको प्रक्रिया विरुद्ध त्यहाँका बासिन्दाले कुनै दिन विद्रोह गर्नेछन् भनेका थिए । अहिले राज्य विरुद्ध लड्नका लागि 'मधेसी' भन्ने साझा चिनारीलाई राजनीतिक हतियारका रूपमा प्रयोग गरिएको छ (ह्योमे: *मधेस: समस्या र सम्भावना,* पृष्ठ १२३) ।

सन् १९९० को दशकमा आएर मात्र मधेसी बुद्धिजीवी, राजनीतिक नेता, सामाजिक कार्यकर्ता र विद्यार्थी सङ्गठनहरूले मधेसीहरूको 'सन्दर्भ' र 'अर्थ' पत्ता लगाउन सचेततापूर्वक प्रयास थाले । यसका दुईओटा कारण हुन सक्छन् । पहिलो, त्यति बेलासम्ममा तराईमा पहाडियाहरूको जनसङ्ख्या ज्यादै धेरै भइसकेको थियो र उनीहरूले पहाडिया र मधेसीबीचमा भिन्नता देखाउनु जरुरी भएको महसुस गरेका थिए । दोस्रो, मधेसी भन्नाले 'भौगोलिक' र 'ऐतिहासिक' सन्दर्भ झल्काउने हुनाले यसले उनीहरूलाई 'आदिवासी' को दर्जा दिन सक्छ । यसको अर्को फाइदा के हो भने यसले मधेसीहरूलाई 'भारतीय मूल' का भन्ने धेरै मानिसको मान्यताको खण्डन गर्छ (ह्योमे: *मधेस: समस्या र सम्भावना,* पृष्ठ १२१) ।

प्राचीन इतिहासका आधारमा मधेसीहरूले आफू प्राचीनकालदेखि नै मधेसमा बस्दै आएको, आफू धर्तीपुत्र भएको र आफू आदिवासी भएको दाबी गरेका छन् । जहाँसम्म तराईका विभिन्न समूहको बीचको सम्बन्ध छ, ती सबैलाई गोर्खालीहरूको आगमनपछि राज्यले विभेद गरेको भन्ने साझा इतिहासका आधारमा एकीकृत गर्ने प्रयास गरिएको छ ।

परमानन्दले आफ्नो लेखमा मधेसमा बस्ने मानिसहरूको शारीरिक बनोट, भाषा, सांस्कृतिक र सामाजिक संरचना नेपालका अन्य नागरिकभन्दा भिन्न पाइन्छ भनी

उल्लेख गरेका छन् । उनले भनेका छन्, “यो सवालमा मधेसमा बस्ने मानिसहरू नेपालका अन्य क्षेत्रमा बस्ने मानिसहरूभन्दा भारतका नागरिकहरूसँग बढी समान पाइन्छन्” (परमानन्द १९८६)। यस्तै डिल्लीराम दाहालले आफ्नो लेखमा प्रादेशिकता र जनजातीयताका आधारमा तराई र पहाडबीचको भिन्नता खोज्ने प्रयास भइरहेको कुरा उल्लेख गरेका छन् (दाहाल १९९२) । तराईमा स्थानीय संस्कृति र भाषाका आधारमा दुईओटा तहमा स्थानीय चिनारीलाई सुदृढ बनाउने अभियान चलेको छ । एक तहमा पहाडिया संस्कृतिलाई अस्वीकार गर्ने र अर्को तहमा विगतको गौरवको पुनः आविष्कार गर्ने । उनीहरूले इतिहास र संस्कृतिका आधारमा आफ्नो चिनारीलाई सुदृढ बनाएका छन् । यस प्रक्रियालाई मधेसीहरूको अभारतीयकरण भन्न सकिन्छ । तराईका मानिसहरूले आफू भारतसँग सम्बन्धित नभएकोमा जोड दिएबाट पनि यो कुराको पुष्टि हुन्छ । उनीहरूले ‘भारतीयकरण’ को विरोध गरेका छन् । उनीहरूले स्थानीय संस्कृति र मिथकका आधारमा आफ्नो चिनारीको पुनर्संरचना गर्दै आफूलाई भारतबाट टाढा राखेका छन् (ह्योमेः *मधेसः समस्या र सम्भावना,* पृष्ठ १२२) ।

गेइजले आफ्नो पुस्तकमा मैदानी भूभागका मानिस Plains People र पहाडका Hill People भनी फरक छुट्याएका छन् । यसमा मैदानी भूभागका मानिसहरू मातृ अथवा प्रथम भाषाका रूपमा मधेसका भाषा प्रयोग गर्नेहरू हुन् भनी परिभाषित गरिएको छ । यसभित्र मैथिली, भोजपुरी, अवधी, उर्दू, हिन्दी, बङ्गाली र यी भाषाका ‘डाएलेक्ट्स’ प्रयोग गर्ने जनजाति समूहरूलाई राखिएको छ (गेइज १९७५) ।

मुख्य रूपमा हेर्दा मधेस र मधेसीको फरक पहिचान वा चिनारी देखाउन मधेसको फरक प्रादेशिकता, ऐतिहासिक सन्दर्भ, स्थानीय संस्कृति, भाषा, जनजातीयता तथा अभारतीयकरणका सवालहरूलाई पनि अगाडि सारिएको देखिन्छ ।

## मधेसको चिनारी/पहिचानको उद्देश्य

मधेसको स्वतन्त्र चिनारीले नेपाल राज्यको ‘एक संस्कृति नीति’ को दुई तहमा विरोध गर्छ । राजनीतिक तहमा पहाडियाहरूको प्रभुत्वलाई चुनौती दिन सक्छ भने सांस्कृतिक तहमा ‘पहाडिया संस्कृति’ अस्वीकार गर्न (ह्योमेः *मधेसः समस्या र सम्भावना,* पृष्ठ १२१) ।

## पहिचानको अन्तरवस्तु तथा तराई र मधेसको बुझाइ

केही समय यता मधेसी चिनारी बन्ने क्रम जारी छ । तर तराईका आदिवासीहरूले यस चिनारीलाई कसरी लिन्छन् भन्ने कुरा अझसम्म प्रस्ट हुन सकेको छैन । मारवाडी, शैव र बङ्गालीजस्ता अन्य समूहहरूलाई यो चिनारीभित्र कसरी समेटिन्छ

भन्ने कुरा पनि प्रस्ट छैन। मधेसको सट्टा बरु तराईली वा तराईवासी भन्ने शब्दले तराईका आदिवासी वा आप्रवासी सबैको साझा चिनारी प्रकट हुन सक्थ्यो कि भन्ने अनुमानसम्म लगाउन सकिन्छ (ह्योमे: *मधेस: समस्या र सम्भावना*, पृष्ठ १२३)।

फरकफरक समूहले आफ्ना विचारहरूमा मधेस वा तराई शब्द चयन गर्दा र परिभाषित गर्दा यसभित्र को-को पर्दछन् भन्ने कुरालाई प्रमुखता दिएको पाइन्छ। तराई, मधेस, मधेसी, तराईवासीजस्ता शब्दहरूको प्रयोगमा पनि फरकफरक समूहका आआफ्नै तर्कहरू रहेको पाइन्छ। यी शब्दहरूका प्रयोगको पछाडि राजनीतिक इच्छा रहेको तर्क पनि उठाएको देखिन्छ। यसै गरी तराई र मधेसभित्र फरक परिचय भएकाले यसलाई छुटचाएर परिभाषित गर्नुपर्ने तर्क गर्ने समूह पनि रहेको छ।

मधेस र तराईलाई पर्यायवाची शब्दका रूपमा स्थापित गर्न पनि खोजिएको छ। 'तराई' फारसी भाषाबाट आएको शब्द हो जसको अर्थ 'ओसिलो भूभाग' भन्ने हुन्छ । तराई नेपालको सिवालिकको दक्षिणतर्फ रहेको मैदानी भूभागलाई बुझाउने शब्द हो। तर 'मधेस' संस्कृतको 'मध्यदेश' शब्दबाट आएको हो। मधेसले तराईको सम्पूर्ण भागलाई समेट्दैन। यसले तराई भनेर बुझाउने नेपालका २० जिल्लाहरूको सिवालिक र मध्यपहाडी क्षेत्रबाहेकको भूखण्डलाई जनाउँदछ (साह २००६)

थारू कल्याणकारिणी सभाका भुलाइ चौधरीले 'थारुहट, तराई कि मधेस' ? भन्ने लेखमा 'मानिसहरू सही जानकारी र ज्ञानको अभावमा भ्रमवश नेपालको तराईलाई मधेस पनि भन्दछन्' भनी उल्लेख गरेका छन्। उनले लेखेका छन्, 'यो गलत बुझाइ हो। तराई र मधेस एउटै कुरा होइन। यी दुई छुट्टाछुट्टै भौगोलिक अवधारणाहरू हुन्। तराई र मधेस एकअर्काका पर्यायवाची शब्द होइनन्। ऐतिहासिक विवरण र प्रमाणअनुसार मधेस (मध्यदेश) भारतको उत्तरप्रदेशमा वा विन्ध्याचल पहाडकै वरपरमा नै पर्दथ्यो भन्ने तथ्य प्रमाणित हुन्छ। त्यहाँ बस्ने या त्यहाँबाट अन्यत्र सरेर गएका व्यक्तिहरू नै मधेसी हुन् भन्ने तथ्य प्रमाणित हुन्छ। थारूहरूले मधेसीहरूलाई बाहिरी गणतन्त्रबाट आएका मानिसहरूलाई प्रयोग गरिने शब्द 'बज्जिया' भनेर बोलाउने गर्दछन्। मधेसी भनेको कुनै एउटा खास जाति विशेष होइन जसको एउटा निश्चित ठाउँ, संस्कृति र मातृभाषा होस्। त्यसैले उनीहरू (मधेसीहरू) कसरी नेपालका आदिवासी हुन सक्छन्? यो विचारणीय विषय हो' (चौधरी २०६३)। यस लेखमा चौधरीले तराईको परिभाषा गर्दा थारूहरूको पहिचान मधेसीहरूको भन्दा फरक रहेको र थारूहरू सबैभन्दा पहिला यस क्षेत्रमा बसोबास गरिआएकोले आदिवासी भएको तर्क गरेका छन्। तराईका स्रोतसाधनमा थारूहरूको हक बढी रहेको तर्क उनको छ। धेरै विद्वान्हरू (विष्ट १९९१; स्कार १९९५;

ज्ञ १९९३; गेइज १९७५) के कुरामा सहमत छन् भने थारू, राजवंशी, सतार, दनुवार, धाँगड तराईका आदिवासी हुन् । तर यी आदिवासीहरूको धार्मिक संस्कार र सामाजिक बनावटका सम्बन्धमा भने यी विद्वान्हरूबीच पनि मतान्तर छ (ह्योमे: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ११३) ।

अर्कातर्फ जयप्रकाश गुप्ताको तर्क र व्याख्या भिन्न छ । उनी भन्छन्, "मधेसका मानिसहरूले 'मधेसी' पहिचानका आधारमा सामाजिक, आर्थिक र राजनीतिक हक पाउनुपर्दछ भन्ने माग उठाउँदा 'कसलाई मधेसी भन्ने' भनेर प्रश्न उठाउने गरिन्छ । वास्तवमा समग्र नेपालझैँ मधेसको संरचना पनि बहुभाषिक, बहुजातीय र बहुधार्मिक प्रकारको छ । तर जीवनयापनका प्रक्रिया तथा परम्परागत बसोबासको एकल क्षेत्र एवम् सांस्कृतिक सहकार्यका आधारमा जुनसुकै भाषा, धर्म र अनुहारको मधेसी भए पनि तिनीहरू पहाडी मूलका भन्दा पृथक् र मधेसीका रूपमा सादृश्य छन् । मधेसमा बस्ने गरेका पहाडी मूलका मानिसहरू मधेसी होइनन्, तराईवासी हुन् । पहाडी मूलका मानिसहरू मधेसमा तराईको सिर्जना गरी बसोबास गरेका हुन् । ऐतिहासिक मानव बसोबासको क्षेत्रका लागि यथार्थमा तराई होइन 'मधेस' वास्तविक सम्बोधन हो । त्यहाँका मूल बासिन्दा नै मधेसी हुन् । यसमा थारू, मुसलमान, जनजाति समूहमा पारिएका अनुहारहरू, हिन्दू र जैन धर्म मान्ने मारवाडीहरू तथा शिख धर्म मान्ने पन्जाबीहरू सबै मधेसी हुन् । राज्यले यस प्रदेशको त्यो पौराणिक मौलिकता नझुल्कोस् भनेर यसलाई नियतवश तराई भन्दछ । अब यस भूभागलाई नेपालको मधेस भनौँ (गुप्ता २०६३) ।"

"मधेसीहरूलाई फुटाउन र मधेस र मधेसीको पहिचानलाई कमजोर पार्न शासनका तर्फबाट यहाँका फरकफरक समूहका बीचमा भिन्नता देखाउने कोसिस भएको छ । त्यसकारण यस्ता परिस्थितिको अन्त्यका लागि मधेसी सांस्कृतिक समुदायभित्रका सबैलाई मधेसीको रूपमा मान्यता दिइनुपर्दछ (गुप्ता २०६३) ।"

निष्कर्षमा भन्दा मधेसी नामक साझा क्षेत्रीय चिनारीको तागत दुईओटा कुरामा निर्भर गर्छ – मधेसका विविध समूहहरूको गतिशीलता र राज्यले मधेसप्रति लिने नीति । त्यसैले यस चिनारीले निकट भविष्यमा कस्तो रूप लेला भनेर भन्न गाह्रो छ । सैद्धान्तिक रूपमा भन्ने हो भने यसले साझा चिनारी कसरी र किन निर्माण हुन्छ भन्ने कुराको जवाफ दिएको छ (ह्योमे: *मधेस: समस्या र सम्भावना*, पृष्ठ १२३) ।

## मधेस र राज्यको सम्बन्ध

मधेसका समस्यालाई राज्यले विगतदेखि अपनाएका नीतिकै आधारमा हेर्ने गरेको पाइन्छ । विज्ञहरूले आफ्ना लेखाइहरूमा मधेसलाई राज्यले किन भेदभावको दृष्टिकोणबाट

हेर्दछ र त्यसबाट कसलाई के-कस्तो असर परेको छ भनी केलाउने गरेको पाइन्छ । बर्नाडो माइकलले मधेस र नेपाली राज्यको सम्बन्धलाई ऐतिहासिकताका आधारमा विवेचना गरेका छन् । वर्तमान नेपालको तराईको सिमाना औपनिवेशिक कालको रूडपबाट निर्धारित भएको हो । गोर्खाली र तराईबीचको औपनिवेशिक रूडपबाट निर्मित ऐतिहासिक प्रसङ्गले यस क्षेत्रको भविष्य र विकासमा ठूलो असर पारेको छ । यसरी सीमा निर्धारण भएपछि गोर्खाली राजाले तराईका यी भूभागमार्फत आफ्नो सङ्कुचित स्वार्थ पूरा गर्न थाले । यस क्षेत्रको विकासका बारेमा निर्णय गर्दा गोर्खाली शासकहरू तराई प्रदेश नेपालमा गाभिएको प्रसङ्ग स्मृतिमा राख्ने गर्दथे । अङ्ग्रेज-गोर्खाली युद्ध पूर्वको दशकताका गोर्खालीका तराई जिल्लाहरूको बनावट राजनीतिक, शासकीय र कर उठ्तीसित सम्बन्धित थिए (माइकल: *मधेस: समस्या र सम्भावना*, पृष्ठ २६) ।

नेपाल सरकारको तराईप्रतिको नीति जहिले पनि दोधारे रहिआएको छ (श्रेष्ठ १९९०: १६७) । शासकहरूले दुईओटा कारणले गर्दा तराईको विकास आवश्यक ठानेनन् । पहिलो, उनीहरूले यस क्षेत्रको विकास गर्दा आफ्नो दीर्घकालीन स्वार्थ पूरा नहुने ठाने किनभने यस क्षेत्रको विकास गर्दा बेलायती उपनिवेशको आँखा यस क्षेत्रमा लाग्ला भन्ने डर उनीहरूलाई थियो । यस क्षेत्रको विकास हुँदा तस्करी भएर राजस्व चुहावट होला भनेर पनि शासकहरू डराएका थिए । दोस्रो, भारतमा चलिरहेको क्रान्तिको हावा नेपालमा पनि पर्ला र यसले आफ्नो सत्तामा खतरा आइपर्ला भन्ने चिन्ता शासकहरूलाई थियो (श्रेष्ठ १९९०: १६७) । यस्तो अवधारणाले गर्दा उनीहरूले उन्नाइसौँ शताब्दीको सुरुदेखि नै तराईलाई अर्धसैनिक बस्तीका रूपमा राख्ने नीति अवलम्बन गरे । त्यसैले सुरुमा तराई (मोफसल) को औपनिवेशीकरण कृषिका दृष्टिले भन्दा पनि सामरिक दृष्टिले गरिएको थियो (स्कार १९९५: १८१), (ह्योमे: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ११३) ।

जातीय र सांस्कृतिक पृष्ठभूमिका आधारमा मधेसका मानिसहरूलाई मधेसी भनिन्थ्यो । अर्कोतिर पहाडियाहरूलाई नेपालको राष्ट्रिय चिनारी र संस्कृतिको प्रतिनिधि मानिन्थ्यो । राज्यको शक्ति र अधिकारमाथि उनीहरूको पहुँच थियो भने मधेसका मानिसहरू पहाडिया संस्कृतिसँग परिचित नभएको र विदेशी मूलका भएका कारण शक्ति संरचनामा उनीहरूलाई कुनै भूमिका दिइएको थिएन । यी दुई समूहले वर्षौंवर्षसम्म आआफ्नो अलग चिनारी कायम राखे । उनीहरूबीच एकअर्काप्रति शङ्का र गलत धारणा र अविश्वास उत्पन्न भयो । देशको शक्ति संरचनामा आफ्नो प्रभुत्व कायम राख्ने निहित स्वार्थ बोकेका पहाडिया सम्भ्रान्त वर्गले कुनै बेलामा मधेसीप्रति अविश्वासको बीज रोपेर हुर्काएकाले यी दुई समूहबीच अविश्वास अरू घनीभूत हुँदै गयो । मधेसीहरू विविध भेदभावका सिकार भए ।

नागरिकतासम्बन्धी भेदभाव उनीहरूप्रति गरिएको भेदभावको सबैभन्दा मुख्य उदाहरण हो (उप्रेती: *मधेस: समस्या र सम्भावना,* पृष्ठ १०२)।

अर्कोतर्फ राज्यले कसरी आफ्नो राष्ट्रिय पहिचान देखाउन खोज्दछ भन्ने तर्क अर्जुन गुनरत्ने उठाएका छन । नेपालको आधिकारिक संस्कृति प्रभुत्वशाली जातिको संस्कृतिमा आधारित छ । यस्तो गर्नु केही हदसम्म आवश्यक पनि छ । समाजमा उच्च वर्गको भाषा र संस्कृतिले सम्मान पाउँछ, हैसियत पाउँछ । यसैका आधारमा राज्यले आफ्नो राष्ट्रिय पहिचान बनाउँछ । भारतको अधिल्तिर आफ्नो अलग पहिचान देखाउनका लागि नेपालका सामु यही नै सबैभन्दा उपयोगी उपाय थियो । प्रभुत्वशाली वर्गको धर्म र संस्कृतिलाई नै राज्यले अगाडि बढाउने गरेका दृष्टान्त अन्यत्र पनि पाइन्छन् (गुनरत्ने: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ५०)।

प्रयागराज शर्मा (१९८२: १८) ले के तर्क गरेका छन् भने 'संस्कृतकरणले विविध संस्कृति भएका नेपालीहरूलाई एकै ठाउँमा बाँधेको छ ।' हृषीकेश शाहले दाबी गरेका छन् – 'संस्कृतकरणले विभिन्न समुदायहरूको व्यवहार र मूल्य-मान्यताबीचमा समन्वय ल्याएको छ जसले गर्दा समाजका विविध समूहबीच अन्तरक्रिया सम्भव भएको छ ।' उनले थपेका छन्, 'संस्कृतकरणका केही पक्षहरू आधुनिक दृष्टिकोणभन्दा फरक होलान् तर संस्कृतकरणका अनुभव र ज्ञान आधुनिकीकरणका काममा लगाउँदा फाइदा पुग्छ । कुनै समयमा संस्कृतकरणलाई स्तर उकास्ने र सभ्य बनाउने आवश्यक तत्त्वका रूपमा हेरिन्थ्यो, जुन आधुनिकीकरणका सन्दर्भमा पनि सही छ' (शर्मा १९८२) द्वारा उद्धृत (ह्योमे: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ११६)।

राष्ट्र निर्माणको प्रक्रियामा हिन्दू समूहको भूमिकाका बारेमा डोरबहादुर विष्ट (१९६७: १) ले भनेका छन्, 'नेपालका बाहुन र छेत्रीले आधुनिक नेपाल अधिराज्यको राजनीतिक, सामाजिक अनि धार्मिक क्षेत्रको निर्माणमा प्रबल भूमिका निर्वाह गरेका थिए (ह्योमे: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ११६)।

काठमाडौँमा बस्ने शासकहरूले तराईको स्रोतसाधनलाई वरदानका रूपमा र त्यहाँका बासिन्दालाई चाहिँ अभिशापका रूपमा लिएको देखिन्छ (लाल २००२)। मधेसको सिमानालाई नेपाली बनाउने सोचाइका साथ 'पहाडियाहरूलाई मधेसमा पुनर्बास गराउने माध्यमबाट मधेसको जनजातीय र सांस्कृतिक स्वरूप परिवर्तन गराउने हिसाबले क्रमबद्ध प्रयास थालियो । नेपाली राज्यले मधेसीहरूका विरुद्ध यो रणनीति अपनाएको थियो (स्कार १९९५: १८०)। हाराल्ड ओ. स्कारका अनुसार पहाडीकरणको वर्तमान प्रक्रियाका दुईओटा स्पष्ट पक्ष छन् – आधुनिक पहाडियाहरूलाई मधेसमा बसाइँ सार्नु र पहिलेका पहाडिया जमिनदारलाई राजनीतिक रूपले स्थापित गराउनु (ह्योमो: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ११७)। अधिकांश

मधेसीहरू आर्थिक रूपले पाखा लगाइएका छन् । उनीहरू जेनतेन जीवन धानिरहेका छन् । उनीहरू प्राचीन अर्थतन्त्रमा बाँचेका छन् । देशका अरू मानिसका तुलनामा उनीहरूका औपचारिक संस्था छैनन् । सामाजिक सुरक्षासम्ममा पनि उनीहरूको पहुँच कम छ (मजुम्दार: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ३३) ।

अर्कोतर्फ वरनर लेभीले सन्तुलित रूपमा आफ्नो विचार अघि सारेका छन् । उनले लेखेका छन्, काठमाडौँमा पहाडियाहरूको प्रभुत्व रहेकाले नेपालका राजनीतिक निकायहरूमा, अथवा राज्यको प्रमुख क्षेत्रमा उनीहरूको नै वर्चस्व रहेको छ । मधेसका मानिसहरूको आर्थिक क्षेत्रमा प्रभुत्व रहेको छ, यसले गर्दा राजधानीको राजनीतिक आधिपत्य विरुद्ध मधेसीहरूलाई केही शक्ति प्रदान गरेको छ (लेभी १९७६) । त्यसै गरी नन्द श्रेष्ठका अनुसार बसाइँसराइसँग सामाजिक, आर्थिक परिवर्तनको चाहना, राज्यको नीति, ऐतिहासिक पक्ष र क्षेत्रीय आर्थिक तथा वातावरणीय पक्षहरू सम्बन्धित रहेका हुन्छन् । नेपालमा पनि सामाजिक र भौगोलिक रूपमा जमिनको स्वामित्व असमान रहेको र उत्पादकत्वमा कमी भएकाले मान्छेहरू बढी उत्पादन दिने जमिन भएको क्षेत्रतर्फ आकर्षित हुनु अचम्मलाग्दो भने हैन (श्रेष्ठ १९८९) । सन् १९६० अघि तराई पसिसकेका केही पहाडियाहरू निकै ठूला जमिनदारका रूपमा थिए, तर त्यसपछि धेरै पहाडियाहरू तराई प्रवेश गरेपछि पहाडिया र मधेसीहरूबीचको सम्बन्ध जग्गाधनी र मोहीका रूपमा मात्र सीमित रहेन । आज तराईमा पहाडिया जग्गाधनीभन्दा सुकुम्बासीहरूको सङ्ख्या धेरै बढेको देखिन्छ । जग्गाजमिन र प्राकृतिक सम्पदाको प्रयोग सम्बन्धमा पहाडिया र मधेसीबीच प्रतिस्पर्धा बढिरहेको छ (दाहाल २०५३) ।

यसै गरी अर्जुन गुनरत्नेले राणाशासनकालपछिको नेपालले राष्ट्रिय सम्मिलनको जुन नीति अपनाएको थियो त्यसले गर्दा एकातिर थारूहरूमा नेपाली भावना सिर्जना भयो भने अर्कातिर उनीहरूमा जातीय पहिचानको भावना पनि बढायो भनी राज्यको नीतिका दुई फरक असरबारे चर्चा गरेका छन (गुनरत्ने: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ४२) । नेपाली भाषामा लेखिएको पाठ्यक्रमले राज्यका प्रभुत्वशाली वर्गका रूपमा रहेका उच्च जातका पहाडियाहरूको दृष्टिकोणमा व्याख्या गरिएको इतिहास, संस्कृति र समाजको पठनपाठन गरायो । सडक र स्कुलहरूले जान्नेसुन्ने थारूहरूलाई एकआपसमा सम्पर्क मात्र गराएनन्, आपस्तमा कुराकानी गर्नका लागि भाषाको माध्यम अर्थात् नेपाली भाषासमेत प्रदान गरे । साथै यी स्कुलहरूले जनजातीय चेतना उमार्ने ब्याडका रूपमा पनि काम गरे । अर्को शब्दमा भन्ने हो भने नेपालीकरणका माध्यमबाट थारूहरूबीच साझा संस्कृतिको विकास भयो । यसबाट उनीहरूबीच नातासम्बन्ध जोडियो र थारूहरूको साझा पहिचान विकसित भयो (गुनरत्ने: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ४७) ।

**तराई/मधेसभित्रको बहुलता र यहाँका सामाजिक समूहहरूको आन्तरिक सम्बन्ध**

तराईका मानिसहरूको उत्पत्ति र उनीहरूको सामाजिक-सांस्कृतिक तथा भाषिक अभ्यासका बारेमा विद्वान्हरूबीच मतैक्य छैन (ह्योमे: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ११३)। तराईका अरू समूहहरूको उत्पत्ति र सामाजिक-सांस्कृतिक चलनका बारेमा कमै मात्र जानकारी पाइन्छ। उनीहरूका यी पक्षबारे यसै भनेर भन्न सकिँदैन। के कुरा प्रस्ट छ भने तराईमा एकैथरीका मानिसहरूको बसोबास छैन। तराईमा आफ्नो छुट्टै इतिहास, संस्कृति र भाषा भएका विविध जातजातिका मानिसहरू बसोबास गर्छन्। मधेसको सवालमा सकारात्मक सोच राख्ने या मधेस विशेषज्ञ भनेर चिनिनेहरूमा पनि ठूलो अन्यौल व्याप्त रहेको पाइन्छ। कतिपय विद्वान्हरूले नेपालको सम्पूर्ण मधेस वा तराईलाई एउटै 'पदार्थ' का रूपमा प्रस्तुत गर्ने गरेका छन्। मधेसको यथार्थ तथा ऐतिहासिक पृष्ठभूमि राम्ररी केलाएर हेरेमा मधेस एउटै सांस्कृतिक पृष्ठभूमि भएको थलो हुँदै होइन भन्ने स्पष्ट हुन्छ (प्रेमषि: *मधेस: समस्या र सम्भावना*, पृष्ठ १३४)। मधेसमा यति बढी विविधता छ कि भूराजनीतिक र ऐतिहासिक प्रसङ्ग उल्लेख नगरी यहाँका समस्याका बारेमा चर्चा गर्ने प्रयास गर्नु मूर्खता हुनेछ। पूर्वका जिल्लाहरूले भोगेका समस्याहरू पश्चिमका जिल्लाहरूले भोगेका भन्दा फरक छन्। पश्चिम तराईको समस्या पूर्वी तराईको भन्दा बिलकुलै भिन्न छ। यसको आंशिक कारण के हो भने पश्चिम नेपालसँग सीमा जोडिएको भारतको उत्तरप्रदेश आर्थिक रूपले सुदृढ छ (मजुम्दार: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ३२)।

डोरबहादुर विष्टका अनुसार तराईका तीनओटा अलग संस्कार भएका समुदायले तीनओटा अलग धर्म मान्ने गर्छन्। विष्ट लेख्नु हुन्छ, जाति प्रथामा कट्टर हिन्दूहरू पूर्वी तराईका जिल्लाहरू सप्तरी, सिरहा, महोत्तरी, धनुषा, सर्लाही र रौतहटमा बसोबास गर्छन्। मोरङ, झापा र चितवनमा धेरै पछिसम्म पनि आदिवासीहरूको बसोबास थियो। तर अहिले पहाडबाट झरेका मानिसहरूले उनीहरूलाई अल्पसङ्ख्यामा धकेलिदिएका छन्। पश्चिम नेपालमा धेरै पछिसम्म थारूजस्ता आदिवासीहरूको बसोबास थियो। त्यसपछि त्यहाँ पनि पहाडियाहरू बसाइँ सरे। अधिकांश आदिवासीहरू घरभित्र झाँक्री धर्म मान्छन् भने सार्वजनिक रूपमा विशेष गरी, जात्रा/उत्सवहरूमा हिन्दू धर्म मान्छन्। मुसलमानहरू तराईमा आएका तेस्रो किसिमका मानिसहरू हुन्। उनीहरू उन्नाइसौँ शताब्दीको मध्यदेखि यहाँ बसोबास गरिरहेका छन् (ह्योमे: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ११५)।

डिल्लीराम दाहालका अनुसार नेपाल तराईका मधेसीहरूमा चारओटा समूहका मानिसहरू पर्दछन्। पुस्तौँ-पुस्तादेखि बसोबास गर्दै आएका र आफूलाई आदिवासी भनी चिनाउन खोज्ने थारू, धिमाल, गनगाई, झाँगड, दनुवार, कोचे, राजवंशी

आदि जनजातिहरू पहिलो समूहमा पर्दछन् । हिन्दू वर्णव्यवस्थाभित्र माथिल्लो तहमा पर्ने मैथिल ब्राह्मण, भूमिहर, राजपूत, कायस्थ, यादव आदिदेखि पानी नचल्ने खत्वे, मुसहर, दुसाद, चमार, डुम आदि जातिहरू दोस्रो समूहमा पर्दछन् । तेस्रो समूहमा व्यापार तथा अन्य पेसामा संलग्न मारवाडी, बङ्गाली र शिखजस्ता भारतीय मूलका समुदायलाई लिन सकिन्छ र चौथो समूहमा मुसलमान समुदायलाई । यिनै समूहहरू मधेसी हुन् (दाहाल २०५३) । यस्तै गरी दाहालले तराईमा तीन खालका जातीय विभाजन पाइने गरेको उल्लेख गरेका छन् । त्यसमा पहिलो पहाडिया र मधेसीबीचको विभाजन, दोस्रो हिन्दू जातीय समूह र तराईका आदिवासी जस्तै, थारू र तेस्रोमा तराईका उच्च जातका हिन्दू र निम्न जातका हिन्दूबीचको विभाजन पर्छन् (दाहाल १९९२) । यस्तो विभाजन तराईमा स्रोतसाधन उपयोग गर्नेदेखि अन्य सामाजिक सांस्कृतिक तथा भाषिक कुराहरूमा समेत भेटिने गर्छ ।

तराईमा बस्ने समूहहरूबीचको आपसी सम्बन्धका बारेमा थप चर्चा गर्दै दाहालले लेख्नु भएको छ, तराईमा बस्ने पहाडियाहरूले तराईका कतिपय धार्मिक रीतिरिवाज तथा चाडपर्वहरूलाई राम्रोसँग आत्मसात् गरेको पाइन्छ । यस्ता कर्मकाण्ड तथा चाडपर्वहरूमा सबैभन्दा प्रमुख होली र जुडसितल छन् । छठ पूजामा पहाडिया महिलाहरू पनि तराईका स्थानीय महिलाहरूझैँ बिहान-बेलुका नै सूर्य भगवान्को पूजाअर्चना गर्दछन् । बरु पहाडियाको चाड दशैँ र तिहारको प्रभाव मधेसी समुदायमा उति फैलिएको देखिँदैन । अन्य सामाजिक पक्षमा जन्म, विवाह, मृत्यु संस्कार तथा ग्रामीण देवीदेवताहरू पूजा गर्ने कुराहरूमा पहाडिया तथा मधेसी दुवै समूहले ठाउँ र आवश्यकताअनुसार एकअर्कालाई सघाउने गरेको पाइन्छ । तर मैथिल ब्राह्मण र पहाडिया ब्राह्मण, राजपूत र पहाडिया क्षत्री तथा ठकुरी र तराईका पानी नचल्ने र पहाडका पानी नचल्ने समूहहरूका बीच अन्तरजातीय विवाह भने एकदमै कम पाइन्छ (दाहाल २०५३) ।

एउटै समूहअन्तर्गत पर्ने थारूभित्र पनि विविधता रहेको अर्जुन गुनरत्नेको ठम्याइ छ । उहाँको लेखले थारूभित्रको वर्गीय भिन्नता र एउटै वर्गका थारू र पहाडेबीचको सम्बन्धलाई केलाउने प्रयास गरेको छ । गुनरत्नेले लेख्नुभएको छ, थारू भनेर चिनिए पनि भिन्नभिन्न ठाउँमा बस्ने थारूहरूको भाषा र संस्कृतिमा ठूलो अन्तर पाइन्छ । भिन्नभिन्न ठाउँका थारूहरू भेट हुँदा एकआपसमा हिन्दी वा नेपाली भाषामा कुराकानी गर्छन् । तराईका थारू वा अरू जातिका मानिसहरूले पनि अधिकांशतः हिन्दी र नेपाली भाषा बोल्छन् (गुनरत्नेः *मधेसः समस्या र सम्भावना,* पृष्ठ ४३) ।

डिल्लीराम दाहालको लेखबाट पनि तराईमा रहेका समूहहरूबीचको वर्गीय भिन्नतालाई देख्न सकिन्छ । आर्थिक दृष्टिकोणले तराईका सम्पूर्ण जाति तथा

जनजाति समूहलाई दुई वर्गमा छुट्याउन सकिन्छ । मैथिल ब्राह्मण, राजपूतलगायतका समूहहरू जमिनदार वा जग्गाधनी हुने गर्दछन् । चमार, दुसादलगायतका पानी नचल्ने समूहभित्रका जातिहरू जमिनदारको हलो जोतेर वा मजदुरी गरेर मोही या सुकुम्बासीका रूपमा जीविका चलाउँछन् । जनजाति समूहमा पनि एउटा वर्ग जग्गाधनी वा जमिनदारका रूपमा देखिन्छ र त्यही समूहभित्र कमैया, सुकुम्बासी तथा मोही भएर जीविका चलाइरहेका मानिसहरू पनि पाइन्छन् (दाहाल २०५३) ।

थारूहरूको वर्गीय सम्बन्धलाई प्रस्टयाउने गरी गुनरत्नेले लेख्नुभएको छ, "सामान्य थारू र सामान्य पहाडेबीचमा सामाजिक अन्तरसम्बन्ध थिएन । उनीहरू एकअर्काबाट बिलकुलै अलग थिए । तर पनि दुवै जातिका धनी वर्गबीचमा राम्रो सामाजिक सम्बन्ध थियो । उनीहरू एउटै राजनीतिक पार्टीमा काम गर्थे । चाडपर्व र सामाजिक काजक्रियामा एकअर्कालाई निम्त्याउँथे । धनी थारूहरूको बाहुन समाजसँग व्यक्तिगत, संस्कारगत र राजनीतिक सम्बन्ध रहे पनि उनीहरू बाहुनहरूलाई शङ्काका दृष्टिले हेर्थे । यहाँ बाहुनको मात्र कुरा गरिएको छ, छेत्री र नेवारहरूलाई बाहुनभन्दा अलि कम शङ्का गरिन्थ्यो (यद्यपि छेत्री र बाहुनलाई एउटै मानिएको छ) । चितवनका गाउँमा गुरुङ, मगर, तामाङ र तराईका अरू जनजातिलाई बाहुन, छेत्री र नेवारहरूलाई जस्तो शङ्काका दृष्टिले हेरिँदैनथ्यो (गुनरत्ने: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ४८) । यसबाट स्रोतसाधनको खिचातानीले पनि सामाजिक समूहहरूबीचको आपसी सम्बन्धलाई असर पारेको देखिएको छ ।

## समावेशी नीति, आरक्षण र प्रतिनिधित्व

समावेशी नीति भन्नाले त्यस्ता नीतिहरू बुझिन्छन् जसले अवसरहरूमा सबैलाई समान पहुँच दिलाउँछन्, सामाजिक सद्भाव कायम राख्न सघाउँछन् र सामाजिक विभेद कम गरेर सामाजिक पुँजीलाई बढावा दिन्छन् । यसमा सामाजिक, आर्थिक र राजनीतिक आदि नीति पर्छन् ।

सामाजिक-आर्थिक गतिविधिअन्तर्गत राज्यले कल्याणकारी राज्यको अवधारणाअनुरूप आधारभूत आवश्यकताको परिपूर्ति गर्नुपर्छ । दुर्भाग्यवश, आधारभूत आवश्यकताको गणना गर्दा राष्ट्रिय औसतमा हेर्ने गरिन्छ जुन धेरै ठाउँको वास्तविकताभन्दा बिलकुलै भिन्न हुन्छ । यस्तो हुन नदिन कुनै पनि नीति अपनाउँदा सामाजिक-आर्थिक सहभागिताको अवधारणा अख्तियार गर्नुपर्छ । सामाजिक सहभागिता गरिबीसँग पनि जोडिएकाले यसलाई आर्थिक सहभागिता पनि भन्न सकिन्छ (मजुम्दार: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ३०) ।

मजुम्दारका विचारमा आरक्षण र कोटा प्रणाली अपनाउने समावेशी नीति सफल हुँदैन । त्यसका तीनओटा मुख्य कारण छन्:

(क) सूचना प्रसारको उपयुक्त विधि नअपनाईकन गरिने सकारात्मक विभेद नीतिको फाइदा लक्षित समुदायका सुसूचित र राजनीतिक पकड बलियो भएका टाठाबाठाहरूले उठाउँछन् । लक्षित समुदायका वास्तवमै ठगिएका मानिसहरूले यस्तो नीतिबाट फाइदा उठाउन सक्दैनन् ।

(ख) आरक्षण र कोटा प्रणालीले लक्षित समुदाय र अन्य समुदायबीच विभाजन खडा गर्छ । सामाजिक, राजनीतिक र आर्थिक दृष्टिले यस्तो विभाजन स्वस्थकर हुँदैन । सामाजिक-आर्थिक असमानता अत्यन्त धेरै भएका ठाउँमा यसले आर्थिक प्रणालीमा अकुशलता बढाउँछ ।

(ग) यस्तो प्रणालीले लक्षित वर्गमा 'विशेष कृपा पाएको वर्ग' भन्ने हीन भावना जगाउन सक्छ । यस्तो प्रणालीविना नै मूलधारमा समाहित हुने उनीहरूको आत्मसम्मान र स्वतन्त्रता गुम्न सक्छ । उनीहरू राजनीतिक 'प्रपोगान्डा' को सिकार बन्न सक्छन् ।

यसै गरी गुनरत्नेका अनुसार जागिर पाउन कठिन भएपछि थारूहरूले राज्यद्वारा आफू विरुद्ध भेदभाव गरिएको ठाने । थारू कल्याणकारी सभाका धनी थारूहरूले आफू विरुद्धको विभेद हटाउनका लागि भारतीय मोडलको आरक्षण नीतिको माग गर्नुका पछाडि आंशिक रूपमा यही कारण रहेको छ । तर बाँच्नका लागि दस नङ्ग्रा खियाइरहेका नेपालका अधिकांश गरिब जनताका लागि यस्ता प्रतिबद्धताहरूले खासै अर्थ राख्दैनन् ।

अर्कोतर्फ प्रतिनिधित्वको सवाल मूलत: मधेसको पहिचान निर्माणको निम्ति अघि सारिएको हो भन्ने के. ह्योमेको तर्क रहेको छ । उहाँका अनुसार प्रतिनिधित्वको प्रश्न मधेसीहरूको एउटा ठूलो समस्या हो । मधेसभित्रको बहुलताले गर्दा यहाँको प्रतिनिधित्वको सवालमा पनि जटिलता रहेको देखिन्छ । सद्भावना पार्टीको घोषणापत्रमा सङ्घीय शासन, हिन्दीलाई सरकारी भाषाका रूपमा मान्यता, सुविधाविहीन समुदायका लागि नोकरीमा आरक्षण र नेपाली सेनामा मधेसीहरूको छुट्टै बटालियनजस्ता कुरा उठाइएका थिए । तर उनीहरू विगतमा तराईको मुद्दा उठाउनुभन्दा पनि पार्टीमा आफ्नो ठाउँ दह्रो बनाउन लागे र सो पार्टीले हिन्दीलाई राष्ट्रिय भाषाका रूपमा मान्यता दिलाउने माग अघि सार्‍यो । तर यो मुद्दा मैथिलहरूको नभएको र उनीहरूको चिनारी मैथिलीसँग गाँसिएको तर्क ह्योमेले गरेका छन् (ह्योमे: *मधेस: समस्या र सम्भावना,* पृष्ठ १२१) । यस्तै गरी धीरेन्द्र प्रेमर्षिले सरकारीदेखि लिएर सामुदायिक वा व्यावसायिक प्रकृतिसम्मका रेडियो/टेलिभिजनका कार्यप्रक्रियालाई सर्सर्ती हेर्ने हो भने तिनमा पाँच प्रतिशत मात्र पनि मधेससम्बन्धी सामग्री पाउन हम्मेहम्मे पर्छ भन्दै मिडियाबाट मधेसका बारेमा सही सूचना सम्प्रेषण नहुनुमा उनीहरूको प्रतिनिधित्वको अभाव देखाउनुभएको छ ।

मधेस सामाजिक-आर्थिक रूपले राज्यको मूलप्रवाहभन्दा पृथक् छ, जहाँ पहाडियाहरूको अतिक्रमणको खतरा महसुस गरिएको छ (मजुम्दार: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ३०)। राष्ट्रको कोष उपभोग गर्ने र नोकरीमा प्रवेश गर्ने विषयमा पनि तराईका मानिसहरू कठिनाइ भोगिरहेका छन्। नेपाली सेना र प्रहरीमा मधेसीको छुट्टै बटालियन वा समूह छैन। यस समुदायका मानिसहरू सेना र प्रहरीमा साह्रै थोरै छन्। यस दृष्टिले हेर्दा राष्ट्रिय मूलधारबाट मानिसलाई वञ्चित गराउने कामको मुख्य सिकार तराई भएको छ। अर्कोतर्फ तराईको राजनीतिक प्रतिनिधित्वका सवालमा डिल्लीराम दाहालले लेख्नुभएको छ, पञ्चायतकालदेखि अहिलेसम्म संसदमा तराईका मानिसको प्रतिनिधित्व कम हुनुमा तराईका जातीय समूहबीचको आपसी फुट जिम्मेवार छ। आज आएर तराईको राजनीति जातीय समूहभन्दा राजनीतिक मान्यतासँग जोडिएको पाइन्छ। तराईमा पहाडियाहरूको जनसङ्ख्या र जनघनत्व बढ्दै गएको छ र उनीहरूको सङ्गठन पनि राम्रो छ। त्यसकारण पहाडियाहरूसँग तराईका स्थानीय समूहहरूले चुनावी प्रतिस्पर्धा गरेर जित्न निकै गाह्रो छ। त्यसैले खास तराईका समूहहरूका निमित्त राजनीतिक आरक्षणको नीति नलिएका खण्डमा तराईवासीहरूको राजनीतिक प्रतिनिधित्व भविष्यमा अहिलेभन्दा पनि घट्दै जाने कुरा प्रस्ट छ (दाहाल २०५३)।

संरचनात्मक रूपले कायम रहेको यो असमानता नाराले मात्र हटाउन सकिँदैन। यसका लागि यस्तो सामाजिक संरचनालाई नै जरैदेखि उखेलेर समाजका विविध एकाइहरूबीचमा नयाँ सम्बन्धहरूको निर्माण गर्नुपर्छ भन्ने तर्क अर्जुन गुनरत्नेको छ (गुनरत्ने: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ५०)।

## मधेसका भाषाको सवाल

मधेसको पहिचान निर्माणमा भाषालाई प्रमुख आधार मानिएको छ। यसकारण यहाँको भाषाको महत्त्व अरू बढी रहेको पाइन्छ। यद्यपि यहाँ बसाइँ सरेर आएका पहाडिया र यहाँका थारू वा धिमाललगायतका आदिवासी तथा दक्षिणी क्षेत्रमा बस्ने मधेसी समुदायबीच भाषिक र सामाजिक दृष्टिले भिन्नता छ (अधिकारी र अन्य: *मधेस: समस्या र सम्भावना,* पृष्ठ ५५)।

योगेन्द्र यादवका अनुसार भाषा बोल्नेहरूको सङ्ख्याका आधारमा तराईका भाषाहरूलाई मुख्य र गौण दुई कोटिमा बाँड्न सकिन्छ। एक लाखभन्दा बढी मानिसहरूले बोल्ने तराईका मुख्य भाषाहरूमा आठओटा भारोपेली भाषाहरू – मैथिली, भोजपुरी, थारू, अवधी, बज्जिका, उर्दू, राजवंशी र हिन्दी छन्। यीमध्ये मैथिली तराईका सबैभन्दा बढी (नेपालको जनसङ्ख्याको १२.३ प्रतिशत) मानिसहरूले बोल्ने भाषा हो। अरू १८ ओटा गौण भाषा बोल्नेहरूको सङ्ख्या थोरै छ।

तराईमा बोलिने धेरैजसो भाषाहरू छिमेकी देश भारतमा पनि बोलिन्छन् (यादव: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ८८)।

तराईका भाषा बोल्ने मानिसहरू आफ्नो घर र समुदायमा मातृभाषा बोल्छन्। फरक भाषा बोल्नेहरूसँग कुरा गर्नुपर्दा उनीहरू सम्पर्क भाषाको प्रयोग गर्छन्। एकै ठाउँमा पनि विभिन्न भाषा बोलिने अवस्थामा त्यहाँको प्रभावशाली भाषा जुन हो (जस्तै, मैथिली, भोजपुरी वा अवधी) त्यसैले सम्पर्क भाषाको काम गर्छ। फरक ठाउँका, फरक भाषा (मैथिली, भोजपुरी वा अवधी) बोल्ने मानिसहरू हिन्दीलाई क्षेत्रीय सम्पर्क भाषाका रूपमा प्रयोग गर्छन्। त्यसैले हिन्दी समग्र तराईको सम्पर्क भाषा बनेको छ। शिक्षित मानिसहरू धेरैओटा भाषा प्रयोग गर्छन्। उदाहरणका लागि, शिक्षित मैथिलीभाषी परिवारका मानिसहरू घरमा मैथिली र हिन्दी बोल्छन् भने घरबाहिर नेपाली र अङ्ग्रेजीलगायतका भाषा बोल्छन् (यादव १९९१: २६६)। यो तराईवासीको अनौठो विशेषता हो (यादव: *मधेस: समस्या र सम्भावना*, पृष्ठ ९१)।

यसै गरी भाषाका बारेमा डिल्लीराम दाहाल लेख्नुहुन्छ, तराईमा बस्ने सबैको आआफ्नो भाषा छ। हिन्दू वर्णव्यवस्थाभित्र पर्ने जातिहरूले भने ठाउँ हेरी मैथिली, भोजपुरी र अवधी बोल्दछन्। त्यस्तै मारवाडी, बङ्गाली र शिखहरू मूलत: आआफ्नै भाषा बोल्दछन् भने मुसलमानहरू प्रायश: उर्दू मिश्रित भाषा बोल्दछन्। सन् १९६० पछि तराईमा झर्ने पहाडियाहरू भने आफ्नै गाउँका वा समुदायका मानिसहरूसँग मात्र बसोबास गर्ने भएकाले धेरै कमले मात्र तराईको स्थानीय भाषा बोलेको पाइन्छ। नेपाली भाषाको प्रचार-प्रसारले नयाँ पुस्ताका पहाडियाहरूलाई मधेसका भाषा सिक्न निरुत्साहित गरेको देखिन्छ। त्यसका विपरीत तराईका जनजाति समूहका बहुसङ्ख्यक पुरुषहरू नेपाली भाषा राम्रोसँग बोल्दछन्। हिन्दी भाषाको प्रचार-प्रसारले तराईवासीलाई पहाडियाहरूको नजिक ल्याएको भने छैन। बरु राजनीतिक रूपमा झन् टाढा पारिदिएको छ (दाहाल २०५३)।

### मधेसको सवालमा अन्तर्राष्ट्रिय पक्ष

फेड्रिक गेइजले नेपालको तराईमा भारत तथा नेपालको राष्ट्रिय स्वार्थ मिल्ने गर्दछ र कहिलेकाहीँ विवादित हुने गर्दछ भनी तर्क गर्नुभएको छ। उहाँका विचारमा एकतर्फको राजनीतिक तथा आर्थिक विकासले अर्कोतर्फको सीमाक्षेत्रमा प्रभाव पार्दछ, त्यसकारण तराईको कुरा गर्दा भारत र नेपालको आन्तरिक सम्बन्धबाट छुटचाएर हेर्न सकिँदैन (गेइज १९७५)।

सन्दर्भसामग्री

चौधरी, भुलाई। वि.सं. २०६३ । 'थरुहट तराई कि मधेस' । *थारू संस्कृति अर्धवार्षिक पत्रिका*। अङ्क २० । थारू कल्याणकारिणी सभा ।

थापा, वसन्त र मोहन मैनाली (सं.)। सन् २००६ । *मधेस: समस्या र सम्भावना*। ललितपुर: सोशल साइन्स वहा: ।

दाहाल, डिल्लीराम। वि.सं. २०५३ । 'मधेसिया-पहाडिया अन्तरसम्बन्ध: सामन्जस्यको खाँचो' । *हिमाल*, पृष्ठ २४-२७, असार-असोज ।

Dahal, Dilli Ram. 1992. 'Grasping the Tarai Identity'. *Himal*, pp.17-18, May-June.

Gaige, Frederick H. 1975. *Regionalism and National Unity in Nepal*. Berkeley: University of California Press.

Lal, C.K. 2002. 'Cultural Flows across Blurred Boundary'. In *State of Nepal*, edited by Kanak Mani Dixit & Shastri Ramachandaran, pp. 100-118. Kathmandu: Himal Books.

Levi, Werner (Review Author). 1976. 'Regionalism and National Unity in Nepal'. *Pacific Affairs*, 49:2, pp. 370.

Paramanda. 1986. 'The Indian Community in Nepal and the Nepalese Commmunity in India: The Problem of National Integration'. *Asian Survey*, 26:9, pp 1005-1019.

Shah, Shree Govinda. 2006. 'Social Inclusion of Madheshi Community In Nepal'. Paper Presented in Civil Society Forum Workshop for Research Programme on Social Inclusion and National Building in Nepal Organized by Social Inclusion Research Fund.

Shrestha, Nanda R. 1989. 'Frontier Settlement and Landlesness among Hill Migrants in Nepal Tarai'. *Annals of the Association of American Geograpers*, 79:3, pp. 370-389.